# परिच्छेद एक

# शोध–परिचय

## १.१ शोध परिचय

**साहित्यकार रामप्रसाद 'प्रदीप'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** भन्ने शीर्षकमा गरिएको प्रस्तुत शोधकार्य मुख्य रूपमा साहित्यकार रामप्रसाद प्रदीपको जीवनीवृत्त, उनको व्यक्तित्वको परिचय र साहित्यका क्षेत्रमा उनले पुऱ्याएको योगदान एवं उनका कृतिको विश्लेषणमा केन्द्रित रहेको छ । रामप्रसाद पौड्याल वि.सं. २००४ साल साउन १ गते बुधबारका दिन अर्घाखाँची जिल्लाको पोखराथोक गा.वि.स. वडा. नं. ३ मा पर्ने खिदिम भन्ने गाउँमा जन्मिएका हुन् । यिनै रामप्रसाद पौड्याल पछि साहित्यकार रामप्रसाद **'प्रदीप'** का नामले परिचित रहेका छन् । यस शोधपत्रमा रामप्रसाद 'प्रदीप'को जीवनका प्रमुख घटनाहरूको कालक्रमिक विवरण, उनका व्यक्तित्वका विविध पक्षहरूको प्रस्तुति र साहित्यका क्षेत्रमा उनले दिएको योगदान एवं उनका कृतिहरूमाथिको विश्लेषणलाई अघि सारिएको छ ।

## १.२ समस्या कथन

रामप्रसाद 'प्रदीप' नेपाली साहित्यका सिर्जनशील प्रतिभा हुन् । उनले २०१८ सालदेखि नै निरन्तर गीत, नाटक सृजना गर्दै आएको देखिन्छ । उनका सम्बन्धमा कतिपय लेखकहरूले फाटफुट चर्चा गरेका भए पनि उनको जीवनीका साथै व्यक्तित्व र कृतित्वको समग्र अध्ययन भने कहीं कतैबाट भएको देखिँदैन । नेपाली साहित्यमा योगदान दिइसकेका रामप्रसाद प्रदीपका सम्बन्धमा अध्ययन हुन नसक्नु नै मुख्य समस्या रहेको छ । त्यसैले रामप्रसाद 'प्रदीप'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नै यस शोधकार्यको मुख्य प्राज्ञिक समस्या हो । यस जिज्ञासाको अनुसन्धानात्मक समाधान पहिल्याउने क्रममा प्रस्तुत शोधमा निम्नलिखित प्राज्ञिक समस्याहरूको प्रामाणिक समाधान खोजिएको छ :

(१) रामप्रसाद 'प्रदीप'को जीवनी के कस्तो छ ?
(२) रामप्रसाद 'प्रदीप'को व्यक्तित्वका पाटाहरू के कस्ता छन् ?
(३) रामप्रसाद 'प्रदीप'को लेखन परम्परा के–कस्तो छ र कति कृतिहरू प्रकाशित भएका छन् ?
(४) उनका कृतिगत विशेषताहरू के कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

उपर्युक्त समस्या र तत्सम्बन्धित अन्य प्रश्नहरूको समाधान पत्ता लगाउनु नै यस शोधकार्यको उद्देश्य हो । साहित्यकार रामप्रसाद 'प्रदीप'को जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना गर्ने मूल उद्देश्यसँग सम्बन्धित यस शोधका उद्देश्यलाई निम्नलिखित बुँदामा प्रस्ट पारिएको छ :

(१) रामप्रसाद 'प्रदीप'को जीवनीको अध्ययन गर्नु,
(२) रामप्रसाद 'प्रदीप'को व्यक्तित्वका विभिन्न पाटाहरूको विश्लेषण गर्नु,
(३) रामप्रसाद 'प्रदीप'को लेखन परम्पराको कालक्रमिक विवरण प्रस्तुत गर्नु र
(४) रामप्रसाद 'प्रदीप'का प्रकाशित कृतिहरूको तथ्य प्रस्तुत गरी तिनमा पाइने विशेषताहरूको निरूपण गर्नु ।

## १.४ पूर्वाध्ययनको समीक्षा

साहित्यकार रामप्रसाद 'प्रदीप'का बारेमा यसअघि गरिएका कृतित्वका पूर्वाध्ययनहरू यस प्रकार छन्:

कपिल लामिछानेले **प्रलेस** (२०५९, वर्ष ७, पूर्णाङ्क १३) नामक पत्रिकामा रहेको 'प्रगतिवादी नेपाली नाटकः परम्परा, विकास र सम्भावना' शीर्षकको समीक्षात्मक आलेखमा प्रगतिवादी नेपाली नाटक-एकाङ्कीको कालक्रमिक विवरण प्रस्तुत गर्दै 'पचास रूपियाँको तमसुक'को सङ्क्षिप्त विवेचना सहित उक्त कृतिलाई प्रगतिवादी नाटकको कोटिमा राखेका छन् ।

रमेशप्रसाद भट्टराईले सोही अङ्कको उक्त पत्रिकामा रहेको नेपाली प्रगतिवादी नाटक : परम्परा विकास र सम्भावना शीर्षकको लेखमा प्रगतिवादी नेपाली नाटकको विकासमा 'पचास रूपियाँको तमसुक' (सहलेखन २०२८) नाटकको महत्त्वपूर्ण भूमिका रहेको बताएका छन् । यसै लेखमा 'प्रदीप'को अर्को नाट्यकृति मुलुकभित्र (२०३०) को पनि सामान्य चर्चा गरिएको छ ।

दिल साहनीले **यथार्थवादी नेपाली समालोचना** (२०६२) पुस्तकमा रहेको 'पश्चिमाञ्चलका केही प्रगतिवादी नाटक' शीर्षकको समीक्षात्मक आलेखमा 'पचास रूपैयाँको तमसुक' (सहलेखन) को लेखनका सन्दर्भको चर्चा र 'मुलुकभित्र' नाटकको विश्लेषण गरेको पाइन्छ ।

शालिकराम पौड्यालले **रूपन्देही जिल्लाको कविताको इतिहासः सर्वेक्षण र विश्लेषण** (२०६५) नामक पुस्तकमा रहेको 'रामप्रसाद 'प्रदीप' र उनका गीतसङ्ग्रह' शीर्षक खण्डमा 'प्रदीप'को उपहार गीत सङ्ग्रह (२०४७) को समीक्षा गरेको पाइन्छ ।

यसरी उनका कृतित्वका सम्बन्धमा विभिन्न लेखक तथा समालोचकहरूले फाटफुट चर्चा गरेको भएता पनि उनको जीवनीका साथै व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरेको देखिँदैन । उनका कृतिका बारेमा लेखिएका सामग्रीहरूले पनि उनका कृतिहरूको विस्तृत विश्लेषण गरेको पाइँदैन । उपर्युक्त सामग्रीहरूद्वारा रामप्रसाद प्रदीपका कृतिहरूको यथेष्ट विश्लेषण नभए तापनि उनका बारेमा अध्ययन गर्नका लागि यी सामग्रीहरू केही हदसम्म भए पनि सहायक भने हुन सकेका छन् ।

## १.५ शोधकार्यको औचित्य

रामप्रसाद 'प्रदीप' आधुनिक गीत तथा नाटक विधाका प्रगतिवादी स्रष्टा हुन् । उनले विगत साढे ४ दशकदेखि नै आफूलाई साहित्य सृजनामा सक्रिय तुल्याउँदै आएका छन् । उनका कृतिहरूका बारेमा केही मात्रामा चर्चा-परिचर्चा र विश्लेषण भएको पाइन्छ । तर पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समग्र अध्ययन भने अद्यापि हुन सकेको छैन । यसैले यस शोधकार्यले रामप्रसाद प्रदीपमा केन्द्रित रही उनका बारेको व्यवस्थित र व्यापक अध्ययन गर्ने हुँदा उनका बारेमा जान्न चाहने र उत्तरवर्ती अध्येयताहरूलाई अझ बढी अध्ययन गर्ने चाहनाको परिपूर्तिका निम्ति एउटा मार्गनिर्देशक आधार हुने कुरामा विश्वस्त हुन सकिने हुँदा यस शोधपत्रको आफ्नै औचित्य र महत्त्व स्वतः स्पष्ट छ । यसै गरी यस शोधपत्रले रामप्रसाद प्रदीपका सन्दर्भमा धेरै कुरा प्रकाशमा ल्याई उनलाई चिनाउने विषयमा महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा शोधनायकप्रतिको यो एउटा सम्मान पनि हुन सक्दछ ।

## १.६ शोधकार्यको सीमा

प्रस्तुत शोधकार्यको शीर्षकबाटै यसको विषयगत सीमा निर्धारित भएको छ । शीर्षकअनुसार यस शोधपत्रमा साहित्यकार रामप्रसाद 'प्रदीप'का जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । यसमा उनका २०६५ सालसम्म प्रकाशित कृतिहरूमात्र परेका छन् । यहाँ उनका साहित्यइतर तथा प्रकाशोन्मुख कृतिहरूलाई समेटिएको छैन ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्य गर्दा मूलतः पुस्तकालयीय अध्ययनबाट आवश्यक तथ्यहरू सङ्कलन गरिएका छन् । यसबाहेक स्वयम् साहित्यकार रामप्रसाद 'प्रदीप' एवम् उनका मित्रहरूसँग मौखिक जानकारी लिएर पनि कतिपय आवश्यक सूचना र तथ्यहरू बटुलिएका छन् । यसरी विभिन्न स्रोतहरूबाट सङ्कलित तथ्यहरूलाई वर्गीकृत गरी आवश्यकताअनुसार तिनको संयोजन गरिएको छ । त्यस्तै उनका गीत तथा नाटकहरूको विवेचनाका क्रममा आवश्यकताअनुसार

गीत तथा नाटक सिद्धान्तका साथै प्रगतिवादी समालोचनाका मापदण्डहरूको पनि उपयोग गरिएको छ ।

## १.८ शोधपत्रको सङ्गठन (रूपरेखा)

प्रस्तुत शोधपत्र जम्मा छ परिच्छेदमा विभाजित छ । ती यस प्रकार छन्

| | | |
|---|---|---|
| परिच्छेद एक | : | शोध परिचय |
| परिच्छेद दुई | : | रामप्रसाद 'प्रदीप'को जीवनीको अध्ययन |
| परिच्छेद तीन | : | रामप्रसाद प्रदीपको व्यक्तित्वको अध्ययन |
| परिच्छेद चार | : | रामप्रसाद प्रदीपको साहित्ययात्रा |
| परिच्छेद पाँच | : | रामप्रसाद प्रदीपका कृतिहरूको अध्ययन |
| परिच्छेद छ | : | शोध निष्कर्ष |

# परिच्छेद दुई
# रामप्रसाद 'प्रदीप'को जीवनीको अध्ययन

## २.१ जन्म, पारिवारिक स्थिति तथा बाल्यावस्था

रामप्रसाद पौड्यालको जन्म वि.सं. २००४ साल साउन १ गते बुधबारका दिन अर्घाखाँची जिल्लाको पोखराथोक गा.वि.स. अन्तर्गत वडा नं. ३ खिदिममा भएको हो ।[१] जन्म कुण्डलीमा उनको नाम घनश्याम पौडेल लेखिएको छ भने घरमा बुबाआमाले प्यारो मानेर बोलाउने गरिएका नामहरू रामप्रसाद/रामजी र रामु हुन् ।[२] उनी औपचारिक रूपमा रामप्रसाद पौडेल र साहित्यिक क्षेत्रमा रामप्रसाद 'प्रदीप'का नामबाट चिनिन्छन् । उनले दाङमा बसेर अध्ययन गर्ने क्रममा गुरूबाट 'प्रदीप' उपनाम प्राप्त गरेका थिए । उनी पढ्नमा अत्यन्त तेज भएको हुँदा गुरूले उनलाई 'प्रदीप' नाम राख्न सुझाव दिएको देखिन्छ । गुरूले 'प्रदीप' भनेको चहकिलो बत्ती भएकाले साहित्यिक क्षेत्रमा चहकिलो बत्ती हुनका लागि क्रियाशील हुने शुभेच्छा प्रकट गरेकाले सोही अनुसार आफूले नामका पछाडि 'प्रदीप' लेख्न थालेको उनी बताउँछन् ।[३]

रामप्रसाद पौडेल 'प्रदीप' का बुबाको नाम पं. हुमनारायण उपाध्याय र आमाको नाम हरिकला उपाध्याय हो । उनका दुई दाजुहरू छन् । जेठा दाजुको नाम पं. हेमनाथ पौडेल र माहिला दाजुको नाम पुरूषोत्तम पौडेल हो । उनका दिदी बहिनी भने छैनन् । उनका पिता प्रकाण्ड पण्डितका रूपमा चिनिएका तर माता भने सामान्य गृहिणीका रूपमा रहेको बुझिन्छ । पिताले कृषि पेसालाई पुर्ख्यौली पेसाका रूपमा अँगालेको देखिन्छ ।[४] 'प्रदीप'को पारिवारिक स्थिति निम्न मध्यम वर्गको भए पनि त्यस क्षेत्रमा सम्मानित परिवारका रूपमा रहेको बुझिन्छ ।

रामप्रसाद 'प्रदीप' ठूला दाजुभन्दा १६ वर्ष र माइला दाजुभन्दा १४ वर्ष कान्छो भएका कारण मातापिता र दाजुहरूको निकै लाडप्यारमा हुर्केको र बाल्यजीवन स्वतन्त्र र सुखमय भएको देखिन्छ । निडर र अनुशासित तथा सानैदेखि गलत विचार र संस्कारका विरूद्ध उनी सङ्घर्षशील रहँदै आएको बुझिन्छ । उनका सहपाठी साथीहरूसँगको मित्रता अन्यन्त निष्कपट, निश्छल र स्वार्थरहित थियो ।[५]

---

१. शोधनायकबाट प्राप्त जानकारी ।
२. ऐजन ।
३. ऐजन ।
४. ऐजन ।
५. ऐजन ।

जीवन भोग्ने क्रममा आइलागेका समस्या, विवशता आदिको प्रतिरोध गर्दै जाँदा क्रमशः उनको विचार र स्वभावमा वैचारिक विकास भएको उनका साथीहरू बताउँछन् ।[६] बाल्यकालीन स्वभाव चञ्चल र अस्थिर हुनु, साथीभाइ भनेपछि मरिहत्ते गर्नु र जता भन्यो त्यतै दगुर्नुले गर्दा कतिपय समयमा उनले बुबाको हातको कुटाइसमेत खानु परेको थियो ।

रामप्रसाद 'प्रदीप'को बाल्य जीवनमा घटेका कतिपय घटना बिर्सी नसक्नु भएको बताउँदै उनी भन्दछन्- 'म सानो हुँदा गुरूले पढाएको कुरा एकै पटकमा सम्भिmन सक्थेँ तर साथीभाइ भनेपछि हुरूक्क हुन्थेँ । त्यसैले एकदिन स्कुल छोडेर तीजु (खल्डुक) खान साथीभाइसित लहैलहैमा हिंडे । तीजुको रूखमा चढेको बेला बुवाले देख्नुभयो । बाल्यकालीन डरले गर्दा म फटाफट झरेर भागेँ । बुबाले करिब एक कि.मि. बाटासम्म लघार्दै जानुभयो तर भेटाउन सक्नुभएन । साँझ घर फर्कें । गाउँघरमा गरिने भजन किर्तनमा जाने र नाच्ने बानी सानैदेखिको हो । बुवालाई नाचेको मन नपर्ने, म नाचेको थाहा पाउनु भएछ । अकस्मात् एकदिन उहाँले मलाई बोलाउनु भयो र तमाखु खाने नलीले कुट्नुसम्म कुट्नुभयो । त्यतिखेर आमाले मलाई बाबुको बाँकी प्रहारबाट ओत्नु भयो ।' यसरी बाल्यकालमा चन्चलेपन र साथीभाइको लहलहैले गर्दा उनले कतिपय अवस्थामा दुःख पाएको बताउँछन् । 'प्रदीप'को प्रारम्भिक जीवन आफ्नै जन्म गाउँमा बितेको थियो ।[७]

'प्रदीप'को बाल्यवस्था बालदौंतरीका साथ गाईगोठालो गएर, डण्डीबियो खेलेर, गीत गाएर र आफ्नै पाखापखेरामा घुमफिर गरेर बितेको थियो । गीत, भजन, किर्तन तथा नाच्ने कलामा उनको सानैदेखि अभिरूचि रहेको देखिन्छ । बालक कालमा 'प्रदीप' डण्डिबियो, कपर्दी आदि जस्ता खेल खेल्न मन पराउँथे तर प्रौढावस्थामा भने ब्याडमिन्टन खेल्न र फुटवल हेर्न मन पर्ने कुरा बताउँछन् । बाल्यजीवनमा दौंतरीसँग लोकगीत गाउनमा रूचि राख्ने गरेको र ती संस्मरणले आजसम्म पनि आफ्नो मानसपटलमा गहिरो प्रभाव पारेका तथा यिनबाट नै आफूले साहित्यमा लाग्ने थप प्रेरणा पाएको तथ्य उनी सुनाउँछन् ।[८]

रामप्रसाद 'प्रदीप'को बाल्यजीवन सुख-दुःखका अनेक उतार चढावका अनुभव बटुल्दै बितेको देखिन्छ । आफ्नो जीवन निरर्थक नभएको मान्ने प्रदीपले प्राकृतिक दृश्यावलोकनहरू, सामाजिक जीवनका उँचनीचका अनुभवहरू, डम्फु-मादल, भजन र कीर्तन इत्यादिका सांस्कृतिक पक्षहरूले आफ्नो जीवनलाई दीक्षित गरेको स्वीकार गरेको देखिन्छ ।[९] 'प्रदीप'को बाल्यजीवनलाई सरसर्ती हेर्दा र मूल्याङ्कन गर्दा के भन्न सकिन्छ भने बाल्यवस्थाका अनेक

---

६. बुँद रानाले दिएको जानकारीअनुसार ।
७. शोधनायकले दिएको जानकारीअनुसार ।
८. ऐजन ।
९. ऐजन ।

सुख-दु:खका बीच तथा आफूमा अन्तर्निहित क्षमता, ग्रहण गर्ने शक्ति, वरिपरिका दृश्य, सामाजिक स्वीकार र तिरस्कार आदिका बीच उनले स्वभावतः आफ्नो भविष्यको बाटो यसै बेलादेखि नै पहिल्याउन थालेका हुन् ।

## २.२ शिक्षा-दीक्षा

'प्रदीप'को जन्म शिक्षित परिवारमा भएको र उनका पिता पण्डित भएको हुँदा उनले कखरा, पहिला किताब, चण्डी आदिको प्रारम्भिक चिनारी घरमै पाएका थिए । त्यसपछि खिदिम पोखराथोककै प्राथमिक पाठशालामा प्राथमिक शिक्षा पुरा गरेका थिए । ब्राह्मण संस्कार र संस्कृतिअनुरूप आठ वर्षको उमेरमा उनको व्रतबन्ध (चुडाकर्म) भयो । यसपछि उनले पण्डित गुरू धनञ्जय मरासिनीज्यूबाट गायत्री मन्त्र सुने र रूद्री वेदको पढाइ विधिवत् प्रारम्भ गरी स्थानीय हरिहर संस्कृत पाठशालामा वेदको पढाइ पुरा गरे । पण्डित धनञ्जय मरासिनीबाट नै उनले करिब ४ वर्ष जति मध्यकौमुदी, अमरकोष, रघुवंश आदिको अध्ययन गरेको बुझिन्छ । २०१५ साल पौष महिनामा उनका पिताजीको स्वर्गारोहण भयो ।

अगाध माया र कडा अनुशासन प्रदान गर्ने अभिभावक गुमाउनु पर्दा उनको मनमा ठुलो चोट पर्‍यो । पढाइभन्दा पनि त्यस अल्लारे उमेरमा बरालिने सम्भावना बढ्दै गयो । विद्यालय गए पनि पढाइमा त्यति रूचि हुन छोडेको अनुभव उनी बताउँछन् ।आमाको मायाले मात्र नहुँदो रहेछ । घरको अन्य वातावरणले उनको अध्ययन सुचारू हुन सकेन । तत्कालीन अवस्थामा यस्तै तरिकाले अगि बढेका खण्डमा बिग्रिने सम्भावनाको बोध आफूलाई भएको उनी बताउँछन् । यस्तो महसुस भइ सकेपछि अध्ययन अगाडि बढाउनका लागि घरमा बसेर हुँदैन भन्ने निधो उनले गरे ।

२०१८ साल मार्ग महिनामा उनी घरबाट भागेर दाङको बिजौरीमा रहेका कान्छा बुबाका छोरा दाजु पं. थानेश्वर पौडेलकहाँ गई उनी सँगसँगै बसी श्री जनता महाविद्यालय बिजौरी दाङमा पुनः संस्कृतको अध्ययन अगाडि बढाउन थाले । त्यहाँ पूर्व मध्यमाको पढाइ भइरहेकै बेला २०२० साल वैशाखमा उनी आफ्नो घर खिदिम फर्के । केही समय खिदिम बसे पनि उनी त्यहीँ बसिरहन सकेनन् यसैले पुनः दाङतिर लागे । बिचमा पढाइ छाडेर हिँडेकाले उनलाई त्यहाँ गई पढ्ने अवसर प्राप्त भएन । यसैले फेरि घरतिरै फर्की उनले स्थानीय श्री राम विद्यालय खिदिम पोखराथोकमा कक्षा ५ मा भर्ना भई २ महिना पढेर परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याई उत्तीर्ण भए । अध्ययनमा विशिष्टता हासिल गरेकाले गुरुहरूले उनलाई सिधै कक्षा ७ मा भर्ना गरिदिए । मेधावी प्रदीपले यस कक्षामा पनि प्रथम स्थान प्राप्त गर्न सफल भए । कक्षा ८ को परीक्षामा पनि प्रथम हुनु पर्नेमा आफ्नो अङ्क घटाई द्वितीय बनाइदिएको भन्ने उनले आरोप लगाएका छन् । यसैले उनलाई त्यहाँ पढ्न मन नलागेकाले आफ्नो बाँकी पढाइ पूरा गर्न वाराणसी (भारत) तिर लागेको बताउँछन् ।

वाराणसीमा संस्कृतको पूर्व मध्यमा अध्ययनका लागि श्री वेदवेदाङ्ग महाविद्यालयमा उनी भर्ना भए र अंग्रेजीतर्फको पनि हाइस्कुल परीक्षा दिनका लागि अग्रवाल इन्टरमिडियट कलेजमा फारम भरी दुवै अध्ययन एकै साथ पुरा गरे ।[१०] पूर्वमध्यमा र हाइस्कुल दुवै परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरी २०२४ साल (सन् १९६७) आषाढमा उनले प्रवेशिकासरहको औपचारिक शिक्षा सम्पन्न गरे । आफ्नो अध्ययनलाई अगाडि बढाउने क्रममा उनले वि.सं. २०३५ सालमा गोरखपुर विश्वविद्यालयबाट स्नातक तह सम्मको अध्ययन पुरा गरेको पाइन्छ ।

## २.३ युवावस्था र पारिवारिक जीवन

रामप्रसाद 'प्रदीप'को विवाह २०३२ साल आषाढ ३० गतेका दिन पाल्पा जिल्ला निवासी श्री भागीरथ उपाध्याय (हाल कपिलवस्तु) की कान्छी छोरी शीला उपाध्यायका साथ पारम्परिक रूपमा भएको र यस विवाहलाई प्रगतिशील विवाह भन्दा फरक नपर्ने बताउँछन् ।[११] उनी भन्दछन्– 'त्यसबेला मेरो उमेर २८ वर्षको थियो । राजनीतिक क्षेत्रमा लाग्नुभएका जेठानज्यूहरू तथा राजनीतिमै लागेका सहकर्मी साथीहरू वामदेव गौतम लगायतको प्रस्ताव र आग्रहमा मेरो विवाह भएको हो । मैले ग्रेजुयट गरिसकेपछि मात्र विवाहबन्धनमा बाँधिने विचार राखेको थिएँ तर साथीहरूले अब उमेर पुगिसकेको हुँदा विवाहबन्धनमा बाँधिदा फरक नपर्ने सल्लाह दिएकाले सोही सल्लाहलाई स्वीकार गरी विवाह भएको हो ।' त्यतिबेला उनकी धर्मपत्नी शीला १८ वर्षकी मात्र थिइन् ।[१२]

'प्रदीप' कान्छा छोरा भएका कारण उनका बाबुआमालाई छोराको बिहे गरी राम्री बुहारी भित्र्याउने रहर लाग्नु स्वभाविकै थियो भने 'प्रदीप'लाई पनि आमाबाबुका निम्ति सहयोगी तथा आफ्नै निम्ति जीवनसङ्गिनीको रहर लाग्नु पनि स्वभाविकै थियो । उमेर पुगेतापनि आफ्नो दरिलो लक्ष्यले गर्दा समयमै विवाह नगरेको कुरा उनी स्विकार गर्छन् । 'प्रदीप' प्रेमलाई सार्थक जीवनको अनिवार्य सर्त ठान्छन् ।

युवावस्थामा आफूसमेत संलग्न रहेर बुटवलमा **रेलिमै सांस्कृतिक मण्डल**को स्थापना गरेको र सो सांस्कृतिक मण्डलद्वारा तत्कालीन पञ्चायती व्यवस्थाका विरूद्धमा जनजागरण फैलाउने काममा सक्रिय भएर लागेको तथा **रेलिमै सांस्कृतिक मण्डल**को नेतृत्वमा प्रगतिशील कला–संस्कृतिलाई भारतमा रहेका प्रवासी नेपालीहरूमा समेत लोकप्रिय रूपमा पुऱ्याउन सकेको कुरा सम्झिनलायक रहेको उनी बताउँछन् । कतिपय युवावस्थाका घटनाहरू बिर्सिनसक्नु भएको उनी यसरी बताउँछन्– 'म बनारस पढ्न बस्दा ६/७ छाक भोकै बस्न

१०. ऐजन ।
११. ऐजन ।
१२. ऐजन ।

बाध्य भएको छु । भोका रातदिनहरू कटाउनु कति कष्टप्रद हुँदो रहेछ, ती अनुभवहरू जीवनमै बिर्सिनसक्नु घटनाका रूपमा रहेका छन् ।'

बुबाको निधनले गर्दा अध्ययन लगायतका कतिपय कुरामा बाधा अवरोध पुगे पनि मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादको अध्ययनशीलता, संघर्ष नै जीवन हो भन्ने बुझाइ आदिले गर्दा कुनै पनि समयमा निराश, हतास तथा भयभीत हुन नपरेको कुरा उनी सगौरव राख्न रूचाउँछन् । युगीन आवश्यकताअनुरूप जीवनका बाधा-व्यवधान र अवरोधहरूका विरूद्ध संघर्ष गर्न सक्नु पर्छ भन्ने उनको बुझाइ रहेको छ । प्रेमलाई सार्थक जीवनको अनिवार्य सर्त ठान्दै प्रेमी-प्रेमिकाले यसको प्रयोगमा देखापर्ने असावधानी, भावावेशजस्ता कमजोरीहरूलाई हटाउन सकेनन् भने त्यो जीवनकै अभिशाप पनि बन्न सक्छ भन्ने उनलाई लाग्दछ ।

प्रेमप्रतिको स्पष्ट र वस्तुगत विचारले नै 'प्रदीप'को दाम्पत्य जीवन सुखमय बन्न सकेको देखिन्छ । दाम्पत्य जीवनमा आइपरेका समस्याप्रति पति-पत्नीले अँगालेका धैर्य, संयम, लगनशीलता, वैचारिक सचेतता तथा अविरल श्रम गर्ने प्रवृत्तिले गर्दा उनीहरूले जीवनमा सहज सफलता प्राप्त गर्न सकेको पाइन्छ । भौतिक रूपले न्यूनतम आवश्यकता पूरा भएका अवस्थामा व्यावहारिक जीवनमा कुनै कटु अनुभूति नहुने गरेको र त्यसका अभावमा भने आंशिक विचलन पनि देखापर्ने गरेको तथ्य 'प्रदीप'ले स्विकार गरेका छन् । 'प्रदीप' र शीलाका अहिले सन्तानका रूपमा सुदीप पौडेल र सन्दीप पौडेल गरी दुई पुत्र रहेका छन् । पुत्रीको चाहना भए तापनि पति पत्नीको सल्लाह र समझदारीमा बढी सन्तान नजन्माउने ठहर गरेको उनी बताउँछन् । पत्नी र  दुई छोराका साथ यतिखेर 'प्रदीप'को पारिवारिक जीवन सुख-सन्तोषपूर्वक बितिरहेको छ ।

## २.४ आर्थिक अवस्था

रामप्रसाद 'प्रदीप' आर्थिक दृष्टिले सामान्य परिवारका व्यक्ति हुन् । हाल उनीसँग उनको परिवारको नाममा काठमाडौंमा पाँच आना दुई पैसाको घडेरी रहेको छ । पहाडको जग्गा भने उनका भाइहरूसँग सगोलमै रहेको छ । हाल परिवारको जीवन जिउने माध्यम उनको हिसाब-किताब हेर्ने लेखापरीक्षण पेसा र छोराहरूले काठमाडौंमा सञ्चालन गरिरहेको पुस्तक पसलबाट हुँदै आएको छ । त्यसका साथै उनी काठमाडौंमा रहेको 'माइल स्टोन ईन्टरनेसनल कलेज' का संस्थापक सेयर सदस्य पनि हुन् र सो कलेजकै 'माइल स्टोन बचत तथा ऋण सहकारी संस्था' मा पनि उनी आबद्ध छन् । समग्रमा उनी निम्न मध्यम वर्गीय आर्थिक अवस्थाबाट जीवन धानिरहेका व्यक्ति हुन् ।

## २.५ राजनैतिक संलग्नता र सक्रियता

'प्रदीप'ले २०१८ साल आषाढ १८ गते (हरिशयनी एकादशी) सम्म सम्पूर्ण रूपमा धार्मिक जीवन व्यतीत गरेको तर त्यसपछि भने धर्मभित्र अन्धविश्वास र अपत्यारिला कुराहरू रहेको आफूलाई अनुभव भएको बताउँछन् । यसप्रकार धार्मिक विचारबाट स्वतः अलग रही कर्म, कर्तव्य र परोपकारलाई नै उनले जीवनको रोजाइ बनाएको देखिन्छ ।[१३] त्यसपछि उनलाई गाउँ र समाजले नास्तिक भएको आरोप लगाएको कुरा उनी सुनाउँछन् । गाउँका मुखिया जिमुवाल आदि शोषक र फटाहाबाट हुने गरेका थिचोमिचोको विरोध गर्दै अगि बढ्ने क्रममा २०२० सालमा उनी वाम विचारबाट प्रभावित भएको देखिन्छ । 'प्रदीप'ले २०२३ सालमा बनारसमा रहँदा कम्युनिस्ट पार्टीको सदस्य भई वामपन्थी आन्दोलनमा लागेको बताउँछन् ।

रामप्रसाद 'प्रदीप'ले लामो राजनैतिक यात्रा पार गरेका छन् । उनी २०२३ सालमा कम्युनिस्ट पार्टीको सदस्य भएर विधिवत् राजनीतिक जीवन प्रारम्भ गरेको देखिन्छ । सुरूमा उनी पुष्पलालको नेतृत्वमा रहेको तत्कालीन नेपाल कम्युनिस्ट पार्टीका सदस्य भए । २०३४ सालमा सो पार्टीबाट मदन भण्डारी, मोदनाथ प्रश्रित र जीवराज आश्रितलगायतका व्यक्तिहरू मुक्ति मोर्चा समूहमा आबद्ध भई तत्कालीन ने.क.पा.(माले) मा समाहित भएपछि उनी पनि त्यसै समूहमा समाहित भए र भूमिगत भई जनचेतना जगाउने कार्यमा संलग्न रहँदै आए । २०३४ सालदेखि उनी यसैसँग सम्बद्ध छन् र हाल ने.क.पा. एमालेको केन्द्रीय सम्पर्क विभागका सदस्यको रूपमा रहेका छन् । आफ्नो राजनैतिक जीवनमा क. पुष्पलाललाई गुरू मान्ने रामप्रसाद 'प्रदीप' निरन्तर कम्युनिस्ट पार्टीमा क्रियाशील रहँदै आएका छन् । उनी मूलतः मार्क्सवादी दर्शन एवम् सिद्धान्तको अध्ययन र मननद्वारा वामपन्थी राजनैतिक प्रवाहमा संलग्न भएका व्यक्ति हुन् ।

'प्रदीप'को राजनैतिक जीवनमा अनेक दुःखदायी घटनाहरू घटेका देखिन्छन् र तिनले उनको जीवनमा ज्यादै गहिरो प्रभाव पनि पारेका छन् । पार्टी कार्यकर्ताका रूपमा सक्रिय रहेका बेला उनी कतिपय अवस्थामा अर्ध भूमिगत, कतिपय अवस्थामा पूर्ण भूमिगत रहनु परेको थियो । एकातिर राजनैतिक आस्थाले गर्दा सारा कठिनाइलाई अवसरका रूपमा बदल्न बल पुग्ने गरेको थियो भने अर्कातिर राज्यबाट हुने गरेका धरपकड र जेलजीवनका घटनाले आर्थिक अवस्था धराशयी बनाएको उनले बताएका छन् । उनले दुई पटकसम्म जेलको चिसो छिंडीको अनुभव गरेका छन् । उनलाई २०३४-२०३५ मा राजकाज मुद्दामा एक वर्षसम्म तत्कालीन सरकारले काराबास सजाय दिएको थियो । २०४५-२०४६ सालमा उनी पुनःशान्ति सुरक्षा मुद्दामा थुना परे । दाङमा रहँदाको बखत उनलाई एक वर्ष शान्ति सुरक्षा मुद्दामा

१३. ऐजन ।

कारावासमा राखिएको थियो । उनका अनुसार त्यतिखेर उनको प्रेस, पत्रिका र स्टेसनरी समेत पञ्चायती सरकारले बन्द गरिदिएको र पसलका सामान नै जफत गरी लगेको थियो ।

सांस्कारिक, सांस्कृतिक र सामाजिक आदर्श व्यक्तिको रूपमा पिता पं. हुमनारायण उपाध्यायलाई गुरू मान्ने 'प्रदीप'ले राजनीतिक आदर्श व्यक्ति (गुरू) को रूपमा भने क. पुष्पलाल नै रहेको कुरा बताउँछन् । २०२८ सालसम्मको समयावधिमा अर्धभूमिगत र त्यसपछिको केही समय भूमिगत जीवन व्यतीत गर्ने 'प्रदीप'ले राजनैतिक जीवनका अनेक दुःखकष्टका अनुभवलाई सुनाउने क्रममा भन्दछन्– "म त्यस बेला जेलमा थिएँ । २०३५ सालको कुरा हो मेरा राजनैतिक गुरू कमरेड पुष्पलाल तत्कालीन निरङ्कुशतन्त्रको दमनका कारणले निर्वासित अवस्थामै सङ्घर्ष गर्दागर्दै दिल्लीको गोविन्दवल्लभ अस्पतालमा बित्नुभयो । उहाँको लास नेपाल ल्याउन पनि पञ्चायती सरकारले दिएन । आफ्ना गुरूको देहावसानको खबरले तीन दिनसम्म खाना खाएको थिइनँ । साथीहरूले सम्झाइबुझाइ गर्नुभयो अनि मात्र खाना खाएको थिएँ । उहाँको देहावसानको क्षण मेरा निम्ति सबैभन्दा दुःखद क्षण बनेको छ ।"

त्यसै गरी २०५० साल जेठ ३ गते दासढुङ्गा दुर्घटनामा परी क. मदन भण्डारी र जीवराज आश्रितको असामयिक निधन भएको घटनालाई सम्झँदै अझ भावुक भएर उनी भन्दछन्– ''यो घटना पनि मेरा लागि उत्तिकै दुःखद क्षण बनेको छ ।''

वर्तमान समयमा देखिएको राजनैतिक गतिरोध, लुछाचुँडी, साङ्गठनिक विवाद र मनमुटाव तथा गुटबन्दीको राजनीतिले भावी दिनमा राष्ट्रले कुन मोड लिने हो ? विगतदेखिको बलिदानी, लगानी र आस्थाको कस्तो अवस्था हुने हो भन्ने कुरामा उनी चिन्तित देखिन्छन् ।

यसै गरी राजनैतिक रूपमा सक्रिय रहँदा उनले अत्यन्त सुखको अनुभूति पनि गर्न पाएका थिए । यसबारे उनको भनाइ यस प्रकार छ– "नेपालमा पहिलोपल्ट कम्युनिस्ट पार्टीको सरकार बन्दा मैले अत्यन्त सुखको अनुभव गरेको थिएँ ।"

यसरी पञ्चायती कालमा साहित्य र राजनीतिका क्षेत्रमा सक्रिय भई उनले नेपाली समाज र जनतालाई परिवर्तनको बाटोमा डोऱ्याउनका लागि आफ्नो जीवन समर्पित गरेका थिए । त्यसैले उनी राजनीतिक क्षेत्रमा पनि विशेष चर्चित बन्न पुगेका छन् । उनका सृजनामा मार्क्सवादको प्रभाव मूलतः यही वामपन्थी आन्दोलनसँगको संलग्नताकै परिणाम हो ।

## २.६ सामाजिक सक्रियता

रामप्रसाद 'प्रदीप' सामाजिक रूपमा पनि सक्रिय रहिआएका छन् । उनी एकातिर प्रगतिशील लेखक सङ्घ, नेपालजस्तो साहित्यिक संस्थामा आबद्ध भई प्रगतिशील साहित्य–सृजनाका माध्यमबाट सामाजिक जागरणका निम्ति प्रयत्नशील रहेका छन् भने अर्कातिर पत्रपत्रिकाको सम्पादनका माध्यमबाट जनचेतना जगाउने कार्यमा पनि क्रियाशील रहेकै छन् ।

उनी मानव अधिकारको क्षेत्रमा समेत संलग्न रहेको देखिन्छ । इन्सेक आबद्ध संस्था, सामाजिक जागरण तथा विकास मञ्च रूपन्देही (फोसाड) मा २०५८-२०६२ सम्म अध्यक्ष रहेर विविध कार्यक्रम मार्फत ग्रामीण क्षेत्रसँग मानव अधिकारका बारेमा प्रशिक्षण र प्रचार प्रसारको नेतृत्व गरेको पाइन्छ । नेपालमा परम्परादेखि जरो गाड्दै आएको रूढिवादी संस्कृतिका विरूद्ध प्रचार गर्ने कार्यमा पनि उनी संलग्न हुँदै आएका छन् । 'प्रदीप'को जीवनका केही वसन्तहरू शिक्षा आर्जनका क्रममा परदेशमै बिते पनि गाउँघर समाज र पाखापखेरा तथा पाखापखेरामा गुन्जिने गीतहरूले उनलाई आकर्षित गरे । यति मात्र होइन दुःख र पीडाका गीतहरूमा आशाका किरण र परिवर्तनका स्वरको आवश्यकता महसुस गरेका उनले जागरण गीतमार्फत् समाजलाई जागृत गराउने प्रयास पनि गरि नै रहे । आफ्नो पढाइ पूरा भएपछि उनले आफूलाई शिक्षणकार्य तथा पत्रिकाको सम्पादन कार्यमा संलग्न तुल्याए । यसबाट पनि उनी सामाजिक क्रियाकलापमा संलग्न बन्न पुगेकै देखिन्छ ।

समाजसेवाको वर्तमान स्वरूपप्रति 'प्रदीप'को आफ्नै प्रकारको दृष्टिकोण रहेको पाइन्छ । व्यक्तिगत स्वार्थको परिपूर्तिका निम्ति समाजसेवामा लाग्ने र समाजलाई नै अँध्यारोमा राखी पछिल्तिर धकेल्ने प्रवृत्तिबाट देशले ठूलो नोक्सानी बेहोर्नु परेको तथ्यतर्फ औंल्याउँदै यसलाई पुरै पल्टाएर वैज्ञानिक एवं जनपक्षीय तथा वस्तुवादी मोड दिनु उपयुक्त हुन्छ भन्ने विचार उनले राखेको पाइन्छ ।

## २.७ भ्रमण

रामप्रसाद 'प्रदीप'सँग भ्रमणका बारेमा प्रश्न गर्दा पञ्चायती शासनमा विदेश-भ्रमणको कुनै अवसर प्राप्त गर्न नसक्नु त स्वाभाविकै थियो तर कांग्रेस, एमाले र हालसम्मका संयुक्त सरकारहरूका पालामा समेत उनलाई विदेश भ्रमण गर्ने अवसर प्राप्त नभएको उनी बताउँछन् । अध्ययनका क्रममा भारतका विभिन्न ठाउँमा पुगेको जानकारी उनले दिएका छन् । उनका विचारमा कवि-लेखकहरूलाई समय-समयमा भ्रमण गर्ने मौका दिएमा सामाजिक गतिविधि र साहित्यिक विकासमा समेत टेवा पुग्न सक्छ । आज संसारमा साहित्यिक क्षेत्रमा थुप्रै प्रगति भएका छन् र नयाँ-नयाँ विचार पैदा भएका पनि छन् । त्यस्ता विचार र धारणाहरूको आदान-प्रदानबाट नै नेपाली साहित्यको सम्वर्धनमा योगदान पुर्‍याउन सकिन्छ भन्ने उनको धारणा रहेको छ । त्यसैले साहित्यकर्मीहरूलाई पनि बेलाबेला स्वदेश तथा विदेश भ्रमणका अवसरहरू दिइनुपर्छ भन्ने उनको मान्यता रहेको छ ।

## २.८ रुचि

'प्रदीप' सात आठ वर्षको सानै उमेरदेखि नै भजन कीर्तनहरूमा नाच्न, गाउन मन पराउँथे भने १२ वर्षको उमेरबाट नै गीत, कविता लेख्ने र प्रतियोगितामा भाग लिई पुरस्कृत हुने गर्थे । उनले बाल्यकालमा डण्डिबियो, कपर्दी आदि खेल्न मन पराउने भए पनि प्रौढावस्थामा भने ब्याडमिन्टन खेल्न र फुटवल हेर्न मन पर्ने कुरा बताउँछन् । उनलाई सादा खाना, साग, सब्जी, दही, दुध, रोटी आदि मन पर्ने गरेको बुझिन्छ । साहित्य लेखनबाहेक साथी भाइहरूसँग हिँडडुल गर्ने, समूहमा काम गर्ने, भ्रमण गर्ने र सामाजिक सेवामा जुट्ने उनका रुचिका विषय हुन् ।

## २.९ साहित्यिक संलग्नता

रामप्रसाद 'प्रदीप' एकातिर सृजनामा संलग्न रहँदै आएका छन् भने अर्कातिर विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूमा आबद्ध भई भाषा-साहित्यको उत्थानमा पनि संलग्न रहँदै आएका छन् । उनी वि.सं.२०३६ सालबाट प्रगतिशील लेखक सङ्घ, नेपालको सदस्यका रूपमा क्रियाशील हुँदै आएका छन् । हाल उनी यस संस्थाका केन्द्रीय उपाध्यक्षका रूपमा क्रियाशील रहेका छन् । बाह्र वर्षको उमेरदेखि साहित्यिक क्षेत्रमा प्रवेश गरेका 'प्रदीप'ले आफूलाई निरन्तर सृजनामा संलग्न तुल्याएका छन् । प्रगतिवादी साहित्यको उत्थानका लागि पत्रपत्रिकाको सम्पादन र प्रकाशन गर्नेदेखि लिएर आफ्ना सृजनाहरू प्रस्तुत गर्ने कार्यमा उनी सक्रिय भइरहेका छन् ।

उनको प्रथम रचना '**गुलाफको फूल**' शीर्षकको कविता हो । यो बनारसबाट प्रकाशित हुने **बिहानी पख** नामक पत्रिकामा वि.सं. २०२४ मा प्रकाशित भएको थियो । उनका प्रकाशित कृतिहरूमा **पचास रूपियाँको तमसुक** (२०२८, नाटक, सहलेखन), **मुलुकभित्र** (२०३०, नाटक), **विस्फोटन** (२०३६, गीत सङ्ग्रह), **उपहार** (२०४६, गीत सङ्ग्रह), **राजधानी गाइड** (२०५०, पर्यटन सम्बन्धी ) र **बेलाको बोली** (२०६३, गीत गजल सङ्ग्रह) रहेका छन् । यीबाहेक उनका थुप्रै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् ।

## २.१० पत्रकारिता

रामप्रसाद 'प्रदीप' पत्रपत्रिकाको सम्पादनमा पनि संलग्न रही आएका छन् । उनको पत्रकारिता जीवनको सुरूवात समाचार लेखनबाट भएको भए पनि **'दैनिक निर्णय'**, **'सिद्धार्थ दैनिक'**, **'खसोखास'** **'खलिहान'** आदि पत्रिकामा आबद्ध हुँदै सम्पादक सम्म अगाडि बढेको अवस्था देखिन्छ । २०४१ सालदेखि भने उनले **'राप्ती समाचार'** नामक पत्रिका आफ्नै सम्पादकत्वमा दाङबाट प्रकाशन गर्न सुरू गरेको बुझिन्छ ।यो पत्रिका वि.सं.२०४२ सालदेखि वि.सं.२०४५ सालसम्म निरन्तर रूपमा प्रकाशन भएको र त्यसपछि केही समय प्रकाशन बन्द

रही पुनः निरन्तर प्रकाशित हुँदै आएको प्रदीपको भनाइ रहेको छ । उनले सुरूमा जागिरे पत्रकारको रूपमा **खसोखास** साप्ताहिक पत्रिकाको सम्पादन कार्य गरेका थिए । यसै गरी उनले सिद्धार्थनगर भैरहवाबाट प्रकाशित हुने **सिद्धार्थ दैनिक** पत्रिकाको सम्पादन कार्य पनि गरेका थिए । उक्त पत्रिकामा वि.सं.२०४० सालदेखि २०४१ सालसम्म सम्पादक भई काम गरेका थिए । यो पत्रिका वि.सं.२०३९ सालदेखि लगातार प्रकाशित हुँदै आएको भए पनि हाल यसको प्रकाशन अवरूद्ध भएको देखिन्छ । यीबाहेक उनले फाटफुट रूपमा अन्य पत्रपत्रिकाहरूको सम्पादन कार्यसमेत गरेको देखिन्छ । यसरी 'प्रदीप'ले लामो समयसम्म पत्रकारिता क्षेत्रसँग संलग्न भई नेपाली जनमानसलाई सुधारात्मक बाटोतर्फ अग्रसर गराउनमा पनि महत्त्वपूर्ण भूमिका खेलेका छन् र यसबाट उनी कुशल पत्रकार-सम्पादकका रूपमा पनि परिचित हुन पुगेका छन् । हाल उनी **'राप्ती समाचार'** पत्रिकाका मानार्थ सम्पादक रहेका छन् ।

## २.११ सम्मान तथा पुरस्कार

बहुमुखी प्रतिभाका धनी 'प्रदीप'ले साहित्य साधना गरेअनुरूप यथेष्ट सम्मान, पदक र पुरस्कारबाट विभूषित हुन नसकेको भए तापनि सम्मानबाट अछुतो भने रहेका छैनन् । उनको सृजनशीलताको कदर गर्दै 'लुम्बिनी काठमाडौं सम्पर्क मञ्च' ले २०५६ मा सम्मान, 'राप्ती साहित्य परिषद् दाङ' द्वारा २०६२ मा सम्मान, 'प्रगतिशील लेखक संघ, रूपन्देही' ले २०६२ मा सम्मान र 'सिद्धार्थ साहित्य पुरस्कार' द्वारा २०६३ मा उनलाई पुरस्कृत गरेको पाइन्छ ।

## २.१२ पेसा

प्रारम्भमा पत्रकारिता र शिक्षण पेसाबाट जागिरको सुरूवात गर्ने 'प्रदीप'ले २०२४ सालको भदौ महिनाबाट बुटवल कालिकानगर स्थित तत्कालीन १ नं. प्रा.वि. बाट शिक्षणको सुरूवात गरेका हुन् । केही समयको अध्यापनपछि अञ्चल शिक्षा कार्यालयमा जागिरे बनेका 'प्रदीप' त्यहाँ पनि धेरै समयसम्म रहन सकेका देखिँदैनन् । उनी २०२६ साल भदौदेखि कान्ति नमुना प्रा.वि. बुटवलमा शिक्षक भए । राजनीति र अध्यापन पेसालाई सँगसँगै अगाडि बढाउन चाहेका 'प्रदीप'को यो अध्यापन पनि दिगो रहन नसकेकाले उनी पार्टीको कामको सिलसिलामा परासी पुगे । राजनीति गर्नलाई पनि कुनै बहाना चाहिने भएकाले परासीमा पनि सेमरीको प्राथमिक विद्यालयमा अध्यापन गर्न सुरू गरे ।

केही समयको अध्यापनपछि उनी प्रगतिशील पुस्तक पसलको प्रोपराइटर भई बुटवलमा बस्न थाले । अस्थिर राजनीतिकै उपजले उनी यो पसलको प्रोपराइटरका रूपमा मात्र रहिरहन सकेनन् त्यसैले पारी बुटवलमा रहेको उजीरसिंह स्कुलमा शिक्षक भए । त्यहाँ उनले तीन महिनामात्र अध्यापन गरे । राजनीतिमा लाग्ने गरेको थाहा पाएपछि तत्कालीन अञ्चलाधीश

सुरेन्द्रबहादुर श्रेष्ठले ठाडो तारेखमा राखे । २०५१ साल फागुनबाट जनक शिक्षा सामग्री केन्द्रका महाप्रबन्धकको रूपमा २ वर्षको लागि राजनीतिक नियुक्ति पाएका 'प्रदीप' ८ महिनामै उक्त जिम्मेवारीबाट पन्छिनु परेको बताउँछन् । २०६३ साल भदौको अन्तिमदेखि भने दुई वर्षको लागि पुनः जनक शिक्षा सामग्री केन्द्रमा नै प्रबन्ध-संचालकका रूपमा राजनैतिक नियुक्ति पाए । 'प्रदीप'ले २०६५ भदौबाट दुई वर्षको कार्यकाल पुरा गरी त्यस जागिरबाट अवकाश लिएको पाइन्छ । यसरी दुईदुई पटक राजनैतिक नियुक्ति पाएका 'प्रदीप'मा उच्च व्यवस्थापकीय क्षमता रहेको बुझ्न सकिन्छ ।

## २.१३ जीवन दृष्टि

रामप्रसाद 'प्रदीप'ले आफ्नो जीवनयात्रा र भोगाइबाट आफ्नै जीवनदृष्टिको निर्माण गरेका छन् । 'म पहिले मानिस हुँ, त्यसपछि मात्रै हिन्दू हुँ, मुसलमान हुँ, नेपाली या हिन्दुस्तानी हुँ, बुद्ध, क्राइस्ट हुँ, पूँजीवादी वा समाजवादी, साम्यवादी हुँ' भन्ने विचार राख्ने 'प्रदीप' मान्छेलाई सर्वोपरि महत्त्व दिन्छन् । उनी जात, धर्म जस्ता कुरा मानिसको विकास वा विनाशका लागि मानिसद्वारा नै कल्पना गरिएका कुरा हुन् भन्ने ठान्दछन् । कम्युनिस्ट भएर मानिसको उत्थान हुन्न भने त्यसको पनि कुनै प्रयोजन छैन भन्ने उनको विचार रहेको छ । कुनै पनि वाद, सिद्धान्त, दर्शन वा राजनीति मान्छेका लागि साध्य नभएर साधन मात्र हुन् भन्ने उनको दृष्टिकोण छ । उनी मानव प्रेम, विश्वबन्धुत्व, शान्ति तथा प्रगतिको कामना गरी आफ्नो साहित्यिक सृजना गर्न चाहन्छन् । बलियाले निर्धालाई हेप्ने, होच्याउने, चुस्ने, आतङ्क फैलाउनेजस्ता विनाशकारी कामका विरूद्ध लेख्नुपर्छ र बहुसङ्ख्यक श्रमजीवी जनताका पक्षमा कलम चलाउनुपर्छ भन्ने उनको विचार छ । रामप्रसाद 'प्रदीप'का विचारमा राजनीति नाङ्गो तरवार हो भने साहित्य गुलाफको फूल हो । नाङ्गो तरवारको प्रहारबाट बाहिर चोट लाग्छ तर फूलको प्रहारबाट भित्र मुटुमा नै प्रभाव पार्छ भन्ने उनको मान्यता रहेको छ । राजनीतिक विचारविनाको साहित्य मुर्दा शरीरजस्तै हुन्छ भने कलाविनाको साहित्य कोरा नाराजस्तो हुन्छ भन्ने उनी ठान्दछन् । 'प्रदीप'का विचारमा मार्क्सवादी जीवनदर्शन अँगाल्ने कवि तथा गीतकार स्वभावैले प्रकृतिप्रेमी हुन्छ । प्रकृति प्रेम भनेको आफ्नो शरीरप्रतिको प्रेम हो, जीवन जगत्प्रतिको प्रेम हो भन्ने मान्यता राखी उनी गीत तथा कविता सृजना गर्दछन् ।

साहित्य मानव समाजको प्रतिबिम्ब हो, साहित्यमा समाज जस्तो छ त्यसकै चित्रण हुन्छ भन्ने विचार उनले राख्दै आएका छन् । साहित्यमा सामाजिक यथार्थको चित्रण हुन्छ र यसले समाजलाई अग्रगामी दिशातिर उन्मुख गराउने काम गर्छ र गर्नुपर्छ भन्ने मान्यता उनले राखेका छन् । समाजका सचेत व्यक्तिको दायित्व भन्नु नै सामाजिक मुक्ति र प्रगतिका लागि आफ्नो ज्ञान, प्रतिभा, बुद्धि क्षमता र समय खर्च गर्नु हो भन्ने मान्यतालाई मनन गर्दै उनी निरन्तर साहित्य-सृजनामा प्रवृत्त भएको पाइन्छ । उनका विचारमा साहित्य हाडे-ओखर होइन

गलक्क पाकेको अम्बा हो, मेवा हो । तर हामीकहाँ नबुझिने कविताको चहलपहल बढ्दै गएकोमा उनी चिन्ता प्रकट गर्दछन् ।

विविध कार्यव्यस्तताले गर्दा सृजनामा लागी परिरहन नपाए तापनि जीवनको यस प्रहरमा आइपुग्दा नाटक, गीत, गजल र कविताको आराधनामा समर्पित हुने चाहना उनी राख्दछन् । उनका विचारमा साहित्य अतीतमा जस्तो छैन । अतीतमा निरंकुशतन्त्रको कालो रातमा विचारलाई सोझै व्यक्त गर्ने स्वतन्त्रता नभएकाले साहित्यका माध्यमबाट व्यक्त गरिन्थ्यो र त्यस बेलाको साहित्य स्वभावैले बढी कलात्मक हुन्थे । तर प्रजातन्त्रोत्तर कालमा चाहिँ देशमा राजनीतिक स्वतन्त्रताको स्थिति पैदा भइसकेपछि विचारहरू सोझै अभिव्यक्त हुन थालेका छन् र साहित्यिक कला ओझेलमा पर्दै गएको छ भन्ने उनको अवधारणा रहेको छ । राजनैतिक प्रचारबाजीबाट मानिसहरू मिच्छिन थाल्नेछन् त्यसपछि फेरि साहित्यिक कलाको उत्थान हुनेछ भन्ने दृष्टिकोण उनले राखेका छन् । त्यसैले वर्तमानमा साहित्य बाँझोजस्तो देखिए तापनि यसको भविष्य उज्ज्वल छ र थुप्रै नयाँ प्रतिभाहरू पुष्पित र पल्लवित हुने छन् भन्ने आशा र अपेक्षा पनि उनले राखेका छन् ।

उनका विचारमा कलमबाट अर्थात् लेखेर बाँच्ने अवस्था छैन । कुनै पनि साहित्यकार नेपालको वर्तमान परिस्थितिमा कलमको सहाराबाट बाँच्न सक्दैन । जो लेखिरहेका छन् ती पनि कुनै शिक्षक-प्राध्यापक भएर वा केही सरकारी नोकरी वा व्यापार-व्यवसायमा लागेर फुर्सदमा लेखिरहेका छन् । लेखनलाई व्यवसाय बनाउन खोज्नेहरू या त स्तुतिगायक बन्छन् या त भोकै मर्छन् भन्ने धारणा पनि उनले राखेका छन् । यसरी साहित्य स्रष्टा एवम् राजनैतिक कार्यकर्ताका रूपमा लामो समयसम्म सक्रिय रही रामप्रसाद 'प्रदीप'ले जीवनमा अनेक अनुभवहरू बटुलेका छन् र तिनबाट आफ्नै जीवनदृष्टिको निर्माण पनि गरेका छन् ।

## २.१४ सिर्जना प्रेरणा

'प्रदीप'लाई पढाइतर्फ लाग्नका लागि माता पिता र दाजुहरूको प्रेरणा मिलेको देखिन्छ र यो देखिनुमा उनको शिक्षित पारिवारिक वातावरणको ठूलो हात रहेको छ । उनका बुबा पेसाले पं. भएको कारणबाट पनि अध्ययनमा लाग्नुपर्दछ भन्ने कुरा बुबाबाट नै प्रेरणा प्राप्त भएको हो भन्ने उनको स्वीकारोक्ति छ ।[१४] सांस्कृतिक संलग्नतातर्फ लाग्न भने उनलाई गाउँको सामाजिक तथा सांस्कृतिक वातावरणबाट प्रेरणा मिलेको हो ।[१५] साहित्यलेखनतर्फ लाग्ने प्रेरणा भने प्रारम्भमा पं. दधिराम मरासिनीका रचना, महाकवि लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** र प्रसिद्ध साहित्यकार मोदनाथ प्रश्रितका रचनाहरूको अध्ययनबाट प्राप्त

---

१४. ऐजन ।
१५. ऐजन ।

भएको हो । 'प्रदीप'लाई साहित्यिक पुस्तक तथा पत्रपत्रिका पढ्न, साहित्यिक कार्यक्रममा सहभागी गराउनका लागि साहित्यकार मोदनाथ प्रश्रित र उनको सहसम्बन्धले गर्दा प्रेरणा मिलेको कुरा बुझिन्छ । यस कुरालाई उनी यसरी स्पष्ट गर्दछन्– ''म मोदनाथ प्रश्रित दाइको सम्पर्कमा थिएँ । उहाँको प्रेरणाले गर्दा मलाई साहित्य क्षेत्रमा लाग्न प्रोत्साहन मिल्यो । उहाँले नै मलाई आफ्ना रचना पत्रपत्रिकामा छपाउँने र साहित्यिक पत्रपत्रिका पढ्नका लागि प्रोत्साहन गर्ने गर्नुहुन्थ्यो । यसैको फलस्वरूप म साहित्यिक क्षेत्रमा प्रवेश गर्न पुगें ।'[१६]

उनले चित्रकार बन्ने सपना देखेको तर यसलाई केही समयसम्म साधना गरी निरन्तरता दिन नसकेको कुरा बताउँछन् । यति भएर पनि चित्रकारिताप्रतिको गहिरो अनुराग भने आफूबाट कहिल्यै नहराउने उनको भनाइ छ । उनले बाल्यकालमै  रवीन्द्रनाथ टैगोर, लुस्युन, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटाका साहित्यिक कृतिहरू पढेर मन पराउने गरेको कुरा सुनाउँछन् ।[१७]

## २.१५ निष्कर्ष

वि.सं. २००४ साल साउन १ गते बुधबारका दिन अर्घाखाँची जिल्लाको पोखराथोक गा.वि.स. अन्तर्गत वडा नं. ३ खिदिममा रामप्रसाद पौडेलको जन्म भएको थियो । यिनै रामप्रसाद पौडेलले साहित्यिक नामका रुपमा 'रामप्रसाद प्रदीप'लाई चयन गरेको देखिन्छ । उनका बुबाको नाम पं. हुमनारायण उपाध्याय र आमाको नाम हरिकला उपाध्याय हो । दाजुभाइमध्ये कान्छा प्रदीपका दुई दाजुहरू छन् । उनका दिदी बहिनी छैनन् । जीवन भोग्ने क्रममा आइलागेका समस्या, विवशता आदिको प्रतिरोध गर्दै जाँदा क्रमशः उनको विचार र स्वभावमा वैचारिक विकास भएको पाइन्छ । बाल्यवस्थाका अनेक सुख–दुःखका बीच तथा आफूमा अन्तर्निहित क्षमता, ग्रहण गर्ने शक्ति, वरिपरिका दृश्य, सामाजिक स्वीकार र तिरस्कार आदिका बीच उनले आफ्नो भविष्यको बाटो यसै बेलादेखि नै पहिल्याउन थालेका हुन् । गोरखपुर विश्वविद्यालयबाट स्नातक तह सम्मको अध्ययन पुरा गरेका उनले २०३२ साल आषाढ ३० गतेका दिन पाल्पा जिल्ला निवासी श्री भागीरथ उपाध्याय (हाल कपिलवस्तु) की कान्छी छोरी शीला उपाध्यायका साथ परम्परागत बिहे गरेका हुन् ।

युवावस्थामा आफूसमेत संलग्न रहेर बुटवलमा **रेलिमै सांस्कृतिक मण्डल**को स्थापना गरेको र सो सांस्कृतिक मण्डलद्वारा तत्कालीन पञ्चायती व्यवस्थाका विरूद्धमा जनजागरण फैलाउने काममा सक्रिय भएर लागेको तथा **रेलिमै सांस्कृतिक मण्डल**को नेतृत्वमा प्रगतिशील कला–संस्कृतिलाई भारतमा रहेका प्रवासी नेपालीहरूमा समेत लोकप्रिय रूपमा पुऱ्याउन

१६. ऐजन ।
१७. ऐजन ।

सकेको कुरालाई उनी सधैंभरि सम्भिmनलायक घटना मान्दछन् । उनी निम्न मध्यम वर्गीय आर्थिक अवस्थाबाट जीवन धानिरहेका व्यक्ति हुन् । 'प्रदीप'ले २०२३ सालमा बनारसमा रहँदा कम्युनिस्ट पार्टीको सदस्य भई वामपन्थी आन्दोलनमा लागेको बताउँछन् । साहित्य लेखनबाहेक साथी भाइहरूसँग हिँडडुल गर्ने, समूहमा काम गर्ने, भ्रमण गर्ने र सामाजिक सेवामा जुट्ने उनका रुचिका विषय हुन् ।

उनी वि.सं.२०३६ सालबाट प्रगतिशील लेखक सङ्घ, नेपालको सदस्यका हुँदै हाल केन्द्रीय उपाध्यक्षका रूपमा क्रियाशील छन् । उनका प्रकाशित कृतिहरूमा **पचास रूपियाँको तमसुक** (२०२८, नाटक, सहलेखन), **मुलुकभित्र** (२०३०, नाटक), **विस्फोटन** (२०३६, गीत सङ्ग्रह), **उपहार** (२०४६, गीत सङ्ग्रह), **राजधानी गाइड** (२०५०, पर्यटन सम्बन्धी ) र **बेलाको बोली** (२०६३, गीत गजल सङ्ग्रह) रहेका छन् ।उनले **'दैनिक निर्णय'**, **'सिद्धार्थ दैनिक'**, **'खसोखास'** **'खलिहान'** आदि पत्रिकामा आबद्ध हुँदै सम्पादक सम्म भएका छन् । २०४१ सालदेखि भने उनले **'राप्ती समाचार'** नामक पत्रिका आफ्नै सम्पादकत्वमा दाङबाट प्रकाशन गर्न सुरू गरेको बुझिन्छ । बहुमुखी प्रतिभाका धनी 'प्रदीप'ले साहित्य साधना गरेअनुरूप यथेष्ट सम्मान, पदक र पुरस्कारबाट विभूषित हुन नसकेको भए तापनि सम्मानबाट अछुतो भने रहेका छैनन् । दुईदुई पटक राजनैतिक नियुक्ति पाएका 'प्रदीप'मा उच्च व्यवस्थापकीय क्षमता रहेको बुझ्न सकिन्छ । उनी मान्छेलाई सर्वोपरि महत्त्व दिने मानवतावादी हुँ भन्न रुचाउँछन् । उनले साहित्यलेखनतर्फ लाग्ने प्रेरणा पं. दधिराम मरासिनीका रचना, महाकवि लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** र प्रसिद्ध साहित्यकार मोदनाथ प्रश्रितका रचनाहरूको अध्ययनबाट प्राप्त भएको बताउँछन् ।

# परिच्छेद तीन

# रामप्रसाद 'प्रदीप'को व्यक्तित्वको अध्ययन

मानिसको शारीरिक बनोट, काम गर्ने बानी, भित्री स्वभाव र उसले समाजलाई दिएका योगदानका आधारमा उसको व्यक्तित्वको निर्माण भएको हुन्छ । व्यक्तिको व्यक्तित्वलाई मुख्यतया आन्तरिक व्यक्तित्व र बाह्य व्यक्तित्वमा वर्गीकरण गर्ने चलन पनि छ । 'प्रदीप'ले सङ्घर्षशील भई साहित्यिक क्षेत्रमा गरेका विधागत योगदान र उनको शारीरिक बनोटलाई समग्रमा यसरी चिनाउन सकिन्छ :

## ३.१ शारीरिक व्यक्तित्व

बालककालदेखि नै 'प्रदीप' स्वस्थ रहँदै आएकाले उनको शारीरिक व्यक्तित्व सबल र आकर्षक देखिन्छ । उनका मुखाकृतिको रूप तथा सौन्दर्य चिटिक्क परेको छ । पुरूषहरूको उचाइ अनुरूप उनको उचाइ ५'५"रहेको छ । गोरो रङ, बाटुलो अनुहार, ठूलो निधारमा साना चिटिक्कका आँखा, तिलचामले कपाल तथा मध्यम आकारको शरीर उनको रहेको छ । स्वरमा मिठास, प्रभावकारी र दृढ बोली, ओजपूर्ण अभिव्यक्ति सामर्थ्य आदिले उनको सबल शारीरिक व्यक्तित्वलाई चिनाउन निकै ठूलो भूमिका खेलेका छन् । अरूलाई सदा सहयोग गर्ने सहयोगी भावना, कसैसँग नलत्रिने स्वाभिमानी प्रवृत्ति, जस्तै अप्ठेरामा पनि नडग्ने निडर चरित्र, आफूले धेरै पटक जाँचेर हेरेपछि सत्य ठानेको कुरामा हठ गर्ने दरोपन उनको व्यक्तित्वको परिचय हो । मानिसको व्यक्तित्व निर्माणमा आनुवंशिक तथा वातावरणीय पक्षको पनि भूमिका हुन्छ । अर्घाखाँचीको स्वच्छ हावापानीले 'प्रदीप'को शरीर तथा मन दुवै स्वच्छ बनाएको र घरको शिक्षित परिवेशले व्यक्तित्वका अन्य पाटाहरूको निर्माणमा सहयोग पुऱ्याएको देखिन्छ ।

रामप्रसाद 'प्रदीप'ले आफ्नो ६४ वर्षे लामो जीवनयात्राका क्रममा साहित्य-सृजना, पत्रकारिताजस्ता क्षेत्रहरूदेखि लिएर समाजसेवा र राजनैतिक क्षेत्रमा समेत सक्रिय भूमिका पूरा गरिआएको देखिन्छ । यिनै विभिन्न क्षेत्रको संलग्नता र सक्रियताबाट उनको व्यक्तित्वका अनेक पाटाहरू निर्माण भएका छन् । उनका व्यक्तित्वका भिन्न-भिन्न पाटाहरूका बारेमा क्रमशः तलका उपशीर्षकहरूमा विवेचना गरिन्छ ।

### ३.२ साहित्यकार व्यक्तित्व

'प्रदीप'ले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । गीत, कविता, नाटक, भजन आदिमा उनको बेग्लाबेग्लै परिचय रहेको छ । त्यसैले उनमा बहुमुखी व्यक्तित्व पाइन्छ । 'प्रदीप'को साहित्यिक प्रतिभा औपचारिक रूपमा २०२४ सालमा बनारसबाट प्रकाशित हुने **'बिहानी पख'** पत्रिकाबाट सुरू भएको हो । उनको साहित्यिक व्यक्तित्व नाटक, गीत, कविता, गजल आदि विधामा विशेष रूपमा उठेको पाइन्छ । यसका साथै उनका केही अन्तर्वार्ता र लेखहरू पनि प्रकाशित छन् । यही साहित्यिक व्यक्तित्वका कारण उनी विभिन्न साहित्यिक संघसंस्थामा आबद्ध छन् । उनले पछिल्लो समय प्रगतिशील लेखक संघ, नेपालको केन्द्रीय उपाध्यक्ष भएर आफ्नो साहित्यिक व्यक्तित्वलाई क्रमशः माथि उठाइरहेको देखिन्छ ।

वि.सं.२०१८ सालदेखि साहित्य सृजनामा संलग्न रामप्रसाद 'प्रदीप'का पाँचवटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू यस प्रकार छन् :

(१) पचास रूपियाँको तमसुक  (नाटक सहलेखन, २०२८)

(२) मुलुकभित्र (नाटक, २०३०)

(३) विस्फोटन (गीतसङ्ग्रह, २०३६)

(४) उपहार (गीतसङ्ग्रह, २०४६)

(५) राजधानी गाइड (पर्यटन जानकारी, २०५०)

(६) बेलाको बोली (गीतगजलसङ्ग्रह, २०६३)

### ३.२.१ नाटककार व्यक्तित्व

रामप्रसाद 'प्रदीप'को स्रष्टा व्यक्तित्वमा सबभन्दा प्रखर व्यक्तित्व नै नाटककार व्यक्तित्व हो । गुणका हिसाबले बढी महत्त्वपूर्ण हुन पुगेका दुईवटा नाटकसङ्ग्रहमा 'प्रदीप' ले आफ्नो प्रतिभाको उत्कृष्ट परिचय दिएका छन् ।

**'पचास रूपियाँको तमसुक'** नाटक (२०२८, सहलेखन) नेपाली प्रगतिशील नाटकको इतिहासमा चर्चित नाटकका रूपमा स्थापित भएको छ । 'प्रदीप'को साहित्यिक यात्राको यो प्रथम सहलेखन नाटक पनि हो । यसले उनको राजनैतिक स्पष्टतालाई देखाउँछ । यसै गरी उनको **'मुलुकभित्र'** नाटकले समसामयिक नेपाली समाजको सजीव चित्र उतारेको छ । 'प्रदीप'ले जीवन भोगाइका क्रममा देखेका, अनुभव गरेका र सुनेका यथार्थ कुराहरूलाई नाटकमा चित्रण गरेका छन् । त्यसैले उनका नाटकहरू नेपाली समाजका प्रतिविम्ब हुन् । यिनका पात्रहरू नेपाली माटोमा उभिन्छन्, लेकाली हावाको सास फेर्छन् तापनि नेपाली कुसंस्कार, कुविचार, शोषण दमन र थिचोमिचो एवं अशिक्षाले कक्रिएर पीडा भोग्न बाध्य

बनाइएका छन् । यति भएर पनि उनीहरू परिवर्तनमा विश्वास राख्दछन् र सुनौलो बिहानीको आशामा पूर्व फर्किन्छन् ।

समाजका विभिन्न पाटाहरूको उल्लेख गर्दा 'प्रदीप'ले आफ्ना नाटकमा युगीन यथार्थको चित्रण गरेका छन् । 'प्रदीप'का नाटकमा नेपाली समाजका विकृतिहरूलाई देखाएर समस्याको चित्रणमात्र गरिएको हुँदैन, समस्याको मूल जरोलाई सूक्ष्म रूपले देखाई त्यसको निराकरण गर्ने बाटो पनि देखाइएको छ । पात्रको मानसिक धरातलमा रूमलिनुभन्दा उसले भोगेका यथार्थलाई देखाएर गतिशील समाजका पछौटे रूपको चित्रण उनी गर्दछन् । उनका नाटकका पात्रहरूले परिवर्तनप्रति विश्वास राख्दछन् र आशावादी हुन्छन् । त्यसैले गतिशील जीवन नै सार्थक जीवन हो भन्ने उनका नाटकको प्रमुख सन्देश हो ।

### ३.२.२ गीतकार व्यक्तित्व

रामप्रसाद 'प्रदीप' को आफ्नै साहित्यिक योगदानका क्रममा पनि गीतकार व्यक्तित्व दोस्रो स्थानमा पर्दछ । उनी आफूलाई सर्वप्रथम नाटककार अनि मात्र गीतकार भन्न रूचाउँछन् । उनका 'विस्फोटन' (२०३६), 'उपहार' (२०४६) र 'बेलाको बोली' (२०६३) गीतहरूबाट उनले आफूलाई कुशल गीतकारका रूपमा उभ्याउन सफल भएका छन् ।

उनको 'विस्फोटन' गीतसङ्ग्रहमा वि.सं. २०३६ सालभन्दा अगाडिका गीतहरू समेटिएका छन् । हाल यो कृति अप्राप्य अवस्थामा रहेको छ । निरङ्कुश पञ्चायती राजनैतिक परिवेशलाई दृष्टिगत गर्दै यसका विरुद्ध लाग्नका निम्ति जनतालाई आह्वान गर्ने काम यस गीति सङ्ग्रहमा भएको उनी बताउँछन् । राजनैतिक परिवर्तनका दिशामा लाग्नका निम्ति जनतालाई जागृत गराउने काम उनका गीतले गरेका छन् । तत्कालीन समयमा रामप्रसादका गीतहरूले जनतालाई सचेत गराउँदै निरङ्कुशताका विरुद्ध लड्ने हुटहुटी प्रदान गर्दथे ।[१८]

यसरी जागरणका साथै तत्कालीन परिवेशबाट जनताको मुक्तिको अपेक्षासहित 'प्रदीप'का गीतहरू राजनीतिक चेतनाले ओतप्रोत रहेका पाइन्छन् । उनका गीतहरूले परिवर्तनको स्वर सुसेल्छन् र परिवर्तनको चाहना राख्छन्, शोषित पीडित जनताको आवाजलाई बुलन्द गर्छन् । उनी पञ्चायतकालीन निरङ्कुश राजतन्त्रको विरोध गर्दै लोकतान्त्रिक, स्वच्छ र समृद्ध नेपालको परिकल्पना गर्दछन् । दुःखी गरिब जनताहरूसँग हातेमालो गर्दै परिवर्तनका लागि जागरण फैलाउने काम गर्दछन् । यिनै उनका गीतसङ्ग्रहमा सङ्कलित  गीतका विशेषता हुन् ।

१८. साहित्यकार मुरारि पराजुलीले २०६६ पौष २२ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।

### ३.२.३ कवि व्यक्तित्व

'प्रदीप'कै शब्दमा उनले १२ वर्षको उमेरदेखि कविता कोर्न थालेको भए तापनि बनारसबाट प्रकाशित हुने **'बिहानी पख'** पत्रिकामा वि.सं. २०२४ सालमा प्रकाशित **'गुलाफको फूल'** कविता उनको प्रथम प्रकाशित कविता हो । पछि चेतनाको विकास र क्रियाशील बानीले गर्दा उनले केही फुटकर कविता लेख्दै आएको देखिन्छ । 'प्रदीप'को पहिलो कविता प्रारम्भिक लेखनको परिचय हो । यसमा उनका आभ्यासिक अवस्थाका भावना, चिन्तन र दृष्टि मुखरित भएका छन् । एउटा नवयुवकका मनमा आशा निराशाले पारेका प्रभाव, प्रेम, विरह र पीडाका छटपटीहरूलाई उनले यस कवितामा आकर्षक ढङ्गले पोखेका छन् । उनका अभ्यासिक कविताहरूमा उनको स्वच्छन्दतावादी प्रवृत्ति पाइन्छ ।

मार्क्सवादी चिन्तन र धरातलमा लेखिएका उनका कविताहरूले जीवनवादी दृष्टिकोण अँगालेको पाइन्छ । 'प्रदीप'को विचार खारिँदै गएपछि कविताहरू पनि परिष्कृत बन्दै आएका र उनको दृष्टिकोण स्पष्ट र सुदृढ रूपमा प्रगतिवादी बन्दै आएको देखिन्छ । आफ्ना कविताहरूमा उनी सबै प्रकारका शोषण, अन्याय र उत्पीडनका विरूद्ध उभिएका छन् । उनमा कलात्मक अभिव्यक्तिको क्षमता पनि प्रशस्त पाइन्छ । त्यसैले प्रचलित बिम्ब र प्रतीकहरूको प्रयोग गर्दै सहज रूपमा आफ्ना भावहरू प्रकट गरेको पाइन्छ । विशेषतः उनले वर्तमान समाजमा समाजले भोग्नुपरेका पीडा, व्यथा र उत्पीडनलाई कविताको विषयवस्तु बनाएका छन् । यही नै उनको कवि व्यक्तित्वको पहिचान हो ।

### ३.२.४ गजलकार व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी रामप्रसाद 'प्रदीप'ले गजल लेखनमा पनि कलम चलाएको देख्न पाइन्छ । रामप्रसाद 'प्रदीप'ले  बुँद रानाको प्रेरणाबाट गजल लेख्न सुरू गरेको बताउँछन् । गजल लेखनको तिथि मिति हेर्ने हो भने 'बेलाको बोली' सङ्ग्रहमा सङ्गृहीत २०५३ फाल्गुन १५ गते लेखिएको गजल नै पहिलो गजल हो । उनको पुस्तकाकार कृतिका रूपमा छुट्टै गजल सङ्ग्रह भने प्रकाशित भएको पाइँदैन । जेहोस् उनको 'बेलाको बोली' (२०६३, गीत–गजलसङ्ग्रह) मा २३ ओटा गजल प्रकाशित भएका छन् ।

उनले गीत र नाटकहरूमा जस्तै गरी गजलमा पनि जनताहरूप्रति बेइमानी गर्ने र आफ्नो धरातल बिर्सिनेहरूलाई खबरदारी गरेका छन् । 'प्रदीप'ले गजलको विषयवस्तुका रूपमा देखेका, सुनेका र भोगेका कुरालाई मात्र विषयवस्तु बनाएका छैनन् बरू आफ्ना मनभरिका पीडा पनि पोखेका छन्; बाटो बिराएकाहरूलाई सही बाटोमा हिँडाउने प्रयास गरेका छन् ।  परिवर्तनको लागि आवाज बुलन्द गर्दै नयाँवर्षसँगै परिवर्तनको चाहना राखेका छन् । यतिमात्र नभइ अग्रज भानुको स्मरण पनि गरेका छन् । मूलतः राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको चाहना उनका गजलमा मुखरित भएको पाइन्छ ।

### ३.२.५ सम्पादक तथा प्रकाशक व्यक्तित्व

रामप्रसाद प्रदीपले वि.सं. २०३१ सालदेखि '**खसोखास**' साप्ताहिक पत्रिकाको सम्पादक भई काम गरेको अनुभव बताउँछन् । साथै उनले '**सिद्धार्थ दैनिक**' मा वि.सं. २०४० सालदेखि २०४१ सम्म सम्पादकको भूमिका निभाएको अनुभव सँगालेका छन् । वि.सं. २०४२ सालबाट '**राप्ती समाचार**' साप्ताहिक र वि.सं. २०४२ देखि '**खलिहान**' त्रैमासिक साहित्यिक पत्रिकाको सम्पादक तथा प्रकाशकको भूमिका पनि उनले निर्वाह गरेका छन् । वर्ष २ अङ्क १ पूर्णाङ्क ३, श्रावण–आश्विन २०४४ को '**खलिहान**' त्रैमासिक साहित्यिक पत्रिकामा प्रकाशित सम्पादकीयलाई हेर्ने हो भने उनले प्रगतिशील साहित्य सृजनाको लागि सम्पूर्ण सर्जकहरूलाई आग्रह गरेको पाइन्छ । यसरी के भन्न सकिन्छ भने प्रगतिशील साहित्य सृजनाका लागि 'प्रदीप' स्रष्टाहरूका पथप्रदर्शक भएर पनि आफ्नो व्यक्तित्वलाई उठाएका छन् । विशेषतः उनका सम्पादकीयहरूमा उनले समसामयिक जीवन र जगत्का जल्दाबल्दा समस्याहरूको विश्लेषण गरेका छन् ।

## ३.३ राजनैतिक व्यक्तित्व

रामप्रसाद 'प्रदीप'को नाटककार, गीतकार, सम्पादक तथा पत्रकार व्यक्तित्वको मुहान राजनीति नै हो । कुनै पनि व्यक्ति एउटा न एउटा विचारबाट निश्चित रूपमा प्रभावित हुन्छ र त्यही विचारले उसको जीवनलाई क्रियाशील पनि बनाउँछ । रामप्रसाद 'प्रदीप' मार्क्सवादी सिद्धान्त र विचारबाट प्रभावित भई २०२३ सालदेखि पुष्पलालले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीमा संलग्न भएका थिए । उनी २०२७ सालदेखि यस पार्टीको रूपन्देही जिल्ला कमिटी सदस्यका रूपमा क्रियाशील भएको उनी बताउँछन् ।[१९] २०३४ सालदेखि उनी ने.क.पा. मालेको सांस्कृतिक फाँटमा संलग्न भई काम गर्न थाले । २०२७ सालदेखिको पार्टीगत संलग्नताबाट उनको राजनैतिक व्यक्तित्वको निर्माण भएको छ र यसैबाट उनको नाटककार, गीतकार, गजलकार तथा सम्पादक व्यक्तित्व पनि प्रभावित र प्रेरित बन्न पुगेको देखिन्छ । उनको गीतकार एवं नाटककार व्यक्तित्वलाई निर्दिष्ट लक्ष्य दिनका लागि राजनैतिक व्यक्तित्वले यथेष्ट सघाउ पुऱ्याएको छ । यही राजनैतिक संलग्नताकै कारणबाट उनी हाल नेपाल कम्युनिस्ट पार्टी (एमाले) को केन्द्रीय सम्पर्क विभागको सदस्यका रूपमा सक्रिय रहँदै आएका छन् ।

१९. शोधनायकले दिएको जानकारीअनुसार ।

## ३.४. निष्कर्ष

रामप्रसाद प्रदीपको शारीरिक बनोट आकर्षक रहेको छ । मिजासिलो स्वभावका प्रदीपले कठीन परिस्थितिमा पनि साहित्य सिर्जना गर्ने गरेको पाइन्छ । उनको भित्री स्वभावलाई चिनाउनुपर्दा गरिब दुःखीहरूप्रति समर्पित हुने व्यक्तिका रूपमा देखिन्छन् । नाटककार, गीतकार, गजलकार, कवि, सम्पादक एवं प्रकाशक, राजनीतिकर्मी र जागिरे आदिका रूपमा उनले समाजलाई दिएको योगदान उलेख्यनीय रहेको छ । नेपाली भाषाप्रतिको मायाले उनको व्यक्तिगत जीवनभन्दा साहित्यिक र सामाजिक जीवन बढी ओजपूर्ण रहेको पाइन्छ । संघर्षपूर्ण जीवन विताउँदै आएका प्रदीपले सामाजिक यथार्थवादी, प्रगतिवादी दर्शनको दोभानमाको सम्मिलनबाट जीवनलाई परिभाषित गर्दै सामाजिक व्यवस्थालाई प्रगतिशील दृष्टिले हेर्ने गरेका छन् । प्रदीपले कठीन दिनहरूमा पनि स्वार्थपूर्तिका लागि कहिल्यै नराम्रो बाटो रोजेको देखिँदैन बरू उनले कठिन परिस्थितिमा पनि राजनीतिबाट जनजागरण फिजाउने र साहित्यबाट समाजमा वर्गीय द्वन्द्व रहेको देखाउँदै शोषक चुसाहावर्ग प्रति घृणा र गरिब जनताहरूप्रति करुणा र उन्मूक्तिको स्वर सुसेल्दै आएका छन् । हाल उनले ६४ वर्षको उमेरसम्म नेपाली साहित्यमा २ वटा नाटक सङ्ग्रह, ३ वटा गीत सङ्ग्रह र पर्यटन सम्बन्धी जानकारीमूलक पुस्तक **राजधानी गाइड** गरी आधा दर्जन पुस्तकाकार कृतिहरू नेपाली साहित्यलाई सुम्पिसकेका छन् । उनका यी कृतिहरूमध्ये विस्फोटन गीत सङ्ग्रह अप्राप्य रहे पनि उनका अरु सबै कृतिहरू प्राप्य छन् । कविता तथा गजल लेखनमा समेत कलम चलाएका प्रदीपले गजल सङ्ग्रह र कविता सङ्ग्रहको छुट्टै पुस्तकाकार कृति प्रकाशन गरेको देखिंदैन । पत्रकारितातर्फ पनि रुचि राख्ने गरेका प्रदीपका सम्पादकीय लेखहरू समेत प्रकाशन भएको पाइन्छ ।

# परिच्छेद चार
# रामप्रसाद 'प्रदीप'को साहित्ययात्रा

## ४.१ विषय प्रवेश

एउटा साहित्यकारको लेखनयात्रामा रचनाका प्रवृत्तिगत परिवर्तन आइरहन्छन् । निज साहित्यकारका रचनाहरूको परिमाण पनि थपिँदै गइरहेको हुन्छ । रचनाभित्रको गुणस्तरको अन्तर्विकास पनि भइरहेको हुन्छ । यसै गरी साहित्यकारको चिन्तनपक्ष पनि थोरबहुत विकसित हुँदै गइरहेको हुन्छ । साहित्यिक रचना, कृतिप्रकाशन तथा चिन्तन पक्षको विकास वा राजनीतिक घटनाक्रम र परिवर्तनजस्ता आधारहरू लिएर साहित्यकारको समग्र साहित्यिक यात्राको विभिन्न चरण, उपचरण वा कालको विभाजन गर्न सकिन्छ ।प्रदीप प्रगतिवादी साहित्यकार हुन् । त्यसैले प्रगतिवादी साहित्यले जहिले पनि मानव समाजका गतिशील यथार्थलाई प्रतिबिम्बित गर्दछ । मानव समाजको परिवर्तनमा मूलत राजनीतिक घटनाक्रमको प्रभाव सबल बनेर उपस्थित हुने भएकाले यही आधारमा विकासक्रमको निरूपण गर्नु उपयुक्त हुन्छ । प्रारम्भदेखि पञ्चायतपूर्वको प्रगतिवादी साहित्य र पञ्चायती व्यवस्था लादिएपछिको निरङ्कुश कालावधिका साहित्यमा सार र रूप दुबैमा भिन्नता छ । त्यस्तै पञ्चायती शासनसत्ताका असह्य दमन, उत्पीडन र निरङ्कुशताका विरुद्ध पटक-पटक भएका सङ्घर्ष र उन्मुक्तिका तीव्रतम चाहनाका पृष्ठभूमिमा रचित प्रगतिवादी साहित्य र पञ्चायत उत्तरकालको खुला वातावरणमा सिर्जित साहित्यमा अन्तर हुन्छ यही अन्तर र मोडका आधारमा साहित्यकार रामप्रसाद प्रदीपको समग्र साहित्यिक यात्रालाई निम्न दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छः

(क) प्रथम चरण (वि.सं २०२३ – २०४६ सालसम्म)

(ख) दोस्रो चरण (वि.सं. २०४७ – हालसम्म)

### ४.१.१. प्रथम चरण (वि.सं २०२३– २०४६ सालसम्म)

रामप्रसाद प्रदीपको औपचारिक साहित्यिक यात्रा बनारसबाट निस्किने **बिहानीपख** (२०२३) नामक पत्रिकामा *गुलाफको फूल* नामक कविता प्रकाशित भएपछि सुरु भएको देखिन्छ । यसपूर्व पनि उनले कयौँ कविता तथा गीत भने लेखिसकेका थिए । प्रामाणिक आधारमा उनको सबैभन्दा पुरानो रचनाका रूपमा २०१८/०३/१८ गते लेखिएको, बेलाको बोली (गीत गजलसङ्ग्रह)मा सङ्गृहित 'एकादशी' लोकगीत देखिन्छ । सानै उमेरदेखि नै विद्यालयको साहित्यिक कार्यक्रमबाट कविता र गीत लेखनमा उत्साहित प्रदीपले प्रथम पटक

वि.सं. २०१८ मा 'एकादशी' शीर्षकको गीत हरिहर संस्कृत पाठशालामा सुनाएका थिए ।[२०] यद्यपि यो प्रकाशनका हिसाबले २०६३ चैतमा प्रकाशित **बेलाको बोली**मा छापिएको छ । त्यसैले उनको प्रथम चरणको प्रथम प्रकाशित रचनाका रूपमा 'गुलाफको फूल' कवितालाई नै मानिएको छ । यद्यपि यो कृति हाल अप्राप्य नै रहेको पाइन्छ । स्कुले जीवनदेखि नै साहित्य यात्रामा लागेका प्रदीपले प्रकाशित गरेको पहिलो कविता स्वच्छन्दतावादी शैलीको छ । उनको यो प्रकाशित पहिलो कविता प्रारम्भिक लेखनको परिचय हो । यसमा उनका आभ्यासिक अवस्थाका भावना, चिन्तन र दृष्टि मुखरित भएका छन् । एउटा नवयुवकका मनमा आशा निराशाले पारेका प्रभाव, प्रेम, विरह र पीडाका छटपटीहरू यसमा प्रतिबिम्बित भएको कुरा उनी बताउँछन् ।

वि.सं. २०१८ सालदेखि सुरु भएको उनको साहित्यिक यात्राको प्रथम चरण वि.सं. २०४७ **उपहार** गीत सङ्ग्रहको प्रकाशनपूर्वसम्म कायम रहेको छ । यस अवधिमा उनका **पचास रूपियाँको तमसुक** (नाटक, २०२८ सहलेखन), **मुलुकभित्र** (नाटक, २०३०), **विस्फोटन** ( गीतसङ्ग्रह २०३६) र **उपहार** (गीतसङ्ग्रह, २०४६) नामका पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । यी सबै कृतिलाई हेर्दा उनको यो अवधि पञ्चायतविरोधी मानसिकता र बहुदलीय व्यवस्थाप्रति जनचेतना फैलाउने जनजागरणमूलक विषयगत प्रवृत्ति मुख्य रूपमा रहेको छ । उनले सामन्ती सांस्कृतिक मान्यताको अन्त्य र जनवादी संस्कृतिको स्थापनाका निम्ति आह्वान गरेको पाइन्छ । यसैले यस अवधिलाई उनको साहित्ययात्राको प्रथम चरण मानिएको हो ।

प्रदीपको **पचास रूपियाँको तमसुक** (सहलेखन, २०२८) पहिलो नाट्य कृति हो । **मुलुकभित्र** (२०३०) उनको दोस्रो नाट्यकृति हो र यो उनको एकमात्र एकल लेखनको नाट्यकृति पनि हो । यस चरणका उनका नाटकहरूमा सामाजिक क्षेत्रमा देखापरेका विसङ्गति, किसान वर्गमा हुने शोषण, दमन, अन्याय अत्याचारका साथै पञ्चायती निरङ्कुशताको चित्रण, सामन्ती प्रवृत्तिको विरोध, गरिब वर्गप्रतिको सहानुभूति, मानवतावादी चिन्तन, मानवताको अध:पतनप्रतिको असहमति, सामाजिक यथार्थवादी मार्क्सवादी भौतिकवादी दृष्टिकोण, सामन्ती उत्पीडन र थिचोमिचोका विरुद्ध सशक्त प्रतिरोधी विचारका साथ असल समाज निर्माणको सन्देश पाइन्छ ।

**पचास रूपियाँको तमसुक**मा ग्रामीण किसानहरूमाथि हुने शोषणको चित्रण गरिएको छ । खास गरी किर्ते तमसुक गरी थोरै रकमलाई धेरै बनाउने एवं त्यसवापत गरिब किसानलाई जीवनभर कमारो बनाउने सामन्ती प्रवृत्ति यसमा चित्रित भएको छ । यस खाले सामन्ती प्रवृत्तिका विरुद्ध किसानहरूमा विरोधी भावना जागृत हुँदै गएर अन्तमा विद्रोह नै

---

२०. शोधनायकले दिएको जानकारीअनुसार ।

गरेको पाइन्छ । जनतामा विस्तारै देखापर्न थालेको क्रान्तिचेतलाई नाटककारले यस कृतिमा मुखरित गरेका छन् ।

**मुलुकभित्र** नाटकमा भारतबाट नेपाल फर्केका नेपालीहरू सुकुम्बासीको रूपमा विभिन्न ठाउँमा बस्ने गरेका र उनीहरूलाई तत्कालीन राज्य व्यवस्थाले अत्यन्त दुःख दिएको चित्रण गरिएको छ । प्रवासमा भन्दा आफ्नै मुलुकभित्र नेपालीले दुःख पाउने गरेको कुरा यसमा देखाइएको छ । यो नाटक बर्मा तथा भारतबाट आएका प्रवासी नेपालीहरू र नेपालका सुकुम्बासीहरूका बस्तीमा गई उनीहरूका दुःख-पीडा देखेर र सुनेर पाएको अनुभवको आधारमा तयार पारेको देखिन्छ । आफूमाथि भएका सरकारी तथा सामन्ती उत्पीडनका विरुद्ध एकताबद्ध भएर लड्नु पर्ने अठोट, दृढता र परिवर्तनप्रतिको आशावादिता यसमा देखिन्छ ।

रामप्रसाद प्रदीपले प्रथम चरणको उत्तरार्धमा **विस्फोटन** (२०३६) र **उपहार** (२०४७) नाम गरेका दुई वटा गीतसङ्ग्रहहरू प्रकाशित गरेका छन् ।

**विस्फोटन** (२०३६) रामप्रसाद प्रदीपको पहिलो प्रकाशित गीतसङ्ग्रह हो । यो कृति हाल अप्राप्य अवस्थामा रहेको छ । लेखकका अनुसार यस कृतिमा जम्मा ८२ गीतहरू सङ्कलित रहेका र ती गीतहरूले राजनैतिक परिवेशलाई विषयवस्तु बनाएका छन् । यसै गरी निम्न वर्गका नेपाली जनताको आर्थिक तथा सामाजिक जीवनको दयनीय तस्बिर पनि यसमा चित्रित छ । गीतकारले सम्पूर्ण विभेद र असङ्गतिका विरुद्ध लड्नका निम्ति नेपाली जनतालाई आह्वान गरेका छन् ।[२१]

**उपहार (२०४७)** प्रदीपको प्रथम चरणको चौथो प्रकाशित कृति र दोस्रो गीतसङ्ग्रह हो । **उपहार** गीत सङ्ग्रहमा सङ्कलित गीतहरूले वि.सं. २०३९ सालदेखि २०४७ सालसम्मको समयलाई पृष्ठभूमि बनाएका छन् । लोक तथा अन्य लय पाइने यस सङ्ग्रहका गीतमा राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाको आग्रह विषयका रूपमा रहेका छन् । यी गीतहरूमा गरिब वर्गप्रतिको वर्गीय प्रेम र सामन्ती तथा पुँजीपति वर्गप्रति घृणा व्यक्त भएको पाइन्छ । उनका गीतहरूमा परिवर्तनको चाहना घनिभूत रूपमा व्यक्त भएको छ । मानव जातिमा हराउँदै गइरहेको मानवीय मूल्य र मान्यताको खोजी यी गीतहरूमा गरिएको छ ।

साहित्यिक यात्राको प्रथम चरणमा नै उनले साहित्यिक पत्रिकाको प्रधानसम्पादक भई पत्रिका सम्पादन गर्ने र यसका माध्यमबाट आफ्ना कविताको प्रकाशन तथा सम्पादकीय लेखबाट आफ्ना विचारको प्रस्तुति दिएको पाइन्छ । उनले दाङबाट प्रकाशन हुने **खलिहान** साहित्यिक त्रैमासिक पत्रिकाबाट आफूलाई एक सफल सम्पादकको रूपमा उभ्याएका छन् । **खलिहान** साहित्यिक त्रैमासिक पत्रिका २०४२ बाट प्रकाशन सुरु भई २०४४ सालसम्म

[२१]. साहित्यकार मुरारि पराजुलीले शोधार्थीलाई दिएको जानकारीअनुसार ।

प्रकाशित भएको देखिन्छ । यस समयमा प्रकाशित उनका सम्पादकीय लेखहरूको अध्ययन गर्दा तत्कालीन पञ्चायती शासन, सामन्ती संस्कार, साम्राज्यवादी हैकम, विस्तारवाद, उपनिवेशवाद र सबै खाले प्रभुत्ववादी दृष्टिकोणका विरुद्ध निर्भीक भइ कलम चलाउनु पर्ने कुरा उल्लेख गरेको पाइन्छ । हाल यो **खलिहान** साहित्यिक पत्रिकाको प्रकाशन भने बन्द भएको छ ।

यस चरणमा उनले केही फुटकर कविताहरूको लेखन तथा प्रकाशन गरेको देखिन्छ । उनका कवितामा सामाजिक असमानता, आर्थिक विषमता र राजनीतिक विसङ्गतिको चित्रण पाइन्छ ।

प्रदीपका प्रथम चरणका रचनाहरूमा पाइने प्रवृत्तिलाई बुँदागत रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ ।

(१) स्वच्छन्दतावादी विचारसँगसँगै क्रान्ति चेतना, परिवर्तनको आशा र समानताको आग्रह
(२) तत्कालीन पञ्चायतकालीन अवस्थाप्रतिको निराशा र छट्पटी
(३) तत्कालीन शासन व्यवस्थाले निम्त्याएका खराब पक्षको उद्घाटन
(४) सामाजिक सांस्कृतिक विसङ्गतिप्रति विरोध
(५) वर्ग दुश्मनहरूप्रति घृणा र वर्गमित्रहरूप्रति असीम माया
(६) उत्पीडनका विरुद्ध विद्रोहको स्वर
(७) सामाजिक आर्थिक, राजनैतिक परिवर्तनको चाहना
(८) प्रवासी नेपालीहरूले भोग्नुपरेका पीडाको चित्रण
(९) हराउँदै गइरहेको मानवीय मूल्य र मान्यताको खोजी
(१०) विषयवस्तु तथा भावगत विविधता
(११) नाटक, गीत, सम्पादकीय लेख एवं कविताको लेखन ।

### ४.१.२. **दोस्रो चरण (वि.सं. २०४७ देखि हालसम्म)**

साहित्यकार रामप्रसाद प्रदीपको साहित्यिक यात्राको दोस्रो चरणमा दर्जनौं गीतहरूको प्रकाशन भएको देखिन्छ । यस चरणमा उनका **राजधानी गाइड** (पर्यटकीय सूचनासामग्री, २०५०) का साथै **बेलाको बोली** (गीत–गजलसङ्ग्रह, २०६३) नामका दुई कृति प्रकाशित भएका छन् ।

प्रदीपले साहित्य यात्राको दोस्रो चरणमा गीतबाहेक पर्यटनका निम्ति जानकारीमूलक पुस्तकाकार कृतिमा पनि रुचि देखाएको पाइन्छ । **राजधानी गाइड** (२०५०) प्रदीपको पर्यटन सम्बन्धी जानकारीमूलक पुस्तक हो । यस पुस्तकले राजधानीका कुन ठाउँमा के छन्, के पाइन्छन् आदि सबै कुराको सामान्य जानकारी दिने काम गरेको छ । यो खास गरी काठमाडौँ, भक्तपुर र ललितपुर जस्ता तीन सहरको सूचना एवं जानकारी उपलब्ध गराउने साहित्यइतर पुस्तक हो ।

साहित्य यात्राको दोस्रो चरणमा प्रकाशित अर्को कृति गीत-गजलको संयुक्तसङ्ग्रह **बेलाको बोली** हो । यस सङ्ग्रहमा प्रदीपका ५७ वटा गीतहरू सङ्कलित रहेका छन् । यसमा बालगीत, भजन र कवितासमेत सङ्कलित भएका छन् । दोस्रो चरणको उत्तरार्द्धतिर उनी गजलमा पनि आकर्षित भएको पाइन्छ । **बेलाको बोली**मा उनका २३ वटा गजलहरू पनि सङ्गृहीत छन् ।

यस चरणमा उनले विभिन्न भाकाका गीतहरू लेखेका छन् । उनले २०४६ सालको जनआन्दोलनलाई सफल पार्न गाउँबस्तीमा जनजागरण फिजाउने उद्देश्यले गाइने भाकामा गीत लेखेका छन् । तत्कालीन पञ्चायती व्यवस्थाका कठोर दमनका सीमाहरू तोड्दै प्रगतिवादी चिन्तनसहित जनमानसलाई सचेत गराउँदै बहुदलीय व्यवस्था प्राप्तिको अग्रमोर्चामा हतियारसँग कलमले लडिरहनु पर्ने कुरा उनले गरेका छन् । प्रदीपका गीतमा कतै वर्गीय अनुभूतिका विविध सामाजिक सन्दर्भहरूको चित्रण पाइन्छ त कतै पञ्चायती व्यवस्थाले उत्पन्न गरेका कुरुप राजनैतिक सामाजिक एवं सांस्कृतिक पक्षहरूमाथि वज्रप्रहार भएको देखिन्छ । प्रदीप यतिखेरका गीतमा नेपाली भएर नेपाललाई नै नङ्ग्याउन खोज्नेहरूप्रति शब्दवाण प्रहार गर्दछन् ।

दोस्रो चरणका गीतमार्फत् उनी सामन्ती कुसंस्कारले ग्रस्त नेपालीहरूका आँट र भरोसाका सिपाही भएर  साहित्यिक फाँटमा डटिरहेका छन् । सामन्ती समाजका शोषक वर्गले गरिबको लागि निया-निसाफ  नदिने भएको हुँदा आफै कम्मर कसेर अगाडि बढ्नु पर्ने आवश्यकतालाई उनले औंल्याएका छन् । पञ्चायती शासन सत्ताको विरोध गर्ने र बहुदलीय शासन व्यवस्था प्राप्तिको लागि कलम चलाउने प्रदीप समयको प्रवाहसँगै संसदीय शासन व्यवस्थाका विकृतिबाट पनि चिन्तित हुन पुगेका छन् ।

उनी यस चरणका गीतमा २०५२ बाट सुरु गरिएको माओवादी हिंसात्मक जनयुद्धबाट पनि प्रभावित हुन पुगेका छन् । यस अवधिका उनका गीतहरूमा हत्या-हिंसा र मानवताविरोधी प्रवृत्तिको विरोध, सार्वभौमसत्ताको संरक्षणका निम्ति आह्वान, देशप्रेमको गान, राष्ट्रियताका पक्षमा आवाज उठाउने काम, जनजीविकाको माग, असहनीय महँगीप्रतिको चिन्ता र आशा-निराशा जस्ता विषयवस्तुले ठाउँ पाएका छन् । यति भएता पनि उनका अधिकांश गीत गजलहरूले सामाजिक यथार्थतालाई उद्घाटन गर्दै सामाजिक रुपान्तरणको लक्ष्य बोकेका छन् । प्रदीपले मूलतः राजनैतिक विसङ्गतिले ल्याएका खराब पक्षको उद्घाटन र युद्धजन्य विभीषिकाको चित्रण यस चरणमा गरेका छन् । प्रदीपले सरकारको होस् या माओवादी दुवैथरिका हतियारले विनास मात्र निम्त्याउने कुरामा विश्वस्त छन् । दुवै थरी हतियारले रगतको होली खेलिरहेको र युद्धको नाउँमा विनाशमात्र भएको कुरा उनले उल्लेख गरेका छन् ।

प्रदीपले क्रान्ति र परिवर्तनका कुरा गर्दा पनि सचेत रूपमा हत्या र हिंसाको विपक्षमा अडान राखेका छन् । उनले दुवै खाले बन्दुकले निर्दोष नागरिकको हत्या र प्रियजनको आँसु बहाइरहेको बताउँछन् । बन्दुकको बलभन्दा सचेत जनबल नै बलियो रहेको विचार उनका प्रस्तुत गीतहरूमा पाइन्छ ।

प्रदीप नेपाली जनजीवनका पीडा र वेदनाको प्रस्तुति गर्दै समाज परिवर्तनका लागि प्रतिगमनकारी शक्तिहरूसँग झुक्न नहुने धारणा व्यक्त गर्दछन् । यस चरणका गीतमा रामप्रसाद प्रदीप प्रथम चरणमा भन्दा अझै परिष्कृत र परिमार्जित रूपमा देखिएका छन् । विधागत हिसाबले यस चरणमा आएर उनबाट नाट्यलेखन भएको पाइँदैन तर उनले गजल शैलीका गीत-कवितामा भने रुचि देखाएका छन् । उनले यस चरणमा गणतन्त्र प्राप्तिका लागि तत्कालीन मुख्य शत्रु मानिएको राजतन्त्रको निकै विरोध गरेका छन् । राजतन्त्रदेखि होसियार भएर अगाडि जुट्नुपर्ने सन्देश पनि उनले दिएका छन् ।

यसरी साहित्यिक यात्राको दोस्रो चरणमा रामप्रसाद प्रदीपले विभिन्न विषयवस्तुलाई आफ्नो लेखनको क्षेत्र बनाएका छन् । उनको साहित्ययात्राको दोस्रो चरणका रचनाहरूको प्रवृत्तिलाई बुँदागत रूपमा यसरी सार सङ्क्षेपीकरण गर्न सकिन्छ ।

(१) विधागत विविधता

(२) तत्कालीन शासन व्यवस्था र राजतन्त्र विरोधी स्वर

(३) युद्धउन्मादीहरूप्रति वितृष्णा

(४) विभिन्न लय र भाकाका गीत लेखन

(५) गजल लेखनको थालनी

(६) संवैधानिक राजतन्त्रको विरोध

(७) गणतन्त्रको आह्वान

(८) सामन्ती राज्यसत्ताको अन्त्य एवम् सबै खाले हिंसाको विरोध

(९) विषयको सरल, सहज र मार्मिक प्रस्तुति

(१०) क्रान्तिकारी विद्रोही चेतना

(११) अग्रगामी परिवर्तनको स्वर

(१२) सामाजिक, राजनैतिक रूपान्तरणको तीव्र चाहना

(१३) व्यङ्ग्यात्मकता

(१४) अन्धविश्वासप्रति व्यङ्ग्य

(१५) राजनैतिक उकुसमुकुसको अभिव्यक्ति

(१६) मानवतावादी दृष्टिकोण

## ४.२ निष्कर्ष

वि.सं. २०२३ सालदेखि २०४६ सालसम्मको समयावधिमा प्रदीपले प्रगतिशील अग्रगमनको चाहना, सामन्ती सांस्कृतिक मान्यताको अन्त्य र जनवादी संस्कृतिको स्थापनाका निम्ति आफ्ना सिर्जनाद्वारा श्रमजीवी वर्गलाई परिवर्तनका निम्ति गोलबन्द हुन आह्वान गर्दै आएको तथ्य उनका प्रथम चरणका रचनाबाट स्पष्ट हुन्छ । त्यसैले यो समयावधिलाई उनको साहित्यिक यात्राको प्रथम चरणका रूपमा लिइएको हो । प्रदीपका प्रथम चरणका रचनाले देखाएको निर्भीकता र सशक्तताले ०४६ सालमा निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य गराइ बहुदलीय व्यवस्थाको प्राप्तिका लागि खुड्किलोका रूपमा भूमिका खेलेको कुरा प्रस्ट छ ।

उनका प्रथम चरणका रचनामा सामन्तवादी उत्पीडनका विरुद्ध विद्रोह गर्नुपर्ने ठहर गर्दै वर्गीय द्वन्द्वविना परिवर्तन सम्भव नहुने; सामाजिक, आर्थिक र राजनैतिक परिवर्तन विना श्रमजीवी वर्गको मुक्ति सम्भव नहुने उल्लेख गरिएको छ । प्रवासी नेपालीहरुले भोग्नु परेका पीडा, हराउँदै गइरहेको मानवीय मूल्य र मान्यताको खोजी, मूलतः निरङ्कुश पञ्चायती व्यवस्थाप्रतिको निराशा र छट्पटीलाई देखाउँदै, श्रमजीवी एवं सर्वहारा वर्गलाई गोलबन्द हुन आह्वान गरी समानता र क्रान्तिका लागि जागरुक बनाउने काम यतिखेरका रचनामा भएको देखिन्छ । प्रथम चरणका प्रदीपका रचना कृतिहरूमा विषयवस्तु तथा भावगत विविधता पाइन्छ । आफ्नो साहित्य यात्राको प्रथम चरणमा कविता, नाटक, गीत एवं सम्पादकीय लेखनमा रूचि देखाएको पाइन्छ ।

वि.सं. २०४७ देखि हालसम्मको समयावधिलाई प्रदीपको साहित्य यात्राको दोस्रो चरणका रूपमा लिन सकिन्छ । २०४६ सालको जनआन्दोलनले राजनीतिक रूपमा पुरानो यथार्थलाई विस्थापित गरी नयाँ यथार्थलाई स्थापित गऱ्यो । यस जन आन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय व्यवस्थालाई स्थापित गरे पनि सामन्तवादी राज्यसत्ता र संस्कृतिमा कुनै परिवर्तन आएन बरु संसद्, सरकार र समाजमा तमाम विकृतिहरू देखापरे । यसले गर्दा नेकपा(माओवादी) ध्वंसबाट पुनः निर्माणको सिद्धान्तालई अनुसरण गर्दै ०५२ साल फागुन १ गतेदेखि सशस्त्र जनयुद्धमा होमियो भने अरु वामपार्टीहरू प्राप्त उपलब्धिको रक्षा गर्दै शान्तिपूर्ण जनसङ्घर्षका माध्यमबाट समाज परिवर्तन सम्भव छ भन्ने कुरामा दृढ रहे । रामप्रसाद प्रदीपले शान्तिपूर्ण वर्गसङ्घर्षको धार समात्न पुगे र यसै अनुकूल आफ्ना लेखनीहरूलाई अगाडि बढाउँदै आए । शान्तिपूर्ण वर्गसंङ्घर्षको धार समातेका प्रदीपले सबैखाले हत्या र हिंसाको विरोध गर्दै मानव अधिकार, शान्ति र सुशासनका माध्यमबाट समाज रुपमान्तरणको कामना गर्दै गीत, गजलहरू मार्फत संसदीय विकृतिको आलोचना, गणतन्त्रको आह्वान र सामन्ती राज्यसत्ताको अन्त्य एवं देश र जनताप्रति धोका दिने अनि मुक्तिको नाममा रगतको होली खेल्नेहरूलाई खबरदारी गरि नै रहे । साहित्यिक विधागत हिसाबले हेर्दा उनले दोस्रो चरणमा आएर गीत, गजल, कविता र पर्यटन सम्बन्धि पुस्तकमा

रुचि देखाएको पाइन्छ । यद्यपि प्रथम चरणमा २ वटा नाटक सङ्ग्रह नेपाली साहित्यको भण्डारलाई सुम्पिसकेका प्रदीको दोस्रो चरणमा नाटक लेखनमा शिथिलता आएको साथै सम्पादकीय लेखनमा समेत पूर्णविराम लागेको महशुस गर्न सकिन्छ ।

दोस्रो चरणका प्रदीपका रचनामा विधागत विविधता पाइन्छ । तत्कालीन शासन व्यवस्था र राजतन्त्र विरोधी स्वर सुसेल्दै युद्धउन्मादीहरूप्रति वितृष्णा, घृणा प्रकट गरेका छन् । संवैधानिक राजतन्त्रको विरोध गर्दै गणतन्त्रको आह्वान गरेका छन् । सामन्ती राज्यसत्ताको अन्त्य एवम् सबै खाले हिंसाको विरोध गरेका छन् । क्रान्तिकारी विद्रोही चेतना, अग्रगामी परिवर्तनको स्वर, राजनैतिक उकुसमुकुसको अभिव्यक्तिका लागि व्यङ्ग्यात्मकता उनका विशेषता बन्न पुगेका छन् यस चरणमा विभिन्न लय र भाकाका गीत लेखिएको देखिन्छ । प्रथम चरणमा भन्दा भिन्न दोस्रो चरणमा प्रदीपले गजल लेखनमा रूचि देखाएको पाइन्छ । विषयको सरल, सहज र मार्मिक प्रस्तुति दोस्रो चरणमा समेत देखिन्छ । मानवतावादी दृष्टिकोण दोस्रो चरणका गीत र गजलमा पनि सल्बलाएको पाइन्छ । यस चरणका प्रदीपका रचनाहरुमा राजतन्त्रको अन्त्य र गणतन्त्र प्राप्तिको कामना गरिएको छ । सबै किसिमका यो र त्यो बहानामा हुने गरेका युद्धको विरोध गरिएको छ । हतियारको शान्ति होइन विचारको क्रान्तिमा विश्वास गर्नुपर्ने कुरामा जोड दिइएको छ । देश र जनताप्रति गद्दारी गर्ने नेताहरूलाई खबरदारी गरिएको छ ।२०४६ साल पूर्वका रचनाहरूमा खबरदारीका पात्र राजतन्त्रका मतियारहरू हुने गरेकोमा बहुदलीय व्यवस्था प्राप्ति पछि भने खबरदारीका पात्र जनप्रतिनिधि नेताहरूसमेत हुन पुगेका छन् ।

# परिच्छेद पाँच

# रामप्रसाद 'प्रदीप'का कृतिहरूको अध्ययन

रामप्रसाद प्रदीपका प्रकाशित कृतिहरूमा **पचास रूपियाँको तमसुक** (२०२८, नाटक, सहलेखन), **मुलुकभित्र** (२०३०, नाटक), **विस्फोटन** (२०३६, गीतसङ्ग्रह), **उपहार** (२०४६, गीतसङ्ग्रह), **राजधानी गाइड** (२०५०, पर्यटन सम्बन्धी ) र **बेलाको बोली** (२०६३, गीत गजलसङ्ग्रह) रहेका छन् । उनका प्रकाशित कृतिहरूलाई निम्नानुसार अध्ययन विश्लेषण गरिएको छ :

## ५.१ रामप्रसाद 'प्रदीप'को नाट्यकारिताको अध्ययन

रामप्रसाद प्रदीपका **पचास रूपियाँको तमसुक** र **मुलुकभित्र** नाम गरेका दुई नाटक प्रकाशित छन् । **पचास रूपियाँको तमसुक** उनको सहलिखित नाटक हो भने **मुलुकभित्र** उनको एकल लेखनको नाटक हो । **पचास रूपियाँको तमसुक** सामन्ती समाजको यथार्थ चित्रणमा आधारित छ । यो नेपाल लगायत दार्जिलिङका विभिन्न ठाउँहरूमा धेरै पटक प्रदर्शन भइसकेको नाटक हो । यो नाटक हजारौं दर्शकहरूले अति मन पराएको नाटक पनि हो ।[२२] यस नाटकमा सामाजिक परिवर्तनका लागि सामन्ती समाज बाधक रहेको देखाउँदै जनतामा चेतना आएमा सामन्तहरूलाई सहजै पाखा लगाउन सकिने क्रान्तिकारी विचार व्यक्त गरिएको छ । तत्कालीन नेपाली समाजमा प्रगतिशील चेतना फैलाउने काममा यस नाटकको विशेष भूमिका रहेको छ ।[२३]

**मुलुकभित्र** नाटकमा मुलुकभित्रका सुकुम्बासी नेपालीहरूका पीडा, व्यथा देखाइएको छ । त्यसै गरी तत्कालीन पञ्चायती शासन र शासकहरूका विकृति, विसङ्गति र कर्मचारीतन्त्रमा हुने गरेका घुसखोरी प्रवृत्तिहरूको पर्दाफास पनि यसमा गरिएको छ । नेपालीहरू नेपालबाहिर मात्र हेपिएका नभई नेपाली भूमिमा नै बढी उपेक्षित भएको यथार्थलाई सहज रूपमा देखाउनु यस नाटकको उपलब्धि हो । यस नाटकले पनि नेपाली समाजमा प्रगतिशील चेतनाको अभिवृद्धि गर्न ठूलो सघाउ पुऱ्याएको छ ।

प्रदीपका यिनै दुई नाटकमा केन्द्रित रहेर यिनको अध्ययन तथा विश्लेषण तल गरिन्छ :

---

२२. दिल साहनी, *पश्चिमाञ्चलका केही प्रगतिवादी नाटक*, **यथार्थवादी नेपाली समालोचना**, सम्पा., घनश्याम ढकाल, (पोखरा : गण्डकी साहित्य सङ्गम, २०६२), पृ. ४२४ ।

२३. ऐजन ।

### ५.१.१ 'पचास रूपियाँको तमसुक' नाटकको अध्ययन

**पचास रूपियाँको तमसुक** नाटकको विश्लेषण निम्न बुँदा तथा उपबुँदामा आधारित भएर गर्न सकिन्छ ।

#### ५.१.१.१ लेखन तथा प्रकाशन

'पचास रूपियाँको तमसुक' रामप्रसाद 'प्रदीप'को सहलिखित नाट्यकृति हो । यही नै उनको प्रथम पुस्तकाकार कृति पनि हो । वि.सं. २०२४ सालदेखि नै "रेलिमै सांस्कृतिक मण्डल, बुटवल"बाट यस नाटकको प्रयोगात्मक मञ्चनको सुरू भएको भन्ने भनाइबाट यो नाटक उक्त समयभन्दा अगाडिदेखि नै अस्तित्वमा रहेको भन्ने स्पष्ट हुन्छ । सुरूमा आठौँ दृश्यको सानो एक पर्दे रूपकको रूपमा यो नाटक रहेको थियो । पछि कलाकारहरूको छलफलका साथै दर्शकहरूको सुझाव र अनुरोधबाट यसले धेरै दृश्य भएको नाटकको रूप लिएको हो । वि.सं.२०२४ सालभन्दा अगाडि मौखिक कथाको रूपमा पचासौं ठाउँमा खेलि सकिएको थियो ।[२४] यसले आत्मसात गरेको यथार्थपरक विषयवस्तु, उत्कृष्ट मञ्चन, लोकप्रियता, दर्शकहरूको सुझाव-सल्लाहबाट नै यसका दृश्यहरू वृद्धि गर्दै लगिएको र वि.सं. २०२८ सालमा मात्र प्रथम प्रकाशनका रूपमा छापिएको देखिन्छ । २०५८ सम्म आइपुग्दा यो नाटक पाचौं संस्करणका रूपमा छापिएको देखिन्छ । **पचास रूपियाँको तमसुक** का सम्बन्धमा २०२६ सालसम्म सुझाव र अनुभव बटुल्ने क्रम निरन्तर चलिरह्यो ।[२५] नेपाल र प्रवासका गाउँ र शहरका लाखौं लाख जनताको बीचमा हजारौं पटक प्रदर्शित भइसकेको यो नाटक २०४९ साल भाद्र २० गते ३६ पृष्ठको आकृतिसहित मगराँती भाषामा पनि अनुवाद भएको पाइन्छ ।[२६] यस पुस्तकलाई लोकबहादुर थापाले 'पीराङ् रुप्यौ लूरीक' शीर्षकमा मगर भाषामा अनुवाद गरेका छन् ।

प्रस्तुत नाटक मोदनाथ प्रश्रित, बुद्धिबहादुर थकाली र रामप्रसाद प्रदीपको संयुक्त लेखनका रूपमा रहेको छ । यस कुरालाई प्रश्रित यसरी बताउँछन्- 'सांस्कृतिक मण्डलका दुई जना साथी जीवराज आश्रित र म जेल पर्‍यौं । फलतः सामूहिक रूपले छलफल गरी यसलाई अन्तिम रूप दिने काम अधुरै रह्यो तर अर्कातिर चारैतिरबाट यसको माग हुन थालेकाले साथी बुद्धिबहादुर थकाली र रामप्रसाद 'प्रदीप'ले पहिले खेलिएको आधारमा कथोपकथन र दृश्यहरू उतारी प्रकाशित गर्नुभयो ।[२७] **यथार्थवादी नेपाली समालोचनामा** रहेको दिल साहनीको

---

[२४] . मोदनाथ प्रश्रित, नाटकबारे, **पचास रूपियाँको तमसुक**, पाँचौं सं., (काठमाडौँ : स्वयं लेखकहरू, २०५८) पृ. अमु. ।

[२५]. ऐजन ।

[२६]. कोइराला, परशुराम, *नेपालको भाषिक सन्दर्भ र मगराँती भाषा-साहित्यको स्थिति*, **यथार्थवादी नेपाली समालोचना**, सम्पा., घनश्याम ढकाल (पोखराः गण्डकी साहित्य सङ्गम, २०६२) पृ. ७३४ ।

[२७]. ऐजन ।

*पश्चिमाञ्चलका केही प्रगतिवादी नाटक* शीर्षकको समीक्षात्मक आलेखमा **पचास रूपियाँको तमसुक**को कथा सुरुमा बुद्धि बहादुर थकालीले लेखेको भए पनि यसको प्रथम संस्करणको सम्पूर्ण संवाद रामप्रसाद प्रदीपले तयार पारेको उल्लेख गरिएको छ। यसरी **पचास रूपियाँको तमसुक**लाई मस्यौदा अवस्थाबाट लिखित र पुस्तकाकार कृतिको रूपमा खडा गर्ने काममा रामप्रसाद प्रदीपको भूमिका विशिष्ट देखिन्छ।

### ५.१.१.२ कथानक

सामाजिक विषयवस्तुमा आधारित 'पचास रूपियाँको तमसुक' नाटकको नायक साहिँला गाउँको फटाहा, शोषक मानसिङको घरमा नोकर बनेर हातमुख जोर्ने काम गरेको छ। मानसिङको घरमा ऊ कहिलेदेखि नोकर बसेको हो भन्ने स्पष्ट नपारिएको भए तापनि उसका बाजेले मानसिङका बाबुबाट ५० रूपियाँ लिएकाले बाजेदेखि नै तीन पुस्ताले कमारा बस्दै आएको बुझिन्छ।

एक दिन दिनभरको काम सिध्याएर साँझपख साहिँलाले बुढो बाबु र छोरीलाई भेट्न घर जाने उद्देश्यले साहूसँग बिदा माग्दछ। साहूले राति नै फर्कन भने पनि त्यस दिनको काम सिद्धिएको हुँदा भोलि बिहानै आउँछु भन्ने अनुरोध र विश्वास उसले साहूसँग प्रकट गर्दछ। भोलि बिहान कुखुराको डाँकोसँगै आएर घरको कामधन्दा सकी धान काट्न जानु पर्ने उर्दी साहूले सुनाउँछ, कदाचित् बिहानै नआएमा ठीक नहुने भन्दै उसले साहिँलालाई बिदा दिन्छ।

साहिँलो घरमा पुग्दा उसको बुढो बाबु बिरामी परेको हुन्छ। साहिँलाकी छोरी मुनाले बाजेको स्याहार गरिरहेकी हुन्छे। तीन दिनदेखि बाबुलाई ज्वरो आएको थाहा पाएपछि ऊ आत्तिन्छ र रातारात वैद्य बोलाउन अर्को गाउँ जान्छ। वैद्यले सुरूमा राम्रै कुरा गरे पनि बा बिरामी भएर लिन आएको बुझेपछि राति भएको बहाना गराएर तत्काल उपचारमा जान इन्कार गर्दछ। अनेक विन्ती गरे पनि जान नमानेपछि निराश भएर फर्किन लागेको बेला वैद्यकी छोरी सानीले वैद्य भएपछि रात र दिन भन्न नहुने र धनी आउँदा भन्ने बित्तिकै उपचारमा जाने तर गरिब आउँदा आलटाल गर्न नहुने कुरा गर्दछे। अन्ततः सानी अर्थात् छोरीको आग्रहले वैद्य राती नै जान तयार हुन्छ।

साहिँलाको घर पुगेर वैद्यले नारी छामेपछि रूघाखोकीको जोरो आएको र ज्यान बुढो भएकोले गर्दा अलि च्याँपेको कुरा बताउँदै १० रूपियाँ लिएर औषधी लिन सँगै हिंड्न साहिँलालाई वैद्यले भन्दछ। तर, गरिब साहिँलासँग १० रूपियाँ हुँदैन। साहिँलाले भोलि नै औषधीको पैसा ल्याइदिने गरी औषधी दिन विन्ती गर्दछ तर वैद्यले मान्दैन। सानीले आफ्नो बाबु वैद्यलाई सम्झाउने प्रयास गर्दछे तर वैद्यले यो कुरालाई पनि इन्कार गर्दछ। साहिँलाले त्यो दिन औषधी खुवाउन सक्दैन। अर्को दिन साहिँला पैसा खोज्न हिंडेको बेला बाटामा प्रधानपञ्चसँग भेट हुन्छ। उसले प्रधानपञ्चसँग १० रूपियाँ ऋण माग्दछ तर प्रधानपञ्चले

जुनी फाल्छस् अर्काको चाकरीमा ऋण माग्दछस् मसँग, कसलाई पैसा धेरै भएको छ र भन्ने जवाफ दिन्छ । उसको यस्तो रुखो जवाफ पाएपछि साहिँलो विक्षिप्त हुन पुग्छ । अन्ततः ऊ साहू मानसिङकै घरमा जान्छ । साहू भने साहिँलो भनेको समयमा नआएकोमा रिसाएको हुन्छ । साहूले आफ्नो कारिन्दा वीरबहादुरसँग साहिँलाको बाबु बिरामी भएकोले अब नबाँच्ने र बाबु नबाँचेपछि साहिँलाले काम पनि नगर्ने हुँदा अबेर गरेको निहुँमा कामबाट हटाउने र उसको बाजेले लगेको ५० रूपियाँको सावाँ, ब्याज, ठेकी–बेठी, थप–थाप पारेर हिसाब माग्ने र तिर्न नसकेको निहुँमा बुकुरो पाटो हात लगाउन दाउ कसेको कुरा बताउँछ ।

त्यति नै बेला साहिँलो साहूकहाँ पुगेर बा बिरामी भएकोले १० रूपियाँ दिएर प्राण बचाइ दिनका लागि अनुनय–विनय गर्दछ । साहूले साहिँलाको उक्त कुरालाई बाहानाबाजी भन्दछ र बरु वीरबहादुरलाई पुरानो हिसाब ल्याई उसलाई देखाउन आदेश दिन्छ । कारिन्दा वीरबहादुरले हिसाब गरेर साउँ ब्याज, ठेकी, बेठी, घ्यू खाने आदि गरी २५००।– पुगेको कुरा बताउँदछ । यस हिसाबलाई साहिँलाले लाटालाई पनि चित्त नबुझ्ने गरिबमारा हिसाब भयो भनी असन्तुष्टि व्यक्त गर्दछ । साहिँलाको अड्डीलाई मुखमुखै लागेको भनी साहू रिसाउँदै कारिन्दा लगाएर वीरबहादुरको सहयोगमा साहिँलालाई मुन्ट्याउँछ । साहिँलो मुर्छा पर्छ । मुर्छा परेकै अवस्थामा खाली कागज ल्याएर साहूले साहिँलालाई ल्याप्चे टसाउँछ ।

उता घरमा साहिँलाको बाबुलाई व्यथाले अझ गलाउँदै लगेको हुन्छ । बुढाले आफू जाने बेलामा कुमारको हात समाउँदै आफ्नो जीवनको सबैभन्दा ठूलो धोका अधुरो भएको र त्यो धोको यी शोषक सामन्तका विरूद्ध लडेर उनीहरूलाई माटामा मिलाइ गरिबको दिन ल्याउने रहेको बताउँछ ।  त्यो जिम्मेवारी तिनै ठिटाहरूको काधमा छोडेर जानुपर्ने भयो भन्दा भन्दै  बुढाले प्राण छोडिसकेको हुन्छ । घरमा कुमार, कुले, गोरे आदि मानिसहरू भेला भएका हुन्छन् । रूवाबासी चर्किन्छ । मुना भने कात्रो किन्ने पैसा पनि नभएको हुँदा बाबुलाई खोज्न साहूको घरतिर निस्किन्छे । आफ्नो बाबु मुर्छा परिरहेको देखेर घरको सम्पूर्ण घटना मुनाले सुनाउँछे । अतासिएकी मुनालाई साहूले गिद्दे दृष्टि लगाउँछ र 'तेरो बाजे बितेर के भो त ? तँलाई चाकरी गर्न त पर्दैन बरू आइज मसँग म तँलाई सुनले छपक्कै पारिदिन्छु भन्दै हात–पात गर्दछ । मुनाले प्रतिकार गर्न खोज्छे तर सकेकी हुँदैन । उसले आफ्नी छोरी जस्तो मानिसलाई हात पात गर्न लाज लाग्दैन भन्दछे । साहूले मुनामाथि हातपात गर्दा ऊ चिच्याउँछे । ऊ चिच्याएको आवाजले साहिँलो होसमा आउँछ ।  होसमा आएपछि उसले साहूलाई झम्टिन जान्छ । मुना र साहिँलाले साहूलाई मुर्छा पर्ने गरी कुट्दछन् । मुनाले बाजे बितेको र घरमा मान्छेहरू आएर बसेको कुरा सुनाएपछि साहिँलो घरतिर लाग्दछ ।

साहिलो घरमा पुगेपछि फेरि रूवावासी चर्किन्छ । त्यसै बेला साहू दुई जना लठैतहरूलाई लिएर साहिलाको घर आइपुग्छ । साहूले कि २५००।– सय रूपैयाँ कि बुकुरो पाटो नत्र लास उठाउन पाइन्न भनेर खोते थाप्दछ । साहू र साहिँलाका बीच भनाभन हुन्छ ।

साहू अझ जङ्गिन थाल्दछ । लठैत, वीरबहादुर, साहू आदि मिलेर साहिँला, कुमार, गोरे र कुलेमाथि आक्रमण गर्दछन् । घमासान लडाइँ हुन्छ । अन्ततः दुई जना लठैत भाग्दछन् । गाउँलेहरूले साहूलाई लछारपछार गर्दै आजसम्मका काला कर्तुतहरू ओकल्न भन्दछन् । ऊ हायलकायल हुन्छ र माफी माग्न थाल्दछ । कुमारले माफी मागेर नपुग्ने बरु आजसम्म भए गरेका जालसाझीका सम्पूर्ण कागजपत्र निकाल्नु पर्ने आदेश दिन्छ । घर गएर सबै कागजपत्र दिने मञ्जुरी साहूले गरेपछि दुई जनाले लास कुरेर बस्दछन् भने अरु सबै गाउँलेहरू साहूको घरतिर जान्छन् । घर पुगेपछि सम्पूर्ण किर्ते कागज निकाल्न लगाई च्यात्ने काम हुन्छ ।

जनताका अरू पनि के के चिज लुकाएर राखेको छ ती सबै कुरा निकाल्न भनी साहूलाई दबाब दिइन्छ । साहू मानसिङ घरभित्र पसी बन्दुक बोकेर निस्कन्छ र सबैलाई ठाउँको ठाउँ पारिदिन्छु भन्न थाल्दछ तर साहिँला नडराई अगाडि बढ्छ र खोका समातेर हातमाथि गराएपछि गोली दलिनमा ठोकिन्छ । सबै मिलेर घरभित्रबाट सामान बाहिर निकाल्दछन् र गाउँलेबाट लुटिएका सामान जनतालाई वितरण गरिन्छ । टिनको पाता साहूको पिठ्युँमा झुन्ड्याई कालोमासो लगाएर गीत गाउँदै गाउँ डुलाएपछि यस नाटकको कथानकको अन्त्य हुन्छ ।

यसरी यस नाटकमा नाटककारले नोकर, बाँधा, दास भएर साहूहरूको दबदबा सहेर बस्न नहुने र मानसिङ जस्ता दुष्ट, फटाहा, सामन्त क्रूर र आततायी प्रवृत्तिका विरूद्ध सम्पूर्ण श्रमजीवी वर्ग एक भएर अगाडि बढेमा दासताका साङ्ला चुँडाउन सकिने विचार प्रस्तुत गरेका छन् । अर्काको रगत र पसिनामा मोज गर्ने र निःसहाय गरिबहरूलाई शोषण दमन गर्नेहरूको पूर्ण रूपमा पराजय देखाई नाटकको अन्त्य भएको यसमा देखाइएको छ । आततायीहरूका विरूद्धमा लड्ने क्रान्तिकारी शक्तिको यस नाटकमा विजय देखाइएको छ । कुमार, साहिँला जस्ता समाज परिवर्तन गर्न चाहने शक्तिहरू यस प्रकारका फट्याइँका विरूद्धमा सङ्घर्षरत रहने यथार्थ चित्रण यसमा पाइन्छ ।

उपर्युक्त कथानकमार्फत् नाटककारले सर्वहारा जनताले सत्ता प्राप्त गरी नसकेको र शोषकहरू पनि सङ्गठित श्रमजीवी जनताको जुझारू एकताले गर्दा बाध्यतावश केही झुक्नु परेको र पराजयको संघारतिर टेकिरहेको परिस्थितिलाई अभिव्यक्त गरेका छन् । यस नाटकमा समेटिएको कथावस्तुमार्फत नाटककारले नेपाली समाजमा विद्यमान शोषण, दमन, अन्याय र अत्याचार जस्ता कुराहरूको यसरी नै अन्त्य गर्नुपर्ने धारणा राखेका छन् । साथै सामन्तहरूको मात्र नभएर सामन्तका पिछलग्गुहरूको पनि यसै गरी अन्त्य हुनेतर्फ दृष्टि पुऱ्याएका छन् ।

यसमा नाटककारले सामाजिक विषयवस्तुमा आधारित कथानकको उपयोग गरेका छन् । यस नाटकको नायक 'साहिँला' समाजको निःसहाय श्रमिक हो । उसका अगाडि अर्काको चाकडी गरेर बाँच्नुपर्ने विवशता र बाध्यताहरू एकातिर छन् भने अर्कातिर बाजेको पालामा

लिएको ५० रूपियाँ ऋणको लागि पुस्तौनी कमारो बसेर पनि नसिद्धिने ऋणको बोझ रहेको छ । आफ्नो थोरै जमिन भए पनि अर्काको जमिनमा पसिना बगाएर बाँच्नु पर्ने बाध्यता नायक साहिँलाका छ । साहिँलाका माध्यमबाट नाटककारले समाजका निमुखा साहिँलाहरूका दर्दनाक पीडालाई प्रस्तुत गरेका छन् । यसै गरी शोषित पीडित श्रमजीवी जनतालाई वर्गीय लडाइँ लड्न प्रेरणा दिने काम पनि यस नाटकमा गरिएको छ । वर्गीय लडाइँमा शोषक वर्गको हार र शोषित वर्गको जित हुने कुरा निश्चित भएको देखाउनु यस नाटकको मुख्य उद्देश्य रहेको बुझिन्छ ।

## ५.१.१.३ चरित्र विधान

प्रस्तुत नाटकमा साहिँलो प्रमुख पात्रका रूपमा उपस्थित भएको छ । यसका साथै मानसिङ, वीरबहादुर, बुढा, वैद्य, सानी, कुमार, कुले, गोरे, मुना, प्रधानपञ्च, दुई जना नाच्ने केटाकेटीहरू, साहूका दुई लठैत र थुप्रै गाउँलेहरू जस्ता पात्रहरूको आयोजना यसमा गरिएको छ । यस नाटकमा देखापरेका उपर्युक्त चरित्रहरूमध्ये साहिँलो, वीरबहादुर, मानसिङ, वैद्य, मुना, सानी वीरबहादुर आदि चरित्रहरू विशेष भूमिकाका रूपमा प्रस्तुत भएका छन् । यहाँ यस नाटकका केही प्रमुख र सहायक चरित्रहरूको विवेचना क्रमशः प्रस्तुत गरिएको छ ।

### (क) साहिँला

साहिँला यस नाटकको प्रमुख चरित्र वा नायक हो । यसकै कारूणिक व्यथालाई यस नाटकले समेटेको छ । साहिँला व्यक्तिगत चरित्रका रूपमा प्रस्तुत नभई वर्गगत चरित्रका रूपमा उभिएको छ । साहिँलो गतिशील चरित्र हो । उसले जमिन फुटे त्यसैमा भासिन हुने र आकाश झरे त्यसैले च्यापिएर मर्न हुने भनी जीवनदेखि हतास, निराश अभिव्यक्ति प्रस्तुत गरेको छ । यही निराशाका माझ अन्ततः महिला आवाजसँगै आफ्नो अधिकारका लागि यही देशमै संघर्ष गर्नु पर्नेतर्फ प्रेरित भएको छ भने कुमारको साथ पाएपछि शोषक सामन्तको कारवाहीमा जुट्न पुगेको छ । साहिँलाले दमित जीवन बाँचेर पनि विद्रोही श्वास फेरिरहेको छ । उसमा योजनाबद्ध संघर्षको अभाव छ तर आक्रोश छ । साहिँलाकै उपस्थितिले कथानकमा द्वन्द्व र सङ्घर्ष पैदा भएको छ । त्यसैले यसमा साहिँलाको विशेष भूमिका देखिन्छ ।

### (ख) मानसिङ

मानसिङ साहू गाउँले सामन्त हो । साहू यस नाटकमा समाजका चुसाहा वर्गको प्रतिनिधि पात्रका रूपमा उपस्थित भएको छ । यसलाई नाटककारले सारै घृणित र फटाहाका रूपमा प्रस्तुत गरेका छन् । यसमा साहूले अर्काको घरबारी हात पार्न राजीनामा लेखी

गाडिएको लास खोदलेर ल्याप्चे लगाउन पुगेको छ । यो जस्तो घृणित कार्य के हुन सक्दछ ? यसै गरी आफूलाई समाजमा हुने खाने देखाउने तर गरिब र निःसहाय जनतालाई अनेक जालझेलमा पारी सम्पत्ति थुपार्ने काम गरेको छ । साहिँलाको बाबु बिरामी पर्दा उपचार गर्न दश रूपियाँ दिएर सहयोग गर्नुको सट्टा उल्टै साहिलोजस्तो पुस्तौनी कमारोलाई उसले लछारपछार गर्ने काम गरेर निर्दयी व्यवहार प्रस्तुत गरेको छ । ५० रूपियाँमा तीन पुस्तासम्म काम गराएर उल्टै २५००।- रूपैयाँ माग्ने चुसाहा सामन्ती चरित्र उसको देखिन्छ । उसले गाडेको लासलाई पनि खोतलेर राजीनामामा ल्याप्चे लगाई घरबारी खाइदिन खोज्ने अति घृणित कर्म गरेको छ । ऊ साहिँलाकी छोरी मुनालाई देख्नेबित्तिकै ओंठ चाट्दै समात्ने र मुनाजस्ता केटीहरूलाई किन्दै हिँड्ने धर्मवृत्ति नभएको बरु पापवृत्ति भएको चरित्र हो । ऊ काम लिन पाउँदासम्म लिने र काममा आउन थोरै ढिला हुँदा कामबाटै हटाइदिने र उल्टै जालझेल गरी घरबारी खाइदिने षडयन्त्रका तानाबाना बुन्ने फटाहा, स्वार्थी चरित्र हो । ऊ धन र घमण्डले मात्तिएको छ । यसरी मानसिङको मूल चरित्रदोष भनेको स्वेच्छाचारी, भ्रष्ट, क्रूर र शोषणकारी छ । प्रचण्ड घमण्ड, अत्यधिक छलकपट, सुरापान र कामवासना फटाहा र सामन्तवादी प्रवृत्ति नै हुन् । यिनै दोषका कारण उसले गाउँलेको कारबाहीको सिकार हुनुपरेको छ । अन्ततः आफ्नै सेवकसँग ऊ परास्त हुनुपरेको छ । ऊ अपमानित तथा पीडित हुनुपरेको छ । त्यसै गरी साहू यथास्थिति चाहने प्रतिक्रियावादीहरूको प्रतिनिधि पात्र पनि हो र ऊ अन्य केही सङ्घर्षशील व्यक्तिहरूलाई शोषण, दमन, अन्याय र अत्याचार गर्न सफल भएको छ । मानसिंङले सर्वसाधारण जनताको छाकवास उठाउने काममा पनि तानाबाना बुनेको छ । यसरी ऊ यस नाटकमा प्रतिकूल चरित्रका रूपमा उभिएको प्रतिनायक चरित्र हो ।

### (ग) कुमार

कुमार पचास रूपियाँको तमसुक नाटकको अर्को महत्त्वपूर्ण चरित्र हो । यस नाटकमा कुमारको पनि उल्लेखनीय स्थान रहेको छ । कुमार कसको छोरो हो भन्ने सम्बन्धमा कतै केही उल्लेख गरेको देखिँदैन तर पनि ऊ साहू मानसिङका अनुसार बाटामुनि कोप्चीको छोरो हो र सचेत ठिटो हो । यसैले मानसिङले उसलाई नेता भनेर खिस्याउन खोजेको छ । कुमारले नाटकमा खेलेको भूमिकाको आधारमा ऊ समय र परिस्थितिलाई बुझेर अगाडि बढ्न चाहने दुःखी गरिब र निःसहाय वर्गको दुःखको साथी हो । परिवर्तन चाहने र समाजलाई अगाडि बढाउन चाहने कुमार समाजको सत् पात्र हो । ऊ साहिँलाजस्ता समाजका असहाय नोकर, दास र बाँधाहरूको सहारा हो र उनीहरूलाई नै नेतृत्व गर्ने पात्रका रूपमा यहाँ उसको उपस्थिति देखिन्छ । गरिबहरूको सर्वस्व लुट्ने र गरिबको पसिनामा रजाइँ गर्ने फटाहाहरूका विरूद्धमा सङ्गठित क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्ने पात्रका रूपमा यहाँ प्रस्तुत भएको

छ । उसकै सक्रियतामा यस नाटकका श्रमजीवी किसानहरू, कमारा एवं दासहरू मिली फटाहा साहूलाई माफी मगाउन सफल भएका छन् । कुमार जति वेलादेखि नाटकमा उपस्थित हुन्छ त्यति बेलादेखि नै प्रगतिशील चेतनाको सञ्चार गराएको छ । ऊ अत्यन्त संयमित हुँदै नाटकको अन्त्यसम्म जुझारू हुँदै अगाडि बढेको छ । ऊ  आशावादी र सङ्घर्षशील चरित्रका रूपमा देखिन्छ र उसले नै समाजका आततायीहरूका विरूद्धको सङ्घर्षलाई व्यवस्थित रूपले अन्त्य गराएको छ । यसरी कुमारलाई अनुकूल प्रवृत्ति र गतिशील स्वभाव भएको क्रान्तिकारी चरित्रका रूपमा लिन सकिन्छ । कुमार यस्तो पात्रका रूपमा देखापर्दछ जसलाई कुनै न कुनै रूपमा अगाडि सारेर योजनाबद्ध संघर्षको विकासमा अगाडि सारिएको भए अझ संगठित, अझ योजनाबद्ध रूपमा संघर्षको वातावरण तयार गर्ने थियो र स्वतः स्फूर्त विद्रोहजस्तो लाग्ने कतिपय कुरालाई व्यवस्थित तरिकाले अगाडि बढाउने थियो भन्ने अनुभूति जो कोहीले गर्न सक्दछ ।

### (घ) वैद्य

वैद्य तत्कालीन परिवेशको ग्रामीण स्वास्थ्यकर्मी हो । ऊ आयुर्वेदिक औषधी उपचार गर्ने गरेको कुरा नाटकमा औषधी साँधिदिने, औषधी कुट्ने गरेकोबाट प्रस्ट बुझ्न सकिन्छ । वैद्य भएर पनि केही हदसम्म पाप मनोवृत्ति बोकेको हृदयहीन अवसरवादी चरित्र भनेर उसलाई चिन्न सकिन्छ । धनीहरू उपचारका लागि घरमा आउँदा तुरून्तै हिँडिहाल्ने र गरिब दुःखी आउँदा विभिन्न बहानाबाजी गर्ने गरेकोबाट उसको अवसरवादी चरित्र प्रस्ट हुन्छ जुन कुरालाई उसकी छोरी सानीले उजागर गरेकी छ । आफ्नी छोरी सानीको सम्झाइ, बुझाइ, आग्रह र अनुरोधपछि मात्र साहिँलाको बाबुको नारी छाम्न पुगेको वैद्यले साहिँलालाई १० रूपियाँको औषधी उधारोमा दिन त के जीवन र मृत्युको दोसाँधमा लडिरहेको विरामीलाई एक खुराक औषधी दिएर बाँकी खुराकका लागि भोलि पैसा लिएर आऊ र लैजाऊ पनि भन्न सक्दैन । सायद धनी मानिसको घरमा हुँदो हो त पुराका पुरा खुराक औषधी उधारोमा दिएर भए पनि ज्यान बचाउन तम्सिन्थ्यो होला । वैद्य मूलतः हृदयहीन व्यक्तिगत चरित्र भए पनि समग्रमा यस्तै हृदयहीन प्रवृत्तिका वैद्य, डाक्टर, चिकित्सकहरूको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो ।

### (ङ) सानी

सानी वैद्यकी छोरी हो । ऊ कक्षा ९ मा पढ्ने छात्र हो र ऊ समग्र विद्यार्थी वर्गको प्रतिनिधि पात्र पनि हो । ऊ सच्चरित्र अर्थात् सत् पात्र हो । उसको बाबुले साहिँलालाई गरिबको रूपमा हेरी राति भएको कारण देखाउँदै भोलि बिहानै आउँछु अहिले जाँदिन भनेपछि सानीका मनमा चोट पुग्दछ र घरबाट निराश भएर फर्किन थालेको साहिँलालाई

रोक्दै आफ्नो बुबालाई कसैले हेर्दैमा कसैको ज्यान बच्दछ भने के रात के दिन जति बेला पनि जान सक्नुपर्दछ यो वैद्यको कर्तव्य हो भन्दै सम्झाउँछे । यतिमात्र नभई आफ्नो बाबुको अवसरवादी प्रवृत्ति बुझेर होला, धनीलाई सहयोग गर्नुपर्दा नबोली अगाडि बढ्ने र गरिबलाई सहयोग गर्नुपर्दा आलटाल गर्ने प्रवृत्ति छोड्नुपर्ने सुझावसमेत दिएकी छे । त्यसैले सानी शिक्षित बाल प्रतिनिधि पात्र पनि हो । सानीले साहिँलाजस्ता असहाय व्यक्तिको मनमा खेलेका कुरालाई उजागर गरेकी छे । धनी मानिसका अगाडि जुन कुरा गरिबले राख्न सक्दैन त्यो कुरा व्यक्त गर्नका लागि सानी जस्तो मानवीयता भएकी पात्रलाई सहभागी गराएर नाटकलाई अगाडि बढाउनु नाटककारको दूरदर्शिता नै मान्नुपर्ने हुन्छ ।

## (च) वीरबहादुर

वीरबहादुर साहू मानसिङको कारिन्दा हो । ऊ केही पढेलेखेको पनि छ तर घृणित र चाप्लुसे पात्रको रूपमा नाटकमा उसको भूमिका रहेको छ । उसले सामन्तको जुठोपुरोले गर्दा आफ्नो वर्ग बिर्सिने र आफूजस्तै शोषित पीडित समुदायमाथि जाइ लाग्ने जस्तो जघन्य अपराध गरेको छ । उसले यतिमात्र नभएर साहू मानसिङलाई गाडेको लास खोतली ल्याप्चे लगाउने कुरामा होस् या साहिँला मुर्छा पर्दा ल्याप्चे टँसाएर होस् सामन्तको साथ दिएको छ । ऊ सामन्तले जस्तोसुकै काम गरे पनि उसको पछि लाग्नुपर्दछ र नुनको सोझो गर्नुपर्दछ भन्ने दृष्टि बोकेको व्यक्ति हो । ऊ व्यक्तिगत चरित्र हुँदाहुँदै पनि वर्गीय चरित्रको प्रतिनिधि पात्र हो । समाजमा वीरबहादुर जस्ता मानिसहरूले तत्कालीन समयमा मात्र होइन अझै पनि सामन्तहरूको साथ दिइरहेका छन् र यस्ता नूनको सोझो गर्ने गरिबलाई सामन्त फटाहाहरूले गरिबका विरूद्धमा गरिबलाई नै अगाडि सारी आफ्नो स्वार्थपूर्ति गरिरहेका छन् भन्ने देखाउनका लागि नाटककारले वीरबहादुर जस्तो पात्रको सृष्टि गरेको देखिन्छ । वीरबहादुर जस्ता सामन्तका पिछलग्गुहरू पनि समयक्रमसँगै सामन्तहरूसँगै बढारिएर जान्छन् त्यसैले सामन्तको पछि लाग्नुहुदैन, कामदार भएर कामदारकै विपक्षमा उभिनु हुँदैन, आफ्नो वर्ग छुट्याउन सक्नुपर्दछ, यदि वर्ग विर्सियौँ भने वीरबहादुरको जस्तो हालत हरकोहीको हुन्छ भन्ने सन्देश वीरबहादुरमार्फत् नाटककारले प्रस्तुत गरेका छन् ।

## (छ) मुना

यस नाटकमा मुना बालपात्रकै रूपमा देखापरेकी छ । उसले गरिब किसानकी छोरीको प्रतिनिधित्व गरेकी छ तर पनि उसको काम गराइ र बुझाइको भने निश्चय नै कदर गर्नुपर्ने देखिन्छ । बाबु साहूको घरमा नोकर भएर रहँदा पनि घरमा बुढा बाजेको सेवा गरेकी छ । बाबुको दुर्दशा राम्रोसँग बुझेर नै घरमा बाजे विरामी हुँदासम्म पनि उसले आफैले रेखदेख गरेकी र आफ्नो बाबुलाई खबर पनि नपठाएकी हो । घरको काम धन्दा गर्ने, विरामी बाजेको

हेरचाह मात्र होइन उसले बाजे बितिसकेपछि सबै मानिस घरमा जम्मा हुँदा आफ्नो बाबु साहिँलालाई खोज्न गएकी छ । घरमा कात्रो किन्ने पैसा नभएको परिस्थितिलाई उसले राम्रोसँग बुझेकी छ । मुनाको कलिलो उमेर देखी ओंठ चाट्दै हात-पात गर्ने साहूलाई छोरीजस्तो मान्छेलाई हातपात गर्न लाज लाग्दैन भनेर उसले वाक् चड्कन दिएकी छ साथै साहूलाई यस्ता पनि गाउँका भलाद्मी भनेर थुक्न, चिथोर्न पछाडि परेकी छैन । त्यसैले ऊ गरिब भए पनि उच्च संस्कारयुक्त बालपात्र हो । मुना बाबु र साहिँलाको झम्टाझम्टीमा आफ्नो बाबुलाई सहयोग गरेर साहूलाई मुर्छा परून्जेल कुट्न साथ दिने साहसी पात्र हो र ऊ प्रवृत्तिका हिसाबले सत् चरित्र हो ।

## (ज) बुढा (साहिँलाको बाबु)

साहिँलाको बाबु उमेरमा साहूको नोकर भएको अनुमान गर्न सकिए पनि नाटकमा बिरामीको रूपमा उसको उपस्थिति रहेको छ । विरामी भए तापनि उसले सामन्त, फटाहाहरूलाई राम्रोसँग चिनेको छ । त्यसैले साहिँलो पैसा खोज्नका लागि हिँडेको अवस्थामा गरिबलाई कसले पो पैसा दिन्छ र भनी निराशा व्यक्त गर्दछ । उसको जीवनको सबैभन्दा ठूलो धोको सामन्त फटाहाहरूसँग लडेर उनीहरूलाई माटामा मिलाइ गरिबको दिन ल्याउने रहेको भन्ने कुरा उसले कुमारसँग गरेको संवादबाट पुष्टि हुन्छ । आफू मर्ने बेलासम्म पनि उसको मनमा विद्रोहको ज्वाला दन्किएको देख्न सकिन्छ त्यसैले ऊ भन्छ 'जबसम्म गरिबलाई पिसेर खाने शोषकहरू रहन्छन् तबसम्म गरिबलाई के सुख मिल्थ्यो ? यिनै शोषकसित लडेर यिनलाई मास्ने मेरो ठूलो धोको थियो । अब तिमीहरू छौं, तिमीहरूले त कुरा पनि धेरै बुझिसकेका छौ, काम पनि गर्दैछौ । यिनका सामु शिर झुकाएर नबसे है बाबु हो । अझै कतिसम्म यिनका कमारा हुने हामी ? सबै मिलेर यिनलाई माटोमा नपुरी गरिबको दिन फर्कन्न ।' यिनै कुराहरूबाट प्रस्ट हुन्छ, गरिब निमुखा जनतालाई चुस्ने चुसाहा वर्गप्रति बुढाको आक्रोश छ । तरूणहरूप्रति विश्वास छ र सबै मिलेमा मात्र गरिबको दिन ल्याउन सकिने विश्वास रहेको छ । त्यसैले बुढाको विचारमा संगठित संघर्षको आह्वानमा योजनावद्ध संघर्षको गुन्जायस पनि अनुकरणीय रहेको छ ।

## (झ) अदृश्य महिला

यसमा रहेको अदृश्य महिला आवाजलाई पनि उल्लेख गर्नु उपयुक्त हुन्छ । नाटकमा अदृश्य महिला आवाजसहित विचार दिएर विदेश जाने र होटलमा काम गरी साहूको भाँडा माझेरै भए पनि ऋण चुक्ता गरी भावी सन्ततिलाई साहूको ऋणबाट मुक्त गर्ने लक्ष्य लिएको हलेलाई स्वदेशमा बसेर सामन्तहरूका विरूद्धमा लड्न प्रेरणा दिने व्यक्ति अदृश्य महिला हो । यस अदृश्य महिलाले साहिँलालाई समाजमा देखिने यस्ता आततायी प्रवृत्ति, विकृति-विसङ्गति,

अन्याय–अत्याचार, विषमता आदिजस्ता कुराहरूबाट मुक्ति पाउन स्वदेशमै संघर्ष गर्नुपर्ने र समस्याबाट भाग्न नहुने विचार व्यक्त गरेकी छ । यस विचारले साहिँलालाई मानसिक रूपमै भए पनि सचेत बनाएको छ । यसैले यस नाटकमा अदृश्य महिलालाई पनि अनुकूल प्रवृत्ति र विचारशील पात्रका रूपमा राख्नु सान्दर्भिक हुन्छ ।

## ५.१.१.४ परिवेशः

अर्काको काम गरी जीवन निर्वाह गर्नुपर्ने, दासत्वलाई स्वीकार्नुपर्ने र आफ्नो स्वाभिमानपूर्ण जीवनलाई नारकीय पाराले बिताउनुपर्ने सामाजिक स्थिति र परिवेशका बारेमा यस नाटकले प्रकाश पारेको छ । **पचास रूपियाँको तमसुक** पञ्चायतकालीन उकुसमुकुसको वातावरणमा २०२८ सालतिर लेखिएको हो । सोझासिधा जनतालाई सहयोगका नाममा थोरै ऋण दिने, त्यही ऋण दिएवापत पुस्तौं पुस्ता दास बनाउने साथै उसलाई बाहिर कतै केही काम गर्ने र कमाउने वातावरणबाट वञ्चित गराई दासत्व स्वीकार्न लगाउने अनि अन्त्यमा उसको भएको केही बुकुरो बारी पनि त्यही ऋणको साँवा, ब्याज, ठेकी, बेठी, घ्यू खाने र चक्रवृद्धि ब्याज आदि जोडी टप्काइदिने सामाजिक परिवेशको चित्रण यस नाटकमा भएको छ ।

**पचास रूपियाँको तमसुक**को आन्तरिक परिवेशतर्फ हेर्ने हो भने यस नाटकले मार्क्सवादी विचारलाई जनसमक्ष पुऱ्याउने जमर्को गरेको देखिन्छ । मजदूर, किसान र श्रमिकवर्गको मुक्तिको चाहना राखेको छ । यसले गरिबको मुक्तिका लागि सङ्घर्षमा जोड दिएको छ ।

## ५.१.१.५ उद्देश्यः

उद्देश्य विनाको कुनै कृति हुँदैन, यस नाट्यकृतिका पनि खासखास उद्देश्य रहेका छन् । **पचास रूपियाँको तमसुक** शोषित–पीडित, गरिब–निमुखा जनताको जीवन सुधार गर्ने र दासत्वका साङ्ला चुँडाल्ने उद्देश्यबाट अभिप्रेरित देखिन्छ । यस नाटकले श्रमजीवी जनतामा वर्गीय भावना जगाउँदै वर्ग दुश्मनका विरूद्ध सचेत ढङ्गले क्रान्ति गर्नुपर्ने विचारलाई अघि सारेको छ । सामन्तहरूका विरूद्धमा शोषित पीडित जनता एक भएर लागेमा गाउँ समाजबाट फटाहा, चुसाहा साथै शोषणको अन्त्य गर्न सकिने हुँदा सामाजिक रूपान्तरणका लागि जुट्नुपर्ने र यसका लागि सङ्घर्ष गर्नुपर्ने नाटककारको उद्देश्य रहेको देखिन्छ । मूलतः यसको उद्देश्य र सन्देश भनेको तल्लो वर्गका शोषित पीडित जनता एक भए भने जस्तासुकै सामन्तहरूलाई पनि घुँडा टेकाउन सक्दछन् भन्ने कुरा देखाउनु हो ।

यसको आन्तरिक उद्देश्य के पनि हो भने तल्लो वर्गले सामन्तप्रति उदारता देखाउनु हुँदैन र उनीहरूका हुँकारबाट त्रसित हुनु हुँदैन, सामन्तका चिप्ला कुरामा लागी उनीहरूकै पिछलग्गु हुनु हुँदैन भन्ने कुराको सन्देश दिनु पनि यसको उद्देश्य हो भन्ने बुझ्न सकिन्छ ।

### ५.१.१.६ नाटकीय द्वन्द्व

**पचास रूपियाँको तमसुक**को नाटकीय द्वन्द्वको सुरूवात साहिँलाले ढिला गरेको निहुँमा साहूले साहिँलालाई कामबाट हटाउने र अझ जालसाझी गरी ५० रूपियाँ बाजेले लिएको ऋणको चक्रवृद्धि व्याज लगाई साहिँलाको बुकुरो पाटो खाइदिने सोंचबाट भएको छ । त्यसपछि नै नाटकमा द्वन्द्वको विकास हुँदै जान्छ । यता साहिँलालाई १० रूपियाँ चाहिनु र त्यही साहूसँग हात पसार्नुपर्ने अवस्था, उता साहूले पुरानो पैसा फिर्ता माग्ने र नदिए बुकुरो बारी नै चड्काउने जस्तो परस्पर विरोधी शक्तिहरू आ–आफ्ना आकाङ्क्षा परिपूर्तिका लागि द्वन्द्वरत छन् । त्यसको परिणामस्वरूप साहूले पचास रूपियाँको हिसाब गरी २५०० बनाउनु र साहिँलाले कस्तो गरिबमारा हिसाब भन्नुले द्वन्द्वलाई अगाडि बढाएको छ । त्यसै कुरामा साहूले साहिँलालाई आक्रमण गर्दछ । फेरि मुनाले बाजे बितेको खबर लिएर जाँदा साहूले मुनामाथि गरेको हातपात र मुनाको चिच्याहटले साहिँलो जागी साहूलाई कुटेबाट द्वन्द्वले चरम रूप लिन जान्छ । साहिँलाको घरमा साहू, दुई जना लठैत र साहिँलाको समूहका बिच घम्साघम्सी पर्दछ । साहूले माफी माग्न थाल्दछ र द्वन्द्व चरम सीमाबाट ह्रास हुन थाल्दछ तर फेरि साहूलाई घरमा पुऱ्याएर कागजपत्र च्यातिसकेपछि साहूले पुनः भित्र गएर बन्दुक लिएर बाहिर निस्कँदा त्यसले द्वन्द्वलाई मत्थर पार्दैन बरू उत्तेजित गर्दछ । फलस्वरूप साहूलाई सबैले कालोमोसो लगाएर घुमाउँछन् । साहूको पराजय र साहिँलापक्षको विजयसँगै द्वन्द्वको विश्राम हुन्छ । यस नाटकका सबैथरि द्वन्द्वहरू पचास रूपियाँको तमसुकबाट नै निस्किएका छन् । यस नाटकमा एक व्यक्तिको अर्को व्यक्तिका साथ, एक वर्गको अर्को वर्गका बीच, आफ्नै परिस्थिति या नियतिसँगको द्वन्द्व पाउन सकिन्छ । बाहिरी द्वन्द्वको प्रबलता छ तर पनि आन्तरिक मनोद्वन्द्व पनि साहिँलामा देख्न सकिन्छ । जेहोस् सबै खाले द्वन्द्वले नाटकलाई अझ प्रभावकारी बनाउन सफल भएका छन् ।

यसप्रकार **'पचास रूपियाँको तमसुक'** नाटकले प्रगतिशील नाटक लेखनको इतिहासमा आफ्नो छुट्टै पहिचान बनाउन सफल रहेको पाइन्छ । तत्कालीन परिस्थितिमा प्रगतिशील चेतना फैलाउने काममा यस नाटकको ठूलो भूमिका खेलेको कुरा नाटकको धेरै पटक मञ्चीय प्रस्तुति हुनुबाट प्रस्ट हुन्छ । यस कुरालाई प्रगतिवादी समीक्षकहरूले पनि स्विकार गरेका छन् । यस नाटकलाई नेपाली वाम आन्दोलनको इतिहासको पृष्ठभूमिमा यसले खेलेको भूमिकाबाट बुझ्न सकिन्छ । यस नाटकले स्वतः स्फूर्त जनविद्रोहलाई प्रतिविम्बित गरेको छ भने अर्कोतिर यसले योजनाबद्ध संघर्षको झलक पनि देखाएको छ । त्यसैले यो नाटक स्वत स्फूर्त तथा योजनाबद्ध दुबै किसिमका घटनाहरूले प्रश्रय पाएको नाटकका रूपमा रहेको छ ।

यस नाटकमा ठाउँ-ठाउँमा गीतहरू पनि राखिएको छ र ती गीतहरूले नाटकलाई थप सशक्त एवं जीवन्त तुल्याएका छन् । नाटकलाई ती गीतहरूले थप प्रगतिशील एवं क्रान्तिकारी गराएका छन् । यस नाटकमा गाउँले सामन्त मानसिङको स्वेच्छाचारी, भ्रष्टाचारी, क्रूर चरित्र तथा वैद्यको हृदयहीनता, उसकी छोरी सानीको मानवीयता, साहिँलाको दमित जीवनका साथै विद्रोही स्वर, मुनाको बढ्दो विद्रोही चेत, सांहिलाका बुबाको आक्रोश र विद्रोही भावना, प्रधानपञ्चको सामन्ती प्रवृत्ति, कुमारको प्रगतिशील चेतना र संयमित जुझारूपन आदि कुराहरूलाई यस नाटकले उजागार गरेको छ । यस नाटकले दिन खोजेको सन्देश भने तल्लो वर्गका शोषित पीडित जनता संगठित रूपमा संघर्षको मैदानमा उत्रे भने उनीहरूले ठूला ठूला सामन्तहरूलाई पनि सजिलै घुँडा टेकाउन सक्छन् र सामन्त शोषक र शोषित पीडित जनताबीचमा संघर्ष चर्के यसमा अन्ततः जीत जनताकै हुन्छ भन्ने देखाउनु हो ।

**'पचास रूपियाँको तमसुक'**ले जनतामा संगठित हुने सन्देश दिनुका साथसाथै कुनै पनि हालतमा शोषक सामन्तवर्गप्रति उदारता देखाउन नहुनेतर्फ सङ्केत गरेको छ । सामन्तको हुँकारबाट पनि त्रसित हुन नहुने र सामन्तको लोलोपोतोमा लाग्न नहुने कुरा यसमा बताइएको छ । कतिपय अवस्थामा यस नाटकमा घटनाहरूको यान्त्रिकता र पात्रहरूको चेतनामा अस्वभाविक विकास भएको देख्न सकिन्छ जुन कुरा नाटकमा दृश्यहरू पटक पटक थपघट गरिनुले भएको हुन सक्छ । कतिपय अवस्थामा नेपथ्यको आवाजको बाहुल्यता हो कि जस्तो अनुभव पाठकहरूमा पर्न जान्छ । जे होस् यस नाटकको प्रभावकारिताका दृष्टिले यो नाटक प्रगतिशील नाटकको इतिहासमै उच्च कोटिमा रहेको पाइन्छ ।

### ५.१.२ 'मुलुकभित्र' नाटकको अध्ययन

**मुलुकभित्र** रामप्रसाद 'प्रदीप'को एकल लेखनको एक मात्र नाट्य कृति हो । यस नाटकको विश्लेषण निम्नानुसारका उपशीर्षकहरूबाट गरिन्छ ।

#### ५.१.२.१ लेखन तथा प्रकाशन

रामप्रसाद 'प्रदीप' ले हाम्रो **समाज** (अप्रकाशित), **एकता** (अप्रकाशित), **हाम्रो अभियान** (रेडियो नाटक) **डा. अभियान** (सडक नाटक) जस्ता अप्रकाशित नाटक र **पचास रूपियाँको तमसुक** (२०२७ सहलेखन) लेखे पनि उनको प्रकाशित एकल लेखनको नाटक भने **मुलुकभित्र** (२०३०) नै हो । यो नाटक विभिन्न दस दृश्यमा सङ्गठित रहेको छ ।

#### ५.१.२.२ कथानक

**'मुलुकभित्र'** नाटकको कथानक बर्माको नेपाली बस्तीबाट सुरु भएको छ । ४५ वर्ष पहिले गाउँका फटाहाहरूले शेखरका बाबुआमाको खेतबारी सबै खाई घरबाट निकालिदिएकाले

शेखरका आमाबाबु बर्मातिर लाग्दछन् । बर्मा गएपछि शेखर र प्रभा उतै जन्मिन्छन् । नेपालका बारेमा उनीहरूले बुबाआमाबाट केही बुझे पनि वास्तविक नेपाल देखेका हुँदैनन् । शेखर परिवारले बर्मामा केही समयसम्म राम्रैसँग दिन बिताए पनि पछि बर्मा सरकारले नेपालीहरूलाई कि त बर्माको नागरिक भएर रहन, कि त नेपाल फर्किन उर्दी जारी गरेपछि शेखरले नेपाल नै फर्किने विचार गर्दछ । यसका बारेमा उसले घरमा बुबाआमासँग सल्लाह गर्दछ । शेखरका बुबाले नेपाल पनि उस्तै हो भने पनि शेखरले भने त्यस समयमा प्रवासी नेपालीहरूलाई नेपाल सरकारले रेडियोमार्फत नेपाल फर्किन आह्वान गरेको र प्रजातन्त्रपश्चात् नेपालमा तीव्र रूपले विकास भएको हुँदा प्रवासी नेपालीहरू नेपाल फर्किन चाहेमा उनीहरूलाई जग्गा आदि दिने कुरा भएको र नेपाल पहिलाजस्तो नभएर बदलिएको कुरो सुनाउँछ । शेखर र बहिनी प्रभाको आग्रह अनुसार शेखर, शेखरका आमाबुबा र बहिनी प्रभा नेपाल फर्किन्छन् ।

वीरगञ्ज नाकासम्म आएपछि उनीहरूको भेट विष्णुकुमार श्रेष्ठ र उसकी बहिनी कृष्णमायासँग हुन्छ । सुकुम्बासी विष्णुकुमार श्रेष्ठसँग शेखर पुनर्वास कम्पनीमा जग्गा माग्नका लागि जान्छन् । पटक पटक पुनर्वास कम्पनीमा धाए पनि जग्गा पाउँदैनन् । बरू तत्कालीन समयका प्रधानपञ्चले जनताबाट धेरै घुस लिई जग्गा बाँड्ने गरेको, २ हजार पुनर्वास कम्पनीका हाकिमलाई घुस दिएर आफ्ना मान्छेलाई जग्गा मिलाइदिएको कुरा शेखर र विष्णुकुमारले थाहा पाउँछन् । शेखर परिवार जग्गा जमिन पाउने आशा र नेपालप्रतिको माया बोकेर नेपाल फर्किए पनि सोंचेभन्दा ठीक उल्टो नेपालको स्थिति रहेकोमा दुःखित बन्दछ । विष्णुकुमार, उसकी बहिनी र शेखरको परिवार एउटै परिवारसरह भई बस्न थाल्दछन् । उनीहरू बिहान साँझको छाक टार्नको लागि जङ्गलमा सुकेका दाउरा काटी बजारमा बेच्न थाल्दछन् । महिनौंसम्म जग्गा पाउने आशा बोकी पुनर्वास कम्पनीमा जाँदा पनि हाकिमले जग्गा नभएको भनी आलटाल गरेपछि सुकुम्बासी क्षेत्रमा कहाँ जग्गा खाली छ भनेर शेखर र विष्णुकुमार मिली सोधखोज गर्न स्थलगत अध्ययन गर्दछन् । स्थलगत अध्ययन पछि उनीहरूले वितरण हुन बाँकी रहेको जग्गा भेटाउँछन् । खाली जग्गाको कित्ता नं. समेत लिएर कम्पनीमा पुग्दछन् । पुनर्वास कम्पनीका हाकिमसँग यी जग्गा वितरण हुन बाँकी रहेको हुँदा हामीहरूको लागि मिलाइदिनुहोस भन्दछन् । हाकिमले ती जग्गाहरू आफ्ना मान्छेलाई छुट्याएर राखिदिएको हुनाले ती जग्गा वितरण गर्न नमिल्ने कुरा गर्छ र उनीहरूसित रिसाउँछ पनि । हाकिमसँग भनाभन हुन्छ र विवाद चर्किन्छ तर उनीहरूले जग्गा पाउँदैनन् र निराश भएर फर्किन्छन् ।

पुनर्वास कम्पनीको हाकिम र प्रधानपञ्चले आफ्नो बचाउका लागि शेखर र विष्णुकुमार विरूद्ध पुलिस प्रशासनमा उजुरी हाल्छन् । उता कृष्णमाया र प्रभा जङ्गलमा दाउरा काट्न गएका बेलामा पुर्जीको निहुँ बनाएर पुलिसले हातपात गर्न खोज्छन्, शेखर र विष्णुलाई देखेपछि भागेर थानामा पुग्छन् र सुकुम्बासीहरूले रूख ढलाएको रोक्न खोज्दा

आफूलाई कुट्न आएको आरोप लगाउँछन् । शेखर-विष्णुहरू सुकुम्बासी बस्तीमा अन्याय-अत्याचार, शोषण-भ्रष्टाचारका विरूद्ध एक हुने दृढ प्रतिज्ञा गरिरहेकै बेलामा प्रहरीको समूहले हमला गर्छ र पुलिसको गोलीले विष्णु ठहरै पर्छ, सबै भागाभाग हुन्छन् । पुलिस गएपछि पुनः बचेका जति एकत्रित भई सङघर्षलाई अगाडि बढाउने निश्चय गर्दछन् ।

## ५.१.२.३ चरित्र विधान

मुलुकभित्र नाटकका प्रमुख पात्रहरू शेखर, विष्णुकुमार श्रेष्ठ, प्रभा र कृष्णमाया हुन् । नाटकका अरू पात्रहरूमा बुढाबुढी (शेखरका बाबुआमा), प्रधानपञ्च, अधिकृत, पियन, पुलिस इन्स्पेक्टर, पुलिस जवानहरू, बर्मेली कर्मचारी र सुकुम्बासीहरू रहेका छन् । यस नाटकमा शेखर र विष्णुकुमार श्रेष्ठको क्रान्तिकारी भूमिका रहेको छ । प्रभा र कृष्णमाया पनि जुझारू पात्रको रूपमा रहेका छन् । पुनर्वास योजनाका अधिकृत, प्रधानपञ्च, इन्स्पेक्टर र पुलिस जवानहरू मुलुकभित्रका नकारात्मक पात्र हुन् । उनीहरू नाटकमा वर्ग दुश्मनको रूपमा खडा भएका छन् । यहाँ यस नाटकका केही प्रमुख र सहायक चरित्रहरूको विवेचना क्रमशः प्रस्तुत गरिएको छ ।

### (क) शेखर

शेखर मुलुकभित्र नाटकका नायक हुन् । उनी बर्मेली नेपाली हुन् । शेखर बर्मामा जन्मिएका हुन् र त्यहीँको वातावरणमा हुर्किएका पनि हुन् । आफ्ना बाबुआमालाई ४५ वर्ष पहिला गाउँका सामन्तले बस्न टिक्न नदिएपछि बर्मातिर लागेको बुझिन्छ । उनका बाबु नै १८ वर्षको उमेरमा बर्मा गएको भन्ने भनाइबाट पनि शेखर बर्मामा नै जन्मिएकोमा कुनै शंका गर्ने ठाउँ छैन । बर्मेली सरकारले नेपालीहरूलाई पहिला जस्तो अधिकार नदिएकोमा शेखर चिन्तित छ । शेखर जवर्जस्ती बर्माको नागरिक बन्नुभन्दा आफ्नै मुलुक नेपालमा आउन चाहने प्रवासी नेपाली हो । आफ्ना बाबुले नेपाल पहिले जस्तै होला, उस्तै फटाहा होलान्, उस्तै शोषक होलान्, उस्तै रीतिरिवाज होला अनि गरिबीको हाल उस्तै बेहाल होला भन्दा नेपालमा शासन व्यवस्था परिवर्तन भएको र राणाशासनको ठाउँमा पञ्चायती व्यवस्था लागु भएको हुँदा ४५ वर्ष पहिलाको नेपालसँग विकसित नेपालको तुलना गर्न नहुने तर्क गर्दछ । शेखरमा शासन व्यवस्थाको परिवर्तनसँगै सम्पूर्ण कुराहरू परिवर्तन हन्छन् भन्ने मानसिकता रहेको छ । उसमा समाचारका सम्पूर्ण कुराहरू साँचा नै हुन्छन् र महाराजधिराजका कुरा झुटा हुँदैनन् भन्ने विश्वास पाइन्छ । त्यसैले आफ्ना बाबाआमा र बहिनीलाई समेत उसले नेपाल फर्किन मन्जुर गराएको छ । शेखर बर्मामा नै जन्मिएको र हुर्किएको हुँदा उसलाई बर्मेली भाषा राम्रोसँग बोल्न आउँछ । ऊ उत्तरदायित्व बुझेको छोरा भएका कारण नै बर्मेली अफिसमा रवाना पूर्जी र गाडीभाडा लिन आफू नै पुगेको देखिन्छ ।

नेपाल आइसकेपछि भने शेखरका मनमा आनन्दानुभूति र शंकानुभूति एकैसाथ देखापर्दछ । ऊ नेपाल आइसकेपछि चारैतिरको पहाड, हरियाली र नगिचैको हिमाल देखेर मख्ख पर्दछ भने अर्कोतिर रेडियोले समाचारमा निकै विकास भएको भने तापनि  न रेल, न राम्रा बाटाघाटा, न मोटर गाडि, घर पनि सानासाना देखेपछि मात्र उसका मनमा शंकाको बिजारोपण हुन्छ । नेपालमा आएपछि शेखरको भेट विष्णुकुमार श्रेष्ठसँग हुन्छ । विष्णुकुमार श्रेष्ठबाट जग्गा पाउनका लागि पुनर्वास कम्पनीमा जानुपर्ने र त्यहाँका कर्मचारीहरूले घुस माग्ने गरेको कुरा उसले थाहा पाउँछ । त्यसपछि भने शेखरलाई रेडियो नेपालको समाचार, महाराजधिराजको भाषण र नेपालमा विकास भएको भन्ने कुरा झुठ भएको महसुस हुन्छ र उसभित्र आन्तरिक द्वन्द्वको स्थिति पैदा हुन्छ । विष्णुकुमार श्रेष्ठसँग पुनर्वास कम्पनीमा गएको शेखरले हुकुमबासीहरूले हाकिमलाई घुस ख्वाई जग्गा पाएको देख्दछ । लडेर भए पनि सुकुम्बासीले पाउनुपर्ने हक नलिई नछाड्ने अठोट शेखरले गर्दछ ।

ऊ सङ्गठित सङ्घर्षमा विश्वास राख्ने पात्र पनि हो त्यसैले आफ्नो बाबुसँग हरेस खान नहुने र आफूहरूजस्तै गरिबको एकता भएमा लडेर पनि जग्गा प्राप्त हुने कुरा व्यक्त गर्दछ । शेखरलाई नेपालमा नोकरी नपाइने र नेपालका नोकरीहरू पनि ठूलाबडाकै लागि मात्र हो भनी बहिनीलाई सम्झाएको छ । गरिबलाई बाँच्न नदिने सामाजिक व्यवस्थाप्रति उसले आक्रोश व्यक्त गरेको छ ।

दुःख, कष्ट र यावत समस्याहरू जाली, फटाहा र सामन्तीहरूका कुचक्र रहेको उसको ठम्याइ छ । त्यसैले मुलुकबाहिर र भित्र रहेका सम्पूर्ण नेपालीहरूले अन्याय र अत्याचारविरुद्ध संघर्ष गर्न अगाडि बढ्नुपर्ने धारणा उसले राखेको छ । छातीलाई कठोर बनाएर न्याय र समानताको निम्ति संघर्षमा डट्नुपर्ने शेखरको भनाइ छ । शेखरलाई न्याय र समानताको संघर्षमा सबै एकजुट भएमा जनताको जीत निश्चय नै हुने छ भन्ने विश्वास छ । एकताको नारा लगाएर संघर्षमा जुटेमा अन्याय र अत्याचारले थिचिएका सारा नेपालीहरूको तातो रगत सल्बलाउने र संघर्षमा विजयी भइने साथै जनताको संघर्षबाट नै समानताको राज्यको स्थापना हुने जोडदार आवाज बुलन्द गर्दै सारा शोषित पीडित जनतालाई एकताको मालामा उन्न र संघर्षका लागि अगाडि बढ्नका लागि शेखरको भूमिका नाटकमा स्तुत्य रहेको छ । शेखर जस्ता निडर, अनुशासित र सुझबुझसहितको नेताले जनताको साथ लिएर अगाडि बढेमा मात्र समानताको राज्य स्थापना हुनसक्छ भन्ने देखाउनु नै लेखकको ध्येय हो ।

### (ख) विष्णुकुमार श्रेष्ठ

विष्णुकुमार श्रेष्ठ यस नाटकको प्रमुख चरित्र वा नायक हो । विष्णुकुमार व्यक्तिगत चरित्रका रूपमा प्रस्तुत नभई वर्गगत चरित्रका रूपमा उभिएको छ । ऊ समाजका चुसाहा वर्गले गाउँमा टिक्न बस्न नदिएपछि बहिनीलाई समेत साथ लिई तराईमा झरेको छ ।

तराईमा जग्गा प्राप्तिका लागि ऊ विभिन्न ठाउँमा पुगे तापनि जग्गा पाउन सकेको छैन । बरू उसले पुनर्वास कम्पनी, प्रधानपञ्च मिली गरिबले पाउनुपर्ने जग्गा घुस लिई अरूलाई नै वितरण गरेको कुरा देखेको छ । उसका विचारमा गरिबहरूलाई विदेशमा गएर दरबान, कुल्ली, बन्नुका पछाडि यही समाज र यहाँका शोषक फटाहाहरूको हात रहेको छ ।

विष्णु गतिशील चरित्र हो । आफ्नो अधिकारको लागि यही देशमै संगठित संघर्ष गर्नुपर्ने उसको तर्क रहेको छ । उसको यही प्रेरणाबाट शेखर प्रेरित भएको छ । उसमा योजनावद्ध संघर्षको अभावमा गरिबको जित हुन नसक्ने तर्क पनि छ । विष्णुकै उपस्थितिले कथानकमा द्वन्द्व र सङ्घर्ष पैदा भएको छ । त्यसैले यस नाटकमा विष्णुको विशेष भूमिका देखिन्छ । नाटकमा विष्णुकुमार श्रेष्ठ सुकुम्बासीहरूको प्रतिनिधि पात्र हो । विष्णुकुमारको प्रत्यक्ष द्वन्द्व पञ्चायती संयन्त्र, पुनर्वास अधिकृत, प्रहरी प्रशासन र प्रधानपञ्चबीच रहेको पाइन्छ । विष्णुकुमार आफ्नो व्यक्तिगत स्वार्थ भन्दा पनि सम्पूर्ण गरिबहरूको लागि चिन्तित रहेको कुरा नाटकमा उसको भूमिकाले उजागर गरेको छ । उसमा वर्गीय आक्रोश छ । उसको आक्रोश फटाहाहरूप्रति रहेको छ । नेपालीहरू विदेशमा गएर दरवान कुल्ली बन्नुपर्ने अवस्था, अर्काको जुठाभाँडा माझ्न र सारी धुनुपर्ने अवस्थामा पुग्नु यहाँको आटो उम्लिएर गएका नभै बरू चुसाहा सामन्तले घरखेत गराएर बाध्यतावश पुगेको उसको ठहर छ । विदेशमा नअटाएर नेपालीहरू हरूवा, चरुवा र भीखमङ्गा बन्न पुगेको यथार्थतर्फ सङ्केत गर्दै दुष्टहरूलाई काँचै खाउँजस्तो लाग्छ भन्नुले उसको मनमा रहेको आक्रोशलाई बुझ्न सकिन्छ । उसका विचारमा जबसम्म खेत जोत्नेको र घर पोत्नेको हुँदैन तबसम्म समस्या अझ बढ्ने उसको तर्क रहेको छ ।

नेपालको कुनै एक स्थानमा मात्र नभएर जुनसुकै स्थानमा पनि गरिबी समस्याका रूपमा रहेको कुरा उसले आफ्नै उदाहरण दिएर शेखरलाई बुझाउन सफल देखिन्छ ।

विष्णु अति समझदार व्यक्ति पनि हो भन्ने कुरा उसले पुनर्वास कम्पनीका हाकिमसँग एक कित्ता मात्र जग्गा दिए पनि शेखरसँग मिलेर बस्ने कुराले पुष्टि गरेको छ । विष्णुले जति नै अनुनय विनय गरे पनि पुनर्वास कम्पनीबाट जग्गा पाउन सक्दैन र पुनर्वास कम्पनीको हाकिमले जग्गा नभएको कुरा मात्र गरिरहन्छ ।

प्रधानपञ्च, पुनर्वास कम्पनीका हाकिम र तत्कालीन पुलिस प्रशासन मिली विष्णुलाई वनविनास गरेको अभियोगमा पक्राउ गर्न लगाइन्छ । पुलिस जवानहरूले जंगलमा गई बहिनी कृष्णमाया र प्रभालाई जबर्जस्ती गर्न खोज्दा संयमित तरिकाले पुलिसलाई हातपात नगरी फर्काउन ऊ सफल हुन्छ । त्यसैको केही दिनपछि गाउँमा सांस्कृतिक कार्यक्रम भइरहेको बेला प्रधानपञ्च र प्रहरीहरू आई जनतामाथि बर्बरतापूर्ण आक्रमण गर्दछन् । त्यही आक्रमणमा प्रहरीको गोली लागी विष्णुकुमार श्रेष्ठको मृत्यु हुन्छ । विष्णुकुमार श्रेष्ठ आदर्श दाजु, आत्मीय साथी, असल अभिभावक र बास्तविक सुकुम्बासी हो । गुल्मी जिल्लाको बलेटक्सार

गा.वि.स.बाट घरखेत भई तराईमा झरेको विष्णुकुमार श्रेष्ठ नारायणी अञ्चलको बारा जिल्लामा पर्ने सुकुम्बासी बस्ती तामगढीमा प्रहरी र प्रधानपञ्चको शिकार बन्न पुगेको छ । यो घटनालाई प्रदीपले वास्तविक घटना हो भनेका छन् ।

### (ग) अधिकृत

पुनर्वास योजनाको अधिकृत यस नाटकको खलपात्र हो । उसले पैसाको लोभमा परेर आफ्नो पदको दुरुपयोग गरेको देखिन्छ । आफ्नो घरबास नभएर अरुको घरमा शरण लिएर बसेका सुकुम्बासीहरूलाई वितरण गर्ने भनिएको जग्गा घुस खाएर प्रधानपञ्चजस्तो फटाहा व्यक्तिलाई दिएको छ । साथै जग्गा भएका आफ्ना मान्छेलाई पनि राखिदिएको छ । कानुन र हकअधिकारका कुरा गर्ने गरिबहरूलाई थर्काएर पठाउनुका साथै पुलिस लगाएर दमन गर्न लगाउनुले उसको चरम शोषण गर्ने प्रवृत्ति झल्किन्छ । जसबाट उसले कानुन विपरीत काम गरिरहेको स्पष्ट हुन्छ । गरिब, सुकुम्बासी जनताको हितको लागि बनेको योजनाको अधिकृत भएर उनै जनतालाई दुःख दिने र धनीहरूको गोडा मल्ने कुपात्रको रूपमा अधिकृतलाई लिन सकिन्छ ।

### (घ) कृष्णमाया

विष्णुकुमारकी बहिनी कृष्णमाया यस नाटककी सहायक पात्र हो । ऊ सुकुम्बासी परिवारको सदस्यको रूपमा देखापरेकी छ । दाउरा बेचेर खर्च चलाउन सघाउने उसले परिवारको दुःख बुझेकी छ । आफूहरूले जग्गा पाउने आशा मरेकाले निराश भएकी उसले दाजुलाई पनि पुनर्वास योजनाको कार्यालयमा दुःख नपाउन भनेकी छ । पुलिसहरूको अत्याचार र आफ्नो दाजुको मृत्युले पीडित बनेकी कृष्णमाया अन्त्यमा गएर संघर्षमा लाग्न तत्पर भएकी छ ।

### (ङ) प्रधानपञ्च

प्रधानपञ्च यस नाटकको खलपात्र हो । पुनर्वास योजनाको अधिकृतलाई घुष खुवाएर जग्गा हत्याउने उसले गरिब, सुकुम्बासीहरूलाई हेयभावले हेर्दछ । सुकुम्बासीलाई दमन गर्नका लागि पुलिस इन्स्पेक्टरलाई उक्साएकोबाट उसको शोषक प्रवृत्ति झल्किएको छ ।

### (च) प्रभा

शेखरकी बहिनी प्रभा यस नाटककी सहायक पात्र हो । बर्माबाट आफ्नो मुलुकमा फर्किएकी उसले बास नपाएर आफ्नो परिवारसँग दुःखद जीवन विताउन बाध्य भएकी छ । नाटकमा सामान्य भूमिका निर्वाह गरेकी उसले अन्त्यमा गएर दाजुसँगै संघर्षमा लागेकी छ ।

**(छ) शेखरको बुवा**

शेखरको बुवा यस नाटकको सहायक पात्र हो । ऊ आफ्नै मुलुकका गाउँले सामन्तको शोषण र गरिबीबाट द्रबित भएकोले मुग्लान पस्न बाध्य भएको छ । नेपालको सामन्ती प्रवृत्तिबाट प्रभावित उसले रेडियोबाट सुनेको समाचारलाई पनि पत्याउन सकेको छैन र आफ्नो छोरालाई नेपाल नसुध्रिएको कुरा बताउँछ । तर पनि छोराको आफ्नो मुलुक फर्केर सुविधाका साथ बस्ने इच्छाका लागि ऊ पनि नेपाल फर्केको छ ।

## ५.१.२.४ परिवेश

बर्मादेखि नेपाल र नेपालका विभिन्न तराई एवं पहाडी परिवेशलाई यस नाटकले समेटेको छ । नेपालमा प्रजातन्त्र पश्चात् पनि उस्तै शोषण, दमन, अन्याय, अत्याचार ज्यूँ का त्यूँ रहेको कुरा यस नाटकले देखाइएको छ । सुकुम्बासीहरूका समस्या समाधान हुन नसकेको यथार्थ यसमा सजीव ढंगले प्रस्तुत भएको छ । मुलुकबाहिरबाट घटनाको थालनी भए तापनि नाटकमा मुख्य मुख्य घटना र ती घटनासँग सम्बन्धित पात्रहरूको संघर्ष नेपालमै रहेको पाइन्छ । भ्रष्टाचार, गरिबी, शोषण, दमन, पुराना मूल्य र मान्यतालाई पूर्णरूपमा परास्त गर्दै नवीन मूल्य र मान्यताको स्थापना गर्ने प्रमुख लक्ष्य बनाइएको छ । कतिपय स्थानमा घटेका सत्य घटनालाई पनि यस नाटकले विषयवस्तु बनाएको छ । प्रथम संस्करण सन् १९७३ (वि.सं.२०३०) रहेको हुँदा यो नाटक तत्कालीन राजनैतिक परिस्थिति र परिवेशबाट प्रभावित रहेको छ । नेपालमा प्रजातन्त्र अथवा पञ्चायती व्यवस्था लागू भएपछि जनताका समस्याहरू समाधान गरिएको र गर्दै जाने भन्ने कुराहरू व्यवहारमा नदेखिएको हुँदा पुनः आन्दोलनमै होमिनु पर्ने कुरातर्फ नाटकले संकेत गरेको छ । सञ्चार जगत्ले पनि सत्ताको कोपभाजन मात्र गरेको र जनतालाई यथार्थ समाचार सम्प्रेषण नगरेको तर्फ पनि नाटककारले व्यङ्ग्य गरेका छन् । पञ्चायती सत्ताका शासक प्रशासकले जनउत्तरदायी काम नगरेको र नागरिकले अधिकार माग्दा पुलिस प्रशासन लगाई दमन र बर्बरतापूर्ण हत्या गर्ने गरिएकोतर्फ पनि नाटककारले दृष्टि पुऱ्याएका छन् । भ्रष्टाचार, शोषण, दमन, थिचोमिचो र गरिबीबाट आक्रान्त दयनीय नेपाली समाज र यसबाट छुटकारा पाउनका लागि भएका ससाना विरोधका कार्यक्रमहरूको समष्टि नै यस नाटकको परिवेश हो ।

## ५.१.२.५ संवाद

'मुलुकभित्र' नाटकमा एक पंक्तिदेखि तेइस पंक्तिसम्मका वाक्ययुक्त संवाद प्रयोग भएका छन् । संवाद सरल, स्वाभाविक र पात्रको स्तरसुहाउँदो रहेको छ । मुख्यत बुढा, प्रभा, कृष्णमाया र विष्णुको संवादभन्दा शेखरको संवाद तार्किक र बौद्धिक रहेको छ ।

प्रधानपञ्चको संवादबाट सम्भ्रान्तीय संस्कार अभिव्यक्त भएको छ भने विष्णु र शेखरको संवादबाट जीवनेच्छा, अधिकार प्राप्तिको चाहना, तत्कालीन राज्यसंरचना र यसले गरेको शोषणप्रतिको विरोध, दमन र यसबाट छुटकारा अर्थात् उन्मुक्तिको चाहना अभिव्यक्त भएको पाइन्छ । प्रभा, कृष्णमाया र बूढाको संवादमा तड्पाहट र जीवनेच्छाको अभिव्यक्ति पाइन्छ । बुढाको संवादमा निराशाको झल्को देखिन्छ, जुन निराशा यसरी व्यक्त भएको छ : 'खै.......वर्मा गए कर्मसँगै भनेझैं त होला ।' शेखरको बाबुले नेपालमा परिवर्तन भएको छ भन्ने कुरामा विश्वास गर्न सकिरहेको छैन । शेखर र विष्णुको तुलनामा बूढा, कृष्णमाया र प्रभाको संवाद सरल र छोटो रहेको छ र नाटकको सुरूमा बर्मेली भाषाको संवाद प्रयोगले नाटकलाई अझ स्वाभाविक र जीवन्त बनाएको छ । बोलचालकै भाषाको प्रयोग र कम साहित्यिक संवादको प्रयोग पाइनुले सर्वसाधारण सबैका लागि नाटक सुबोध्य रहेको छ ।

### ५.१.२.६ उद्देश्य

मुलुकभित्र नाटकमा क्रान्तिबाट मात्र जनतामा शान्ति र सुव्यवस्था स्थापना गर्न सकिने सन्देश दिने मुख्य उद्देश्य लिइएको छ । गरिब जनताको यावत् समस्यातर्फ सङ्केत गर्दै ती समस्या समाधान गर्न सम्पूर्ण सुकुम्बासी, गरिब, मजदुर, शोषितपीडित जनता एक भई उठेमा गरिबको शासन प्राप्त हुनेतर्फ नाटकले सचेत गराएको छ । यो विचारप्रधान नाटक हो । यसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा क्रान्तिको महत्त्वलाई उठाएको छ ।

यावत् समस्याहरू कारक मात्र हुन् । यावत समस्या उत्पन्न गराउने जुन कारणहरू रहेका छन्, ती कारणहरूको निराकरणका लागि गरिब जनताको एकता हुनुपर्ने कुरा अभिव्यक्त गरेका छन् । प्रजातन्त्र पुनर्वास योजनाका अधिकृत, इन्स्पेक्टर पुलिस जवानहरूलाई मुलुकभित्रका नकारात्मक पात्रको रूपमा चित्रित गर्नु र यस्ता नकारात्मक पात्रका कारणले गर्दा जनताले शोषण दमन र थिचोमिचो सहनु परेको कुरा खुलस्त पार्नु यस नाटकको उद्देश्य हो । यस्ता नकारात्मक प्रवृत्तिबाट मुक्ति पाउन जनतालाई जनचेतना जागृत गर्ने र मुक्तिकामी जनता र शोषण दमनमा टिकेको निरङ्कुश सामन्ती व्यवस्थाबीचको आम द्वन्द्वबाट मुक्तिकामी जनताको जित सम्भव हुने कुरा देखाउनु यसको प्रमुख लक्ष्य हो ।

### ५.१.२.७ नाटकीय द्वन्द्व

यस नाटकमा सुरूदेखि नै द्वन्द्वको सिर्जना भएको छ । बर्माबाट नेपाल फर्किने या नफर्किने भन्ने कुरामा नाटकमा बुढा र शेखरबीच द्वन्द्व देख्न सकिन्छ । अन्ततः यस द्वन्द्वमा मातृभूमिको मायाले सबैलाई जित्न सकेको छ । सबै नेपाल फर्किन तयार रहेका छन् र फर्किएका पनि छन् । मातृभूमि र पराया भूमिको द्वन्द्वमा जतिबेला पनि मातृभूमि पक्षधरको विजय हुनेतिर यस नाटकले सङ्केत गरेको छ । अर्कोतर्फ मातृभूमिमा प्रवेश गरेपछि

प्रधानपञ्च, पुनर्वास योजनाका अधिकृत, इन्स्पेक्टर र पुलिस जवानहरूबीच सुकुम्बासी जनताको प्रत्यक्ष द्वन्द्व रहेको छ । यस द्वन्द्वमा जनताहरू जागरूक नरहेको र विद्रोह तथा अधिकार प्राप्तिको चाहना सबैमा पूर्ण रूपमा जागरूक नभएको तथा सुसुप्त अवस्थामा रहेको विद्रोही चेतनालाई उजागर गराउँदै अगाडि बढ्नुपर्ने कुरा शेखर र विष्णुजस्ता पात्रले बुझेका छन् । त्यसैले उनीहरू सबैलाई जागृत गराउन सांस्कृतिक कार्यक्रमको आयोजना गर्दछन् । जनतामा जनचेतनाको कमीको कारणले गर्दा समयमा सबैलाई एक ढिक्का गर्न नसकिएको कारण नकारात्मक प्रवृत्तिको जित भएको हो कि भन्ने भान हुन्छ । विष्णु सहिद भएपछि पनि शेखरले तमाम जनताबीच शोकलाई शक्तिमा बदल्नको लागि दिएको वक्तव्य र क्रान्तिको यात्रामा नारा घन्काउँदै जनता अगाडि बढेका घटनाले क्रान्तिकारीहरूको विजयको दिन टाढा छैन भन्ने सङ्केत गर्दछ र अन्तमा नकारात्मक र सकारात्मक प्रवृत्तिको द्वन्द्वमा सकारात्मक प्रवृत्तिको जीत निश्चित हुने आशावादिता यसमा पाइन्छ ।

यसप्रकार यस नाटकमा नेपालीहरूको गाँस र बासको खोजीमा प्रवासका विभिन्न ठाउँमा गएर विभिन्न काम गर्नुपरेको पीडालाई प्रस्तुत गरिएको छ । प्रवासमा रहेका नेपालीहरूको दुरावस्थालाई पनि देखाउने काम यसमा भएको छ । प्रवासमा पुगेका नेपालीहरूलाई त्यहाँको सरकारले गर्ने अन्याय र विभेदपूर्ण व्यवहार अर्कोतिर नेपाल सरकारले नेपालीहरूलाई नेपाल फर्केमा विभिन्न ठाउँमा जग्गा दिने जस्ता आश्वासनले गर्दा नेपाली नेपाल फर्किने गरेका तर नेपाल फर्केर सो आश्वासन अनुसार जग्गा प्राप्त गर्न नसकेको कुरालाई देखाइएको छ । नेपालमा सुकुम्बासीको नाममा समाजका टाठा बाठाहरूले फाइदा उठाइरहेको र पुलिस प्रशासन समेतले पनि वास्तविक सुकुम्बासीहरूलाई सहयोग नगरेको र प्रधानपञ्च जस्ता व्यक्तिबाट घुस खाई वास्तविक सुकुम्बासीप्रति अन्याय गरेको देखाइएको छ । जनताहरू एकजुट भएर समाजका कलङ्क मानिने घुसखोरी, भ्रष्टाचारी, सामन्तीहरूका विरुद्ध सम्पूर्ण जनता वास्तविक जनताको अधिकार प्राप्तिका लागि जुट्नुपर्ने सन्देश नाटकले दिएको छ । नाटककारले मुलुकभित्र भएका अन्याय अत्याचार भ्रष्टाचार र पञ्चायती घुसखोरी तन्त्रको पर्दाफास गर्दै श्रम, परिवर्तन र भविष्यप्रति आशावादी बनाउने उद्देश्य प्रस्तुत गरेका छन् । नाटकले सर्वहारा वर्गको पक्षमा वकालत गरेको छ । समाज परिवर्तनका शक्तिका रूपमा सर्वहारा वर्गअन्तर्गत सुकुम्बासी तथा श्रमिक वर्गलाई लिइएको छ ।

## ५.२ रामप्रसाद प्रदीपका गीतहरूको अध्ययन

रामप्रसाद प्रदीपका हालसम्म गीतहरूका मात्रै दुई सङ्ग्रह र एउटा गजल तथा कवितासहितको गीतसङ्ग्रह प्रकाशित भएका छन् । **विस्फोटन** (२०३६, गीत सङ्ग्रह), **उपहार** (२०४६, गीत सङ्ग्रह) र **बेलाको बोली** (२०६३, गीत-गजल सङ्ग्रह) उनका प्रकाशित

गीतसङ्ग्रहहरू हुन् । गीत-गजल सङ्ग्रहको रूपमा रहेको उनको **बेलाको बोली** कृतिमा गजलको तुलनामा गीतहरूको सङ्ख्या धेरै देखिन्छ । त्यसैले यस सङ्ग्रहलाई पनि उनका गीत सङ्ग्रहका कोटिमा राखेर अध्ययन गरिएको छ । उनको यस सङ्ग्रहमा रहेका गजल तथा कविताहरूलाई भने छुट्टै परिच्छेद अन्तर्गत चर्चा गर्नु उचित हुने भएकाले तिनलाई सन्दर्भअनुसार विश्लेषण गरिएको छ ।

### ५.२.१ 'विस्फोटन' गीतसङ्ग्रहमा रहेका गीतहरूको अध्ययन

रामप्रसाद प्रदीपको प्रथम गीतसङ्ग्रह **विस्फोटन** (२०३६) शीर्षकमा प्रकाशित भएको बुझिन्छ । हाल यस पुस्तकको पाण्डुलिपि वा प्रकाशित प्रति भने कतै नपाइने गरेको स्थिति छ । पुस्तकका लागि लेखकसँग सम्पर्क गर्दा उहाँसँग पनि नरहेको बुझियो । तत्कालीन समयमा लेखकले विभिन्न व्यक्ति, संघसंस्था, पुस्तकालय र पसललाई उपलब्ध गराएको भनी दिएको जानकारी अनुसार सम्भावित सबै व्यक्ति तथा संघसंस्था र पसलमा सम्पर्क गरियो तर उपर्युक्त पुस्तक कहीँ कतैबाट उपलब्ध हुन सकेन ।

यस गीत सङ्ग्रहमा २०३६ सालभन्दा अगाडि लेखिएका गीतहरू सङ्गृहीत भएको पाइन्छ । **उपहार** गीत सङ्ग्रहको *केही कुरा* मा लेखकीय भनाइका रूपमा रामप्रसाद प्रदीपले २०३६ सालसम्मका गीतहरू **विस्फोटन**मा प्रकाशित भएका र 'रेलिमै सांस्कृतिक मण्डल' का रङ्गमञ्चहरू र अन्य मञ्चहरू समेतमा गाइएका र नाचिएका थिए भनी उल्लेख गरेका छन् ।[२८]

**उपहार** गीतसङ्ग्रहको भूमिका आलेखमा मोदनाथ प्रश्रितले प्रगतिशील जन संस्कृतिको क्षेत्रमा रामप्रसाद प्रदीपले साढे दुई दशकको यात्रा पार गरिसकेको बताउँदै २०२० पछिको ज्यादै साँगुरो र दमनकारी स्थितिमा उनका गीतहरूले अँध्यारोलाई चिर्दै जनमानसमा उज्यालो छरेको कुरा गरेका छन् । २०२४ तिर बुटवलमा स्थापित 'रेलिमै सांस्कृतिक मण्डल'को माध्यमबाट प्रदीपले निरंकुश पञ्चायती व्यवस्थाको विरोध र जनचेतनाको निर्माणमा सक्रिय र उल्लेखनीय योगदान गरेको उनले चर्चा गरेका छन् ।'[२९] प्रश्रितको यस भनाइले प्रदीपको **विस्फोटन** गीतसङ्ग्रह प्रकाशनको कालावधिलाई लक्ष्य गर्ने हुँदा यस गीत सङ्ग्रहको महत्त्व स्वतः प्रष्टिन्छ ।

**बेलाको बोली** मा रहेको भूमिका आलेखमा देवेन्द्र घिमिरेले रामप्रसाद प्रदीपलाई तेस्रो बिसौनीका यात्री भनेर उल्लेख गरेका छन् ।[३०] उनले यसो भन्नुको मतलब प्रदीपका यस अघि

---

[२८]. रामप्रसाद प्रदीप, *केही कुरा,* **उपहार**, (बुटवल : ज्योति प्रकाशन, २०४७), पृ. अमु. ।

[२९]. मोदनाथ प्रश्रित, *अझ फैलियोस् सृजनको आयाम,* पूर्ववत् ।

[३०]. देवेन्द्र घिमिरे, *तेश्रो बिसौनीका...यात्री रामप्रसाद प्रदीप,* **बेलाको बोली**, (काठमाडौ : शीला पौडेल, २०६३), पृ. अमु ।

दुई वटा गीत सङ्ग्रह प्रकाशन भइसकेको तथ्य खुल्दछ । यी दुईमध्ये एउटा उपहार र त्यसपूर्व विस्फोटन भन्ने पुष्टि हुन्छ ।

**बेलाको बोली** मै बूँद रानाको कवितात्मक शैलीमा लेखिएको भूमिकामा पनि प्रदीपले **विस्फोटन** नामक गीतसङ्ग्रह लेखेको भन्ने प्रमाण जुट्न आउँछ । **विस्फोटन** गीतसङ्ग्रहका गीतहरू विशेषत पञ्चायती कालरात्रिका विरुद्धमा थिए भन्ने कुरा उनको निम्न श्लोकबाट पनि स्पष्ट हुन्छ–

जस्तो नाम त्यस्तै काम गर्छु भनीकन ।
अँध्यारोका विरुद्धमा गरे **विस्फोटन** ॥
त्यतिले त्यो कालरात्रि किन लाग्थ्यो पाखा ।
मिलिजुली लेखे फेरि...'**तमसुक**'का भाका ॥[३१]

रामप्रसाद प्रदीपको प्रथम गीतसङ्ग्रह **विस्फोटन** (२०३६) नै हो यसमा दुई मत छैन । **रूपन्देही जिल्लाको कविताको इतिहास : सर्वेक्षण र विश्लेषण** भन्ने कृतिमा शालिकराम पौड्यालले उनको प्रथम गीत सङ्ग्रह विस्फोटनको समीक्षा नगरेर उनको दोस्रो गीत सङ्ग्रहको सङ्क्षिप्त विश्लेषण गरेको देखिन्छ ।[३२] प्रथम गीतसङ्ग्रह **विस्फोटन** भनेर उल्लेख गर्नु तर त्यसको चर्चा नगर्नु बरु दोस्रो गीत सङ्ग्रहका गीतहरूको मात्र विश्लेषण गर्नुले विस्फोटन गीतसङ्ग्रहको लेखन तथा प्रकाशन भएको तथापि हाल उपर्युक्त कृति अप्राप्य भएको तथ्यलाई पुष्टि गर्दछ ।

प्रगतिशील लेखक संघ, रुपन्देहीका अध्यक्ष मुरारि पराजुलीले २०३७/३८ सालताका **विस्फोटन** गीत सङ्ग्रह आफूले पढेको र त्यस सङ्ग्रहका गीतहरू निरङ्कुश पञ्चायती राजनैतिक परिवेशमा जनतामाझ प्रगतिशील र राजनैतिक चेतना फैलाउने तागत राख्दथे र निकै लोकप्रिय पनि थिए भन्ने चर्चा गर्दछन् । आफूहरूले विभिन्न सांस्कृतिक कार्यक्रमहरूमा प्रदीपको विस्फोटन गीत सङ्ग्रह लिएर हिँड्ने गरेको र त्यसमा सङ्कलित गीतहरूलाई गाउने तथा तिनैमा आधारित रहेर नाच्ने गरेको पनि उल्लेख गर्दछन् । तत्कालीन समयमा रामप्रसादका गीतहरूले जनतालाई सचेत गराउँदै निरङ्कुशताका विरुद्ध लड्न र त्यसको अन्त्यका निम्ति अगि बढ्न प्रभावकारी भूमिका खेलेको उनी वयान गर्दछन् ।[३३]

---

३१. बूँद राना, *यस्तो मौका जिन्दगीमा मिल्छ कैले कैले,* पूर्ववत् ।

३२. शालिकराम पौड्याल, **रूपन्देही जिल्लाको कविताको इतिहास : सर्वेक्षण र विश्लेषण**, (बुटवल : ले. स्वयं, २०६५), पृ.८७ ।

३३. साहित्यकार मुरारि पराजुलीले २०६७ पौष २४ गते शनिबार शोधार्थीलाई दिएको जानकारीअनुसार ।

### ५.२.२ 'उपहार' गीतसङ्ग्रहमा रहेका गीतहरूको अध्ययन

**उपहार** (२०४७) रामप्रसाद 'प्रदीप' को दोस्रो गीतिसङ्ग्रह हो । यसमा 'प्रदीप'का २०३६ सालदेखि २०४७ सम्मका १४ वटा गीतहरू सङ्गृहीत छन् । यस सङ्ग्रहको आरम्भमा 'राष्ट्रिय गीत' राखिएको छ । त्यसपछि 'केही कुरा' शीर्षकको लेखकीय भूमिकामा गीतकारले २०३६ सालसम्मका गीतहरूलाई **विस्फोटन** गीति सङ्ग्रहमा सङ्कलित गरिएको र सो समयपछि २०४७ सालसम्मका गीतहरूलाई यस गीतिसङ्ग्रहमा सङ्कलित गरिएको तथ्य उल्लेख गरेका छन् ।[३४] यस गीतसङ्ग्रहमा रहेको भूमिका आलेखको लेखन प्रगतिवादी कवि तथा लेखक मोदनाथ प्रश्रितले गरेका छन् । सो भूमिकामा प्रश्रितले 'प्रदीप'को गीतियात्राको बारेमा सङ्क्षिप्त चर्चा गरेका छन् ।

विषयवस्तुका दृष्टिले **उपहार** गीतसङ्ग्रहमा उल्लेख गरिएका विषयलाई बुँदागत रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

(१) राजनैतिक विषयवस्तुमा आधारित गीतहरू

(२) सामाजिक विषयवस्तुमा आधारित गीतहरू

(३) राष्ट्रवादी भावनामा आधारित गीतहरू

उपर्युक्त बुँदाअन्तर्गत रही उनका यस कृतिमा रहेका समग्र गीतहरूको विश्लेषण यसरी गरिन्छ :

#### ५.२.२.१ राजनैतिक विषयवस्तुमा आधारित गीतहरू

प्रस्तुत सङ्ग्रहमा तीन वटा गीतहरू राजनैतिक विषयवस्तुमा आधारित छन् । 'मिर्मिरे बिहान', 'धर्ती बोल्नेछ', 'छ्याः छ्याः गनायो' र झन्डाको गीत शीर्षकका गीतहरूमा गीतकार 'प्रदीप'ले राजनीतिलाई विषयवस्तु बनाएका छन् । उनले नेपाली राजनीतिमा देखापरेका विकृति र विसङ्गतिका विरूद्ध क्रान्तिको आवश्यकता प्रस्तुत गरेका छन् । ती गीतहरूको विश्लेषण तल गरिएको छ :

#### (क) मिर्मिरे बिहान

यो उपहार गीत सङ्ग्रहमा सङ्कलित प्रमुख गीत हो । प्रस्तुत गीतले राजनैतिक विषयवस्तुलाई आत्मसात गरेको छ । वि.सं. २००७ सालमा नेपालमा प्रजातन्त्र ल्याउन जनताले विशेष भूमिका खेलेको हुँदा राणा शासन समाप्त भएको उल्लेख यसमा पाइन्छ । जति जति बेला दल तथा जनता एकजुट भएर लडे त्यति बेला जनताले सत्तामाथि विजय पाएको कुरा यसमा बताइएको छ । राजनैतिक दलहरू आपसमा लुछाचुँडी गरी विभाजित अवस्थामा पुगेका

[३४]. रामप्रसाद प्रदीप, **उपहार**, (बुटवल : ज्योति प्रकाशन, २०४७), पृ. अमु. ।

बेला प्रतिगमनले शिर उठाउने गरेको तथ्य पनि यस गीतमा अभिव्यक्त भएको पाइन्छ । वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनको मिर्मिरे बिहान झुल्कनुका पछाडि सम्पूर्ण पार्टीहरूको एकता नै प्रमुख हो भन्ने विचार गीतकारको रहेको पाइन्छ । तीस वर्षसम्म नेपाली जनतालाई लुटेर खाने पञ्चायती शासन र शोषकहरूको पुरानो अतिचार पुनः दोहोरिन सक्छ भन्ने संकेत गीतकारले यसमा गरेका छन् । यो गीत लोकलयमा रहेको छ ।

### (ख) धर्ती बोल्नेछ

यस गीतमा नेपालमा प्रजातान्त्रिक बहुदलीय व्यवस्था स्थापना गर्न देशका लागि आफ्नो छातीमा गोली थाप्ने सहिदहरूको स्मरण गरिएको छ । सहिदको सपना साकार पार्ने दिशामा अगि नबढे सहिदको रगतले पोल्ने छ भन्दै निरन्तर सहिदको सपना साकार पार्न लाग्नुपर्ने उल्लेख यसमा भएको छ । २०४६ सालमा बहुदलीय शासन व्यवस्था कायम भएको, राजतन्त्र पूर्ण रूपमा समाप्त नभएको र संविधानमा समेत संवैधानिक राजतन्त्र रहेको हुँदा जनताको लक्ष्य अधुरो भएको तर्फ गीतकारले जनतालाई सचेत गराएका छन् । यहाँ गीतकारलाई अधुरो क्रान्तिको चिन्ता छ । सम्पूर्ण दल, सम्पूर्ण नेपाली जनताले क्रान्तिका लागि हातमा हात मिलाएको र क्रान्ति केही हदसम्म सफल पनि भएको तर दलहरूमा पुनः लुछाचुँडीको स्थिति आउने त हैन भन्ने आशङ्का रहेको छ । मुलुकको आमूल परिवर्तनका निम्ति लड्नेहरूमा भाडाका सिपाहीहरूमा भन्दा बढी तागत हुने उनको ठहर छ । जनताका निम्ति लड्नेहरू कायर हुनुहुँदैन भन्ने उनको सल्लाह छ । फेरि प्रतिगामी शक्तिका बमभन्दा पनि जनता जुटेर कसिएका मुठीमा बढी शक्ति हुने उनको निचोड छ । त्यसैले जनता मिलेर गरेको क्रान्ति अधुरो रहन्न भन्ने उनको तर्क यस गीतमा पाइन्छ । नेपाली जनता र नेपालको समग्र उन्नति प्रगतिलाई शिरोधार्य नगरी कुनै सम्झौता पनि गर्नु हुँदैन भन्ने गीतकारको भनाइ छ । जनता नै शक्तिशाली भएको र जनताले नै संसारबाट निरकुंश शासन ढालिसकेको हुँदा नेपालमा पनि जनताको शक्तिबाट परिवर्तन हुनेमा उनको विश्वास छ । जहाँ क्रान्ति हुन्छ त्यहाँ प्रतिक्रान्ति हुनु स्वाभाविक हो । तर लाठी, बुट र गोलीले क्रान्तिकारीहरूको साहसलाई दबाउन सक्दैन र जनशक्ति भनेको मुक्तिको निम्ति बगेको भेलजस्तै हो भन्ने उनको भनाइ रहेको छ । यस्तो भेललाई कुनै पहाडले छेक्दैन भन्नेमा उनको विश्वास रहेको छ । अन्ततः गीतकारले सहिदहरूले देखाएको बाटो भुल्नुहुँदैन र भुलेमा सहिदको रगतले पोल्ने कुरा यसमा व्यक्त गरिएको छ । यो गीत आधुनिक लयमा रहेको छ ।

### (ग) छ्याःछ्याः गनायो

वि.सं. २०१७ सालदेखि २०४६ सालसम्म नेपालमा पञ्चायती शासनले निरन्तर रूपमा शासन गऱ्यो । ३० वर्षसम्मको एकछत्र शासनमा रहेका पञ्च र मण्डलेहरूले जनताहरूलाई

सामन्ती हुकुमी सरकारतन्त्रमा जनतालाई भेंडा बाख्राजस्तै बनाएको कुरा यस गीतमा गीतकारले व्यक्त गरेका छन् । उक्त समयावधिमा सामन्ती दरबार र पञ्चे सरकार नेपाली जनताको उन्नति र प्रगतिमा बाधक बनेको र सोझा सीधा जनताहरूमा शोषण, दमन, अन्याय र अत्याचार गरेको कुरा यसमा छ । सामन्त, पञ्च र दरबारको विरुद्धमा जनताले खुलेर विरोध गरे । जनताको समवेत् आक्रोशले सामन्ती पञ्चे सरकार टिक्न सकेन । जनताको जित सुनिश्चित हुँदै गयो र पञ्चे मण्डलेहरू भागाभाग गर्न थाले । अन्ततः जनताका शत्रुहरू परास्त भए । पञ्चायती शासन व्यवस्था समाप्त भयो र नयाँ व्यवस्थाको सुरुवात भयो । यति भएर पनि सामन्ती अवशेषहरू बाँकी हुन सक्ने भन्दै त्यस्ता अवशेषहरूलाई सखाप पार्नु पर्ने यहाँ गीतकारको आह्वान देखिन्छ । यो गीत लोकलयका ढाँचामा लेखिएको छ ।

### (घ) झण्डाको गीत

यो गीत पछिल्लो गाताको भित्री भागमा प्रस्तुत गरिएको छ । यो गीत रामप्रसाद प्रदीप र मोदनाथ प्रश्रितद्वारा संयुक्त रूपमा तयार पारिएको कुरा यही गीतको मुनि उल्लेख गरिएको छ । यसमा कम्युनिस्ट पार्टीको हँसिया हथौडा अङ्कित झण्डाप्रति उच्च सम्मान प्रकट गरिएको छ । सहिदको रगतबाट रङ्गिएको लाल झण्डाले विश्वभरका शोषित पीडित वर्गमा समानता र मुक्तिको सन्देश दिने गरेको कुरालाई गीतमा स्पष्ट पारिएको छ । यस झण्डाले विश्वभरिका श्रमिकहरूमा गाढा स्नेह जगाउँदै समानता र मुक्तिको दिशामा गोलबन्द गर्ने कुरामा विश्वास प्रकट गरिएको छ । यो गीत आधुनिक लयका ढाँचामा लेखिएको छ ।

## ५.२.२.२ सामाजिक विषयवस्तुमा आधारित गीतहरू

'आइदे चाँडो बिहानी', 'नारीको जीवन', 'भाडाको सिपाही' 'गाइने गीत','जिन्दगी', 'हेपिई बस्दिन' र'मित्रता' सामाजिक विषयवस्तुमा रचिएका गीतहरू हुन् । यिनमा गीतकारले हाम्रा सामाजिक विसङ्गतिको यथार्थवादी चित्रण गर्दै त्यस विरूद्ध विद्रोहको भावना व्यक्त गरेका छन् ।

### (क) आइदे चाँडो बिहानी

यस गीतमा गीतकारले सदियौंदेखि दासताबाट पिल्सिएको समाजको यथार्थ तस्बिर उतारेका छन् । समाजमा विद्यमान गरिबीलाई हटाएर परिवर्तनको नयाँ बिहानी ल्याउनु पर्ने आग्रह उनले गरेका छन् । प्रगतिशील भावाभिव्यक्ति रहेको यस गीतमा गीतकारले परिवर्तनको शाश्वतताप्रति विश्वास प्रकट गरेका छन् । गीतकारले गीतका माध्यमबाट जनचेतना जगाउने र समाजमा रहिआएका कुरीति हटाई गरिबीप्रति संवेदनशील बन्न आग्रह गरेका छन् । बीचबीचमा स्थायीको प्रयोग र अन्तराको नियमित वितरणद्वारा गीतलाई

उत्कृष्ट र उच्च गेयात्मक बनाइएको यस गीतमा आधुनिक लयको गेयतालाई वरण गरेको देखिन्छ ।

### (ख) नारीको जीवन

गीतकारका अनुसार नारीहरू सदियौँदेखि उत्पीडन, अन्याय र अत्याचारमा परिरहेका छन् । नेपाली समाजमा नारीहरूलाई दैलोकुचो र चुल्होचौकामा सीमित राख्ने र अबला ठान्ने प्रवृत्ति अझै पनि छ । । समान प्राकृतिक गुण र अनुभूति भए पनि नारी र पुरूषबीच अनेकौँ भेदभाव छन् । यसैले नारी अधिकार र मुक्तिका निम्ति नारीहरू नै जुट्नुपर्ने राय गीतकारले व्यक्त गरेका छन् । गीतकारले नारीहरूलाई सिंगारपटार छोडेर समानता र नारीहक प्राप्तिको दिशामा जुट्नुपर्ने बताएका छन् । प्रस्तुत गीत नारीवादी विश्वदृष्टिकोणका तहबाट अभिव्यञ्जित भएको देखिन्छ । आधुनिक लयको गेयतामा रहेको यस गीतमा स्थायीको प्रयोग प्रत्येक अन्तरापछि भएको पाइन्छ ।

### (ग) भाडाको सिपाही

यस गीतमा स्वदेशमा काम नपाएर बाध्य बनी विदेशी पल्टनमा भर्ती हुन पुगेका नेपाली युवाहरूको दुःख र व्यथाहरूको स्मरण गरिएको छ । नाङ्गा छोराछोरी, साहूको ऋण तिर्नुपर्ने बाध्यता आदिका कारणले गर्दा खेत नै बन्धक राखी नेपाली युवाहरू विदेशी छाउनीमा भर्ती हुन पुगेका हुन्छन् । त्यहाँ उनीहरूलाई मर्नु न बाँच्नुको अवस्थामा नोकरी गर्नु परेको हुन्छ । लडाइँका बेला दुश्मनको गोलीका पर्रा आफूहरूमाथि खनिँदा ती नेपाली सिपाहीहरूले आफ्नो गाउँघरको याद गर्ने विषयलाई यहाँ प्रस्तुत गरिएको छ । लोकलयका भाकामा लेखिएको प्रस्तुत गीतमा छ ठाउँमा स्थायीको प्रयोग गरिएको छ भने चार ठाउँमा अन्तराको प्रयोग गरिएको छ ।

### (घ) गाइने गीत

प्रस्तुत गीत सामन्ती संस्कारका विरूद्ध जनजागरण फैलाउने उद्देश्य राखेर लेखिएको बुझिन्छ । गाँउघरका सामन्तहरूले आफू खेतीपाती नगर्ने बरू धेरै जग्गाका मालिक हुने गरेको पाइन्छ । गाँउका गरिबहरूलाई आफ्नो खेती गर्न लगाई खेत बारीमा उब्जनी भएको अन्नको कूल उत्पादनमध्ये चार भागको तीन भाग साहुलाई बुझाउने र एक भाग मात्र मोहीले पाउनेजस्ता अन्यायपूर्ण नियम उनीहरूले गराएका हुन्छन् । परिश्रम जति किसानले गर्ने तर आम्दानी जति सबै साहुले लैजाने यस परिपाटीमाथि व्यङ्ग्य गर्ने काम यस गीतमा भएको पाइन्छ । सामन्तहरूले गाउँका सोझा सिधा जनताको घरमा कुनै चीज राम्रो देखे त्यसलाई हडप्ने गरेको यथार्थलाई पनि गीतकारले यसमा उल्लेख गरेका छन् । त्यसैले हेपिएका,

दबिएका र च्याँपिएका जनताहरूलाई सामन्ती संस्कारका विरूद्ध आवाज उठाउनुपर्छ भन्ने सन्देश दिने यो गीत लोकलयका भाकामा रहेको छ ।

## (ङ) जिन्दगी

प्रस्तुत गीतमा जिन्दगीलाई कतै बाढी र कतै सुख्खा बगरका रूपमा, कतै उज्यालो र कतै अँध्यारोका रूपमा वर्गीकरण गरिएको छ । गीतले वर्गभेदी समाजमा कोही धनी र कोही गरिब भएको यथार्थलाई प्रतीकात्मक ढंगले प्रस्तुत गरेको छ । यसखाले सामाजिक विभेदले गीतकार चिन्तित छन् । गीतकार सबैको उन्नति र प्रगति देख्न चाहन्छन् त्यसैले उनी कहीँ उज्यालो र कहीँ अँध्यारो हुन नहुने आशय प्रकट गर्दछन् । यस गीतमा समानताको निम्ति आवाज उठाएको देखिन्छ । अन्याय, अत्याचार र विभेदप्रति विद्रोही स्वर यसमा प्रकट भएको छ । समाजमा विद्यमान पक्षपातको विरोध गीतकारले गरेका छन् । गीतकारले समाजमा रहेको गरिबी र वर्गविभेदको अन्त्य भई समाजको अग्रगमन हुनुपर्ने आग्रह राखेका छन् । गीतकारले समाज परिवर्तनका लागि जनचेतनाको कमी महसुस गरेका छन् । साथै नेपालीहरूले चेतनास्तर बढाउनुपर्ने र वर्गविहीन समाजको स्थापनाका लागि अगाडि बढ्नुपर्ने सन्देश पनि उनले दिएका छन् । सम्पूर्ण गरिब जनता एकजुट भई वर्गविहीन समाजको स्थापनाका लागि अगाडि बढेमा धनी र गरिब बीचको खाडल पुर्न सकिने विचार उनले व्यक्त गरेका छन् । तीन ठाउँमा स्थायीको प्रयोग र दुई ठाउँमा अन्तराको प्रयोग गरिएको यो गीत आधुनिक लयमा रहेको छ ।

## (च) हेपिइ बस्दिन

यस गीतमा नेपाली समाजमा विद्यमान सामन्ती प्रवृत्ति र शोषणको यथार्थ चित्रण गरिएको छ । समाजमा धेरै मानिसहरू निमेक गरेर खाने छन् । नेपाली समाजमा निमेक नगरी अगेनामा आगो नजल्ने परिवारहरू छन् । समाजमा रहेका ठूलाबडा साहु, सामन्तहरूले काम गरेको निमेक माग्दा भोलि भनेर टारिदिन्छन् । गरिबहरू सहन सक्ने जति सहन्छन् तर अति भएपछि विद्रोह गर्ने आँट गर्दछन् भन्ने कुरा यस गीतमा अभिव्यक्त भएको छ । यस गीतमा पाँच दिनदेखि अगेनामा आगो नबलेको, छोरा भोकले गर्दा रातभरि सुत्न नसकेको, छोरी भोककै कारण हिजैदेखि रून पनि नसकेको दर्दनाक अवस्थाको चित्रण गरिएको छ । यसै गरी गीतको अर्को पाटोमा गरिब मजदुरले निमेक गरेको पैसा माग्दा साहुले भोलि भनी झुलाउने गरेको फट्याइँलाई पनि यसमा प्रस्तुत गरिएको छ । यहाँ मजदुरको सहन शक्तिले सीमा नाघेकाले विद्रोहका निम्ति हुँकार गरेको देखिन्छ । सामन्तहरूले कसैको राम्रो घरबारी सम्पत्ति आदि देखेमा जालझेल गरी आफ्नो पोल्टामा पार्ने गरेको तथ्य यसमा उल्लेख छ । आफ्नै बाबुको पुरानो घरबारी फटाहाले अक्करमा पारेर आफ्नो बनाएको उल्लेख गीतमा

भएको छ र जसको घरबारी थियो उसैको छोरा नातीलाई निमेक गर्न बाध्य बनाइएको तथ्य पनि यसमा खुलाइएको छ । समाजमा रहेका सामन्तहरूको सामाजिक शोषणको विरोध गर्नु र तिनका धूर्त चरित्रलाई समाप्त पार्ने अभियानमा लाग्न प्रेरणा दिने जागरणमूलक सन्देश दिनु यस गीतको उद्देश्य रहेको छ । यो गीत लोकलयको भाकामा रहेको छ ।

### (छ) मित्रता ११

यस गीतमा सत्तामा पुगी भत्ता कमाउन थालेका साथीहरूले विगतमा अत्यन्त मिल्ने साथीहरूलाई पनि कुर्सी र धनको मातले गर्दा बिर्सिने गरेको सामाजिक उचनिचको विभेदलाई देखाउने प्रयास गरिएको छ । साँच्चिकै मित्रतामा ईश्वरले पनि हार खान्छ भन्ने कथनलाई जोड्दै गीतकारले असल र राम्रो मित्रताका पक्षमा जोड दिएका छन् । आफ्नो स्वार्थका लागि केही क्षण मित्र बन्ने र स्वार्थ पूरा भइसकेपछि पुराना र दुःखमा काम लागेका साथीहरूलाई बिर्सने प्रवृत्तिप्रति गीतकारले व्यङ्ग्य गरेका छन् । धोकेवाज नेताहरूले आफ्नो धरातल र जनतालाई भुलेमा जनताले पक्का पनि कुर्सीबाट खसाउने चेतावनी उनले दिएका छन् । एक ठाउँमा मात्र स्थायीको प्रयोग गरिएको यो गीत लोकलयको भाकामा लेखिएको छ ।

## ५.२.२.३ राष्ट्रवादी भावनामा आधारित गीतहरू

यस सङ्ग्रहमा रहेका 'राष्ट्रिय गीत', 'के भन्छ न्याउलीले' र 'झुक्दैन कहिल्यै हिमाल' जस्ता गीतहरू राष्ट्रवादी भावनामा आधारित गीतहरू हुन् । यी गीतमा गीतकारले राष्ट्रप्रतिको अगाध स्नेह प्रकट गरेका छन् । सबैलाई राष्ट्रको माया र आदर गर्न उनले आह्वान गरेका छन् ।

### (क) के भन्छ न्याउलीले

प्रस्तुत गीत राष्ट्रिय भावनाले ओतप्रोत गीत हो । यस गीतमा नेपालीहरूलाई यही ढुंगो माटोमा, यही भीर पाखोमा हाँस्नुपर्छ र नेपाली भएर बाँच्नुपर्दछ भनिएको छ । नेपाली नागरिकहरूलाई राष्ट्रियता र देशप्रेमप्रति संवेदनशील बन्न यसमा आग्रह गरिएको छ । वास्तवमै गीतकारलाई आफ्नो देश, संस्कार र संस्कृतिमाथिको आघातले चिन्तित तुल्याएको छ । त्यसैले नेपालीहरूले दौरा, सुरूवाल, कोट, टोपी लगाउँदैमा राष्ट्रियता जोगिने अर्थात् राष्ट्रप्रेमी हुने होइन बरू पोसाकभित्रको मानवीय आत्मा राष्ट्रियता र राष्ट्रप्रेमले ओतप्रोत हुनुपर्दछ भन्ने गीतकारको भनाइ रहेको छ । नेपालीहरूले यदि नेपाललाई हृदयदेखि नै माया गर्दछन् भने उनीहरूले आफ्नो दौरा सुरूवाल भित्रको मनलाई नेपाली बनाउनुपर्ने कुरामा उनले जोड दिएका छन् । नेपाली समाजमा राष्ट्रियताको प्रतीक दौरा, सुरूवाल र कोट लगाएर

मूर्तिचोरी गर्नेहरूप्रति व्यङ्ग्य गर्दै साँच्चै नेपाली हुँ भन्ने दावी गर्नेले यसै माटोलाई कुल्ची यही माटोलाई नै कलङ्कित पार्न नहुने सन्देश यसमा दिइएको छ । कर्म र बोलीमा फरक गर्ने यस्ता व्यक्तिहरूलाई न्याउलीले पाता कस्ने चेतावनी यहाँ गीतकारले दिएका छन् । गीतकारले यस गीतमा नेपाली मूर्तिहरूको संरक्षण हुनुपर्ने, यस्ता व्यक्तिहरूलाई कारबाही हुनुपर्ने कुरा बताएका छन् । नेपाली हुँ भनी मुखले भन्नुभन्दा पनि मनलाई नेपाली बनाउनु पर्ने कुरा गीतकारले व्यक्त गरेका छन् । हामी नेपालीहरूले आफ्नो देशलाई गर्ने माया ओंठेभक्ति नभई यथार्थ भक्तिको हुनुपर्छ भन्ने सन्देश दिनु नै यस गीतको लक्ष्य रहेको छ । यो गीत लोकभाकाको लयमा उनिएको छ ।

### (ख) झुक्दैन कहिल्यै हिमाल

प्रस्तुत 'झुक्दैन कहिल्यै हिमाल' गीत राष्ट्रिय भावनाले ओतप्रोत गीत हो । गीतकारले राप्तीको जल कहिल्यै नसुक्ने र हिमाल पनि कहिल्यै नझुक्ने उल्लेख गरेका छन् । नेपालका विभिन्न स्थानमा नेपालीले आफ्नो देशको रक्षार्थ बलिदान दिएकै हुन् र देशको स्वाधीनता बचाउँदै टिष्टासम्म पुगेकै हुन् । यसै सन्दर्भमा गीतकारले नालापानी, चिसापानी र जितगढीमा नेपालीहरू नेपालको रक्षार्थ लड्दै अगाडि बढेको कुरा व्यक्त गरेका छन् । त्यसैले नेपाललाई आफ्नो बनाउन खोज्ने तत्त्वहरूतर्फ संकेत गर्दै गीतकार नेपालीहरू स्वाभिमानका लागि खरा र दह्रा भएको चर्चा गर्दछन् । नेपाली जाति शान्ति चाहन्छन् त्यसैले विश्वभरि शान्ति सेनाको रूपमा उनीहरूले खेलेको भूमिका पनि स्मरणयोग्य छ । देशी विदेशी प्रतिक्रियावादीहरूलाई ठीक पार्दै नेपालको इतिहास जोगाउनु पर्ने विचार यहाँ गीतकारको रहेको छ । देशको र राष्ट्रियताको निम्ति पुनः एकजुट हुन पनि गीतकारले यहाँ अनुरोध गरेका छन् । आजसम्म नझुकेको र कतैबाट केही दाग नलागेको नेपालमा अब कसैले झुकाउन वा दाग लगाउन प्रयत्न नगरे हुने चेतावनी उनले दिएका छन् । नेपाली जातिकै शूरता, वीरता र बलिदानी भावनाको कारण हिमाल झुक्नु नपर्ने, नेपाल र नेपाली झुक्नु नपर्ने कुरा गीतकारले गरेका छन् । गोर्खालीहरू मर्न सक्दछन् तर झुक्न सक्दैनन् भन्ने सन्देश नै गीतको रहेको छ । यो गीत आधुनिक लयमा रहेको छ ।

## ५.२.३ 'बेलाको बोली' गीत–गजलसङ्ग्रहमा रहेका गीतहरूको अध्ययन

**बेलाको बोली** (२०६३) रामप्रसाद 'प्रदीप'को गीत–गजलसङ्ग्रह हो । यस सङ्ग्रहमा 'प्रदीप'का लोकगीत, भजन, कविता र गजल गरी ८० वटा रचनाहरू सङ्कलित रहेका छन् । यस सङ्ग्रहलाई गीतगजल सङ्ग्रह भनिए पनि यसअतिरिक्त यसमा तीन वटा कविताको समेत सङ्कलन रहेको देख्न पाइन्छ । उनले यस सङ्ग्रहमा गीतगजलका तुलनामा अत्यन्त न्यून संख्यामा कविताहरू सङ्गृहीत गरेकाले कविताको सङ्ग्रहका रूपमा उल्लेख नगरेका हुन

सक्छन् । विषयवस्तुका दृष्टिले यस सङ्ग्रहमा रहेका उनका गीतहरूलाई निम्न बुँदागत शीर्षकमा वर्गीकरण गरी तिनको विश्लेषण गरिन्छ :

(१) आर्थिक समस्यामा आधारित गीतहरू,

(२) राजनैतिक समस्यामा आधारित गीतहरू,

(३) जनजागरणका विषयमा आधारित गीतहरू,

(४) बालजागरणका विषयमा आधारित गीतहरू,

(५) नारी विषयसम्बद्ध गीतहरू,

(६) राष्ट्रप्रेमी गीतहरू र

(७) विविध विषयका गीतहरू ।

### ५.२.३.१. आर्थिक समस्यामा आधारित गीतहरू

रामप्रसाद प्रदीपको **बेलाको बोली** गीत–गजल सङ्ग्रहमा रहेका कतिपय गीतहरूमा आर्थिक सन्दर्भलाई विषयवस्तुका रूपमा अगि सारेको पाइन्छ । यस्ता गीतहरूमा मरिमरी काम गर्दा पनि उचित ज्याला नपाइनु, सधैँभरि गरिबीमा पिल्सिरहन पर्नु, साहुले घरखेत खोस्नु, अभावका कारण मुग्लानिन पर्नु, परिश्रम गरेर पनि भोकै नाङ्गै बाँच्न विवश हुनुजस्ता विषयहरू आर्थिक समस्याका रूपमा चित्रित भएका छन् । यस सङ्ग्रहमा आर्थिक समस्यालाई विषय बनाएर लेखिएका गीतहरू **'किसान'**, **'जीवन'**, **'त्यतै छ नजर'** शीर्षकमा रहेका छन् । तिनको विश्लेषण यसरी गरिन्छ :

#### (क) किसान

प्रस्तुत 'किसान' शीर्षकको गीतमा सधैँभरि मुखियाको करिया बन्नु परेको, साहुका मेलामा रुँदै जानुपरेको, बच्चाबच्चीहरू भोकभोकै घरमा भए पनि अभिभावकहरू रातमा मात्र आफ्ना घरमा फर्कन पाउने गरेको, पेटभरि खानलाई पनि ऋण काडेर चाडपर्व पर्खिनु परेको जस्ता दयनीय प्रसङ्गहरूलाई प्रस्तुत गरिएको छ । बाह्रैमास खटेर काम गर्दा पनि साहुलाई तिर्नु पर्ने रकम कहिल्यै नघट्ने गरेको आर्थिक पीडाको चर्चा यसमा गरिएको छ । पसिनाले सिँचेर उब्जाएको अन्नबालीमा पनि उही साहुको हैकम रहेको यथार्थलाई गीतकारले अगि सारेका छन् । यसमा किसानहरूका यावत् आर्थिक पींडा र समस्याहरूलाई प्रस्तुत गरिएको छ । यो पुरुष र नारीले पालै पालो गाउन मिल्ने लोकलयमा आधारित युगल गीत हो ।

## (ख) जीवन

प्रस्तुत गीतमा दिनदिनै पसिना बगाउँदा पनि जीवन झन्झन् दुःखदायी भएको कुरा उठाइएको छ । दुःख गर्दागर्दै आधी जीवन बितिसकेको, आँसु बहाइ रहे पनि हाँसेको बहाना गरेर बाँचिरहेको गरिबको दुर्दशा यसमा प्रस्तुत भएको छ । एउटा गरिबका निम्ति जहाँ पुगे पनि चुनौती मात्र रहने, जुनसुकै काम गर्दा पनि असफलता मात्र प्राप्त हुने र समग्रमा अभावै अभावमा बाँच्न विवश हुनुपर्ने आर्थिक समस्या यस गीतको मूल मर्म हो । आस्था र स्वाभिमान ठाडो पारेर हिँड्नेहरूलाई नै यस्तो आर्थिक अभावग्रस्त जीवन भोग्नुपर्ने वास्तविकता रहेको पनि प्रस्तुत गीतले उल्लेख गरेको छ । यो गीत आधुनिक गीतिलयमा रहेको छ ।

## (ग) त्यतै छ नजर

प्रस्तुत गीतमा गरिबीको कारणले गर्दा घरका सदस्यहरूलाई समेत नबताई घरमूली मुग्लानतिर भासिएको कारुणिक तस्बिर प्रस्तुत गरिएको छ । लोग्ने नभएको बेसहारा यही स्थितिमा उसकी जीवन सँगिनीलाई साहु आई घर खाली गर्न भनी गरेको क्रूर आदेशले गीतमा कारुणिकता उत्पन्न गरेको छ । आर्थिक अभावका कारण मुग्लानिए पनि घरगाउँमा बस्नेलाई झन कष्टकर भएको दुःखेसो यहाँ उसकी स्वास्नीले गरेकी छ । बरु रूखोसुखो खाएर भए पनि आफ्नै गाउँमा बस्न उसले आग्रह गरेकी छ । यो गीत लोकलयको भाकामा रचिएको छ ।

## ५.२.३.२ राजनैतिक विषयमा आधारित गीतहरू

प्रदीपका राजनैतिक विषयमा आधारित गीतहरूमा नेपाली नेताहरूमा देखापरेको राजनैतिक भ्रष्टतालाई प्रमुख रूपमा उठाएको पाइन्छ । विगतमा दुःखसुखलाई समान रूपमा भोग्ने नेताहरू आज पजेरोमा चढी जनताका पीरव्यथालाई भुल्ने गरेको आरोप उनले लगाएका छन् । नेताहरूको बदलिँदो जीवन शैलीले जनताको मुक्ति असम्भव हुने उनको ठहर छ । यसैले उनले भ्रष्ट नेताहरूलाई चरित्र सुधारी जनताका पक्षमा काम गर्न आह्वान गरेका छन् । समयसमयमा राजनैतिक परिवर्तन भए भनी जतिसुकै प्रचार गरे पनि वास्तविकतामा घुमिफिरी उही यथास्थिति रहेको प्रति उनको आक्रोश देखिन्छ । राजनैतिक विषयअन्तर्गत उनले माओवादी हिंसात्मक द्वन्द्वलाई पनि गीतका विषय बनाएका छन् । जनयुद्धका नाममा व्यक्तिहत्या भइरहेको र जताततै आतङ्क फैलिएको उनको बुझाइ छ । मुलुकको दुर्गति हुनुको कारण उनले राजतन्त्रलाई मानेका छन् । वीरेन्द्र वंशको विनाशपछि मुलुकमा प्रतिगमनकारी नीति अगि सारिएको अनुभव उनले गरेका छन् । यसैले जनताको सुख र मुलुकको उत्थानका निम्ति राजतन्त्रको अन्त्य हुनुपर्ने उनको आग्रह पाइन्छ । उनका राजनैतिक विषयसित

सम्बन्धित गीतहरूको विश्लेषण यसप्रकार गरिन्छ : यस सङ्ग्रहमा राजनैतिक विषयलाई विषयवस्तु बनाएर लेखिएका गीतहरू 'चित् खाएँ' , 'धरातल बिर्सनेलाई', 'अग्लो कुइरे भीर','भानुको सन्देश, 'यसपालीको दशैं', 'चिन्ता नगर', 'खै के दिऊँ कोसेली !' ,नबगाऊ रगत, शुभकामना कसलाई दिऊँ ?,आउनु जाति हो, मलाई प्यारो छ, मातृभूमि, लोकगीत, यत्तिकै रै छ, लोकगीत, व्यङ्ग्य गीत लोकगीत, होशियार, प्रतिगमन,रातो रीवन शीर्षकमा रहेका छन् ।

## (क) चित् खाएँ

जनताको घर आँगनमा बसेर रहरलाग्दा आश्वासन दिने र जनताको सुख दुःखको साथी हामी र हाम्रो पाटी हो भन्ने तर पद र प्रतिष्ठा पाएपछि देश र जनतालाई भुल्ने गरेका नेताहरूको चरित्र देखेर आफू चित खाएको र छक्क परेको कुरा यस गीतमा प्रदीपले उल्लेख गरेका छन् । जनतालाई आश्वासन बाँडेर भोट पाएपछि केन्द्रमा पुगेर विलासी जीवनशैली वरण गरेका नेताहरूको चरित्रले गीतकारलाई अचम्मित तुल्याएको छ । विगतमा दुःखपीर साट्ने, जनताले दिएका चिज खाने र जनताको आस्थालाई बोक्ने नेताहरू आजभोलि ती सबै कुरा बिर्सेर जनता र क्रान्तिको सङ्कल्पलाई धोका दिएको आरोप उनले लगाएका छन् । नेताहरूमा बढ्दै गएको नैतिक विचलनका कारण विगतका जनविरोधीहरू तिनै नेताहरूका साथी भएको गुनासो पनि उनले गरेका छन् । यो गीत लोकलयको भाकामा लेखिएको छ ।

## (ख) धरातल बिर्सनेलाई

प्रस्तुत गीतमा 'प्रदीप'ले आफ्नो विगतको पहिचान बिर्सिने भ्रष्ट नेताहरूको चरित्रलाई चित्रित गर्ने काम गरेका छन् । एउटै लक्ष्य, उद्देश्य, विचार र सिद्धान्त लिएर परिवर्तनका निम्ति हिँडेको भने पनि स्वार्थी प्रवृत्ति भएका यस्ता नेताहरूले माथिल्ला दर्जामा पुगेपछि स्थानीय जीवन र व्यक्तिहरूलाई भुल्दै गएको कुराप्रति गीतकारले सचेत गराउने काम गरेका छन् । आफ्नो वास्तविक धरातललाई बिर्सेर छेपाराले रङ् फेरेजस्तै स्वभाव फेर्ने यस्ता नेतालाई उनले सर्वसामान्य मान्छेलाई विनाकामका नठान्न चेतावनी दिएका छन् । एउटै ठाउँमा जन्मी-हुर्की बढेका मान्छेले परिस्थितिवश विशिष्ट अवसर प्राप्त गर्‍यो भन्दैमा अरुलाई भुल्नु राम्रो होइन भन्ने उनको सुझाव पनि रहेको छ । जुनसुकै नेतालाई उच्च ओहोदामा पुर्‍याउने भनेका तल्लो स्तरमा बसेका जनता नै भएकाले तिनलाई नबिर्सन गीतकारले खबरदारी पनि गरेका छन् । सत्तामा पुगेर भत्ता बुझ्न थालेपछि आफ्नो गाउँघर, पाखा पखेरा र आफ्नो धरातललाई बिर्सिने प्रवृत्तिका विरूद्ध खबरदारी गर्नु पर्दछ, नेताहरूले पनि आफ्नो धरातल बिर्सनु हुँदैन भन्नु नै यस गीतको सार हो । यो गीत आधुनिक लयको भाकामा लेखिएको छ ।

### (ग) अग्लो कुइरे भीर

प्रस्तुत गीतमा जनताका पीर र समस्याहरूलाई अग्लो कुइरे भीरसँग तुलना गरिएको छ । यसमा प्रजातन्त्र आए पनि गरिबका पीरहरू अग्लो कुइरे भीर समान दुर्लङ्घ्य रहेको तर्फ सङ्केत गरिएको छ । सबैको एक पटक पालो आउँछ भन्ने भनाइ गरिबको मुक्तिका सन्दर्भमा सार्थक हुन नसकेको र यसरी यही भनाइमा कतिसम्म चित्त बुझाएर बस्ने भन्ने पनि गीतकारको भनाइ छ । यसो हुनुमा प्रजातन्त्रलाई बीचमै तुहाइएकाले यथास्थिति कायम हुन जाँदा यसो हुन गएको हो भन्ने गीतको सार रहेको छ । यो गीत लोकलयका भाकामा लेखिएको छ ।

### (घ) भानुको सन्देश

यस गीतमा आदिकवि भानुभक्त आचार्यलाई कथयिता बनाएर उनले नेपाली भूमिमा वर्तमान समयमा देखापरेको विसंगतिको चर्चा गरिएको उल्लेख गरिएको छ । विगतमा यो देश सिर्जनाको मुहान रहेको, प्रेरणाको विषय भएको र यो भूमि उर्वर रहेको तर आज देशमा हिंसात्मक द्वन्द्व देखा परेको तथ्य यसमा चित्रित भएको छ । प्रकृतिले रम्य नेपाली भूमि यतिखेर हत्याहिंसाले रगतपच्छे भएको भावुकता यहाँ प्रकट हुन पुगेको छ । माओवादी हिंसाले निम्त्याएको द्वन्द्वले ध्वंस बढाएको गीतकारको दाबी छ । गीतकारले जनतालाई रैती नठान्न पनि चुनौती दिएका छन् । भाषिक एकीकरणकर्ता भानुलाई नेपाली समाजले विस्तारै बिर्सिंदै गइरहेको कुरा यसमा स्पष्ट पारिएको छ । भानुले एकताको पाठ सिकाएको तर यही भानुकै देशमा लुछाचुँडी भइरहेको तथा बम, बारूद, गोला र बन्दुकले विध्वंश बढेको उल्लेख गीतकारले गरेका छन् । सिर्जनामा लाग्ने हातहरूमा बन्दुक देख्दा गीतकार दु:खित बनेका छन् । आतंकले विकास अवरूद्ध भएकोमा उनको हृदय भक्कानिएको छ । विनाकसुर मारिनुपर्ने सम्पूर्ण नेपाली आतंकको विरूद्धमा एकतावद्ध भइ अगाडि बढ्नु पर्ने कुरा यस गीतमा गरिएको छ । यस गीतमा अन्त्यानुप्रासको समुचित र सुन्दर संयोजन रहेको छ जसले गीतलाई गेयात्मक बनाएको छ । यो गीत लोकलयका भाकामा रहेको छ ।

### (ङ) यसपालीको दशैं

तत्कालीन अवस्थामा यस देशमा माओवादी र सरकारी द्वन्द्वका कारण जनता दोहोरो मारमा परेको र कैयौं मानिसले ज्यान गुमाउनु परेको कथा र व्यथा यस गीतमा छ । दशैंका बेला मान्यजनबाट आशीर्वाद लिईं रातो टीका र जमराका साथ उल्लास मनाउनु पर्ने बेला हत्याहिंसाको सन्त्रास व्याप्त भएको गीतकारले अनुभव गरेका छन् । गीतकारका दृष्टिमा मुलुकमा मानवता हराई मानवको बली चढिरहेकाले दशैं पींडै पींडामा छटपटाइरहेको छ । गीत सृजनाको समयमा देश रोइरहेको, शान्त देश नेपाल द्वन्द्वकै कारण फिका बनिरहेको, हर्ष

मनाउनुपर्ने चाडमा शोक व्याप्त भएको उल्लेख गीतकारले गरेका छन् । मान्छेले मान्छेको संहार गरिरहेको तत्कालीन परिवेशमा मानवताको अपहत्ते भएको उनको निचोड रहेको छ । यो गीत लोकलयका भाकामा लेखिएको छ ।

### (च) चिन्ता नगर

यस गीतमा पनि सशस्त्र द्वन्द्वले सिर्जना गरेका त्रासदी र सन्त्रासलाई चित्रण गर्न खोजिएको छ । प्रस्तुत गीतमा गीतकारले चिन्ता गर्ने कुरा भन्दा चिन्तन गर्नुपर्ने कुरामा जोड दिएका छन् । शान्तिका लागि जनतामा अलिकति पनि तातो रगत छ भने सबै जनता जुटेर युद्धपिपासुहरूलाई ठीक पार्नुपर्दछ भन्ने उनको विचार रहेको छ । शहरको अर्थात सरकारी सेनाको र जंगलको अर्थात् माओवादीको नामबाट चलाइएका गोलीले अशान्ति मच्चाइरहेको हुँदा युद्धको विरोधमा जनमत सिर्जना गर्दै अगाडि बढ्नुपर्ने बेला आएको गीतकारको धारणा छ । न्यायका निम्ति लडाई लड्न बन्दुक नचाहिने,  रगतको खोलो बगाई शान्ति नपाइने बरु एकताले सम्पूर्ण परिवर्तन हुन सक्ने गीतकारको दृष्टिकोण रहेको छ । यो गीत आधुनिक लयको भाकामा लेखिएको छ ।

### (छ) खै के दिऊँ कोसेली !

प्रस्तुत गीतमा गीतकारले मुलुकमा विद्यमान अशान्त परिवेशकै चित्रण गरेका छन् । माओवादीद्वारा प्रारम्भ गरिएको सशस्त्र युद्धका कारण मुलुकमा देखापरेको हत्याहिंसा र त्यसबाट उत्पन्न समस्याको उल्लेख यसमा भएको छ । हिंसाका कारण पति गुमाएर विधवा हुनुपरेका महिलाहरू, अभिभावक गुमाएर टुहुरा हुन पुगेका बालबच्चा, सहारा गुमाएका बाबुआमा आदिको पीडा फैलिएका बेला कसैलाई शुभकामना र खुसीका कोसेलीहरू दिन नसकेको चिन्ता यहाँ व्यक्त हुन पुगेको छ । अशान्त र त्रासद् त्यस क्षणमा गीतकारले नयाँ वर्षका सन्दर्भमा कुनै कोसेली दिने चिज नपाएको कुरा उल्लेख गरेका छन् । प्रस्तुत गीत आधुनिक लयको भाकामा लेखिएको छ ।

### (ज) नबगाऊ रगत

प्रस्तुत गीतमा पनि गीतकारले माओवादीद्वारा सिर्जित सशस्त्र युद्धका कारण सिर्जित अशान्त परिवेशको चित्रण गरिएको छ । गीतकारले देशका हरेक नागरिक आफ्नै बाबाआमा, दाजुभाइ तथा दिदीबहिनीसरह भएकाले तिनको हत्या नगर्न आग्रह गरेका छन् । दुश्मनसँग लडिरहेको बताएर खासमा अपराधीहरूको हत्या नगरी सर्वसामान्य व्यक्तिको हत्या गरिएको आरोप उनले युद्धरत पक्षलाई लगाएका छन् । रूखमा चढ्ने बाँदर पनि यदाकदा झुक्किएजस्तै हिंसाको अभियान लिएर हिँड्नेहरू पनि वास्तवमा गल्तीमा भएका हुँदा त्यसको

सुधार गरी शान्तिको बाटो अवलम्बन गर्न उनले अनुरोध गरेका छन् । मुक्तिका नाममा धेरै रगत बगिसकेको हुँदा यो आतङ्कमय अभियानको अन्त्य हुनुपर्छ भन्ने आग्रह गीतकारको रहेको छ । दुश्मनसँग युद्ध गरेको भन्दै सोझा सीधा जनताको रगतमा होली खेलिरहेको आरोप उनले लगाएका छन् । समष्टिमा उनले न्यायको युद्ध जित्नको लागि जनताको मन जित्नुपर्ने कुरामा जोड दिएका छन् । प्रस्तुत गीत लोकलयको भाकामा रहेको छ ।

### (झ) शुभकामना कसलाई दिऊँ ?

नेपालीहरूको महान् चाड बडादशैंको अवसरमा सम्पूर्ण नेपालीहरूसँग शुभकामना आदान प्रदान गर्ने बेलामा मुलुकको विद्यमान युद्धजनित परिवेशले आफू किंकर्तव्यविमूढ भएको उल्लेख यहाँ गीतकारले गरेका छन् । दशैंका बेला खानेकुराको सुगन्ध आउनु पर्नेमा बमको दुर्गन्ध आइरहेको पीडा यहाँ व्यक्त भएको छ । हाँसो र खुसी हराएको, मान्छेका शरीर क्षतविक्षत भएका, कतिले घर छाड्न बाध्य भएका, कयौं चेलीका सिन्दुर पुछिएको यस अवस्थामा शुभकामना व्यक्त गर्न नसकिरहेको गीतकारको वेदना यहाँ उल्लेख भएको छ । उनका विचारमा यहाँ युद्ध पिपासुहरूको होड चलिरहेको छ । समस्त ध्वंसवाहकहरूलाई अब लडाइँ त्याग्न उनले अनुरोध गरेका छन् । उनले निर्दोषहरू व्यर्थै ढलेका र सिंगै देश किरिया बसेजस्तो भएका बेला आफूले शुभकामना दिन नसकेको व्यथा यसमा प्रस्तुत गरेका छन् । यो गीत आधुनिक लयको भाकामा लेखिएको छ ।

### (ञ) आउनु जाति हो

प्रस्तुत गीतमा गीतकारले नयाँ वर्षलाई स्वागत गर्ने विषयमा द्विविधा रहेको विचार प्रकट गरेका छन् । माओवादी हिंसाका कारण बितेको वर्षले समाजमा शान्ति, अमनचयन स्थापना गर्न नसकेको तर यस वर्षले के कसो गर्ने हो भन्ने जिज्ञासा उनको पाइन्छ । विगतका वर्षमा मुलुकमा व्याप्त हत्याहिंसाले आफ्नो शिर निहुरिएको अनुभूति गीतकारलाई भएको छ । हत्याहिंसाले जमाना नफेरिने हुँदा अब सबै मिलेर हतियार त्यागी मान्छे मार्ने खेल बन्द गर्न उनले अनुरोध गरेका छन् । यस नयाँ वर्षले पुरानो र नयाँ समयका सन्दर्भमा भिन्नता ल्याउँछ कि ल्याउँदैन र यसले जनताको आँसु पुछ्छ पुछ्दैन भन्ने प्रश्न पनि उनले गरेका छन् । नयाँ वर्षले शान्ति ल्याओस् भन्ने कामना यस गीतमार्फत गरिएको छ । यो गीत लोकलयको भाकामा लेखिएको छ ।

### (ट) मलाई प्यारो छ

प्रस्तुत गीतमा गीतकारले आफूलाई स्वतन्त्रता प्यारो भएको उल्लेख गरेका छन् । मान्छे मार्न सके पनि उसभित्रको आस्था र विश्वास मार्न नसकिने कुरो यहाँ व्यक्त भएको

छ । राजतन्त्रले आफ्नो अवसानका अन्तिम वर्षहरूमा देखाएको निरंकुशतालाई विषय बनाइएको यस गीतमा जनताका माझ राजतन्त्र बदनाम हुन पुगेको वयान गरिएको छ । गीतकारले बारूदभन्दा जनबल ठूलो हुने कुरा गर्नुका साथै सूचना र स्वतन्त्रताको हकलाई जोडदार रूपमा उठाएका छन् । जनताको शक्तिलाई नबुझ्नेले बारूदलाई ठूलो भन्लान् वा कालो कानुन बनाएर चेतनाको गतिलाई छेक्न खोज्लान् तर विश्वव्यापी रूपमा अगि बढेको सूचनाको अधिकार खोस्न गाह्रो हुने तथ्यलाई गीतकारले उल्लेख गरेका छन् । यो गीत आधुनिक लयको ढाँचामा लेखिएको छ ।

### (ठ) मातृभूमि

प्रस्तुत गीतमा लेखकले मातृभूमिप्रतिको गहिरो अनुराग/प्रेम दर्शाएका छन् । माओवादी सशस्त्र युद्धका कारण मातृभूमिमा हाहाकार भएको उल्लेख गीतमा गरिएको छ । आखिर यस युद्धमा जो मारिए पनि नेपाल आमाकै सन्तान मारिने हुँदा आमालाई हँसाउन चाहनेले हत्याहिंसाको कामलाई रोक्नुपर्ने अनुरोध यस गीतमा गरिएको छ । आफ्ना सन्तानलाई पालनपोषण गर्न र हुर्काउन आमाले निकै ठूलो योगदान दिएकी हुन्छिन् । यस कुरालाई बिर्सेर आपसआपसमा भइरहेको लुछाचुँडीलाई रोक्न नेपाल आमाले आह्वान गरेको कुरालाई यहाँ उल्लेख गरिएको छ । यो गीत आधुनिक लयढाँचामा रहेको छ ।

### (ड) लोकगीत

प्रस्तुत गीतमा गीतकारले राजतन्त्रलाई सम्बोधन गर्दै अब यस देशमा उनीहरूको अस्तित्व जनताका निम्ति असहनीय भएको उल्लेख गरेका छन् । गीतकारले राजतन्त्रको उपस्थिति बोझ भएको तथा काँडाको घारी जस्तै पीडादायक भएकाले अब यसको अवसान हुनुपर्ने धारणा राखेका छन् । उनका विचारमा राजतन्त्रले जति धेरै शासन गर्दै जान्छ त्यतित्यति देशको गति पछाडि धकेलिँदै जान्छ । गीतकारले राजतन्त्रलाई वनमारा झारका रूपमा उल्लेख गर्दै अब यसको बैगुन जनताले नबिर्सने चेतावनी दिएका छन् । राजतन्त्रबाट अभिव्यक्त हरेक शब्दहरू घोच्ने सियोजस्ता, उनका हातहरू रक्त रञ्जित भएका एवं उनीहरूको अत्याचार भरिएको बाँधजस्तो भएको अनुभव गीतकारले गरेका छन् । यसैले ढुंगाजस्तो सारो दिल भएको राजतन्त्रको अन्त्य आइसकेको उल्लेख यसमा गरिएको छ । यो गीत लोकभाकाको ढाँचामा रहेको छ ।

### (ढ) यत्तिकै रै छ

प्रस्तुत गीतमा पनि राजतन्त्रको अवसानलाई नै विषय बनाइएको छ । गीतकारले राजतन्त्रको आयु छोटिँदै गएको कुरा व्यक्त गरेका छन् । राजतन्त्रले प्रजातन्त्रलाई मास्ने दाउ

गरे तापनि जनतामा प्रजातन्त्रलाई जोगाउने प्रतिवद्धता रहेको हुँदा राजतन्त्रको हार हुने र जनताको जित हुने विचार यहाँ प्रकट भएको छ । राजवंश धर्तीको सबभन्दा धूर्त तत्त्व रहेको, राजतन्त्र धर्तीको कलंक भएको, उसका हरेक शब्दहरू जहरजस्तै घातक भएकाले अब जनताले उसलाई निमिट्यान्न पार्ने धारणा गीतकारले व्यक्त गरेका छन् । जनताका नजरबाट अस्वीकृत भइसकेको राजतन्त्रलाई उनले किनारा लाग्न अनुरोध गरेका छन् । यो गीत लोकलयको ढाँचामा लेखिएको छ ।

### (ण) लोकगीत

प्रस्तुत गीतमा राजतन्त्रको अब अवसान हुन लागेको कुरा बताइएको छ । राजतन्त्रले नेपाली जनतालाई अन्याय, अत्याचार, शोषण दमन गरिरहेकाले उसका काला कुकृत्यहरूबाट आक्रोशित जनता एकतावद्ध हुँदै गएको र अब त्यही संगठित जनताको शक्तिले राजतन्त्रलाई सदाका लागि पाखा लगाइ छाड्ने विश्वास यहाँ गीतकारले व्यक्त गरेका छन् । जनताबाट तिरस्कृत राजतन्त्रको अन्त्यमा अब कसैले दुःखमनाउ नगर्ने कुरा पनि उनले उल्लेख गरेका छन् । जनताको नाक काटेर सुरु भएको इतिहास अब जनताको एकताबद्ध शक्तिले परास्त हुने धारणा गीतकारको देखिन्छ । यो गीत लोकलयको भाकामा लेखिएको छ ।

### (त) व्यङ्ग्य गीत

यस व्यङ्ग्य गीतमा पनि राजतन्त्र र त्यसको प्रतिनिधि पात्र ज्ञानेन्द्रमाथि व्यङ्ग्य गरिएको छ । गीतमा उल्लिखित पात्र ज्ञानेन्द्रले पहिलापहिला मूर्ति चोर्ने गरेको, राम्रा वस्तुहरू लुट्ने गरेको र पछिल्लो समयमा हतियार लिई जनताका विरुद्धमा उत्रिएकाले गाउँघरमा त्रासको वातावरण छाएको उल्लेख गरिएको छ । ज्ञानेन्द्रका निरंकुश कृत्यहरूलाई यहाँ नांगो नाचका रूपमा तुलना गरिएको छ । नचाहिने काम नगर्नका लागि अनुरोध गर्दा झन् उल्टै हतियार ताक्ने उसको स्वभावले दुःख पाएको चर्चा गीतकारले गरेका छन् । उसका कामलाई बहुलाहा मान्छेको कृत्यका रूपमा हेर्दै अब उसलाई यसै छोड्न नहुने बरु सदाका लागि उसको शासनको अन्त्य गरिदिनु पर्ने धारणा गीतकारले यहाँ प्रस्तुत गरेका छन् । यो गीत लोकलयको भाकामा लेखिएको छ ।

### (थ) लोकगीत

सयौं वर्षदेखि नेपाली जनतालाई दास बनाई आएको राजतन्त्रलाई मुख्य दुश्मनको रूपमा मूल्यांकन गर्दै अब त्यसको अन्त्यको लागि अगि बढ्न यहाँ आह्वान गरिएको छ । जनताका हकअधिकारलाई कुल्चिने राजतन्त्रको अवधि अब सकिएकाले यसको पटाक्षेप हुनु

पर्ने गीतकारको धारणा पाइन्छ । गीतकारले हुकुमी शासनको अवसानका निम्ति जनतालाई आन्दोलित हुन आग्रह गरेका छन् । यो गीत लोकलयमा रहेको छ ।

### (द) होशियार

यस गीतमा गीतकारले राजतन्त्र र त्यसको तत्कालीन प्रतिनिधिलाई टोकाहा सर्पको रूपमा चित्रण गर्दै मूर्च्छित राजतन्त्र पुन जाग्न सक्ने सम्भावनातर्फ सचेत गराएका छन् । जनआन्दोलन २०६२/०६३ पछि राजतन्त्र घाइते सर्पजस्तो भएको तर उसलाई त्यतिकै छाडे ऊ पुनः ब्युँतिएर टोक्न सक्ने होसियार गीतकारले गराएका छन् । कयौँ चेलीबेटी तथा जनतालाई दुःख दिएको राजतन्त्रले अवसर पाउनासाथ फेरि उसको अत्याचारी प्रवृत्ति दोहोऱ्याउने हुनाले अब सदाका लागि त्यसको अन्त्य गर्नुपर्ने धारणा यहाँ गीतकारले प्रस्तुत गरेका छन् । यो गीत आधुनिक गीतको लयढाँचामा लेखिएको छ ।

### (ध) सुन ठनासी

यस गीतमा देशमा व्याप्त हत्याहिंसाबाट उत्पन्न आतङ्क र यस्तो परिस्थिति ल्याउनमा जिम्मेवार तत्कालीन राजतन्त्रमाथि आरोप लगाउने काम गरिएको छ । गीतकारले महिलाहरूलाई सम्बोधन गर्दै देशको यस्तो कठिन अवस्था आउनमा अयोग्य राजा शासक हुनु हो भन्ने धारणा व्यक्त गरेका छन् । असक्षम राजाका कारण जनतामा रुवाबासी मच्चिएको, आतंकले जतासुकै त्रास फैलिएको र यस्तो अवस्थाबाट फाइदा लिन कुनै तत्व अगि सरेको विचार गीतकारले प्रस्तुत गरेका छन् । यो गीत तीजी लोकलयको ढाँचामा लेखिएको छ ।

### (न) प्रतिगमन

गीतकारका विचारमा जंगलबाट आक्रमण गर्ने माओवादी तथा सहरबजारमा बसेर तिनका विरुद्ध लड्ने सरकार पक्ष दुवैले जनतालाई दमन गरेका छन् । जनताको बलिदान पाएको सीमित प्रजातन्त्र पनि खोसेर प्रतिगमन भित्र्याइएको उनको धारणा छ । त्यसैले यस्तो जटिल अवस्थालाई पन्छाई जनताको शासन ल्याउनका लागि लेखकले जनतासँग आह्वान गरेका छन् । यो गीत आधुनिक लयको ढाँचामा लेखिको छ ।

## ५.२.३.३ जनजागरणका विषयमा आधारित गीतहरू

रामप्रसाद प्रदीपका गीतमा जनतालाई कुशासनबाट भएका विसंगतिहरूको ज्ञान दिई उनीहरूलाई यसको अन्त्यका लागि लड्न आह्वान गरिएको पाइन्छ । निरंकुश शासन व्यवस्था, सामन्ती राजतन्त्र र सामाजिक तथा आर्थिक दृष्टिले विभेदपूर्ण व्यवहारले जनताहरू

शोषित पीडित भएको गीतकारले अनुभव गरेका छन् । त्यसैले उनीहरूलाई सचेत गराई यसका विरुद्ध परिवर्तनको लडाइँ लड्न जागृत गराउने यस्ता गीतहरू 'हक चाहियो', 'आमा दिदी बैनी हो १', 'उठ जनता हो !', 'जय जनता', 'कल्ले बोलायो', 'अत्याचार हटाउन', 'जागृती गीत –जाग हे युवा)', 'संघर्ष', 'संघर्षको मैदान नछोड', 'निडर भई आऊ', 'अत्याचार हटाउन', 'हान मटेङ्ग्रा', 'लोकगीत', 'जिन्दावाद' हुन् । यी गीतहरूको विश्लेषण यस प्रकार गरिन्छ :

## (क) हक चाहियो

प्रस्तुत गीतमा गीतकारले देशको लागि उज्यालो छर्न शिक्षित बन्नुपर्ने र शिक्षित बनेर मात्र देशका लागि केही न केही गर्न सकिने कुरा व्यक्त गरेका छन् । उनले देशका लागि केही न केही गर्दै जाउँ, शिक्षित बनी उज्यालो छर्दै जाउँ भन्दै जनजागरणमा लाग्नको लागि अपिल गरेका छन् । उनले यस गीतमा छोरा र छोरी दुबै बराबरी हुन् भन्दै छोरा र छोरीमा विभेद गर्न नहुने सन्देश दिएका छन् । छोरा र छोरीमा उस्तै रातो रगत रहेको हुन्छ, दुबै बिना जगतको सृष्टि पनि चल्न सक्दैन त्यसैले छोरा र छोरीको बीचमा, महिला र पुरूषको बीचमा, धनी र गरिबको बीचमा वर्गीय समानताको खाडल हुनुहुँदैन भन्ने गीतकारको ठहर रहेको छ । साथीभाइलाई सम्बोधन गरिएको यस गीतमा सबैलाई बराबर हक चाहिने आवाज बुलन्द गरेका छन् गीतकारले । सामन्ती संरचनाले निर्माण गरेको आर्थिक, सामाजिक विषमताका कारण सिर्जित सामाजिक र आर्थिक दुरवस्थाको चित्रण गर्दै शिक्षित भएर मात्र यस्तो दुरावस्थाबाट मुक्ति पाउन सकिने भन्दै शिक्षित बन्दै सामाजिक जागरणमा लाग्नका लागि प्रेरणा दिने काम गरेका छन् । यो गीत आधुनिक लोकलयको ढाँचामा तयार पारिएको छ ।

## (ख) आमा दिदी बैनी हो १

आमा, दिदी र बैनीलाई सम्बोधन गरिएको यस गीतमा गीतकारले जनताको मुक्तिको लागि काँतर भएर हैन सुरो मन बनाएर अगाडि बढ्नुपर्ने कुरा उल्लेख गरेका छन् । जालझेल, षडयन्त्रका पर्दाहरू च्यातेर निरन्तर संघर्ष गरिरहेकै कारण २०४६ सालमा निरङ्कुश पञ्चायती कालरात्रीबाट देश मुक्त भएको अवस्थामा खुसी व्यक्त गर्दै युगौंसम्म रोए पनि अब भने हाँसेर बाँच्ने दिन आएको बताउँछन् । लोकतन्त्रमा कहीं कतैबाट फेरि पनि घात हुन सक्नेतर्फ सचेत हुँदै सबै वर्ग सबै जातिहरूलाई अझ पनि जनताका दुश्मनहरूसँगबाट ढुक्क रहन नसकिने कुरा बताउँछन् । सहिदले रगत बगाएर प्राप्त गरेको प्रजातन्त्रमा धक्का लाग्न दिनुहुँदैन भन्ने विचार उनको रहेको छ । गीतकारले एकतामा शक्ति देखेका छन् र सबैले एउटै विचार बनाएर मात्र जनताका बैरीलाई खेद्न सकिने कुरातर्फ सङ्केत गरेका छन् । मार्क्सवादी वामपन्थी विचारधारा राख्ने साहित्यकार भएको हुँदा गीतकारका गीतमा

लालझन्डाप्रतिको मोह छ, क्रान्तिकारी आस्था छ र परिवर्तनमा विश्वास छ । यो परिवर्तनका लागि आमा, दिदीबैनी, दाजुभाइ, सँगी सबै जुटेर मात्र युग हाँक्न सकिने हुँदा गुट, फुट र टुटका लागि नभएर जुटका लागि आह्वान गरिएको छ । यो गीत आधुनिक लयको ढाँचामा लेखिएको छ ।

## (ग) उठ जनता हो !

'उठ जनता हो !' 'प्रदीप'को 'बेलाको बोली'मा सङ्कलित अर्को महत्त्वपूर्ण गीत हो । यस गीतमा गीतकारले २०४६ सालको जनआन्दोलनले पञ्चायती व्यवस्था मिल्काएको भए तापनि संवैधानिक राजतन्त्र कायम रहेको हुँदा राजाको शासन पूर्ण रूपमा समाप्त नभएको र जनताले चाहेको प्रजातन्त्र अझै नआएको बताएका छन् । प्रजातन्त्र प्राप्तिपछि जनताको छोरो प्रधानमन्त्री बने पनि साँचो रूपमा जनताले प्रजातन्त्रको अनुभूति गर्न नपाएको हुँदा पुनः जनता जागरूक हुनुपर्छ भन्ने कुरा बताएका छन् । गीतकारले २०४६ सालको प्रजातन्त्रप्राप्तिको लागि आमादिदी बैनीहरूलाई जागरूक गर्ने कुरामा होस् या प्रजातन्त्र प्राप्तपछि जनताले चाहेको साँचो प्रजातन्त्र प्राप्त नभएको भन्दै पुनः जनतालाई एकपटक साँचो प्रजातन्त्रका लागि उठ्नुपर्ने कुरा बताएर होस्, प्रजातन्त्र, लोकतन्त्र, जनतन्त्रका खातिर जनतालाई जागरूक हुन प्रदीपले आग्रह गरेका छन् । उठ जनता हो १ भन्दै यस गीतमा २०४६ सालपछिको प्रजातन्त्रमा पनि जनताको खासै उत्थान नदेखिएकाले साँचो प्रजातन्त्र र जनताको मुक्तिका निम्ति सङ्घर्षको आह्वान र अपिल यसमा गरिएको छ । यो गीत आधुनिक लयमा रहेको छ ।

## (घ) जय जनता

रामप्रसाद 'प्रदीप'ले भजनका लयमा पनि गीत लेखेका छन् । 'जय जनता' शीर्षकको भजनमा जनतालाई कालिका र महेश्वरसँग तुलना गरिएको छ । यस गीतमा जनता नै भगवान् हुन्, सम्पूर्ण परिवर्तनका संवाहक हुन् भनिएको छ । जनएकतालाई उनले शक्तिको पुञ्ज मानेका छन् । वर्ग एकतामा जोड दिँदै वर्गीय मुक्तिका लागि उनले जोड दिएका छन् । यसै सन्दर्भमा परिवर्तनका संवाहक जनतालाई जनविरोधी सरकारले शक्तिको सन्त्रास देखाउँदै थिचोमिचो गरेको देखाएका छन् । निरङ्कुश शासकको थिचोमिचोलाई जनताको सङ्गठित शक्तिले परास्त गर्दै आएको कुरा यसमा अभिव्यक्त भएको छ । जनताको शासन स्थापना गर्नका लागि आफ्नो प्राण उत्सर्ग गरेका व्यक्ति र व्यक्तित्वहरूको स्मरण गर्ने सन्दर्भमा पुष्पलाल, एकदेव आले, मदन भण्डारी, जीवराज आश्रित र वि. पि.हरूको योगदानलाई स्मरण गरिएको छ । उनीहरूले देखाएको बाटो र लक्ष्यमा बलिदानी भावनाका साथ अगाडि बढेमा जनशासन स्थापना हुने कुराको उल्लेख यसमा भएको छ । जनता फुटेर होइन जुटेर

अगाडि बढेमा मात्र जनआकांक्षा पूर्ण हुने धारणा उनले व्यक्त गरेका छन् । यो गीत नेपाली लोकभजनको लयमा आधारित रहेको छ ।

### (ङ) कल्ले बोलायो

वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनपछि पनि नेपाली जनताले गास, बास, कपासका लागि उत्तिकै पीडित बन्नु परेको, प्रजातन्त्रको अनुभूति गर्न नपाइरहेकोतर्फ सङ्केत यसमा गरिएको छ । २०४६ सालको प्रजातन्त्रपछि पनि गाउँमा शोषण दमन, र जनतामा थिचोमिचो गर्ने व्यक्तिहरू नै सत्तामा हाली मुहाली गरेका प्रति गीतकारको खबरदारी छ । उनका विचारमा वास्तवमा साँच्चिकै प्रजातन्त्र, लोकतन्त्रको अनुभूति जनताले गर्न सकेका छैनन् । लोकतन्त्र र गणतन्त्रका लागि सङ्घर्ष अझै गर्नुपर्दछ भन्ने उनको धारणा रहेको छ । त्यसैले साँचो प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका लागि सङ्घर्ष गर्ने बेलामा अर्जुनदृष्टिका साथ अगाडि बढ्नुपर्ने दायाँ–बायाँ लाग्न नहुने विचार उनले प्रस्तुत गरेका छन् । किसान र श्रमिक वर्गलाई जागरुक गराउने उद्देश्यका साथ लेखिएको यस गीतमा न्यायका लागि एकताबद्ध हुँदै अगाडि बढ्नुपर्ने बेलामा कसैले घरायसी कामलाई महत्त्व दिई मेलामा जानु उपयुक्त नहुने धारणा गीतकारले व्यक्त गरेका छन् । यो गीत लोकलयको भाकामा लेखिएको छ ।

### (च) अत्याचार हटाउन

देशलाई भ्रष्टाचार मुक्त गराउन कम्मर कसेर लाग्नुपर्ने बेलामा भ्रष्टहरूकै जालोमा हराउन नहुने कुरा यस गीतमा व्यक्त गरिएको छ । भ्रष्टाचार र अत्याचार हटाउनका लागि सबै अगाडि बढ्नुपर्छ भन्ने आह्वान गीतकारले गरेका छन् । यदि हामीहरू भ्रष्टाचारीहरूकै जालोमा पर्न थाल्यौं भने त्यसको असर जनताले नै भोग्नुपर्छ भन्दै जनतालाई सचेत गराउने काम उनले गरेका छन् । देशमा विद्यमान अत्याचार हटाउनका लागि जनता जागरूक हुनुपर्ने उनको जोड रहेको छ । षडयन्त्रको जालो बुन्दै कुर्सी ओगट्नेका बंगारा झार्नुपर्ने र देशलाई लुटाहाको घेराबाट मुक्त पार्नु पर्ने विचार उनले व्यक्त गरेका छन् । यति गर्न सकियो भने मात्र अत्याचार हट्न सक्छ भन्ने निचोड उनले निकालेका छन् । यो गीत लोकलयको भाकामा लेखिएको छ ।

### (छ) जाग हे युवा

जाग हे युवा जागृति गीत हो । यसमा युवाहरूलाई राष्ट्रको उत्थानका निम्ति अगाडि बढ्नुपर्ने विचार व्यक्त गरिएको छ । देश रोइरहेको बेला युवाहरूले नै नेपाल आमाको आँसु पुछ्न सक्ने र देशलाई अधोगतितिर तान्नेहरूलाई युवाहरूले नै ठीक पार्न सक्ने धारणा यस गीतमा व्यक्त गरेका छन् । समाजमा न्याय स्थापना गर्नको लागि युवाहरू नै अगाडि बढ्न

सक्ने भन्दै प्रस्तुत गीतमार्फत गीतकारले युवाहरूलाई परिवर्तनका संवाहकका रूपमा चित्रण गरेका छन् । सबैखाले बैरीसँग युवाहरू जुध्न सक्नुपर्ने उत्साह उनले दिएका छन् । देशखाने किराहरूलाई खोजी खोजी मार्नुपर्ने उनको धारणा छ । त्यो जिम्मेवारी युवाहरूमा आएको उनको ठहर छ । मुक्ति युद्ध लड्ने बेलामा हरेस खान नहुने उनले बताएका छन् । देशमा विद्यमान विकृति र विसङ्गतिसँग जुध्न युवाहरूमा दरो आँट हुनुपर्ने विचार व्यक्त गरिएको छ । जनताका दुश्मनहरूको छातीमा टेक्दै राष्ट्र उत्थानका निम्ति अगाडि बढ्न युवाहरूलाई हौस्याउनु नै यस गीतको ध्येय रहेको छ । यो गीत आधुनिक लयको ढाँचामा लेखिएको छ ।

## (ज) संघर्ष

यस गीतमा गीतकारले राजनैतिक परिवर्तनका लागि जनतामा जनजागरण फिजाउने जमर्को गरेका छन् । उनले लोकतन्त्र र गणतन्त्र प्राप्तिको दिशामा अगाडि बढ्दा थकाई मान्न नहुने तर्क गर्दै संघर्षको अर्को नाम नै जीवन पनि हो भनेका छन् । सयौं थुंगा फुलहरूको एउटै मालाजस्तै सयौं जात जाति एकताबद्ध भई अधिकार प्राप्तिको दिशामा लाग्न उनले प्रेरित गरेका छन् । साहित्य सर्जकले जनसाहित्य सिर्जना गर्दै र शोषणमा थिचिनेहरूले शोषण मुक्तिका निम्ति आवाज उठाउँदै मैदानमा निस्कन उनले आह्वान गरेका छन् । प्रस्तुत गीतमा राजनीति गर्ने व्यक्तिहरू नेता तथा कार्यकर्ताहरूलाई देश विकास र परिवर्तनका लागि नथाकी संघर्षमा जुट्न उनले आह्वान गरेका छन् । परिवर्तनका लागि सयौं थरी फूलहरू जुटेर सुन्दर माला सृजना भएजस्तै सबै जनताहरू जुटी अगाडि बढ्ने हो भने देशको प्रगति र उन्नति हुने विश्वास व्यक्त गरिएको छ । परिवर्तनका लागि संघर्षका रूपहरू अनेक हुने र संघर्षमा कुनै बेला क्षणिक हार भए पनि दीर्घकालीन जितका लागि थकाइको महसुस नगरी अगाडि बढेमा देश, समाज र राष्ट्रकै उन्नति प्रगति हुने कुरा गीतकारले यसमा स्पष्ट पारेका छन् । यो गीत आधुनिक लयका ढाँचामा लेखिएको छ ।

## (झ) संघर्षको मैदान नछोड

अन्याय, अत्याचारमा परेको विरह व्यथा एक्लै चौतारीमा बसेर गीतमा अभिव्यक्त गर्नेहरूलाई गीतकारले यस गीतमा सम्बोधन गरेका छन् । उनले शोषित पीडितहरूको अन्तरविरोध पत्ता लगाई सङ्गठित गराउनुपर्ने इच्छा व्यक्त गरेका छन् । त्यसैले 'एक्लै पीर धोइन्न मनका बाँट्नुपर्छ सङ् साथी मिलेर' भन्दै सबैलाई उनले संघर्षको मैदान नछोड्न आह्वान गरेका छन् । मुर्चुङ्गा बजाउने हातहरू मुक्तिका निम्ति उठ्नुपर्ने, संघर्षको मैदान छोडेर जीवनमा बहार आउन नसक्ने, मुर्चुङ्गा बजाउने हात मुक्तिका निम्ति उठ्नुपर्ने भन्दै सांस्कृतिककर्मीलाई पनि संघर्षको मैदान नछोड्न अपिल गरिएको छ । यो गीत लोकलयको भाकामा लेखिएको छ ।

## (ञ) निडर भई आऊ

प्रस्तुत गीतमा श्रमजीवी श्रमिक वर्गलाई पसिनाको मूल्य खोज्नको लागि निडर भई अगाडि बढ्नुपर्ने कुरा बताइएको छ । श्रमिकहरूलाई युगौंदेखि शोषणमा पिल्सिएको र पसिनाको मूख्य खोज्दा खेदिनु परेको स्मरण गराउँदै निडर भई न्यायका निम्ति लड्नका लागि प्रण गर्न अनुरोध गरिएको छ । श्रमिक वर्गले दिनरात भोकभोकै काम गर्दा पनि हेला हुनुपरेको र सामन्ती समाजका सामन्ती संरचनाले गर्दा यस्तो हुनुपरेको उनको बुझाइ रहेको छ । त्यसैले उनले जालझेलका षडयन्त्रलाई धुजाधुजा पार्नुपर्ने उल्लेख गरेका छन् । आफ्नो अधिकार प्राप्तिका लागि लड्न पछि पर्न नहुने उल्लेख गर्दै संघर्षको आँधी बेहरी सिर्जना गर्न श्रमिक वर्गलाई आग्रह गरेका छन् । उनका विचारमा भित्रभित्रै सुसुप्त अवस्थामा रहेको विद्रोह ज्वालामुखी बनेर शोषणका विरुद्धमा खनियो भने मात्र श्रमिक वर्गको जीत हुन्छ । यो गीत आधुनिक लयको ढाँचामा लेखिएको छ ।

## (ट) अत्याचार हटाउन

देशका असल नागरिक भ्रष्टहरूको जालोमा हराउन लागेकोमा गीतकारले चिन्ता व्यक्त गरेका छन् । सबै मिलेर भ्रष्टाचार हटाउन अगि बढ्नुपर्ने उनको विचार छ । लुटाहाहरूको घेराबाट देश र समाजलाई मुक्त गराउन सकिएन भने त्यसको पीडा यही समाज र यही देशका नागरिकले बोक्नुपर्ने हुन्छ भन्ने उनको भनाइ रहेको छ । भ्रष्टहरूले अनेक किसिमका जालझेल र षडयन्त्र गरी जनतालाई शोषण गर्ने हुँदा समाजका कलङ्क मानिने भ्रष्टहरूका बंगारा झार्नैपर्ने उनको ठम्याइ रहेको छ । देशमा विद्यमान हत्या, हिंसा, बम, बारुदले लेखकलाई चिन्तित तुल्याएको छ । उनी गुराँस फुल्ने पखेरामा र स्वच्छ पानी बग्ने खोलाहरूमा बारुद गनाएको प्रति दुःखित बनेका छन् । देशलाई आज यो स्थितिमा ल्याउन जिम्मेवार को छ भन्दै जनताले त्यस्ता तत्त्वहरूलाई चिन्नुपर्ने र पाखा लगाउनुपर्ने धारणा उनले व्यक्त गरेका छन् । प्रस्तुत गीत आधुनिक लयको ढाँचामा लेखिएको छ ।

## (ठ) हान मटेङ्ग्रा

प्रस्तुत गीतमा लेखकले बहुरूपी राजसंस्थाको चरित्रप्रति व्यङ्ग्य गरेका छन् । सम्पूर्ण राजसंस्थाको अन्त्य हुनुपर्ने उनको तर्क रहेको छ । राजसंस्थालाई गीतकारले फटेङ्ग्राको संज्ञा दिएका छन् । गीत प्रतीकात्मक रहेको छ । जनता निष्क्रीय भएको बेला टाउको उठाउने र जनता सक्रियभएको बेला टाउको झुकाउने राजतन्त्रको चरित्रप्रति सचेत बन्नुपर्ने गीतकारको राय रहेको छ । उनले विशेषतः हतियारको धाक देखाउँदै सर्वसत्तावादी सोंच राख्नेहरूप्रति पनि व्यङ्ग्य गर्दै अवसरवादी चरित्रप्रति आक्रोश पोखेका छन् । अन्तरिम अवस्थामा जनता

अझ सचेत हुनुपर्छ भन्नु नै गीतको मुख्य ध्येय हो । यो गीत आधुनिक लयको ढाँचामा लेखिएको छ ।

### (ड) लोकगीत

प्रस्तुत लोकगीतमा राजतन्त्रलाई समाप्त पार्नका लागि सम्पूर्ण नेपालीलाई सतिसाल जस्तै बनी अगाडि बढ्ने प्रेरणा दिन खोजिएको छ । मुक्तिकामी जनताहरूलाई लोकतान्त्रिक संग्रामी यात्रामा अगाडि बढ्न आह्वान गरिएको छ । जनताको स्वतन्त्रता खोस्ने र शान्त वातावरणमा खलल पुऱ्याउनेलाई ठीक पार्नुपर्छ भन्नु नै गीतको मूल सार हो । उनले जनतालाई पुनः एकजुट भई संग्रामी लोकतान्त्रिक यात्रामा अगाडि बढ्नका लागि अपिल गरेका छन् । मुक्तिकामी जनताको जनलहरलाई अझ व्यापक बनाउदै लगियो र निडरताका साथ निरङ्कुश राजतन्त्रको विरोधमा लडियो भने लोकतन्त्रको दियो बल्ने कुरामा उनको विश्वास रहेको छ । प्रस्तुत गीत लोकलयको ढाँचामा लेखिएको छ ।

### (ढ) जिन्दावाद

प्रस्तुत गीतमा नाराहरूलाई गेयात्मकता दिने काम गरिएको छ । यहाँ जनतन्त्र र गणतन्त्रलाई जिन्दावाद भनिएको छ भने शाहीतन्त्र वा राजतन्त्रलाई मुर्दावाद भनिएको छ । यसमा राजतन्त्र र उसका मतियारहरूका क्रियाकलापको निन्दा र जनताले आन्दोलनमा उठाएका सम्पूर्ण मागहरूको प्रशंसा गर्दै आन्दोलनका लागि जनतालाई जागृत गर्ने काम गरिएको छ । गीत लेखनको समयमा जनताले लोकतान्त्रिक आन्दोलन चलाइरहेको र जनतालाई निरङ्कुश राजतन्त्रले दमन गरिरहेको अवस्थाको चित्रण यसमा पाइन्छ । गीतमा तत्कालीन समयमा राजतन्त्रले बर्बर आतंक मच्चाउँदै जनदमन गरिरहेको र अर्कातिर जनताहरू राजतन्त्रको समूल अन्त्यका लागि लोकतन्त्रको स्थापनार्थ आन्दोलित भएको अवस्था छ । गीतकारले लोकतान्त्रिक जुलुसमा गाउन, नाच्न र आन्दोलनकारीहरूलाई जोश जाँगर थप्नका लागि यो गीत लेखेको बुझिन्छ । यो गीत आधुनिक लयढाँचामा रहेको छ ।

## ५.२.३.४. बालजागरणका विषयमा आधारित गीतहरू

रामप्रसाद प्रदीपका गीतहरू बालोपयोगी पनि रहेका छन् । खास गरी ससाना नानीहरूलाई असल विचार र अर्तीउपदेश दिने उद्देश्यले यी गीतहरूको सिर्जना गरिएको छ । बालबालिकालाई जागृत गराउनका निम्ति गीतकारले सरल भाषामा विभिन्न उदाहरण प्रस्तुत गरेर यी गीतहरूको निर्माण गरेको देखिन्छ । बालजागरणलाई विषय बनाएर लेखिएका उनका गीतहरू भाइ-बैनीहरूलाई नयाँ खेल खेलौं, नरूवाउ हामीलाई, बालगीत शीर्षकमा रहेका छन् । ती गीतको विश्लेषण क्रमशः यसरी गर्न सकिन्छ :

### (क) भाइ–बैनीहरूलाई

'भाइ–बैनीहरूलाई' गीतमा गीतकारले सानासाना भाइबहिनीहरूलाई अर्ती र उपदेश दिने काम गरेका छन् । राम्रा काम, राम्रो बानी र राम्रो व्यवहारले देश हाँक्ने क्षमताको निर्माण हुन सक्ने विचार गीतकारको रहेको छ । ससाना भाइबहिनीहरूलाई ज्ञान दिने उद्देश्य राखेर लेखिएको यस गीतमा उनले गरिबलाई माया गर्नुपर्छ भन्ने सन्देश दिन खोजिएको देखिन्छ । यसमा बालबालिकाले सहजै बुझ्न सकिने भाषाको प्रयोग गरिएको छ भने बीच–बीचमा स्थायीको पुनरावृत्ति हुँदा गीत रोचक हुन पुगेको छ । यो गीत लोकलयको भाकामा लेखिएको छ ।

### (ख) नयाँ खेल खेलौँ

'नयाँ खेल खेलौँ' गीतमा गीतकारले बालबालिकाहरूलाई मिलीजुली बस्नुपर्ने अर्ती दिँदै चेतना र दिमागको प्रयोग गरेर अगाडि बढ्नुपर्ने विचार व्यक्त गरेका छन् । उनले सानासाना भाइबहिनीहरूलाई सानैदेखि असल चरित्र सिकाउनुपर्ने कुरा ठुला मान्छेहरूका निम्ति पनि यस गीतमा सन्देश दिएका छन् । त्यसैले बालबालिकालाई बाबाआमाको काममा सहयोग गर्ने, बिहान सबेरै उठ्ने र राम्रा बानी व्यवहार गर्दै जानुपर्ने कुरा उनले सिकाएका छन् ।

### (ग) नरूवाउ हामीलाई

यस गीतमा बाल अधिकार एवं मानव अधिकारको वकालत गरिएको छ । यो गीत २०६० सालमा लेखिएको देखिन्छ । तत्कालीन समयमा नेपालमा राज्यपक्ष र माओवादी पक्षबीच द्वन्द्व विद्यमान भएकाले बालबालिकाहरूले खेल्ने, पढ्ने ठाउँमा बिछ्याइएका बमहरूले कतिको ज्यानै गएको अवस्था रहेको थियो । त्यसैले गीतकार अत्यन्त संवेदनशील हुँदै बालअधिकारका कुराहरूलाई आफ्नो गीतको विषयवस्तु बनाउन पुगेका छन् । बालबालिका भनेका वर्तमानमा साना भए पनि भोलिका दिनमा देशका कर्णधार हुन् भन्ने उनको धारणा छ । त्यसैले उनीहरू खेल्ने, पढ्ने ठाउँमा बम, बारुद र माइनजस्ता घातक चीज बिछ्याउनु हुँदैन भन्ने उनको राय छ । उनले बालबालिका खेल्ने पढ्ने ठाउँलाई शान्ति क्षेत्र घोषणा गर्दै मान्छेले मान्छे भएर बाँच्न पाउने जन्मजात अधिकारको रक्षा गर्नुपर्ने सल्लाह दिएका छन् । सरकार र माओवादीको नाममा होस् या अरु कुनै बहानामा भएका युद्ध र द्वन्द्वमा बालबालिकाहरू साढेंको जुधाइमा बाच्छाको मिचाइ भएको अवस्थाबाट सजग बन्नुपर्ने उनको ठम्याइ रहेको छ । यस गीतमा बीच-बीचमा स्थायीको प्रयोग गरिएको छ । भाषा सरल र बालबालिकाको स्तर सुहाउँदो रहेको छ । लोकलयको ढाँचामा यो गीत गाउन सकिन्छ ।

### (घ) बालगीत

प्रस्तुत बालगीतमा नेपाली समाज द्वन्द्वमा फसेको र त्यसले निम्त्याएको सन्त्रासकै चर्चा गरिएको छ । द्वन्द्वले गर्दा विद्यालय, सार्वजनिक स्थान, खेलमैदान आदिमा जतापायो त्यतै बम पड्किने गरेको र निर्दोष बालबालिका मर्ने गरेको घटनाबाट गीतकार दु:खित देखिन्छन् । उनले मान्छे भइसकेपछि मान्छेको जस्तो चरित्र धारण गर्नुपर्ने र क्रूरता त्याग्नुपर्ने सन्देश दिएका छन् । गीतकारले समाजमा परस्पर विरोधी विचारहरू भए पनि तिनको सम्मान गर्नुपर्ने र भिन्न विचार राखेको, भिन्न सिद्धान्त बोकेको भन्दैमा निर्दोष व्यक्तिको हत्या गर्न नहुने सन्देश दिएका छन् । सर्वसाधारण व्यक्तिलाई सुराकी गरेको या कसैलाई संरक्षण दिएको भन्दै सफायाको नाममा हुने हत्याको उनले विरोध जनाएका छन् । शिक्षा क्षेत्रलाई विद्रोहीहरूको परेड खेल्ने मैदान बनाएको प्रति प्रदीपको आपत्ति रहेको छ । मर्ने मार्ने खेलले देशलाई राम्रो बाटोतर्फ डोऱ्याउन नसक्ने भन्दै बालअधिकार, मानवअधिकारका बारेमा उनले पक्षधरता प्रस्तुत गरेका छन् । यो गीत आधुनिक लयको ढाँचामा लेखिएको छ ।

### (ङ) बालगीत

मानवेतर पात्रलाई विषयवस्तु बनाएर लेखिएको यस बालगीतमा बालसुलभ रमाइलोलाई प्रस्तुत गरिएको छ । मुख्यत: बालबालिकालाई अर्ती उपदेश दिने किसिमले तयार गरिएको गीतका रूपमा यो बालगीत रहेको छ । बाल उमेरमा रमाइलो हुने र बालजीवनमा शोक सुर्ता नहुने कुराको उनले यस गीतमा स्मरण गरेका छन् । बाख्रा (मुनी)लाई अर्ती उपदेश दिएझैं गरी गीतकारले बालबालिकालाई अर्ती उपदेश दिएका छन् । यो गीत सरल शब्दहरूको संयोजन गर्दै लोकलयको ढाँचामा लेखिएको छ ।

## ५.२.३.५. नारी विषयसम्बद्ध गीतहरू

प्रदीपका नारी विषयसम्बद्ध गीतहरूमा नारीहरूका विरह, वेदना, विलौनाका साथै बिहे भएर पराइ घर जाँदाका बखतका पीडाहरू समेटिएका छन् । नारीहरूको जीवन पितृसत्तात्मक समाजमा अत्यन्त दयनीय भए पनि यसको परिवर्तनका लागि महिलाहरू अगि बढ्नुपर्ने सन्देश गीतकारले दिएका छन् । नारीलाई विषय बनाएर लेखिएका गीतहरू यस सङ्ग्रहमा छोरीको विदाइ, नरिसाउने तिमी, तीजको गीत, चेलीको गुनासो र रातो रीवन शीर्षकमा रहेका छन् । तिनको विश्लेषण यस प्रकार गरिन्छ :

### (क) छोरीको विदाइ

प्रस्तुत गीतमा मानवीय दु:ख, सुखसँग प्रकृतिले तादात्म्य सम्बन्ध राख्छ भन्ने दृष्टान्त पाइन्छ । आफ्ना बाबुआमाले छोरीलाई बिहे गरी दिएर घर पठाउँदा मनमा हुने चिन्ता यस

गीतमा सविस्तार वर्णन गरिएको छ । त्यसै दु:खमा प्रकृतिले पनि साथ दिएको देखाइएको छ । घरमा हुने बिहेको दिन सबैलाई खुसी लागे पनि छोरीको विदाइमा बाबुआमाको मन खुसी हुँदैन भन्ने कुरा देखाउनु नै गीतको उद्देश्य रहेको छ । त्यसैले छोरीको विदाइको दिन नदी नबगेको, बतास नचलेको, फूल नफुलेको, कोइलीले पनि गीत नगाएको अनुभूति गीतकारले गरेका छन् । गीतकारले फूललाई हाँस्न, पन्छीलाई नाच्न र कोइलीलाई मंगल गीत गाउन अनुरोध गर्दछन् । छोरीलाई हुर्काएर बढाएर अर्काको घरमा पठाउँदा ढुङ्गाझैं मुटु हुने पनि बताएका छन् । जति दु:ख गरी हुर्काए, बढाए पनि छोरीलाई बिहेमा दान गर्नुपर्ने र पराइ घरमा पठाउनुपर्ने बाध्यतालाई उनले बाध्यात्मक स्थितिका रूपमा चित्रण गरेका छन् । गीतकारले भर्खर विवाह बन्धनमा बाँधिएर रङ्गीन दुनियामा प्रवेश गर्दै गरेका जोडीलाई पनि मुक्तिकै बाटोमा अगाडि बढ्ने सल्लाह र सुझाव दिएका छन् । उनले समाजमा सासू र बुहारी बीचमा सुमधुर सम्बन्ध स्थापित हुनुपर्दछ भन्ने मान्यता राख्दछन् । त्यसैले छोरीलाई अर्ती दिंदै अबका दिनमा सासू नै आमा हुने र ससुरा बाबा हुने कुरा गर्दछन् । उनले विवाह गरेर घर गएपछि श्रीमान् रगतको नाता समान नजिकका मान्छे हुने कुरा पनि बताएका छन् । यो गीत झ्याउरे भाकामा रहेको छ ।

### (ख) नरिसाउने तिमी

प्रस्तुत गीतमा गीतकारले आफ्नो जीवन सङ्गिनीसँग पहिलो पटक भञ्ज्याङको चौतारीमा भेट भएको र प्रथम भेटदेखि सुरू भएको जीवन यात्रा सुमधुर बनिरहेको कुरा व्यक्त गरेका छन् । जीवन सङ्गिनीसँगको जीवनयात्रा सफल बन्नको लागि पति-पत्नी दुबैमा विश्वासको आवश्यकता पर्दछ भन्ने उनको विचार छ । दुवै दम्पतीमा विश्वासको वातावरण सिर्जना भयो भने विछोड कहिल्यै हुनु पर्दैन भन्ने उनको निचोड छ । गीतमा सङ्गिनीको प्रशंसा गरिएको छ । यो गीत आधुनिक लयढाँचामा लेखिएको छ ।

### (ग) तीजको गीत

यो गीत नेपाली हिन्दू महिलाहरूको महान् चाड तीजलाई विषय बनाएर लेखिएको छ । उनले यस गीतमा नेपाली आमा, दिदी र बहिनीहरूको पीडाप्रति सहभाव प्रस्तुत गरेका छन् । 'प्रदीप'ले यस गीतमा केवल महिलाहरूका दु:ख र पीडामात्र पोखेका छैनन् बरू उनले तीज गीतमार्फत नारी मुक्तिका आवाज घन्काएका छन् । नेपाली चेलीहरूलाई नारी अधिकारका लागि आवाज बुलन्द गर्न गीतकारले प्रेरणा दिएका छन् । अधिकार मागेर नपाइने हुँदा लडेर लिनुपर्ने उनको बुझाइ रहेको छ त्यसैले नारीहरूलाई संघर्षको मैदानमा कम्मर कसेर उत्रिन अपिल गरेका छन् । यस गीतमा संघर्षसहितको अधिकार प्राप्तिमा विश्वास गर्नुपर्ने कुरा देखाइएको छ । यो गीत तीज गीतको भाकामा लेखिएको छ ।

### (घ) चेलीको गुनासो

चेलीको गुनासो पनि तीजी गीत हो । यस गीतमा गीतकारले छोरीलाई पनि छोरासरह अंश दिनुपर्ने विचार व्यक्त गरेका छन् । गाई दान गरेजस्तो छोरी दान गरीदिने तर छोरीलाई अंश भने नदिने चलनलाई 'प्रदीप'ले जाली चलन भनेका छन् । उनले यस्तो चलनको अन्त्य गर्नुपर्ने कुरा व्यक्त गरेका छन् । वास्तवमा छोरीको आँसु पुछ्ने नै हो भने छोरालाई सरह अंश दिनु अनिवार्य छ भन्ने उनको राय रहेको छ । बाबु–आमालाई मात्र सुसूचित नगराएर सरकारलाई पनि यस विषयमा उनले चनाखो हुन भनेका छन् । राष्ट्रिय तवरबाटै यस विषयमा नीति, नियम तर्जुमा गर्नुपर्ने उनको विचार यस गीतमा अभिव्यक्त भएको छ । यो गीत तीजी लयको ढाँचामा लेखिएको छ ।

### (ङ) रातो रीवन

प्रस्तुत रातो रीवन तीज गीतमा शान्तिको चाहना व्यक्त गरिएको छ । अशान्त बनिरहेको जमाना फेर्नुपर्दछ भन्ने गीतकारको आह्वान रहेको छ । नारी हकअधिकार प्राप्तिका लागि घरमा बसेर होइन कम्मर कसेर संघर्षको मैदानमा निस्कन सक्नुपर्छ भन्दै नारीहरूलाई जागृत गराउने काम गीतकारले गरेका छन् । यो गीत पनि तीजी लयको ढाँचामा लेखिएको छ ।

## ५.२.३.६. राष्ट्रप्रेमी गीतहरू

रामप्रसादका कतिपय गीतहरूमा राष्ट्रिय भावना पाइन्छ । उनले यसखाले गीतहरूमा नेपाली प्रकृतिको सौन्दर्य, वीरताको परम्परा र नेपालीहरूको विशिष्टतालाई विषय बनाएका छन् । उनका यसखाले गीतहरू राष्ट्रगीत शीर्षकका दुई गीतमा रहेका छन् । तिनको विश्लेषण यस प्रकार गर्न सकिन्छ :

### (क) राष्ट्रगीत

'राष्ट्रगीत' राष्ट्रिय भावनाले ओतप्रोत भएको गीत हो । यस गीतमा गीतकारले नेपाली प्राकृतिक सम्पदाको गौरव प्रस्तुत गरेका छन् । उनले नेपालमा पाइने डाँफे, मयुर, लालीगुराँसले नेपाल सुशोभित रहेको चर्चा गरेका छन् । यहाँका हिम श्रृङ्खलाहरूले सबैलाई मोहित पार्ने गरेको कुरा गीतकारले उल्लेख गरेका छन् । कलकल बगिरहने झर्नाहरूले थप आकर्षण बढाएको चर्चा पनि यस गीतमा पाइन्छ । उनले हिमाल, पहाड, तराई, ताल तलैया, नदीनाला आदिले सुशोभित नेपाल प्रकृतिको फुलबारी रहेको कुरा बताएका छन् । नेपाल ऋषिमुनीहरूको तपोभूमि भएको कुरा उल्लेख गर्दै बुद्ध, भृकुटी र सीता यहीं जन्मेको र वीर बलभद्र कुँवर, गंगालाल, शुक्रराज, धर्मभक्तजस्ता वीरहरू नै हाम्रा परिचायक रहेको कुरा

बताएका छन् । महत्त्वपूर्ण कुरा नेपाल विगतदेखि नै 'चारजात छत्तीस वर्णको साझा फूलबारी हो' यहाँ साम्प्रदायिकताले प्रश्रय पाउनु हुँदैन भन्ने विचार पनि गीतमा पाइन्छ । हिमालले नेपालीहरूको गौरव बढाएको उनको कथन छ । नेपाललाई साझा फूलबारीका रूपमा चित्रित गर्दै नेपालीमा जातीय एकता हुनुपर्दछ भन्ने सन्देश दिएका छन् । नेपालीहरू नटुक्रिए झुक्नु नपर्ने उनको तर्क रहेको छ । नेपाली सम्पदाहरूको चित्रण गर्दै आफू नेपाली हुनुमा सबैले गर्व गर्नु पर्दछ भन्नु नै यस गीतको सार रहेको छ । यो गीत आधुनिक लयढाँचामा लेखिएको छ ।

### (ख) राष्ट्रगीत

यस गीतमा गीतकारले नेपाललाई स्वर्गको रूपमा कल्पना गरेका छन् । धर्तीमाथि स्वर्ग कतै छ भने नेपालमै छ भन्ने उनको बुझाइ रहेको छ । यहाँको प्राकृतिक छटाले नेपाललाई स्वर्ग समान बनाएको कुरा गीतमा पाइन्छ । अनेक जात जाति बसोबास गर्ने नेपालमा जातीय एकता रहेको कुरा उनका गीतमा पाइन्छ । नेपाल वीर र विभूतिहरूको देश भएको कुरा बताउँदै नेपालीहरूमा वीरता हुने कुराको उल्लेख गरेका छन् । नेपाललाई स्वाभिमानी देश भनेर विश्वले चिन्ने गरेको कुरा पनि यस गीतमा चर्चा गरिएको छ । प्रकृतिको खानीका रूपमा नेपाललाई चित्रित गर्दै, जातीय एकता, राष्ट्रिय भावनाको सन्देश दिनु नै यस गीतको मूल मर्म हो । अनेकता बीचको एकता, स्वाभिमानी नेपाली प्रवृत्तिकै कारण कसैले नेपाललाई हेप्ने साहस नगरे हुने गीतकारको कथन रहेको छ । यो गीत आधुनिक लयढाँचामा रहेको छ ।

## ५.२.३.७ विविध विषयका गीतहरू

रामप्रसादले माथि विश्लेषण गरिएका बुँदाबाहेकका अन्य फुटकर विषयमा पनि गीत लेखेका छन् । धार्मिक अन्धविश्वासलाई फ्याँकेर चेतना जगाउने खालका विषयलाई पनि उनले गीत बनाएका छन् । ज्ञान दिने गुरुहरूप्रति उनको सम्मानपूर्ण भाव रहेको छ । यसै गरी स्थानीय क्षेत्रको प्राकृतिक सौन्दर्यलाई पनि उनले विषय बनाएर गीत लेखेका छन् । उनका यसखाले एकादशी, गुरू, स्वार्थी मान्छे, मान्छे, आँखा र गुल्मी तम्घास शीर्षकका गीतहरूलाई विविध विषय उपशीर्षकमा राखी यसप्रकार विश्लेषण गरिन्छ :

### (क) एकादशी

'एकादशी' गीतबाट लेखकले आफ्नो लेखनको प्रारम्भ गरेका हुन् । नेपालमा परापूर्वकालदेखि नै प्रायः हिन्दू धार्मिक विश्वास रहिआएको पाइन्छ । धार्मिक विश्वासकै कारण एकादशी व्रत बस्ने परम्परा पनि परापूर्वकालदेखि नै रहिआएको छ । यस गीतमा उनले धर्मको नाममा भोकै (उपवास) बस्ने चलन राम्रो नभएको उल्लेख गरेका छन् । यसमा गीतकारले एकादशी भन्दै भोकै बसेर आत्मालाई रूवाउनु धर्म होइन बरू अरूलाई भलो हुने

काम गरेमा धर्म प्राप्त हुन सक्छ भन्ने विश्वास प्रस्तुत गरेका छन् । कल्पनाको ईश्वरका निम्ति भोकै बस्ने र आत्मामा हुने ईश्वरलाई भोकै राख्ने कुरामा उनको असहमति छ। भोकै बसेर धर्म हुन्छ र पाप काटिन्छ भन्ने कुरालाई उनले भ्रम मात्र भनेका छन्। त्यसैले निराहार उपवास बस्नु, आत्मालाई दुःख दिनु मात्र भएको उनी बताउँछन् । वास्तविक धर्म कमाउन उपकार गर्नुपर्ने उनको सन्देश रहेको छ । समाजमा पाप-धर्म, स्वर्ग-नर्कजस्ता अन्धविश्वासले जरो गाडेको र स्वर्ग भन्ने त्यस्तो कुनै ठाउँ नभएको उनको बुझाइ छ । आजसम्म कसैले ईश्वरलाई भेटेर आएको छैन भन्दै मेहनत गरे आफ्नै गाउँ र ठाउँ स्वर्ग बनाउन सकिन्छ भन्ने उनको ठहर रहेको छ । समाजमा हुने कुसंस्कार तथा कुरीतिको उनले विरोध गरेका छन् । त्यसैले मरेकालाई पिन्न पानी दिएर केही नहुने र जिउँदो छँदै सेवा गर्न सकियो भने धर्म हुने विश्वास उनको छ। यो गीत लोकलयको भाकामा लेखिएको छ।

## (ख) गुरू

यस गीतमा 'प्रदीप'ले गुरूप्रति श्रद्धाभाव व्यक्त गरेका छन् । गुरू भनेको समाजलाई सही बाटोमा डोऱ्याउने व्यक्ति हो भन्ने उनको विश्वास छ । गुरूले आफ्ना शिष्यहरूलाई निःस्वार्थ रूपमा सिर्जनशीलताको बाटोमा लगाउने हुँदा समाजमा गुरूको महत्त्व र गरिमालाई बुझ्न सक्नुपर्ने कुरा उनको गीतले बोलेको छ । गुरूको महत्त्व, गरिमा र गुणलाई बुझेमा गुरू भनेको देवता हुने र बुझ्न सकिएन भने ढुङ्गा समान हुन्छ भन्ने उनको तर्क रहेको छ । यो गीत आधुनिक भाकामा रहेको छ।

## (ग) स्वार्थी मान्छे

प्रस्तुत गीतमा गीतकारले मानिसहरू स्वार्थी बन्दै गएकोमा चिन्ता प्रकट गरेका छन् । प्रकृतिको खानी नेपाललाई सुन्दर फूलबारीको संज्ञा दिंदै नेपालीहरूले नै नेपालप्रति माया-ममता गर्न छोडेको उनको विश्लेषण छ । नेपाली माटोमा स्वार्थको जहर खन्याउनेहरूप्रति उनको असन्तोष, चिन्ता र पीडा रहेको छ। त्यसैले उनी एकान्त फूलबारीमा बसेर रुन मन लागेको कुरा चर्चा गर्दछन्। यो गीत आधुनिक लोकलयको ढाँचामा रहेको छ।

## (घ) मान्छे

यस गीतमा 'प्रदीप'ले प्रेमलाई गीतको विषयवस्तु बनाएका छन् । उनले मान्छेको बेइमानी र स्वार्थी प्रेमको चित्रण गरेका छन्। पहिला प्रेमको स्वाङ गर्ने र पछि समयक्रमसँगै रूवाउन पनि पछि नपर्ने प्रेमी प्रेमिकाहरूप्रति गीतले व्यङ्ग्य गरेको छ। प्रेम यात्रालाई पूर्णता दिन नसक्ने मान्छेले सुरूमै बाचा बाँधी हाल्न नहुने उनको विचार रहेको छ । निःस्वार्थ प्रेमको सन्देश दिनु नै यस गीतको ध्येय हो भन्न सकिन्छ। प्रेममा विछोड भयो भने मन मुटु दुख्ने र

जुन दुखाइलाई चिसो बतासले पनि शीतल गराउन नसक्ने उनको बुझाइ रहेको छ । उनले यस गीतमार्फत बेइमानहरूप्रति खबरदारी गरेका छन् । लोकलयको भाकामा रहेको यस गीतमा चार ठाउँमा स्थायीको प्रयोग गरिएको छ ।

### (ङ) आँखा

प्रस्तुत गीतमा गीतकारले आँखाको महिमागान गरेका छन् । वर्तमान अवस्थामा रहेका राम्रा चित्रहरू मूर्ति, महल र नहरहरू मात्र नभएर हामीले पढ्ने सम्पूर्ण पुस्तक रचना आँखाकै देन हुन् । त्यसैले गीतकारले आँखालाई जिन्दगी र संसारसँग तुलना गरेका छन् । यस्तो महत्वपूर्ण आँखालाई सुरक्षित राख्नुपर्छ भन्ने पनि उनको राय छ । गीतकारले यस गीतमा आँखाले नै जीवन सञ्चार गरिदिने भएको हुँदा आँखालाई जिन्दगीको सार हो भनेका छन् । यो गीत आधुनिक लयको भाकामा संरचित छ ।

### (च) गुल्मी तम्घास

गीतकारले यस गीतमा गुल्मी जिल्ला र त्यसको सदरमुकाम तम्घाससँगको साक्षात्कारलाई प्रस्तुत गरेका छन् । रेसुङ्गाको फेंदीमा तम्घास रहेको र त्यहाँ चिसो हावापानी पाइने कुरा गीतकारले बताएका छन् । पहाडी इलाकामा पर्ने भएको हुँदा चारैतिर हरियाली पहाड रहेको कुरा यहाँ स्मरण गरिएको छ । तम्घासलाई पुसमाघ महिनामा हिंउँले ढाक्ने ठाउँको रूपमा पनि यसमा चित्रण गरिएको छ । उनले तम्घास विकासमा भने पछाडि परेको र विकास हुन नसकेको उल्लेख गर्दै अरु ठाउँहरू सरह यसको विकास हुनुपर्नेमा जोड दिएका छन् । यस गीतमा गुल्मी जिल्लामा पर्ने तम्घासको प्राकृतिक सौन्दर्यको चित्रण गर्दै त्यस ठाउँको उन्नति र प्रगति हुनुपर्ने अभिव्यक्ति पाइन्छ । यो गीत आधुनिक लयढाँचामा लेखिएको छ ।

## ५.३ रामप्रसाद प्रदीपका गजलहरूको अध्ययन

रामप्रसाद 'प्रदीप'ले नाटक र गीत लेखनका साथै गजलको लेखन पनि गरेका छन् । पछिल्लो चरणमा आएर उनले गजल लेखन सुरु गरेको देखिन्छ । प्रकाशनका दृष्टिले **बेलाको बोली** गीतगजलसङ्ग्रहमा २०५३/११/१५ गते उल्लेख गरिएको गजल नै उनको प्रथम गजल हो । उनका सम्पूर्ण गजलहरू यसै सङ्ग्रहमा सङ्गृहीत छन् । यस सङ्ग्रहमा उनका जम्मा २३ वटा गजल रहेका छन् । ती गजलहरूको अध्ययन गर्न सजिलोका लागि गजल क्रम नम्बर दिएर अध्ययन गर्नु सान्दर्भिक हुन्छ । उनका गजल नं.१ देखि गजल नं. २३ सम्म रहेका गजलहरूको अध्ययन विश्लेषण क्रमशः यसप्रकार गर्न सकिन्छ :

**गजल १**

यो गजल २०५३।११।१५ गते बुटवलमा लेखेको देखिन्छ । यस गजलमा झुटा आश्वासन बाँडी सत्तामा पुग्ने र सत्तामा पुगेपछि जनता र देशप्रति अनुत्तरदायी बन्ने नेताहरूको चरित्रलाई प्रस्तुत गरी तिनीहरूलाई खबरदारी गरिएको छ । नेताहरूले सत्तामा पुग्नका लागि जनताका सामु विभिन्न वाचाहरू गर्ने गरेका तर यथार्थमा उनीहरूले सबै वाचाकसम भुलेको आरोप गीतकारले लगाएका छन् । नेताहरूले जनता सिधा भएको र जसो गरे पनि हुन्छ भन्ने प्रवृति राख्ने गरेको यथार्थ यसमा चित्रित भएको छ । त्यसैले जनताले यस्ता खाले नेताहरूलाई डहरमा ढुकेर बस्ने र समय आएपछि पाखा लगाइदिने चेतावनी प्रदीपले दिएका छन् ।

यस गजलमा जम्मा पाँच सेर रहेका छन् । हरेक सेरमा दुई दुई मिसरा गरी ५ सेरमा जम्मा १० वटा मिसराहरू छन् । यी सेरहरूका विषम पङ्क्तिका रूपमा आएका मिसराहरू मिसर-ए-उला हुन् भने सम पङ्क्तिका रूपमा आएका मिसर- ए सानी हुन् । त्यसैले यस गजलमा ५ पङ्क्ति मिसर-ए-उला र ५ पङ्क्ति मिसर ए सानी रहेको पाइन्छ । यस गजलको पहिलो सेर मतला भाग हो किनकि यस सेरको दुबै मिसरामा काफियाको प्रयोग गरिएको छ । गजलको पहिलो सेर नै गजलको परिचयात्मक सेर हो । यसैमा गजलकारले विषयवस्तुको उठान गरेका छन् । उनले पहिलो सेरलाई मूल जरो मानेर अन्य सेरहरू निर्माण गरेका छन् । यस गजलको अन्तिम सेर मकता हो उनको यो मकता सेर केही निजात्मक र आत्मपरक रूपमा आएको छ । गजलको मकता भागमा कतिपय गजलकारहरूले तखल्लुस ( आफ्नो परिचयलाई संकेत गर्ने शब्द) को प्रयोग गर्ने गरेको पाइन्छ । तर रामप्रसादले भने तखल्लुसको प्रयोग गरेको पाइँदैन ।

उनले यस गजलमा शब्दांश काफिया र पूर्णशब्द काफियाको प्रयोग गरेका छन् । उनको काफिया मध्यानुप्रास र अत्यानुप्रासका रूपमा दुई ठाउँमा प्रयोग भएको देखिन्छ । मध्यानुप्रासका रूपमा प्रयोग भएका काफियाहरूमा दुखिरहेछन्, सुकिरहेछन्, बुकी बनेछन्, पुगी सकेछन्, पूर्ती भएछन्, ढुकिरहेछन् जस्ता शब्दांश काफियाको प्रयोग गरेको देखिन्छ । यसै गरी यसमा आएका दुखी, सुकी, बुकी, पुगी, पूर्ती शब्दहरू शब्दांश काफिया हुन् । त्यसै गरी अन्त्यानुप्रासका रूपमा प्रयोग गरिएको काफियामा कहरमा, अधरमा, वगरमा, शहरमा, नजरमा, डहरमा जस्ता शब्द प्रयोग भएका छन् । अन्त्यानुप्रासका रूपमा आएका काफियामा भने सिङ्गा शब्द नै काफियाको रूपमा प्रयोग गरिएको हुँदा पूर्ण शब्द काफियाको प्रयोग गरेको देखिन्छ । त्यसैले गजलको आत्मा मानिने काफियाको सही प्रयोग भएको देखिन्छ । काफियाले लयमा समानता ल्याएका छन् । यस गजलमा रदिफको प्रयोग गरिएको छैन त्यसैले यो गैरमुरद्दफ गजल हो । यसरी यो गजल एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलको पूर्ण संरचना प्राप्त गरेको देखिन्छ । प्रदीपले यस गजलमा रदिफ र तखल्लुसको प्रयोग गरेका छैनन्

जुन गजलका लागि अनिवार्य तत्त्वका रूपमा पनि मानिँदैन । रदिफको प्रयोग नगरेको भए तापनि यो गजलको लयात्मकता र गेयात्मकतामा कमी देखिँदैन । यस गजलको प्रत्येक मिसरामा १८ अक्षरको वितरण देखिन्छ भने प्रत्येक ५, १०, १५ र १८ औं अक्षरमा अडान पाइन्छ । यस गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुत गरिएको छ । त्यसैले यो गजल मुसलसल कोटिको गजल हो ।

## गजल २

२०५४।५।३ गते बुटवलमा लेखिएको जिन्दगी शीर्षक दिइएको यस गजलमा 'प्रदीप'ले तत्कालीन अवस्थामा विद्यमान देशको द्वन्द्व र त्यसको सन्त्रासलाई उजागर गर्ने प्रयास प्रस्तुत गजलमा पाइन्छ । प्रदीपले यस गजलमा आफ्नो आस्थालाई देशमा विद्यमान द्वन्द्वले चर्काइदिएको कुरा उल्लेख गरेका छन् । सबैका नजरमा युद्धको सन्त्रास देख्दा उनी चिन्तित बनेका छन् । उनले जिन्दगीलाई छाल मात्र नभनी उर्लंदो गण्डकीसँग पनि तुलना गरेका छन् । देशमा विद्यमान द्वन्द्वका कारण सोचेका धेरै काम अपुरा र अधुरा रहेको कुरा गजलमा व्यक्त गरिएको छ । त्यसैले उनले आफूसँग त्यस्तो चाखलाग्दो कुनै खबर नभएको र जिन्दगी धिपधिपे बत्तीजस्तै बनेको निराश अभिव्यक्ति प्रस्तुत गरेका छन् ।

यस गजलमा जम्मा छ सेर रहेका छन् । हरेक सेरमा दुई दुई मिसरा गरी जम्मा १२ मिसरामा गजल संरचित भएको छ । यस गजलमा ६ पङ्क्ति मिसर-ए-उला र ६ पङ्क्ति मिसर ए सानी रहेको पाइन्छ । यस गजलको पहिलो सेर मतला भागका दुबै मिसरामा काफियाको प्रयोग गरिएको छ । यही मतला (पहिलो सेर) नै गजलको परिचयात्मक सेरका रूपमा रहेको छ । यसैमा गजलकारले विषयवस्तुको उठान गरेका छन् । उनले पहिलो सेरलाई मूल जरो मानेर अन्य सेरहरू निर्माण गरेका छन् । गजलको उठानमै उनले मनभित्रको चिन्ता र दुःखलाई विषयवस्तु बनाएका छन् । यस गजलको छैटौं अर्थात् अन्तिम सेर मकता हो । उनको यो मकता सेर केही निजात्मक र आत्मपरक रहेको छ । अन्तिम सेरमा पनि उनले जीवनमा गर्नुपर्ने धेरै कुराहरू बाँकी रहेको कुरा व्यक्त गरेका छन् । गजलको मध्यभागमा यही भाव, चिन्तन पाइन्छ । यसरी एउटै विषयवस्तुमा आधारित भएर लेखिएको हुँदा यो गजल मुसलसल कोटिको गजल हो । गजलको मकता भागमा उनले तखल्लुसको प्रयोग भने गरेका छैनन् ।

उनले यस गजलमा पूर्णशब्द काफियाको प्रयोग गरेका छन् । यस गजलको पहिलो सेर मतलाका दुवै मिसरामा काफियाको प्रयोग गरिएको छ । उनले मध्यानुप्रासका रूपमा जहर, कहर, प्रहर, समर, शहर, लहर, खबरजस्ता काफियाको प्रयोग गरेका छन् । दोस्रो, तेस्रो, चौथो, पाँचौ र छैटौं सेरको मिसरा- ए- सानीका ५ ओटै मिसरामा काफियाको प्रयोग भएको पाइन्छ । यस गजलमा मध्यानुप्रासका रूपमा पूर्ण शब्द काफियाको प्रयोग गरेका छन् ।

यसरी यस गजलमा गजलको आत्मा मानिने काफियाको सही प्रयोग भएको देखिन्छ । काफियाले लयमा समानता ल्याएको छ । यस गजलमा रदिफको प्रयोग गरिएको छ त्यसैले यो मुरद्दफ गजल हो । यसरी यो गजल एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागका सेरको पनि प्रयोग भएको हुँदा गजलको पूर्ण संरचना प्राप्त गरेको देखिन्छ । रदिफलाई पनि स्थान दिइएको प्रस्तुत गजलमा लयात्मकता र गेयात्मकता प्रशस्त पाइन्छ । यस गजलको प्रत्येक मिसरामा १४ अक्षरको वितरण देखिन्छ भने प्रत्येक ४, ८, र १४ औं अक्षरमा अडान पाइन्छ । यस गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुत गरिएको छ । त्यसैले यो गजल मुसलसल कोटिको गजल हो ।

**गजल ३**

यो गजल २०६०।०६।०२ गते बुटवलमा लेखेको देखिन्छ । यस गजलमा ‘देशभक्तिको भावना पाइन्छ । मुलुकका लागि गण्डकी र कोशीको मूलजस्तै उपयोगी बन्न चाहेको विचार यसमा प्रकट भएको छ । देशका लागि राम्रो काम गरेर फूलजस्तै प्रिय र हिमाली झर्नाको पानीले खेत सिंचेझैँ बहुउपयोगी बन्न सक्नुपर्ने आवश्यकता यसमा औंल्याइएको छ । राष्ट्रका निम्ति आवश्यक परे रगत बगाउन तयार हुनुपर्ने, देशको अस्मिता जोगाउन जे पनि गर्न तयार हुनुपर्ने, देशको अस्मितासँग खेलवाड गर्नेहरूका छाती चिर्न सक्नुपर्ने र देशमा हुने विकृतिले विक्षिप्त बन्दै धैर्यको सिमा टुट्यो भने सर्प बनेर डस्नुपर्ने धारणा यस गजलमा आएका छन् ।

यस गजलमा जम्मा ५ सेर रहेका छन् । हरेक सेरमा दुई दुई मिसरा गरी जम्मा १० मिसरामा गजल संरचित भएको छ । यस गजलमा ५ पङ्क्ति मिसर–ए–उला र ५ पङ्क्ति मिसर ए सानी रहेको पाइन्छ । यस गजलको पहिलो सेर मतला भागका दुबै मिसरामा काफियाको प्रयोग गरिएको छ । गजलको यही मतला (पहिलो सेर) नै गजलको परिचयात्मक सेरका रूपमा रहेको छ । यसैमा गजलकारले विषयवस्तुको उठान गरेका छन् । उनले पहिलो सेरलाई मूल जरो मानेर अन्य सेरहरू निर्माण गरेका छन् । यस गजलको पाँचौ अर्थात् अन्तिम सेर मकता हो । उनको यो मकता सेर केही निजात्मक र आत्मपरक रहेको छ । गजलको पहिलो सेरमा देशका लागि आवश्यक परेमा गजलकार जे गर्न पनि तयार रहने भाव अभिव्यक्त गर्दछन् । यसैगरी अन्तिम सेरमा धैर्यको सिमा टुटेमा आफू सर्प भएर समाजका कलङ्कहरूलाई डस्न पछि नपर्ने विचार अभिव्यक्त गरेका छन् । गजलको सुरू, मध्य र अन्त्य भागमा देशको हितका लागि आफू जेसुकै गर्न पछि नपर्ने भाव र चिन्तन पाइन्छ । एउटै विषयवस्तुलाई आत्मसात गरेर लेखिएको हुँदा यो गजल मुसलसल कोटिको गजल हो ।

उनले यस गजलको मतला भागमा पूर्णशब्द काफियाको प्रयोग गरेका छन् । यसपछिका अन्य मिसरा ए सानीमा भने उनको काफिया खजमजिएको देख्न सकिन्छ । जस्तै मूल, फूल, सिंचिनै, रक्त, मुटुतिर, सर्पजस्ता काफियामा ‘अ’ स्वरको मध्यानुप्रास मिलाउन

खोजेका छन् । यसरी यस गजलमा गजलको आत्मा मानिने काफियाको सहि प्रयोग गर्न गजलकार चुकेको अवस्था देखिन्छ । यस गजलमा रदिफको प्रयोग गरिएको छ त्यसैले यो मुरद्दफ गजल हो । यसरी यो गजल आफैंमा पूर्ण कविताका रूपमा प्रयुक्त सेरमा विभक्त भएको र एउटै बहरमा रचिएको, काफियाको पनि प्रयोग गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलले पूर्ण संरचना प्राप्त गरेको छ ।यस गजलमा तखल्लुसको प्रयोग भने गरेको पाइँदैन । मतला भाग र मिसरा ए सानीमा काफियापछि प्रयोग भएको रदिफले गजललाई लयात्मक र गेयात्मक बनाएको पाइन्छ । यस गजलका मिसरामा १२ अक्षरको वितरण देखिन्छ भने प्रत्येक ३, ६, ९ र १२ औं अक्षरमा अडान पाइन्छ । यस गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुत गरिएको छ त्यसैले यो गजल मुसलसल गजलको कोटिमा रहेको छ ।

## गजल ४

प्रस्तुत गजल २०६०।०६।२६ गते बुटवलमा लेखेको देखिन्छ । यस गजलमा गजलकारले आफ्नो जीवनलाई बालुवामा पोखिएको पानीसँग तुलना गरेका छन् । यहाँ उनले आफूलाई धुवाँ र आगो सकिएको खरानीसँग तुलना गर्दछन् । यस गजलको सुरूवात लाक्षणिक रूपमा भएको छ । उनले दोस्रो सेरमा आँत नै चिर्ने गरी नुनिला आँसु बगिरहेको कुरा बताउँदै आफ्नो दु:ख पोख्दा आफैलाई कसैले हरामी बनाएको चिन्ता पोख्दछन् । तेस्रो सेरमा आफ्नो गाउँको स्मरण गर्दै उनले गाउँ रोइरहेको बेला आफू रमिते मात्र बन्नु परेको यथार्थ पोखेका छन् । चौथो सेरमा जिन्दगी भए पनि जीवन नरहेको र आफू मान्छे हुनुको कहानी मात्र बनेको कुरा व्यक्त गर्दछन् । पाँचौ सेरमा गाउँ रोइरहँदा आफूलाई पनि दु:खिरहेको कुरा बताउँदै गाउँघरको दु:खाइमा आफू मलामी मात्र बन्न पुगेको कुरा स्पष्ट पारेका छन् । यसरी यस गजलको उठान चिन्ताबाट भएको छ र अन्त्य पनि चिन्ताबाट नै भएको छ । गजलका हरेक सेर एउटै विषयवस्तुमा लेखिएको हुँदा यो गजललाई मुसलसल कोटिमा राख्न सकिन्छ ।

यो गजल १० मिसरा अर्थात् ५ सेरमा संरचित भएको छ । यसमा पानी, खरानी, हरामी, प्राणी, कहानी, मलामीजस्ता आंशिक काफियाको प्रयोग गरिएको पाइन्छ । मुरद्दफ गजलका रूपमा रहेको यस गजलमा कफियापछि 'बने' शब्द रदिफका रूपमा आएको छ । मतलाका दुबै मिसरा र अन्य सेरका मिसरा ए सानीमा उनले रदिफको प्रयोग नियमानुसार गरेका छन् । रदिफको प्रयोगले गजललाई सुन्दर र लयात्मक बनाएको देखिन्छ । एउटै बहरमा रचिएको, काफियाको प्रयोग गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलले पूर्ण संरचना प्राप्त गरेको छ । प्रस्तुत गजलमा प्रत्येक मिसराका ४,८ र १२ औं शब्दका अन्त्यमा अडान रहेको देखिन्छ । उनले यस गजलमा तखल्लुसको प्रयोग गरेका छैनन् । मध्यानुप्रासका रूपमा प्रयोग गरिएको शब्दांश काफिया र मतला भाग

र मिसरा ए सानीका अन्त्यमा प्रयोग गरिएको रदिफले गजललाई थप आकर्षक र गेयात्मक बनाएको छ ।

## गजल ५

२०६०।१०।२९ गतेका दिन बुटवलमा लेखिएको यस गजलमा ठूलाबडा भनाउँदाहरूले विभिन्न किसिमका अपराध गरिरहेको कुरा देखाउँदै अपराधीहरूलाई उनीहरूले गरेका कुकृत्यहरू नै जहर सावित हुने चेतावनी दिइएको छ । उनले गजलको सुरूवात गर्दै मपाईत्वको आडमा बाँच्नेहरूको विनासपछि सुनौलो प्रहर हुने कुरा पनि गरेका छन् । औंसीपछि पूर्णिमा आएझैं, दु:खपछि सुख अवश्य हुने विश्वास यहाँ प्रकट भएको छ । दोस्रो सेरमा औंसीको रात जस्तै जीवन अँध्यारो मात्र नहुने र जुनेली प्रभासँगै उज्यालो हुने आशावादीता पाइन्छ । यो सेर लाक्षणिक एवं प्रतीकात्मक रहेको छ । औंसीको रात दु:खको र जुनेली प्रभा सुख र शान्तिको प्रतीकको रूपमा प्रयोग भएका छन् । तेस्रो सेरमा आफूलाई परिवर्तनमा विश्वास रहेको यसैमा आशावादी भएको कुरा बताउँदै परिवर्तनलाई जति रोक्न, ढाक्न खोजे पनि अवश्यम्भावी हुने विश्वास व्यक्त गरिएको छ । चौथो सेरमा समाजमा अपराधीहरू रहेका र ती अपराधीहरूको अपराध दिनदिनै बढ्दै गएको हुँदा उनीहरूले गरेका अपराध नै पछि जहर सावित हुने ठोकुवा उनले गरेका छन् । मकता सेरमा उनले आफू अपराधीहरूसँग हात नजोड्ने कुरा गर्दै अपराधीहरूलाई पछि सबैले एक्ल्याउने धारणा व्यक्त गर्दछन् । त्यसैले प्रस्तुत गजलमा 'प्रदीप'ले समाजमा आफूलाई सद्दे देखाउने तर आफ्ना कुकृत्यहरूलाई ढाकछोप गरी अपराध गरिरहने व्यक्तिहरूलाई खबरदारी गर्दै अपराध गर्न नहुने,अपराध गरेमा त्यो अन्तत: आफ्नै लागि जहरसमान हुने सन्देश दिएका छन् ।

यस गजलमा जम्मा पाँच सेर रहेका छन् । हरेक सेरमा दुई दुई मिसरा गरी ५ सेरमा जम्मा १० वटा मिसराहरू छन् । यी सेरहरूका विषम पङ्क्तिका रूपमा आएका मिसराहरू मिसर-ए-उला हुन् भने सम पङ्क्तिका रूपमा आएका मिसर- ए सानी हुन् । त्यसैले यस गजलमा ५ पङ्क्ति मिसर-ए-उला र ५ पङ्क्ति मिसर ए सानी रहेको पाइन्छ । यस गजलको पहिलो सेर मतला भाग हो किनकि यस सेरको दुवै मिसरामा काफियाको प्रयोग गरिएको छ । गजलको पहिलो सेर नै गजलको परिचयात्मक सेर हो । यसैमा गजलकारले विषयवस्तुको उठान गरेका छन् । उनले पहिलो सेरलाई आधार मानेर अन्य सेरहरू निर्माण गरेका छन् । यस गजलको अन्तिम सेर मकता हो उनको यो मकता सेर केही निजात्मक र आत्मपरक रूपमा आएको पाइन्छ । गजलको मकता भागमा उनले तखल्लुसको प्रयोग गरेको पाइदैन । उनले यस गजलमा पूर्णशब्द काफियाको प्रयोग गरेका छन् । उनको काफिया मध्यानुप्रास रूपमा प्रयोग भएको देखिन्छ । मध्यानुप्रासका रूपमा प्रयोग भएका काफियाहरूमा प्रहर, शहर, कहर, नजर, जहर, खबरजस्ता पूर्णशब्द काफिया रहेका छन् । यस गजलमा

गजलको आत्मा मानिने काफियाको सहि प्रयोग भएको देखिन्छ । काफियाले लयमा समानता ल्याएका छन् । यस गजलमा 'हुन्छ–हुन्छ', 'रून्छ–रून्छ', 'धुन्छ,धुन्छ', 'खुल्छ,खुल्छ' आदि शब्दलाई रदिफका रूपमा प्रयोग गर्न खोजिएको देखिन्छ यद्यपि ती शब्दहरू कम रदिफ र बढी काफिया हुन पुगेका छन् । किनकि मतला सेरमा दुवै मिसरामा र अन्य सेरमा मिसर ए सानीमा काफियापछि दोहोरिने उही शब्दलाई रदिफ भनिने हुँदा यसमा रदिफको स्थानमा प्रयोग भएका शब्दहरू पनि काफिया बन्न पुगेका छन् । यसरी हेर्दा यस गजलमा काफिया प्रयोग हुने सबै मिसरामा दुई दुई काफियाको संयोजन गरेको पाइन्छ । यो गजल आफैंमा पूर्ण कविताका रूपमा प्रयुक्त सेरमा विभक्त भएको र एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा यसले गजलको पूर्ण संरचना प्राप्त गरेको देखिन्छ । प्रदीपले यस गजलमा रदिफ र तखल्लुसको प्रयोग गरेका छैनन् जुन गजलका लागि अनिवार्य तत्वका रूपमा पनि मानिदैन । रदिफको प्रयोग नगरेको भए तापनि यो गजलको लयात्मकता र गेयात्मकतामा कमी देखिंदैन । यस गजलको प्रत्येक मिसरामा १२ अक्षरको वितरण देखिन्छ भने प्रत्येक ६, ३ र ४ औं अक्षरमा अडान पाइन्छ । यस गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुत गरिएको छ । त्यसैले यो गजल मुसलसल कोटिको गजल हो ।

## गजल ६

यो गजल २०६०।१२।२१ गते लेखिएको प्रस्तुत गजलको मतला सेरमा हैकम र हुकुम विरूद्धको आन्दोलन कोशी र गण्डकी झैं उर्लिएको उल्लेख गरिएको छ । दोस्रो सेरले बन्दुकको विरूद्धमा भएको आन्दोलन संयुक्त रूपमा भएको र सबैले आन्दोलनको समर्थनमा बलिया मुठी कसेर अगाडि बढेको बताइएको छ । तेस्रो सेरमा अधिकार खोसिएका सम्पूर्ण नागरिकहरू टाउकोमा कफन बाँधेर अधिकार प्राप्तिका लागि संघर्ष गर्न सडकमा उत्रिएको उल्लेख गरिएको छ । चौथो सेरमा राष्ट्र कुनै पनि व्यक्तिको पारिवारिक वपौती नभएको चर्चा गर्दै यस्तै सोंचका विरूद्धमा आन्दोलन चर्किरहको बताइएको छ । पाचौं सेरमा प्रतिगमन बढार्नका लागि जनलहर आँधी र हुरी बनेर आन्दोलनमा होमिएको विचार व्यक्त गरिएको छ । यसरी जनआन्दोलनको समर्थनमा र जनविरोधी सरकारको विरूद्धमा लेखिएको यस गजलका प्रत्येक सेरमा एकै किसिमको विषयवस्तुको प्रयोग भएको पाइन्छ । त्यसैले यो गजल मुसलसल कोटिको गजल हो ।

यस गजलमा जम्मा पाँच सेर रहेका छन् । हरेक सेरमा दुईदुई मिसरा गरी ५ सेरमा जम्मा १० वटा मिसराहरू छन् । यी सेरहरूका विषम पङ्क्तिका रूपमा आएका मिसराहरू मिसर–ए–उला हुन् भने सम पङ्क्तिका रूपमा आएका मिसर– ए सानी हुन् । त्यसैले यस गजलमा ५ पङ्क्ति मिसर–ए–उला र ५ पङ्क्ति मिसर ए सानी रहेको पाइन्छ । यस

गजलको पहिलो सेर मतला भाग हो किनकि यस सेरको दुबै मिसरामा काफियाको प्रयोग गरिएको छ । गजलको पहिलो सेर नै गजलको परिचयात्मक सेर हो । यसैमा गजलकारले विषयवस्तुको उठान गरेका छन् । उनले पहिलो सेरलाई मूल जरो मानेर अन्य सेरहरू निर्माण गरेका छन् । यस गजलको अन्तिम सेर मकता हो उनको यो मकता सेर केही निजात्मक र आत्मपरक रूपमा आएको पाइन्छ । गजलको मकता भागमा उनले तखल्लुसको प्रयोग गरेका छैनन् । उनले यस गजलमा शब्दांश काफिया र पूर्णशब्द काफियाको प्रयोग गरेका छन् । उनको काफिया मध्यानुप्रासका रूपमा प्रयोग भएको देखिन्छ । मध्यानुप्रासका रूपमा प्रयोग भएका काफियाहरूमा हुर्क्यो, उर्ल्यो, उठ्यो, उत्र्यो, चर्क्यो, वर्स्योजस्ता शब्दांश काफियाको प्रयोग गरेको देखिन्छ । त्यसैले गजलको आत्मा मानिने काफियामा 'ओ' स्वर ध्वनिको आवृत्तिको सहि प्रयोग भएको देखिन्छ । काफियाले लयमा समानता ल्याएका छन् । यस गजलमा 'यो आन्दोलन' रदिफको प्रयोग गरिएको छ । त्यसैले यो मुरद्दफ गजल हो । यसरी यो गजल आफैंमा पूर्ण कविताका रूपमा प्रयुक्त सेरमा विभक्त भएको र एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलको पूर्ण संरचना प्राप्त गरेको देखिन्छ । प्रदीपले यस गजलमा तखल्लुसको प्रयोग गरेका छैनन् जुन गजलको लागि अनिवार्य तत्वका रूपमा पनि मानिदैन । आकर्षक रदिफको प्रयोगले गजलको लयात्मकता र गेयात्मकतामा राम्रो भूमिका खेलेको पाइन्छ । यस गजलको प्रत्येक मिसरामा १४ अक्षरको वितरण देखिन्छ भने प्रत्येक ७ औं र १४ औं अक्षरमा अडान पाइन्छ । प्रत्येक मिसरामा प्रयोग भएको समान अक्षरको वितरणले गजललाई थप आकर्षक बनाएको छ ।

**गजल ७**

यो गजल २०६१।१२।३१ गते बुटवलमा लेखिएको देखिन्छ । यो गजल नयाँ वर्षका सन्दर्भमा लेखिएको छ । गजलको पहिलो सेरमा नयाँ वर्ष काँडा नभई फूल बनेर आउनुपर्ने र आँधीले पनि नभाँच्चिने पुलजस्तै बनेर आउनुपर्ने विचार व्यक्त गरिएको छ । दोस्रो सेरमा वितेका वर्षहरूमा जनताको लागि आँसु मात्र उपहार प्राप्त भएको हुँदा आगामी नयाँ वर्ष त्यो आँसु पुछ्ने गरी आउनुपर्ने शुभेच्छा राखिएको छ । पहाड, हिमाल तथा तराई सबैतिरबाट नयाँ वर्षलाई राम्रो वर्षका रूपमा हेर्न चाहेको कुरा तेस्रो सेरमा व्यक्त गरिएको छ ।

यस गजलमा जम्मा सात सेर रहेका छन् । हरेक सेरमा दुईदुई मिसरा गरी ७ सेरमा जम्मा १४ वटा मिसराहरू छन् । यी सेरहरूका विषम पङ्क्तिका रूपमा मिसर-ए-उला र सम पङ्क्तिका रूपमा मिसर- ए सानी रहेको पाइन्छ । त्यसैले यस गजलमा ७ पङ्क्ति मिसर-ए-उला र ७ पङ्क्ति मिसर ए सानी रहेका छन् । यस गजलको पहिलो सेर मतला भाग हो किनकि यस सेरको दुबै मिसरामा काफियाको प्रयोग गरिएको छ । गजलको पहिलो

सेर नै गजलको परिचयात्मक सेर हो । यसैमा गजलकारले विषयवस्तुको उठान गरेका छन् । उनले पहिलो सेरलाई मूल जरो मानेर अन्य सेरहरू निर्माण गरेका छन् । यस गजलको अन्तिम सेर मकता हो उनको यो मकता सेर केही निजात्मक र आत्मपरक रूपमा आएको पाइन्छ । गजलको मकता भागमा तखल्लुसको प्रयोग गरेको भने पाइँदैन ।

यस गजलमा पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । काफिया मध्यानुप्रासका रूपमा प्रत्येक मिसराको एक ठाउँमा प्रयोग भएको देखिन्छ । मध्यानुप्रासका रूपमा प्रयोग भएका काफियाहरूमा फूल, पुल, हुल, मूल, झूल, शूल, कूल, तूलजस्ता पूर्णशब्द काफियाको प्रयोग गरेको देखिन्छ । गजलकारले यस गजलमा गजलको आत्मा मानिने काफियाको सही प्रयोग गरेका छन् । काफियाले लयमा समानता ल्याएका छन् । यस गजलमा 'बन्नुपर्छ' लाई रदिफका रूपमा प्रयोग गरिएको छ । रदिफको समेत प्रयोग गरिएको हुँदा यो गजल मुरद्दफ गजल हो । प्रस्तुत गजल आफैंमा पूर्ण कविताका रूपमा प्रयुक्त सेरमा विभक्त भएको र एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलको पूर्ण संरचना प्राप्त गरेको देखिन्छ । उनले यस गजलमा तखल्लुसको प्रयोग भने गरेका छैनन् जुन गजलका लागि अनिवार्य तत्वका रूपमा पनि मानिदैन । रदिफको प्रयोग गरिएको हुँदा यो गजल लयात्मक र गेयात्मक बन्न पुगेको छ । यस गजलको प्रत्येक मिसरामा १४ अक्षरको वितरण देखिन्छ भने प्रत्येक ४, ४, ६ अक्षरमा अडान पाइन्छ । यस गजलका समग्र सेरहरूमा एउटै विषयवस्तु प्रस्तुत गरिएको छ । त्यसैले यो गजल मुसलसल शैलीमा लेखिएको छ ।

## गजल ८

२०६२।०१।१५ गते लेखिएको यस गजलको मतला भागमा गजलको विषयवस्तु उठान गर्दै एउटा प्रश्न जटिल बन्दै गएको र त्यो जटिल बन्दै गएको प्रश्नको फैसला गर्नका लागि सबैलाई अपिल गरिएको छ । दोस्रो सेरमा कानुनलाई हातमा लिने र कानुनलाई लत्याउनेहरूको मुर्खताका कारण कानुनी राज्य र न्यायको प्रश्न जटिल बनेको कुरा खुलस्त पारिएको छ । तेस्रो सेरमा हैकम र हुकुमले न्यायलाई धरापमा पारेको कुरा नबुझेजस्तो गर्न नहुने कुरा राखिएको छ । चौथो सेरमा कानुनी राज्यको स्थापनाका लागि हैकम र हुकुम विरूद्ध दह्रो अडान राख्दै आँट र विश्वासका साथ अगाडि बढ्नुपर्ने तर्क सारिएको छ र यसका लागि जनता फुटेर होइन जुटेर लाग्नुपर्ने विचार व्यक्त गरिएको छ । उनले जनताको शक्तिमा तागत रहने कुरामा विश्वास लिएका छन् । उनले राजतन्त्रलाई विष्णु औतार नामी भन्दै राजालाई विष्णुको औतार मान्ने प्रचलनतर्फ संकेत गर्दै त्यो विष्णु अवताररूपी राजा, राजतन्त्र सैनी घाउ (एक प्रकारको पिलो) को रूपमा रहेको र जनतालाई दुःख दिइरहेको हुँदा

देशमा राजतन्त्र जटिल प्रश्न रहेको र त्यसलाई सबै जनता मिलेर फ्याँक्नुपर्ने कुरा व्यक्त गरेका छन् ।

यस गजलमा जम्मा पाँच सेर रहेका छन् । हरेक सेरमा दुईदुई मिसरा गरी ५ सेरमा जम्मा १० वटा मिसराहरू छन् । यी सेरहरूका विसम पङ्क्तिका रूपमा आएका मिसराहरू मिसर-ए-उला हुन् भने सम पङ्क्तिका रूपमा आएका मिसर- ए सानी हुन् । त्यसैले यस गजलमा ५ पङ्क्ति मिसर-ए-उला र ५ पङ्क्ति मिसर ए सानी रहेको पाइन्छ । यस गजलको पहिलो सेर मतला भाग हो किनकि यस सेरको दुबै मिसरामा काफियाको प्रयोग गरिएको छ । गजलको पहिलो सेर नै गजलको परिचयात्मक सेर हो । यसैमा गजलकारले विषयवस्तुको उठान गरेका छन् । उनले पहिलो सेरलाई मूल जरो मानेर अन्य सेरहरू निर्माण गरेका छन् । यस गजलको अन्तिम सेर मकता हो उनको यो मकता सेर केही निजात्मक र आत्मपरक रूपमा आएको पाइन्छ । गजलको मकता भागमा उनले तखल्लुसको प्रयोग गरेको भने पाइदैन ।

यस गजलमा पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । काफिया मध्यानुप्रास रूपमा प्रयोग भएको देखिन्छ । मध्यानुप्रासका रूपमा प्रयोग भएका काफियाहरूमा बनेको र परेकोजस्ता पूर्णशब्द काफिया रहेका छन् । काफियाको पुनरावृत्ति हुनु गजलका लागि त्यति राम्रो मानिदैन तर प्रदीपले यस गजलमा 'बनेको' काफियालाई ५ ठाउँमा दोहोऱ्याएर काफिया प्रयोगमा चुकेको देखिन्छ । काफियाले लयमा समानता ल्याएका छन् । यस गजलमा उनले ' जटिल' शब्दलाई रदिफका रूपमा प्रयोग गरेका छन् । उनको प्रथम मतला सेरका मिसरा ए उला र मिसरा ए सानीमा भने उनले रदिफका रूपमा एउटै शब्दलाई नदोहोऱ्याएर फरक फरक शब्द (जटिल र अपिल)लाई राखेका छन् । यद्यपि यो प्रयोग सैद्धान्तिक रूपमा सही नै मानिन्छ । उनले दुवै सेरका मिसराका अन्त्यमा 'जटिल', 'अपिल', नराखेर 'जटिल' शब्दलाई मात्र राख्दथे भने यो रदिफ अझ सान्दर्भिक देखिन्थ्यो । यद्यपि एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा यसले गजलको पूर्ण संरचना प्राप्त गरेको देखिन्छ । रदिफको प्रयोगले यो गजल लयात्मक र गेयात्मक बन्न पुगेको छ । यस गजलको प्रत्येक मिसरामा १४ अक्षरको समान वितरण देखिन्छ भने प्रत्येक ४, ३ र ४, ३ अक्षरमा अडान पाइन्छ । यस गजलका प्रत्येक मिसरामा समान अक्षरको वितरणलाई गजलकारले जोड दिएका छन् । यस गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुत गरिएको छ । त्यसैले यो गजल मुसलसल गजलको कोटिमा रहेको छ ।

## गजल ९

यो गजल २०६२।०३।०८ गते बुटवलमा लेखिएको बुझिन्छ । प्रस्तुत गजलमा खुनी र अपराधीहरूले शक्ति र आतङ्कको भरमा केही क्षणलाई सुख प्राप्त गर्न सके पनि दीर्घकालसम्म उनीहरूको जीवनमा उज्यालो रहिनरहने तर्क प्रस्तुत गरेका छन् । खुनमा टेकेर उद्देश्य र लक्ष्य प्राप्त गरें भन्नेहरूको मात चढिरहेको कुरा दोस्रो सेरबाट प्रष्ट भएको छ । तेस्रो सेरमा मुढालाई झिंजाले नै जलाउने तर्क गर्दै समाजमा रहेका मातिएका अपराधीहरूलाई पनि गरिब दुःखी गाउँले जनताले नै तह लगाउने विश्वास व्यक्त गरेका छन् । चौथो सेरमा जनलहर उठ्यो भने जस्तै खुनी अपराधीका पनि खुट्टा भाँच्न सकिन्छ भन्दै जनसागरलाई रोक्ने तागत कुनै पनि शक्तिमा नहुने ठोकुवा गर्दछन् । मकता सेरमा उनले जसरी साँढेले जताततै दौडिन र दाईं लगाउन खोज्दा किलादेखि नै दाम्लो टुट्न पुग्दछ त्यसैगरी समाजमा रहेका अपराधीहरूले पनि जताततै दाईं लगाउन खोजिरहेको हुँदा उनीहरूको पनि साँढेको जस्तो हविगत हुने कुरामा ठोकुवा गरेको देखिन्छ ।

यस गजलमा जम्मा पाँच सेर रहेका छन् । हरेक सेरमा दुईदुई मिसरा गरी ५ सेरमा जम्मा १० वटा मिसराहरू छन् । यी सेरहरूका विसम पङ्क्तिका रूपमा आएका मिसराहरू मिसर-ए-उला हुन् भने सम पङ्क्तिका रूपमा आएका मिसर- ए सानी हुन् । यस गजलमा ५ पङ्क्ति मिसर-ए-उला र ५ पङ्क्ति मिसर ए सानी रहेको पाइन्छ । यस गजलको पहिलो सेर मतला भाग हो किनकि यस सेरको दुबै मिसरामा काफियाको प्रयोग गरिएको छ । यही गजलको पहिलो सेर नै गजलको परिचयात्मक सेर हो । यसैमा गजलकारले विषयवस्तुको उठान गरेका छन् । उनले पहिलो सेरलाई मूल जरो मानेर अन्य सेरहरू निर्माण गरेका छन् । यस गजलको अन्तिम सेर मकता हो उनको यो मकता सेर केही निजात्मक र आत्मपरक रूपमा आएको पाइन्छ । गजलको मकता भागमा उनले तखल्लुसको प्रयोग गरेका छैनन् ।

उनले यस गजलमा पूर्णशब्द र शब्दांश काफियाको प्रयोग गरेका छन् । उनको काफिया मध्यानुप्रास रूपमा प्रयोग भएको देखिन्छ । मध्यानुप्रासका रूपमा प्रयोग भएका काफियाका रूपमा प्रभात, रात, मात, घात, लात र किलैबाट जस्ता शब्द रहेका छन् । काफियाले लयमा समानता ल्याएका छन् । यस गजलमा उनले 'उनको' शब्दलाई रदिफका रूपमा प्रयोग गरेका छन् । रदिफको प्रयोग गरिएको हुँदा यस गजललाई मुरद्दफ गजलका रूपमा लिन सकिन्छ । यो गजल आफैंमा पूर्ण कविताका रूपमा प्रयुक्त सेरमा विभक्त भएको र एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलले गजलाकार प्राप्त गरेको देखिन्छ । रदिफको प्रयोगले यो गजल लयात्मक र गेयात्मक बन्न पुगेको छ । यस गजलको प्रत्येक मिसरामा १२ अक्षरको समान वितरण देखिन्छ भने प्रत्येक ३, ६, ९ र १२ अक्षरमा अडान पाइन्छ । यस गजलका प्रत्येक मिसरामा समान अक्षरको वितरणलाई गजलकारले जोड दिएका छन् । यस गजलका

समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुत गरिएको छ । त्यसैले यो गजल मुसलसल कोटिको गजल हो ।

**गजल १०**

मिति २०६२।०३।२८ गते बुटवलमा लेखिएको यस गजलमा गजलकारले भानुभक्त आचार्यको देनको स्मरण गरेका छन् । उनले भाषिक एकीकरणका लागि भानुको योगदान महत्त्वपूर्ण रहको कुरा व्यक्त गरेका छन् । भानुभक्त आचार्यकै देनबाट नेपाली भाषा आजको स्थितिमा आउन सफल भएको हो । कुनै न कुनै राम्रो काम गरेर आफू अजर अमर हुनुपर्छ भन्ने विचार लिने भानुको देशमा आज विकृतिले गर्दा अन्धकारमय भएको तर्फ सचेत गराउँदै भानुबाट हामीहरूले राम्रो पाठ सिक्नुपर्ने सन्देश यसमा पाइन्छ । भानुले गोठाला र घाँसीजस्ता गरिबबाट पाठ सिकेर अजर अमर हुने काम गरेको देशमा आज तमाम गोठाला र घाँसीहरू हेपिइरहेको कुरा पनि बताइएको छ । गरिब र दुःखीहरूलाई माया गर्दै उनीहरूबाट पाठ सिकेर भए पनि कुनै न कुनै राम्रो काम गर्नु पर्दछ जसरी भानुले घाँसीकै प्रेरणाबाट नेपाली भाषामा रामायण लेखे र आफू अजर अमर भए भन्नु नै यस गजलको सार हो ।

प्रस्तुत गजल ५ सेरका १० मिसरामा संरचित रहेको छ । यस गजलमा चुल्हो, कुलो, फूलो, ठूलो, दियो र थालेजस्ता काफियाहरूको प्रयोग गरिएको छ । कतै पूर्ण शब्द काफिया र कतै शब्दांश काफियाको प्रयोग गरिएको गजलमा कतै भने काफियाले आफ्नो पहिचान छोडेको देखिन्छ । उनले यस गजलमा प्रयोग गरेका चुल्हो, कुलो, फूलो, ठूलो, दियो जस्ता काफियामा 'ओ' स्वरवर्णको उच्चारण पाइन्छ भने मकता सेरमा प्रयोग भएको 'थाले' शब्दमा 'ए' स्वरवर्णको उच्चारण पाइन्छ । यसरी यस गजलमा काफिया प्रयोगमा केही हदसम्म चुकेको देखिन्छ । फेरि यसै गजलका मतला र अन्य सेरका मिसरामा प्रयोग भएका बाले, हाले, हाले, चाले, बाले र थालेजस्ता शब्दलाई काफियाका रूपमा प्रयोग गरेका हुन् भने पनि बाले र हाले काफिया दुई पटकसम्म दोहोरिएको देखिन्छ । यस्तो काफिया दोहोरिएको स्थितिलाई काफिया प्रयोगका दृष्टिले त्यति राम्रो मान्न सकिंदैन । यस गजलमा मतलाका दुई मिसरा र अन्य सेरका मिसर ए सानीमा 'भानुले' शब्द दोहोरिएको छ । यो दोहोरिएको शब्द 'भानुले' रदिफ हो । यस गजलमा रदिफको पनि प्रयोग भएको हुँदा यो मुरद्दफ गजल हो । यस गजलका प्रत्येक सेर भानुसँग सम्बन्धित रहेको हुँदा अर्थात् एउटै विषयवस्तुमा गजल केन्द्रित रहेको पाइने भएकाले यो गजल मुसलसल कोटिको गजल हो ।

**गजल ११**

प्रस्तुत गजल २०६२।०४।०१ गते बुटवलमा लेखिएको हो । यस गजलमा आफ्नो जीवनयात्राको पुनःस्मरण गरिएको छ । २०६२ श्रावण १ का दिन गजलकार उनन्साठी वर्षमा

प्रवेश गर्दाको अवस्थामा लेखिएको प्रस्तुत गजलमा उनले जीवनलाई सङ्घर्ष भन्दै सङ्घर्षपूर्ण तरिकाले जीवन बिताएको बताएका छन् । समाज रूपान्तरणका लागि अगाडि बढ्ने प्रदीपका कतिपय चाहनाहरू अपुरा नै छन् भन्ने कुरा उनका कतिपय सेरबाट बुझ्न सकिन्छ । समाज भित्रभित्र बिग्रिदैं गएको र धमिरारूपी व्यक्तिहरूले समाजलाई अस्तव्यस्त बनाएको विश्लेषण गजलमा रहेको देखिन्छ । आफ्नो उमेरको उत्तरार्धमा आएर आफूले लिएको समाज परिवर्तनको चाहना अपुरो नै हुने हो कि भन्ने उनलाई चिन्ता लागेको छ । त्यसैले उनले सो जिम्मेवारीलाई युवावर्गले पूरा गर्नु पर्छ भन्दै युवावर्गलाई पुकार गरेका छन् ।

यस गजलमा जम्मा ६ सेर रहेका छन् । हरेक सेरमा दुई दुई मिसरा गरी ६ सेरमा जम्मा १२ वटा मिसराहरू छन् । यी सेरहरूका विषम पङ्क्तिका रूपमा मिसर-ए-उला र सम पङ्क्तिका रूपमा मिसर- ए सानी रहेका छन् । त्यसैले यस गजलमा ६ पङ्क्ति मिसर-ए-उला र ६ पङ्क्ति मिसर ए सानी रहेका छन् । यस गजलको पहिलो सेर मतला भाग हो किनकि यस सेरको दुबै मिसरामा काफियाको प्रयोग गरिएको छ । गजलको पहिलो सेर नै गजलको परिचयात्मक सेर हो । यसैमा गजलकारले विषयवस्तुको उठान गरेका छन् । उनले पहिलो सेरलाई मूल जरो मानेर अन्य सेरहरू निर्माण गरेका छन् । यस गजलको अन्तिम सेर मकता हो उनको यो मकता सेर केही निजात्मक र आत्मपरक रूपमा आएको पाइन्छ । गजलको मकता भागमा उनले तखल्लुसको प्रयोग गरेका छैनन् ।

उनले यस गजलमा पूर्णशब्द काफियाको प्रयोग गरेका छन् । यस गजलमा प्रयोग भएको काफियाले अन्त्यानुप्रासको सिर्जना गरेको छ । उनले मतलाका दुबै मिसरामा र अन्य सेरका मिसर ए सानीमा काफियालाई अन्त्यानुप्रास मिल्नेगरी प्रयोग गरेका छन् । मतलाको मिसर ए उला सहित प्रत्येक मिसराको एक ठाउँमा काफियाको प्रयोग भएको देखिन्छ । अन्त्यानुप्रासका रूपमा प्रयोग भएका काफियाहरूमा द्वार, हार, सार, भार, पार, जिम्मेवार, पुकार जस्ता पूर्णशब्द तथा शब्दांश काफियाको प्रयोग गरेको देखिन्छ । यस गजलमा प्रयुक्त काफियाले लयमा समानता ल्याएका छन् । यस गजलमा रदिफको प्रयोग नगरिएको भए तापनि लयात्मकता र गेयात्मकतामा कुनै प्रकारको कमी भने देखिंदैन । यस गजलमा रदिफको प्रयोग नगरिएको हुँदा यो गजल गैरमुरद्दफ गजल हो । प्रस्तुत गजल आफैंमा पूर्ण कविताका रूपमा प्रयुक्त सेरमा विभक्त भएको र एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलको पूर्ण संरचना प्राप्त गरेको देखिन्छ । यस गजलको प्रत्येक मिसरामा १४ अक्षरको वितरण देखिन्छ भने प्रत्येक ४, ४, ६ अक्षरमा अडान पाइन्छ । यस गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुत गरिएको छ । त्यसैले यो गजल मुसलसल गजलको शैलीमा लेखिएको छ ।

**गजल १२**

२०६२।०४।०८ गते बुटवलमा लेखिएको यस गजलमा रामप्रसाद प्रदीपले जिन्दगी, वर्तमान र भविष्यका बारेमा एक-एक सेर गजल प्रस्तुत गरेका छन् । यस गजलको पहिलो मतला सेरमा जिन्दगी प्यारो लागेको, कहिलेकाहीँ जीवनमा अप्ठ्यारो पनि महसुस गर्नुपरेको कुरा राख्दै जिन्दगीका पानाहरू पल्टाउँदै जाँदा जीवन साह्रै दुःखपूर्ण लागेको कुरा बताएका छन् । दोस्रो सेरमा जीवन दुःखपूर्ण भएकै कारण भित्रभित्रै चिन्तित बन्नुपरेको, रात काट्न मुस्किल परेको उल्लेख उनले गरेका छन् । उनले जीवनलाई दुःखपूर्ण मान्दै कतिपय अवस्थामा आफूलाई जीवनदेखि हारेहारेजस्तो लागेको रहस्य खोल्दछन् । चौथो सेरमा उन्मादको उर्लापात भएको बेलामा समयले आँसु झार्न लागेको अनुभूति प्रकट गर्दछन् । पाँचौ सेरमा समाजमा रहेका बच्छिमरूपी तत्त्वले सर्वसाधारण मेहनती जनतालाई टोक्न खोजे पनि सर्वसाधारण जनताको दिन फर्किन लागेको विचार व्यक्त गर्दछन् । छैठौं सेरमा जीवनका उकाली-ओराली, सजिलो- असजिलो अवस्थामा पनि आफूले जीवनलाई सार्थक बनाउँदै लगेको बताउँछन् । मूलतः जिन्दगी सोंचेजस्तो सरल रेखामा नहुने, जीवनमा अनेक समस्या र अप्ठ्याराहरूसँग जुध्नुपर्ने भए तापनि जीवनलाई सार्थक बनाउनु पर्छ र आफ्नो लक्ष्य प्राप्तिमा बाजी मार्नै पर्छ भन्नु नै गजलको सार देखिन्छ ।

प्रस्तुत गजलमा जिन्दगीका २ सेर, वर्तमानका २ सेर र भविष्यका दुई सेर गरी जम्मा ६ सेर र १२ मिसराको संरचना पाइन्छ । यस गजलमा काफिया र रदिफ दुबैको समूचित प्रयोग गरिएको छ । गजलका सेरहरूमा प्रयुक्त प्यारो प्यारो, गाह्रो गाह्रो, साह्रो साह्रो, हार्‍यो हार्‍यो, झार्‍यो, झार्‍यो, पार्‍यो पार्‍यो र मार्‍यो मार्‍यो जस्ता काफियाको प्रयोग गरिएको छ जुन शब्दहरू मध्यानुप्रासको सिर्जना गर्न प्रभावकारी सावित भएका छन् । यस गजलमा 'लाग्यो' शब्द मतलाका दुबै सेरमा र मिसराका मिसर ए सानीका प्रत्येक सेरमा दोहोरिएको छ । त्यसैले यो गजल मुरद्दफ गजलका रूपमा रहेको पाइन्छ । यस गजलमा तखल्लुसको प्रयोग भएको पाइन्छ ।

रामप्रसाद प्रदीपको यो गजल एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलले पूर्ण संरचना प्राप्त गरेको देखिन्छ । यस गजलको प्रत्येक मिसरामा १४ अक्षरको वितरण देखिन्छ भने प्रत्येक ४, ४, ६ अक्षरमा अडान पाइन्छ । यस गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुत गरिएको छ । त्यसैले यो गजल मुसलसल गजलको शैलीमा लेखिएको छ ।

**गजल १३**

यो गजल २०६२।०४।०८ गते बुटवलमा लेखिएको हो । यस गजलमा प्रदीपले तीनतीन शब्दका छोटाछोटा मिसराप्रति मोह देखाएको पाइन्छ । यस गजलमा आफ्नो जीवनभरि अँधेरो भएको र यही अँधेरो नै आफ्ना लागि उपहार भएको भन्दै विषयवस्तुको उठान गरिएको छ । यसमा प्रयोग भएको अँधेरोले दुःख र निराश जीवनको प्रतीकात्मक अर्थ बोकेका छन् । दोस्रो सेरमा आफू मन खोलेर कहिल्यै हाँस्न नसकेको चिन्ता व्यक्त गरिएको छ । तेस्रो सेरमा जुन ठाउँमा टेके पनि त्यो ठाउँ उर्वर नभएको बरू पाखा पखेरोजस्तो भएको कुरा गरिएको छ । उनले जीवनमा उपलब्धि गर्नका लागि विभिन्न चाकडी, चाप्लुसीजस्ता प्रपञ्च नजानेको र चमेरे प्रवृत्ति आफूमा नरहेको कुरा व्यक्त गरेका छन् । गजलको अन्तिम सेर मकतामा उनले आफ्नो प्रगति र उन्नतिका लागि आफूले राख्दै आएको आस्था बेच्न तयार नरहेको कुरा बताएका छन् । उनले बरू आफूले राख्दै आएको आस्थालाई जीवनको मूल पँधेरोको रूपमा लिने गरेको र त्यसैमा अडिग रहँदै त्यही पँधेराबाट प्यास मेटाउने विश्वास व्यक्त गर्दछन् । आफ्नो आस्थामा अडिग रहने दृढ मानसिकता नै यस गजलको सार हो ।

प्रस्तुत गजल ५ सेरका १० मिसरामा संरचित भएको छ । यसमा काफिया मतलाका दुई मिसरा र अन्य सेरका मिसर ए सानीका अन्त्यमा प्रयोग भएको देखिन्छ । मिसराका अन्त्यमा काफियाको प्रयोग गरिएको हुँदा अन्त्यानुप्रास मिलिरहेको देख्न सकिन्छ । उनले यस गजलका लागि अँधेरो, यो मेरो, फेरो, पखेरो, चमेरो र पँधेरो जस्ता शब्दांश काफियाको प्रयोग गरेका छन् । यस गजलमा प्रयोग भएका शब्दमध्ये चमेरोले अवसरवादिता र पँधेरोले निष्ठाको प्रतीकात्मक अर्थवहन गरेको देखिन्छ । प्रत्येक मिसरामा ८ अक्षरको समान वितरण पाइनु यस गजलको विशेषता रहेको छ । प्रत्येक मिसराका ५ र ८ अक्षरमा रूक्न या अडान पाइन्छ । यस गजलमा रदिफको प्रयोग भने गरेको पाइँदैन त्यसैले प्रस्तुत गजल गैरमुरद्दफ गजलको कोटिमा पर्दछ । प्रत्येक सेरका विषयवस्तु गजलको परिपूर्णताका लागि एक अर्कामा परिपुरक भएको हुँदा यो गजल मुसलसल कोटिमा रहेको छ । प्रस्तुत गजल एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा पूर्ण संरचना प्राप्त गरेको छ ।

**गजल १४**

यो गजल २०६२।०४।१० गते बुटवलमा लेखिएको हो । यस गजलमा प्रदीपले शृङ्गारिक भावलाई प्रस्तुत गरेका छन् । उनले आफ्नो जीवनमा मनको मझेरीमा प्रकाश छर्नका लागि कोही जूनजस्तै बनेर आएको बताउँदै विस्तारै विस्तारै आफूप्रति माया बढाउँदै जान आग्रह गरेका छन् । कसैको माया नपाएर आफ्नो मन जीर्ण कटेरी बन्न पुगेको बेला

कोही आइदिंदा उनले खुसी व्यक्त गरेका छन् । दोस्रो सेरमा उनले आफूले एक्लोपन र निराश अनुभूति गरेको बेला आफूलाई माया गर्ने मान्छे प्राप्त भएकोलाई सौभाग्य ठानेका छन् । तेस्रो सेरमा पर्खाइपछि मात्र माया गर्ने मान्छे प्राप्त भएको र त्यो मान्छे कुनै स्त्री हो भन्ने कुरा खुलस्त पारेका छन् जुन कुरा गजलको तेस्रो सेरमा प्रयुक्त मिसर ए सानीमा स्पष्ट भएको छ । चौथो सेरले उमंगको अर्थ कस्तो हुन्छ भन्ने थाहा नभएको बताउँदै भंगेरा र भंगेरीको जस्तै गरी आफ्नो पनि प्रित नाँचोस भन्ने कामना गरेका छन् । उनले कसैको मायाबिना जीवन बाँझो धर्ती समान हुने हुँदा आफू मायालुको मायाप्रीति सहित यौवनका पाखा पखेरामा हराउन चाहन्छन् ।

प्रस्तुत गजल ५ सेरका १० मिसरामा संरचित भएको छ । यसमा काफियालाई अन्त्यानुप्रास मिलाउने हेतुले प्रयोग गरिएको छ । उनले यस गजलमा मझेरीमा, कटेरीमा, खडेरीमा, अँधेरीमा, भंगेरीमा र पखेरीमा जस्ता चार अक्षरी पूर्णशब्द काफियाको प्रयोग गरेका छन् । यस गजलका प्रत्येक मिसरामा १६ अक्षरको समान वितरण रहेको देख्न पाइन्छ । यस गजलका मिसरामा ४,८,१२ र १६ अक्षरमा रूक्न या अडान रहेको पाइन्छ । गजलका प्रत्येक सेरले मायाप्रीतिलाई नै विषयवस्तु बनाएको हुँदा गजल मुसलसल गजलको कोटिमा रहेको छ । उनले यस गजलमा रदिफको प्रयोग गरेका छैनन् । त्यसैले यो गजल पनि उनको गैर मुरद्दफ गजल हो । प्रस्तुत गजल एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलले पूर्ण संरचना प्राप्त गरेको छ ।

## गजल १५

मिति २०६२।०४।१० गते बुटवलमा लेखिएको प्रस्तुत गजलले शृङ्गारिक विषयवस्तुको वरण गरेको छ । यहाँ आफ्नो जीवनमा जीवन सङ्गिनी आएर प्रेमको दियो बालेको कुराबाट विषयवस्तुको उठान गरिएको छ । प्रेमिकाको मायाबिना जीवन मरूभूमिजस्तै अनुभव भएको बेला उनले प्रेमिकाको प्राप्तिले मरूभूमिमा फूलैफूल सजिएको चर्चा गरेका छन् । प्रेमिकाबिनाको जीवन औंसीको रातजस्तो अँध्यारो हुने र ती दिनहरू आफूले दुःखका साथ काटिरहेको अवस्थामा बिहानी भएर प्रेमिका अर्थात् जीवन सङ्गिनी आफ्नो जीवनमा उदाएको कुरा बताएका छन् । प्रेमको पाटो नै अँध्यारो हुने हो कि भन्ने अवस्थामा प्रेमिकाको मायाबाट प्रेमको पाटो उज्यालो भएको कुरा गजलकार गर्दछन् । जीवन सङ्गिनीको आगमनविना कसैको जीवन पनि पुरा नहुने भन्दै आफू एक्लो चखेवाका रूपमा भएको बेला चखेवीका रूपमा जीवन साथी आएको स्वीकार उनले गरेका छन् । मूलतः यस गजलले जीवनको एउटा उर्वर पाखो भनेको माया प्रीतिको पनि हो । माया प्रीतिविना, जीवन साथीको प्राप्तिविना कसैको जिन्दगी रसिलो हुन सक्दैन भन्ने भाव यसमा पाइन्छ ।

यो गजल ५ सेर र १० मिसराबाट संरचित छ । यसमा प्रयोग भएका रदिफ र काफियाले गजललाई लयात्मक बनाएका छन् । आयौ, जलायौ, सजायौ, छायौ, बनायौ र उदायौ जस्ता काफिया र 'मेरो आँगनीमा' रदिफको अत्यन्त आकर्षक प्रयोग यसमा पाइन्छ । यस गजलका प्रत्येक मिसरामा १२ अक्षरको समान वितरण रहेको देख्न पाइन्छ । यस गजलका मिसरामा ६, र १२ औं अक्षरमा रूक्न या अडान रहेको पाइन्छ । गजलका प्रत्येक सेरले मायाप्रीतिलाई नै विषयवस्तु बनाएको हुँदा गजल मुसलसल कोटिमा रहेको छ । यस गजलमा रदिफको पनि प्रयोग गरिएको हुँदा यो गजल मुरद्दफ गजल हो । प्रस्तुत गजल एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलले पूर्ण संरचना प्राप्त गरेको छ । यस गजलको प्रथम सेरमै तखल्लुसको प्रयोग गरिएको छ ।

**गजल १६**

२०६२।०४।१५ गते बुटवलमा लेखिएको यस गजलले मायाप्रीतिलाई नै विषयवस्तु बनाएको छ । मतला सेरमा विषयवस्तुको उठान गर्दै उनले पत्नीलाई मनका कुरा खुलस्त बताउनुपर्ने र कर्के आँखा लगाउन नहुने बताएका छन् । दोस्रो सेरमा सँगसँगै जीवन काट्नको लागि कसम खाएको हुँदा सहयात्री बनेर नै जीवन विताउनुपर्ने कुरा राखेका छन् । तेस्रो सेरमा एक्लाएक्लै जीवन पार लगाउन नसकिने हुँदा सहयात्री बनेर प्रियालाई सघाउन अनुरोध गरेका छन् । चौथो सेरमा दर्दका आँसुलाई बग्न देउ भन्दै आफू ती आँसु थाप्न तयार रहेको बताएका छन् । पाँचौं सेरमा जीवनलाई सुखी बनाउने जिम्मा दुबै जनाको रहेको भन्दै उनी प्रियालाई घर सजाउन आग्रह गर्दछन् । यसरी यस गजलले जीवन सार्थक बनाउनका लागि, जीवनरूपी रथ राम्रोसँग चल्नका लागि पति-पत्नी दुबैको उत्तिकै महत्त्वपूर्ण भूमिका हुने हुँदा समस्याहरूसँग जुध्न दुबै जना लागिपर्नु पर्ने विचार प्रस्तुत गरेका छन् ।

यस गजलमा जम्मा ५ सेर रहेका छन् । हरेक सेरमा दुई दुई मिसरा गरी ५ सेरमा जम्मा १० वटा मिसराहरू छन् । यी सेरहरूका विषम पङ्क्तिका रूपमा मिसर-ए-उला र सम पङ्क्तिका रूपमा मिसर- ए सानी आएका छन् । त्यसैले यस गजलमा ५ पङ्क्ति मिसर-ए-उला र ५ पङ्क्ति मिसर ए सानीका छन् । यस गजलको पहिलो सेर मतला भाग हो किनकि यस सेरको दुबै मिसरामा काफियाको प्रयोग गरिएको छ । गजलको पहिलो सेर नै गजलको परिचयात्मक सेर हो । यसैमा गजलकारले विषयवस्तुको उठान गरेका छन् । उनले पहिलो सेरलाई मूल जरो मानेर अन्य सेरहरू निर्माण गरेका छन् । यस गजलको अन्तिम सेर मकता हो उनको यो मकता सेर आत्मपरक शैलीमा आएको छ । गजलको मकता भागमा उनले तखल्लुसको प्रयोग गरेका छैनन् ।

उनले यस गजलमा शब्दांश काफियाको प्रयोग गरेका छन् । यस गजलमा प्रयोग भएको काफियाले मध्यानुप्रासको सिर्जना गरेको छ । उनले मतलाका दुबै मिसरामा र अन्य सेरका मिसर ए सानीमा काफियालाई मध्यानुप्रास मिल्ने गरी प्रयोग गरेका छन् । मतलाको मिसर ए उला सहित प्रत्येक मिसराको एक ठाउँमा काफियाको प्रयोग भएको देखिन्छ । मध्यानुप्रासका रूपमा प्रयोग भएका काफियाहरूमा बताऊ, नलाऊ, नजाऊ, सघाऊ, नखाऊ, सजाऊ जस्ता शब्दहरू प्रयोग भएका छन् । काफियामा ऊ स्वर वर्णको पुनरावृत्तिले श्रुतिरम्यता थपेको छ । यस गजलमा रदिफको प्रयोग नगरिएको भए तापनि लयात्मकता र गेयात्मकतामा कुनै प्रकारको कमी भने देखिंदैन । यस गजलमा 'प्रिये' शब्द रदिफको रूपमा प्रयोग गरिएको हुँदा यो गजल मुरद्दफ गजल हो । प्रस्तुत गजल एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलको पूर्ण संरचना प्राप्त गरेको देखिन्छ । उनले यस गजलमा तखल्लुसको प्रयोग भने गरेका छैनन् । गजलका मिसरामा १२ अक्षरको समान वितरण देखिन्छ भने ४, ७ र १२ अक्षरमा अडान पाइन्छ । यस गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुत गरिएको छ । त्यसैले यो गजल मुसलसल शैलीमा लेखिएको छ ।

## गजल १७

२०६२।०४।२३ गते लेखिएको यो गजल काठमाडौंबाट बुटवल आउँदै गर्दा बाटोमा बस रोकिएको बेला लेखिएको भन्ने उल्लेख छ । प्रदीप काठमाडौंबाट बुटवल आउने क्रममा आफू बसेको बसको पछाडिको सिटमा बसेका दुई जना युवायुवतीको चुलबुले बानी र मस्त जवानीका कारण निस्किएका कतिपय कुराहरूबाट प्रभावित भई यो गजल लेखेको कुरा गजलकार बताउँछन् । गजल लेखिसकेपछि ती दुई युवायुवतीहरूलाई देखाई चरित्र सुधार्नका लागि आफूले सिर्जनशील आलोचना गरेको कुरा उनी बताउँछन् । गजलकारको सुझावपछि ती दुबैले आफ्ना कमजोरीहरूलाई सुधार गरिहाल्ने वचन दिएको स्मरण प्रदीप गर्दछन् ।[३५] यो गजल उनको आँशु गजलकारिताको एक उदाहरण हो । चाहे बसमा यात्रा गर्दा होस्, चाहे बसेर गफ गर्दाको क्षणमा होस् प्रदीप समाज सुधार र सभ्य समाजको परिकल्पनामा रमाइलो मान्दछन् र त्यसैमा समर्पित हुन्छन् भन्ने यसबाट बुझिन्छ ।

यस गजलमा विषयवस्तुको उठान गर्दै जिन्दगीको गरिमालाई मस्त यौवना नानीहरूले बुझ्नुपर्ने र अड्कली अड्कली शब्द प्रयोग गर्नुपर्ने सुझाब दिन्छन् । धेरै बोल्ने गरेमा भित्री कुरा पोखिन्छ भन्ने प्रदीपको ठहर रहेको छ । दोस्रो सेरमा पुनः त्यही कुरालाई पुष्टि गर्दै बुझकारी ज्ञानी मान्छेले अड्कलेरै बोल्नु पर्छ भन्ने सुझाउ दिन्छन् । तेस्रो सेरमा ती

४७. शोधनायक रामप्रसाद प्रदीपबाट प्राप्त जानकारी ।

नानीहरूको सोंचाइमा परिपक्वता नआइसकेको हुँदा समालिनुपर्ने कुरा गर्दै अन्जानमा इज्जतमा दाग लाग्यो भने त्यो पानीले पखाल्न खोजेर पखालिन नसक्ने कुरा राख्दछन् । चौथो सेरमा भर्खर भर्खर जीवनको संघार टेक्न तयार भएका नानीहरूले कुनै गल्ती काम गरे भने वैवाहिक जीवनको सुरूवात विना नै पूर्णविराम लाग्न सक्छ भन्ने सन्देश दिएका छन् । त्यसैले उनी आफ्नो तर्कलाई मजबुत बनाउँदै मकता सेरमा सानो गल्तीले पनि जीवनभरि पछुताउनुपर्ने हुँदा समयमै सचेत बन्दै जवानीलाई समालेर अगाडि बढ्ने सल्लाह दिन्छन् ।

यस गजलमा जम्मा ५ सेर रहेका छन् । हरेक सेरमा दुई दुई मिसरा गरी ५ सेरमा जम्मा १० वटा मिसराहरू छन् । यी सेरहरूका विषम पङ्क्तिका रूपमा मिसर-ए-उला र सम पङ्क्तिका रूपमा मिसर- ए सानी आएका छन् । त्यसैले यस गजलमा ५ पङ्क्ति मिसर-ए-उला र ५ पङ्क्ति मिसर ए सानीका छन् । उनले यस गजलमा पूर्णशब्द काफियाको प्रयोग गरेका छन् । यस गजलमा प्रयोग भएको काफियाले अन्त्यानुप्रासको सिर्जना गरेको छ । उनले मतलाका दुबै मिसरामा र अन्य सेरका मिसर ए सानीमा काफियालाई अन्त्यानुप्रास मिल्ने गरी प्रयोग गरेका छन् । मतलाको मिसर ए उला सहित प्रत्येक मिसराको एक ठाउँमा काफियाको प्रयोग भएको देखिन्छ । अन्यानुप्रासका रूपमा प्रयोग भएका काफियाहरूमा नानीले, बानीले, ज्ञानीले, पानीले, जवानीले जस्ता शब्दहरू प्रयोग भएका छन् । काफियामा 'ई' स्वर वर्णको पुनरावृत्तिले गजललाई लयात्मक र गेयात्मक तुल्याएको छ । यस गजलमा रदिफको प्रयोग नगरिएको भए तापनि लयात्मकता र गेयात्मकतामा कुनै प्रकारको कमी भने देखिदैन । यस गजलमा 'रदिफको प्रयोग गरिएको छैन त्यसैले यो गजल मुरद्दफ गजल हो । प्रस्तुत गजल एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलको पूर्ण संरचना प्राप्त गरेको देखिन्छ । उनले यस गजलमा तखल्लुसको प्रयोग गरेका छैनन् । गजलका मिसरामा १६ अक्षरको समान वितरण देखिन्छ भने ४, ९, १३ र १६  अक्षरमा अडान पाइन्छ । यस गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुत गरिएको छ । त्यसैले यो गजल मुसलसल शैलीमा लेखिएको छ ।

### गजल १८

यो गजल २०६२।०६।३१ गते बुटवलमा लेखिएको देखिन्छ । प्रस्तुत गजलको मतला सेरमा अरूलाई फसाउन भनी खाल्डो खन्दा आफै खाल्डोमा जाकिनुपर्ने कुरा व्यक्त गरिएको छ । अरूलाई फसाउन विभिन्न नराम्रा गतिविधि गर्नेहरू पछि ती गतिविधिका स्वयम् शिकार हुनुपर्ने तर्फ सचेत गराइएको छ । दोस्रो सेरमा उनले आफ्नै मूर्ख मतिले मातिदा आफ्नै मृत्यु निम्त्याउने कुरा गरेका छन् । तेस्रो सेरमा दुई चार जना आसेपासेलाई अगाडि पछाडि लगाएर ज्वालामुखी रोक्न सक्छु भन्दै धाक लगाउनेहरूप्रति लक्षित गर्दै यो कुरा केवल

उनीहरूको दिवा स्वप्न मात्र भएको बताउँछन् । चौथो सेरमा राजतन्त्रलाई खुनीतन्त्र एवं ब्वाँसोका रूपमा चित्रण गर्दै राजतन्त्रले आफ्नै वंशको रगत र मासु खाने गरेको हुँदा सम्पूर्ण जनताले राजतन्त्रको अन्त्य हुनुपर्ने कुरा गर्दा प्रदीपले पनि आफ्नो यसमा स्वीकृति रहेको कुरा बताएका छन् । पाँचौं सेरमा उनले राजतन्त्रको मूर्खताको पराकाष्ठाले नै राजतन्त्र छिटै सिद्धिन गइरहेको ठोकुवा गरेका छन् । यसरी राजतन्त्रको अन्त्य आफ्नै कारणले हुने कुरा देखाउनु नै यस गजलको मुख्य उद्देश्य रहेको देखिन्छ ।

पाँच सेरका १० मिसरामा संरचित यस गजलमा मतला सेरका दुबै मिसरामा र अन्य सेरका मिसर ए सानीमा गजलकारले एकाक्षरी काफियाको प्रयोग गरेका छन् । यस गजलमा अहिले, आफैले, कसैले, सबैले र पहिलेजस्ता काफियाको प्रयोग गरिएको छ । गजलमा 'के भनुँ' रदिफ आएको छ । रदिफको प्रयोग समेत गरिएको हुँदा यो गजल मुरद्दफ गजल बनेको छ । यस गजलमा प्रयुक्त काफियाले मध्यानुप्रासको सिर्जना गरेको छ भने रदिफले गजललाई लयात्मक र गेयात्मक बनाउन मद्दत गरेको छ । मतलादेखि मकतासम्मका सेरहरूमा राजतन्त्रकै चर्चा गरिएको अर्थात् एउटै विषयवस्तुको प्रयोग गरिएको हुँदा यो गजल मुसलसल कोटिमा रहेको छ । गजलकारले अन्य गजलमा जस्तै यस गजलमा पनि तखल्लुसको प्रयोग गरेको भने देखिदैन ।

प्रस्तुत गजल एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलको पूर्ण संरचना प्राप्त गरेको देखिन्छ । यस गजलको प्रत्येक मिसरामा १६ अक्षरको वितरण देखिन्छ भने प्रत्येक ४, ८, १२ र १६ अक्षरमा अडान पाइन्छ ।

## गजल १९

२०६२।०८।१२ गते बुटवलमा लेखिएको प्रस्तुत गजलमा पनि राजतन्त्रको अन्त्यको नै कामना गरिएको छ । प्रथम सेरमा लोकतन्त्र स्थापनाको चाहना पुरा नभएसम्म, स्वतन्त्रता प्राप्त नभएसम्म सम्पूर्ण जनताले सडक तताउनैपर्ने र राजतन्त्रको अन्त्य गर्नुपर्ने राय रहेको छ । दोस्रो सेरमा लोकतन्त्रको प्राप्ति नभएसम्म जनताले सातु र नुन बोकेर सडकतिर डेरा नै सार्नुपर्ने सल्लाह गजलकारले दिएका छन् । तेस्रो सेरमा हैकम र हुकुम विरूद्धको आन्दोलन तातिइरहेको अवस्थामा आन्दोलनलाई सेलाउन नदिई सडकलाई तताइरहनुपर्ने गजलकारको भनाइ पाइन्छ । चौथो सेरमा राजतन्त्रले जनतालाई दास बनाउन खोजिरहेको हुँदा उसलाई बज्रमुक्का प्रहार गर्दै सडकतिर ढाल्नुपर्ने सन्देश पाइन्छ । गजलको मकता सेरमा राजालाई कालो महलमा बस्ने सेतो हात्तीको संज्ञा दिंदै राजालाई सडकमा झारेर फलामका सिक्रीले बाँधी सडकमै नार्नुपर्ने सल्लाह दिइएको छ ।

प्रस्तुत गजलमा पूर्ण शब्द काफियाको प्रयोग गरिएको छ । 'सडकतिर' रदिफको प्रयोग गरिएको प्रस्तुत गजल मुरद्दफ गजलका रूपमा रहेको छ । यसमा प्रयोग गरिएका काफियाहरूमा लागौं, जागौं, सारौं, पारौं, झारौं, नारौं रहेका छन् । गजलमा प्रयुक्त काफियाले मध्यानुप्रासको सिर्जना गरेका छन् । रदिफले गजललाई गेयात्मक र लयात्मक बनाएको पाइन्छ । यस गजलमा १६ अक्षरको समान वितरण रहेको पाइन्छ । यस गजलका मिसरामा ३, ८, ११ र १६ अक्षरहरूमा रूक्न अर्थात् अडान रहेको पाइन्छ । यसमा सेतो हात्ती, कालो महल, फलामका सिक्री जस्ता प्रतीकहरूको प्रयोग भएको पाइन्छ ।

## गजल २०

यो गजल २०६२।१०।०२ गते भरतपुरमा लेखिएको देखिन्छ । प्रस्तुत गजलमा गजलकारले आफ्नो चाहना पुरा भएको खुशियालीलाई विषयवस्तु बनाएका छन् । पहिलो सेरमा जिन्दगीको नौलो घाम भेटियो भनेका छन् जुन घाम कल्पनामा राखिएको नामको रूपमा रहेको उनी बताउँछन् । उनको मन मुटुमा सम्झनाको तरेली भएर बस्ने चिज प्राप्त हुँदा उनले त्यो चिजलाई मुटुबीचमा बस्ने गरेको मीठो जामजस्तो भएको बताएका छन् । उनले जीवनभर आशा गरेको वस्तु प्राप्त हुँदा त्यो बस्तु प्राप्त भए पनि धेरै खुसीले हो कि होइन भन्ने लागेको सन्देह व्यक्त गरेका छन् । चौथो सेरमा भने उनले अँधेरामा छमछमाउँदै हिँड्दा सही बाटोमा डोऱ्याउने लगाम भेटिएको चर्चा गरेका छन् । उनले पाँचौं अर्थात् मकता सेरमा चाहनाका चौतारीहरू धेरै चिनेको भए पनि आज बल्ल बर-पिपल रोप्ने ठाउँ प्राप्त भएको कुरा बताएका छन् । प्रस्तुत गजलमा प्रदीपले के प्राप्ति भएर यति विध्न खुसी भएका हुन् भन्ने कुरा खुलस्त गरेका छैनन् । आफूले जीवनभर भित्रदेखि चाहेको बस्तु प्राप्ति हुँदा मानिसका मनमा हुने खुसीको सिमा हुँदैन भन्ने कुराको उदाहरणका रूपमा यो गजल रहेको स्पष्ट हुन्छ ।

प्रस्तुत गजल ५ सेर सहित १० मिसरामा संरचित रहेको छ । यसमा घाम, नाम, जाम, दाम, लगाम, ठामजस्ता पूर्णशब्द काफियाको प्रयोग गरिएको छ । काफियाले गजलमा मध्यानुप्रासको स्थिति सिर्जना गरेका छन् । यो मुरद्दफ गजल हो त्यसैले यसमा 'भेटियो' रदिफको प्रयोग गरिएको छ । मतलाका दुबै मिसरामा र अन्य सेरका मिसर ए सानीमा प्रयोग भएको रदिफले गजललाई बढी गेयात्मक र लयात्मक बनाउन सफल बनेको छ । यस गजलका प्रत्येक सेरमा प्रयुक्त विषयवस्तु प्रत्यक्ष वा परोक्ष रूपमा एक अर्कामा सम्बद्ध रहेका र मतलादेखि मकतासम्मको गजलको विषयवस्तु पनि एकै प्रकारको रहेको हुँदा यो गजल मुसलसल कोटिमा रहेको छ । यस गजलका मिसरामा अक्षरको समान वितरण पाइदैन । कुनै मिसरामा १३ अक्षर रहेका छन् भने कुनै मिसरामा १५ अक्षर पनि रहेको देख्न सकिन्छ । प्रथम मतला सेर र दोस्रो सेरका दुबै मिसरामा १३ अक्षरको वितरण भएकोमा फेरि तेस्रो

सेरको मिसर ए उलामा १५ अक्षरको वितरण पाइन्छ । फेरि सोही सेरकै मिसर ए सानीमा भने पुनः १३ अक्षरको वितरण रहेको देखिन्छ । यसरी यस गजलमा गजलकारले अक्षरको समान वितरणमा सचेतता अपनाउँदै गर्दा पनि चिप्लिएका छन् ।

**गजल २१**

प्रस्तुत गजल २०६२।११।१५ गते काठमाडौँमा लेखिएको देखिन्छ । शरीरले र मनले अर्थात् तन र मनले जिन्दगीलाई माथि उठाउने इच्छा गरेको भए पनि जिन्दगी सोंचेजस्तो अंकुराउन नसकेको कुरा यहाँ व्यक्त भएको छ । दोस्रो सेरमा प्रगति र उन्नतीका लागि जहाँजहाँ भौतारिए पनि उनका पाइलाहरू विझाएको, तुषारोले कठ्याङ्ग्रिएको अनुभव गरेका छन् । अर्थात् उनले प्रगतिका हरेक पलमा बाधा र अड्चनको सामना गर्न पुगेका छन् । उनले आफ्ना चाहना इच्छाहरू तुफान र बेगले जस्तो छिटै पुरा हुन्छ भन्ने सोंचेका भए पनि त्यो पुरा हुन नसकेको कुरा तेस्रो सेरमा बताएका छन् । चौथो सेरमा जिन्दगीलाई जति बनाउँछु भनेर दौडधुप गरे पनि सिसाको घरजस्तो जिन्दगी भएको र आफ्ना इच्छा र चाहनाहरू सिसासरी फुटिरहेको कुरा गरेका छन् । मकता सेरमा उनले सयौं पटक ढलेर पटकपटक गले पनि आफ्नो शीर नझुकेको तर दिल भने टुटिरहेको रहस्य खोलेका छन् । प्रस्तुत गजलमा गजलकारले जिन्दगीका आरोह अवरोहहरूमा गलेर जिन्दगी टुटिरहे तापनि शीर झुकाउन हुँदैन, आफ्नो स्वाभिमान सधै उँचो राख्नुपर्छ भन्ने सन्देश दिएका छन् ।

यस गजलमा जम्मा ५ सेर रहेका छन् । हरेक सेरमा दुई दुई मिसरा गरी ५ सेरमा जम्मा १० वटा मिसराहरू छन् । यी सेरहरूका विषम पङ्क्तिका रूपमा मिसर-ए-उला र सम पङ्क्तिका रूपमा मिसर- ए सानी आएका छन् । त्यसैले यस गजलमा ५ पङ्क्ति मिसर-ए-उला र ५ पङ्क्ति मिसर ए सानीका छन् । यस गजलको पहिलो सेर मतला भाग हो किनकि यस सेरको दुबै मिसरामा काफियाको प्रयोग गरिएको छ । गजलको मकता भागमा उनले तखल्लुसको प्रयोग गरेका छैनन् ।

उनले यस गजलमा पूर्णशब्द काफियाको प्रयोग गरेका छन् । यस गजलमा प्रयोग भएको काफियाले मध्यानुप्रासको सिर्जना गरेको छ । उनले मतलाका दुबै मिसरामा र अन्य सेरका मिसर ए सानीमा काफियालाई मध्यानुप्रास मिल्नेगरी प्रयोग गरेका छन् । मतलाको मिसर ए उला सहित प्रत्येक मिसराको एक ठाउँमा काफियाको प्रयोग भएको देखिन्छ । मध्यानुप्रासका रूपमा प्रयोग भएका काफियाहरूमा दुःखिरह्यो, सुकिरह्यो, रूकिरह्यो, सुतिरह्यो, फुटिरह्यो, टुटिरह्यो जस्ता काफिया प्रयोग भएका छन् । यस गजलमा 'यो जिन्दगी' रदिफको प्रयोग गरिएको हुँदा गजल लयात्मक र गेयात्मक बन्न सफल भएको छ । रदिफको प्रयोग गरिएको हुँदा यो मुरद्दफ गजल हो । प्रस्तुत गजल एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको

हुँदा गजलको पूर्ण संरचना प्राप्त गरेको देखिन्छ । उनले यस गजलमा तखल्लुसको प्रयोग भने गरेका छैनन् । गजलका मिसरामा १६ अक्षरको समान वितरण देखिन्छ भने ४, ८, १२ र १६ अक्षरमा अडान पाइन्छ । यस गजलका समग्र सेरहरूमा एउटै विषयवस्तु प्रस्तुत गरिएको छ । त्यसैले यो गजल मुसलसल शैलीमा लेखिएको छ ।

## गजल २२

२०६२।११।२० गते काठमाडौंमा लेखिएको प्रस्तुत गजलमा गजलकारले आफ्नो जीवनको बगरमा फूल फुल्न नसकेको र आफ्नो पाउ जीवनको नगरमासम्म पुग्न नसकेको कुरा बताएका छन् । दोस्रो सेरमा संघर्ष गर्दागर्दा हरदम चिथोरिएको हुँदा आफ्ना घाउहरू कुनै प्रहरमा पनि सुक्न नपाएको बताएका छन् । तेस्रो सेरमा आँखाको खोलभित्र च्याँखे बनिरहेको तर आफ्नो दाउ भने कहिल्यै नलागेको उनले ठहर गरेका छन् । चौथो सेर यो गजलको हसिले सेरका रूपमा रहेको छ यसमा उनले अरूलाई दुःख पर्दा आफूलाई पनि त्यसले सधैं छुने गरेको तर आफ्नो दर्द भने जीवनभर बाध्यात्मक रूपमा रहिरहेको बताउँछन् । पाँचौ सेरमा आफूले जीवनभर नङ्ग्रा खियाउँदै बाच्नु परेको तर सुख भने उनको जीवनमा नआएको प्रष्ट पारेका छन् । जीवन संघर्षका बाटाहरूमा अनेक अप्ठ्यारा काँडा बनेर आए पनि आफ्नो लक्ष्य भने कहिल्यै नरोकिएको कुरा बताएका छन् । प्रस्तुत गजलको मुख्य सार भनेको प्रतिकूल परिस्थितिमा पनि आफ्नो लक्ष्यलाई साथ लिई अगाडि बढिरहेमा सफलता प्राप्त गर्न सकिन्छ भन्नु नै हो ।

यस गजलमा जम्मा ६ सेर रहेका छन् । हरेक सेरमा दुईदुई मिसरा गरी ६ सेरमा जम्मा १२ वटा मिसराहरू छन् । यी सेरहरूका विसम पङ्क्तिका रूपमा मिसर-ए-उला र सम पङ्क्तिका रूपमा मिसर- ए सानी आएका छन् । त्यसैले यस गजलमा ६ पङ्क्ति मिसर-ए-उला र ६ पङ्क्ति मिसर ए सानीका छन् । यस गजलको पहिलो सेर मतला भाग हो किनकि यस सेरको दुबै मिसरामा काफियाको प्रयोग गरिएको छ । गजलको मकता भागमा उनले तखल्लुसको प्रयोग गरेका छैनन् ।

उनले यस गजलमा पूर्णशब्द काफियाको प्रयोग गरेका छन् । यस गजलमा प्रयोग भएको काफियाले मध्यानुप्रासको सिर्जना गरेको छ । उनले मतलाका दुबै मिसरामा र अन्य सेरका मिसर ए सानीमा काफियालाई अन्यानुप्रास मिल्नेगरी प्रयोग गरेका छन् । मतलाको मिसर ए उला सहित प्रत्येक मिसराको एक ठाउँमा काफियाको प्रयोग भएको देखिन्छ । अन्यानुप्रासका रूपमा प्रयोग भएका काफियाहरूमा बगरमा, नगरमा, प्रहरमा, डहरमा, कहरमा, रहरमा, समरमा जस्ता काफिया प्रयोग भएका छन् । यस गजलमा रदिफको प्रयोग भएको पाइँदैन तर काफियाले गजल लयात्मक र गेयात्मक बन्न सफल भएको छ । 'रदिफको प्रयोग नगरिएको हुँदा यो गजल गैरमुरद्दफ गजल हो । प्रस्तुत गजल एउटै बहरमा रचिएको,

काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलको पूर्ण संरचना प्राप्त गरेको देखिन्छ । उनले यस गजलमा तखल्लुसको प्रयोग भने गरेका छैनन् । गजलका मिसरामा १४ अक्षरको समान वितरण देखिन्छ भने ३, ७, १० र १४ अक्षरमा अडान पाइन्छ । यस गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुत गरिएको छ । त्यसैले यो गजल मुसलसल शैलीमा लेखिएको छ ।

## गजल २३

२०६२।११।२५ गते काठमाडौंमा लेखिएको प्रस्तुत गजलमा गजलकारले १० वर्ष बटौलीमा बिताएको र बटौलीले छोडेर काठमाडौं नजा भन्दाभन्दै छोडेको कुरा बताएका छन् । दोस्रो सेरमा आफूले जीवनमा जहाँजहाँ घुमे पनि सबैभन्दा उत्तम ठाउँका रूपमा बटौली रोजेको कुरा बताएका छन् । तेस्रो सेरमा बटौलीलाई परिश्रमको खानी, स्रस्टाको संगम र यहाँका व्यक्तिहरू मिलनसार भएको कारण बटौली आफूलाई मन परेको कुरा बताएका छन् । चौथो सेरमा आफ्ना कुटुम्ब, नाता र साथीहरूको मुटुभरि माया लागिरहने कुरा गर्दछन् । पाँचौ सेरमा भने उनले बिहानै उठेर काठमाडौं जाने बेला विदाइको समयमा बटौलीलाई ढोगेको स्मरण गर्दछन् । छैठौं सेरमा आफूले बटौली छोडेर हिंड्दाको क्षणमा आफ्नो मुटु भक्कानिएको बताउँछन् । सातौं सेरमा आफूले बटौली रहँदा कसैको चित्त दुःखाएको भए क्षमा पाउँ भनी बटौलीलाई ढोगेको सम्झना गर्दछन् ।

यस गजलमा जम्मा ७ सेर रहेका छन् । हरेक सेरमा दुईदुई मिसरा गरी ७ सेरमा जम्मा १४ वटा मिसराहरू छन् । यी सेरहरूका विसम पङ्क्तिका रूपमा मिसर-ए-उला र सम पङ्क्तिका रूपमा मिसर- ए सानी आएका छन् । त्यसैले यस गजलमा ७ पङ्क्ति मिसर-ए-उला र ७ पङ्क्ति मिसर ए सानीका छन् । यस गजलको पहिलो सेर मतला भाग हो किनकि यस सेरको दुबै मिसरामा काफियाको प्रयोग गरिएको छ । उनले यस गजलमा दुई अक्षरी काफियाको प्रयोग गरेका छन् । यस गजलमा प्रयोग भएको काफियाले मध्यानुप्रासको सिर्जना गरेको छ । उनले मतलाका दुबै मिसरामा र अन्य सेरका मिसर ए सानीमा काफियालाई मध्यानुप्रास मिल्नेगरी प्रयोग गरेका छन् । मतलाको मिसर ए उला सहित प्रत्येक मिसराको एक ठाउँमा काफियाको प्रयोग भएको देखिन्छ । मध्यानुप्रासका रूपमा प्रयोग भएका काफियाहरूमा भोगें, छोडें, खोजें, रोजें, बोकें, ढोगें, बोलें, जोडेंजस्ता काफिया प्रयोग भएका छन् । यस गजलमा 'बटौली' रदिफको प्रयोग भएको पाइन्छ । रदिफ र काफियाले गजल लयात्मक र गेयात्मक बन्न सफल भएको छ । 'रदिफको प्रयोग गरिएको हुँदा यो गजल गैरमुरद्दफ गजल हो । प्रस्तुत गजल आफैंमा पूर्ण कविताका रूपमा प्रयुक्त सेरमा विभक्त भएको र एउटै बहरमा रचिएको, काफियाको प्रयोग पनि गरिएको, मतला, मकता साथै मध्यभागको सेरको पनि प्रयोग भएको हुँदा गजलको पूर्ण संरचना प्राप्त गरेको देखिन्छ ।

उनले यस गजलमा तखल्लुसको प्रयोग भने गरेका छैनन् । गजलका मिसरामा ११ अक्षरको समान वितरण देखिन्छ भने २, ६ र ११ अक्षरमा अडान पाइन्छ । यस गजलका समग्र सेरहरूमा एउटै विषयवस्तु प्रस्तुत गरिएको छ । त्यसैले यो गजल मुसलसल शैलीमा लेखिएको छ ।

## ५.४ रामप्रसाद प्रदीपका कविताहरूको अध्ययन

बनारसबाट प्रकाशित हुने **'बिहानी पख'** पत्रिकामा वि.सं. २०२४ सालमा प्रकाशित **'गुलाफको फूल'** कविता उनको प्रथम प्रकाशित कविता भएको उनले उल्लेख गरेका छन् । तर यो कविता हाल उपलब्ध छैन । उनी कविता विधामा त्यति सक्रिय नरहेको तथ्य उनका ५ वटा मात्रै कविता उपलब्ध हुनुले पुष्टि गर्दछ । खास गरी नाटक र गीतिसाहित्यमा बढी क्रियाशील प्रदीपका हालसम्म भेटिन पुगेका यिनै ५ वटा कविता-रचनाहरूको विश्लेषण यस प्रकार गरिन्छ :

### (क) गुलाफको फूल

गुलाबको फूल प्रदीपको प्रथम प्रकाशित कविता हो । यो बनारसबाट प्रकाशन हुने **'बिहानी पख'** पत्रिकामा वि.सं. २०२४ सालतिर प्रकाशित भएको भन्ने प्रदीपको भनाइ रहेको छ । यसै कविताबाट प्रदीपले साहित्यिक रचना सृजन गर्ने र पत्र-पत्रिकामा प्रकाशन गर्ने प्रेरणा प्राप्त गरेको कुरा बुझ्न सकिन्छ । यो कवितामा कविले आफ्ना अभ्यासिक अवस्थाका भाव र चिन्तनहरूलाई स्वच्छन्दतावादी शैलीमा मुखरित गरेका छन् ।

### (ख) समाजः एक शब्दचित्र

गद्यात्मक शैलीमा लेखिएको यो कविता **खलिहान** नेपाली साहित्यिक त्रैमासिक पत्रिका वर्ष २, अङ्क १, श्रावण-आश्विन २०४४ मा प्रकाशित भएको पाइन्छ । यस कवितामा प्रदीपले सामाजिक विसङ्गति, वर्ग विभेदजस्ता कुरालाई विषयवस्तु बनाएका छन् । यस कविताको लक्षित समुदाय भनेको समाज र समाजका शोषित, पीडित वर्गलाई बनाइएको छ । उनीहरूमा चेतना जागृत गराउने यस कविताको उद्देश्य रहेको छ । हरेक पटक हुने गरेका गास, बास र कपासका सङ्घर्षहरूले निर्णायिक विन्दुमा पुग्न नसकिरहेको प्रदीपको ठहर छ ।

### (ग) धर्तीका बोझहरू

यो कविता नव प्रज्ञापन साहित्यिक पत्रिका पूर्णाङ्कः ३८, कार्तिक-पौष २०६४ मा छापिएको छ । यस कवितामा कविले समाजमा देखिएका विकृति र विसङ्गतितर्फ सङ्केत

गरेका छन् । समाजमा देखिएका विकृति र विसङ्गतिको कारक तत्त्वका रूपमा समाजका ठूलाबडाहरूलाई ठहऱ्याएका छन् । देशको दुर्दशालाई कविले यसमा पीडाका रूपमा उल्लेख गरेका छन् । उनलाई धर्ति माताप्रतिको अगाध स्नेह र श्रद्धाले व्याकुल बनाएको छ । देशलाई बर्बादीतर्फ धकेल्नेहरूलाई देखेर उनी निकै चिन्तित बनेका छन् र ती व्यक्तिहरूलाई धर्तीका बोझहरूको उपमा दिएका छन् ।

### (घ) सङ्कल्प (कविता)

प्रस्तुत कविता बेलाको बोली गीत गजल सङ्ग्रहमा ४५ औं रचनाको रूपमा प्रकाशित भएको कविता हो । यस कवितामा कविले लक्ष्य प्राप्तिको लागि दृढ सङ्कल्प हुनुपर्ने कुरा देखाएका छन् । कविताले मुक्तिलाई लक्ष्यका रूपमा लिएको छ । साँच्चि नै मुक्तियोद्धाका रूपमा आफूलाई राख्न सक्नु पर्दछ अनि मात्र मुक्ति सम्भव हुन्छ भन्ने कविको विश्वास छ । यो कविता अनुष्टुप छन्दमा रहेको छ ।

### (ङ) पन्छीको प्रश्न

प्रस्तुत कविता बेलाको बोली गीत गजल सङ्ग्रहमा ४६ औं रचनाको रूपमा प्रकाशित भएको कविता हो । यसमा कविले शान्तिको चाहना व्यक्त गरेका छन् । पन्छीरूपी सोझासिधा जनतामा त्रास फिजाउन सफल भएका व्याधारूपी नरभक्षीहरूको गोली र बारूदले जनता भुटेको र खुनको खोलो बगाउन उद्यत रहेकोमा कविले चिन्ता प्रस्तुत गरेका छन् । यो कविता शास्त्रीय छन्दमा लेखिएको पद्य कविता हो । यो शार्दूल विक्रीडित छन्दको लयमा रहेको छ ।

### (च) भ्रष्ट सारा भगाउन

प्रस्तुत कविता बेलाको बोली गीत गजल सङ्ग्रहमा ४७ औं रचनाको रूपमा प्रकाशित भएको कविता हो । यो कविता समस्यापूर्ति कविता हो । प्रत्येक श्लोकपिच्छे यसमा समस्याका रूपमा शीर्षकको पुनरावृत्ति गरिएको छ । कवितामा नेपाली समाजमा भ्रष्ट चरित्रहरूको हालीमुहाली रहेको हुँदा तिनीहरूको अन्त्यका लागि सबै अगाडि बढ्नुपर्ने कुरा व्यक्त गरिएको छ ।

## ५.५ निष्कर्ष

रामप्रसाद प्रदीपका **पचास रुपियाँको तमसुक** (सहलेखन, २०२८) र **मुलुकभित्र** (२०३०) गरी दुई वटा नाटकहरू प्रकाशित भएका छन् । यी नाटकहरूले जनतामा संगठित हुने सन्देश दिनुका साथसाथै शोषक सामन्तवर्गप्रति उदारता देखाउन नहुनेतर्फ सचेत गराएका छन् । जनताहरू एकजुट भएर समाजका कलङ्क मानिने शोषण, अन्याय, अत्याचार, घुसखोरी,

भ्रष्टाचारी, प्रवृत्तिको अन्त्य हुन सक्ने तथ्यलाई नाटकहरूमा प्रस्तुत गरिएको छ । नाटककारले श्रम, परिवर्तन र भविष्यप्रति आशावादी हुन आग्रह गरेका छन् र समाज परिवर्तनका निम्ति सर्वहारा वर्गअन्तर्गतका गरिब, सुकुम्बासी तथा श्रमिक वर्गलाई आह्वान गरेका छन् । उनका यी दुवै नाटक पूर्णाङ्की रहेका छन् ।

रामप्रसाद प्रदीपका समग्र गीतहरू **विस्फोटन**, **उपहार** र **बेलाको बोली** शीर्षकका कृतिहरूमा सङ्गृहीत रहेका छन् । उनको **विस्फोटन** गीत सङ्ग्रह यतिखेर अप्राप्य अवस्थामा रहेको छ । यसर्थ प्रदीपका गीतहरूको अध्ययन भनेको उपहार र बेलाको बोली नामक गीत सङ्ग्रहहरू नै हुन् ।  उनका उपहार गीतसङ्ग्रहमा १४ वटा र बेलाको बोली सङ्ग्रहमा ५७ वटा विविध विषय र शैलीका गीतहरू समाविष्ट छन् । विषयवस्तुका दृष्टिले रामप्रसादका गीतसङ्ग्रहहरूमा आर्थिक, राजनैतिक र सामाजिक समस्या, जनजागरण, नारीजागरण र बालजागरण तथा राष्ट्रप्रेम र विविधतालाई विषय बनाएको पाइन्छ ।

उनका एकल, युगल र समूहगत शैलीका तीन प्रकारका गीतहरू पाइन्छन् । लयगत दृष्टिले प्रदीपका कतिपय गीतहरू लोकलयका भाकामा छन् भने कतिपय गीतहरूमा आधुनिक लयको प्रयोग पाइन्छ । लोकलयका भाकामा उनले मालसिरी, भजन, गाइने भाका, तथा तिजीभाकाको प्रयोग गरेका छन् । सरल र सहज भाषाशैलीको प्रयोग उनका गीतहरूको विशेषता रहेको छ । उनका गीतहरूमध्ये कतिपयमा स्थायीको प्रयोग भएको पाइन्छ ।

रामप्रसाद प्रदीपले आफ्ना गजलमा देश र जनताप्रति अनुत्तरदायी बन्ने नेताहरूलाई खबरदारी गरेका छन् । विभिन्न बहानामा हुने द्वन्द्वबाट देश बरबाद भएको चिन्ता उनका गजलबाट प्रस्ट हुन्छ । देशको अस्मितासँग खेलवाड गर्नेहरूका छाती चिर्न सक्नुपर्ने धारणा उनले व्यक्त गरेका छन् । कतै उनले जीवनको परिभाषा सम्बन्धी गजल लेख्दै जीवनलाई बालुवामा पोखिएको पानीसँग तुलना गरेका छन् भने कतै समाजमा अपराधीहरू रहेको र ती अपराधीहरूको अपराध दिनदिनै बढ्दै गएको हुँदा त्यस्ता अपराधीहरूलाई उनीहरूले गरेका अपराध नै पछि जहर सावित हुने ठोकुवा गरेका छन् । हैकम र हुकुम विरुद्धको जनआन्दोलनको समर्थन गर्दै जनविरोधी सरकारको विरोध पनि गरेका छन् । नयाँ वर्ष ठग्नेहरूको अनुकूलताका लागि नभई ठगिनेहरूको अनुकूलतामा आउनुपर्छ भन्दै शोषित पीडितहरूप्रति सहानुभूति व्यक्त गरेका छन् । राजतन्त्रले कानुनी राज्य र न्यायको प्रश्न जटिल बनाएको र उसको हैकम र हुकुम विरूद्ध जनता एकजुट भएर राजतन्त्र सदाका लागि फ्याँक्नुपर्ने कुरा व्यक्त गरेका छन् । खुन र अपराधको भरमा कसैले सुख प्राप्त गर्न खोज्छ भने त्यो दीर्घकालीन सुखका रूपमा रहँदैन भन्ने उनको ठहर रहेको छ ।

रामप्रसाद प्रदीपका गजलमा कतै काफियाको अत्यन्त राम्रो प्रयोग भएको देखिन्छ भने कतै काफिया प्रयोगमा सजगता नअपनाएको देखिन्छ । उनले गजलमा एकाक्षरी काफिया, शब्दांश काफिया र पूर्णशब्द काफियाको प्रयोग गरेका छन् । उनले कतै रदिफको प्रयोग

गरेको देखिन्छ भने कतै रदिफ प्रयोग नगरेको पनि पाइन्छ । यद्यपि रदिफ गजलका लागि अनिवार्य तत्त्व भने मानिदैन । उनका केही गजलमा तखल्लुसको प्रयोग गरिएको भए पनि प्रायः गजलमा भने त्यसो भएको पाइँदैन । उनका गजलमा कतै लामा मिसरा रहेका छन् भने कतै छोटा मिसरासहितका गजल पाइन्छन् । गजलको छुट्टै शीर्षक दिने चलन हुँदैन तथापि उनले कहीँकहीँ शीर्षक दिने काम गरेका छन् । गजलका मिसराहरूमा समान अक्षर प्रयोगलाई उनले धेरैजसो स्थानमा ध्यान दिएको भए पनि कतिपय ठाउँमा ध्यान दिन नसकेको स्थिति देखिन्छ । गजलका प्रत्येक मिसराहरू आफैमा अर्थपूर्ण रहेको पाइनु, काफियाको प्रयोग हुनु, मतला, मकता र मध्यभागको सेरको समेत व्यवस्था गरिएको देखिनुले उनका गजलहरूले गजलको संरचना प्राप्त गर्न सकेको पाइन्छ । भाषा प्रयोगका दृष्टिले उनका गजलमा सरल, सहज भाषाको प्रयोग देखिन्छ । उनका कतिपय गजलमा बिम्ब र प्रतीकको सुन्दर प्रयोग पाइन्छ ।

प्रदीपका समग्र कविता रचनाहरूको अध्ययन विश्लेषण गर्दा उनका कवितामा बेइमान, भ्रष्ट र समाजका चुसाहावर्गहरूप्रति खबरदारी, इमान्दार, शोषित पीडित, वर्गप्रतिको अगाध माया, स्वच्छ वर्गवीहिन समाजको चाहना, देशप्रतिको असिम माया, मुक्तिप्रतिको आशा र विश्वास एवं शान्तिप्रतिको तीव्र चाहना रहेको बुझ्न सकिन्छ । मार्क्सवादी चिन्तन र धरातलमा लेखिएका उनका कविताहरूले जीवनवादी दृष्टिकोण अँगालेको पाइन्छ । आफ्ना कविताहरूमा उनी सबै प्रकारका शोषण, अन्याय र उत्पीडनका विरूद्ध उभिएका छन् । उनमा कलात्मक अभिव्यक्तिको क्षमता पनि प्रशस्त पाइन्छ । त्यसैले प्रचलित बिम्ब र प्रतीकहरूको प्रयोग गर्दै सहज रूपमा आफ्ना भावहरू प्रकट गरेको देखिन्छ । विशेषतः उनले वर्तमान समाजमा, समाजले भोग्नुपरेका पींडा, व्यथा र उत्पीडनलाई कविताको विषयवस्तु बनाएका छन् । उनका कविताको लक्षित समुदाय शोषित, पीडित र सर्वहारा बर्ग नै रहेको छ । उनका कविताको उद्देश्य तिनै शोषित,पीडित वर्गलाई सहयोग गर्नु, उनीहरूका लागि गास-बास र कपासको खोजी गर्नु साथै उनीहरूलाई प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग गर्नु नै हो । उनले शास्त्रीय छन्ददेखि मुक्त लयसम्मका विविध लयसंरचनामा रहेर कविता लेखेको देखिन्छ ।

# परिच्छेद छ
# शोध निष्कर्ष

रामप्रसाद प्रदीप वि.सं. २००४ साल साउन १ गते बुधबारका दिन अर्घाखाँची जिल्लाको पोखराथोक गा.वि.स. अन्तर्गत वडा नं. ३ खिदिममा जन्मेका हुन् । उनी विद्यार्थी जीवनदेखि नै साहित्य सिर्जनामा लागेको बुझिन्छ । प्रारम्भमा विद्यालयको साहित्यिक वातावरण, आफूभन्दा माथिल्लो तहका दाजु तथा दिदीहरूको प्रेरणाबाट प्रेरित भई उनले कविताको पूर्वाभ्यास गर्न थालेको देखिन्छ । उनको औपचारिक साहित्यिक लेखन वि.सं. २०२४ सालतिर बनारसबाट प्रकाशित हुने **'बिहानी पख'** पत्रिकामा **'गुलाफको फूल'** कविता प्रकाशन गरेबाट सुरु भएको पाइन्छ । गीतको लेखन भने उनले यस अगाडिदेखि नै सुरु गरेको देखिन्छ । वि.सं. २०१८ सालमा लेखिएको तर २०६३ सालमा **बेलाको बोली** गीतगजल सङ्ग्रहमा सङ्कलित **'एकादशी'** गीतलाई आधार मान्दा उनले वि.सं. २०१८ सालदेखि नै साहित्य सिर्जनामा लागेको देखिन्छ । यसरी उनको प्रथम लिखित रचना **'एकादशी'** गीत (२०१८) हो भने प्रथम प्रकाशित रचना **'गुलाफको फूल' (२०२४)** हो । वि.सं. २०२४ सालदेखि निरन्तर रूपमा साहित्य सिर्जनामा संलग्न रहँदै आएका प्रदीपले हालसम्म दुईवटा नाटकको लेखन गरेका छन् । हालसम्म उनका **पचास रूपियाँको तमसूक** (२०२८, सहलेखन) र **मुलुकभित्र** (२०३०) नाम गरेका दुई पूर्णाङ्की नाटक सङ्ग्रह प्रकाशित छन् । **'पचास रूपियाँको तमसूक** (२०२८, सहलेखन) का माध्यमबाट उनले तत्कालीन नेपाली समाजमा प्रगतिशील चेतना फैलाउन विशेष भूमिका खेलेका छन् । यो नाटक सामन्ती समाजको यथार्थ चित्रणमा आधारित छ । **मुलुकभित्र** (२०३०) प्रदीपको एकल लेखनको नाट्यकृति हो । यस नाटकमा मुलुकभित्रका सुकुम्बासी नेपालीहरूका पीडा, व्यथा देखाइएको छ । त्यसै गरी तत्कालीन पञ्चायती शासन र शासकहरूका विकृति, विसङ्गति र कर्मचारीतन्त्रमा हुने गरेका घुसखोरी प्रवृत्तिहरूको पर्दाफास पनि गरिएको छ । मूलतः यो नाटक सामाजिक यथार्थवादी नाटक हो र यसले नेपाली समाजमा प्रगतिशील चेतनाको अभिवृद्धि गर्न ठूलो सघाउ पुऱ्याएको छ ।

हालसम्म प्रदीपका तीनवटा गीत सङ्ग्रह प्रकाशित भएका छन् – **विस्फोटन** (२०३६), **उपहार** (२०४६) र **बेलाको बोली** (२०६३, गीत गजल सङ्ग्रह) । **विस्फोटन** गीत सङ्ग्रहमा प्रदीपले २०३६ सालसम्म लेखेका गीतहरूलाई सङ्कलित गरेका र २०२४ तिर बुटवलमा स्थापित 'रेलिमै सांस्कृतिक मण्डल'का रंगमञ्चहरू तथा अन्य मञ्चहरूमा समेतमा गाइएका गीतहरू संकलित गरेको बुझिन्छ । यसै गीतका माध्यमबाट प्रदीपले वि.सं.२०२० पछिको दमनकारी स्थितिमा निरङ्कुश पञ्चायती व्यबस्थाको विरोध र जन–चेतनाको निर्माणमा

सक्रिय र उल्लेखनीय योगदान दिएको तथ्य पाइन्छ । हाल यस कृतिको एक प्रति पनि कतै उपलब्ध छैन ।

**उपहार** (२०४६) गीत सङ्ग्रहमा प्रदीपका वि.सं. २०३७ सालदेखि २०४६ सालसम्मका गीतहरू सङ्कलित छन् । तत्कालीन राजनीतिक परिस्थिति दमनकारी भएकाले उनका यस सङ्ग्रहका गीतहरू रंगमञ्चहरूमा त्यति गाउन र नाच्न नपाएको भए तापनि प्रशासनिक नजरबाट छेलिएर तत्कालीन राजनैतिक विसङ्गतिको विरोध गर्दै जनमानसमा चेतना फैलाउने काम गरेको बुझिन्छ । वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनका लागि यी रचनाहरू जनचेतनाका सामग्री भएको उनले दावी गरेका छन् ।

**बेलाको बोली** (२०६३, गीत गजल सङ्ग्रह), प्रदीपका गीतसङ्ग्रहहरूमध्ये तेस्रो हो । यद्यपि यसमा उनका कविता र गजलहरू पनि रहेका छन् तर गीतहरूको तुलनामा गजल निकै कम र कविताको उपस्थिति त झन् न्यून रहेको छ । यसै सङ्ग्रहमा प्रदीपको प्रथम रचना **'एकादशी'** (२०१८) पनि रहेको छ । यस सङ्ग्रहमा अधिकांश २०४७ सालपछि रचित रचनाहरू समावेश रहेका छन् । २०४६/२०४७ सालको जनआन्दोलनले देशमा प्रजातन्त्र आए पनि तदनुरुपको संस्कार विकसित भएन भन्ने गुनासो उनका गीतमा पाइन्छ । जनताको मुख्य शत्रु मानिएको राजतन्त्रको जरैदेखि उन्मुलन नभएसम्म जनताले दुःखमात्र पाइरहने उल्लेख उनले गरेका छन् । यसैले सम्पूर्ण राजनैतिक दल तथा शक्तिहरू पुनः एक भई जनताको अधिकार स्थापनाका लागि जुट्नुपर्ने, राजतन्त्रको विरुद्धमा लड्नुपर्ने र राजतन्त्रलाई सदाका लागि समाप्त गरी गणतन्त्रको स्थापना गर्न सबै अगाडि बढ्नुपर्ने सन्देश उनले दिएका छन् ।

उनका एकल, युगल र समूहगत शैली गरेका तीन प्रकारका गीतहरू पाइन्छन् । लयगत दृष्टिले प्रदीपका कतिपय गीतहरू लोकलयका भाकामा छन् भने कतिपय गीतहरूमा आधुनिक लयको प्रयोग पाइन्छ । लोकलयका भाकामा उनले मालसिरी, भजन र तिजीभाकालाई पनि समेटेका छन् । सरल र सहज भाषाशैलीको प्रयोग पाइनु उनका गीतहरूको अर्को विशेषता रहेको छ ।

वि.सं. २०५३ सालदेखि प्रदीपले गजल लेखनमा रुचि देखाएको पाइन्छ । उनले सो समयदेखि हालसम्म लेखेका २३ वटा गजलहरू '**बेलाको बोली**' गीत गजल सङ्ग्रहमा सङ्कलित रहेका छन् । उनका गजलमा देश र जनताप्रति अनुत्तरदायी बन्ने नेताका क्रियाकलापले स्थान पाएका छन् । देशमा विधमान द्वन्द्व, राष्ट्रिय अस्मिता, जीवनको परिभाषा, आपराधिक गतिविधि, हैकम र हुकुम विरूद्धको जनआन्दोलन, नयाँ वर्ष, शोषित पीडितहरूप्रति सहानुभूति, कानुनी राज्य र न्यायको सवाल, भानुभक्त आचार्यको देन, व्यतीत जिवनको बारेमा समीक्षा, जिन्दगी, वर्तमान र भविष्य, स्वाभिमान, मायाप्रीती, अर्ती उपदेश, लोकतन्त्र र गणतन्त्र स्थापनाको चाहना आदि विषयले स्थान पाएको देखिन्छ ।

रामप्रसाद प्रदीपका गजलमा कतै काफियाको अत्यन्त राम्रो प्रयोग भएको देखिन्छ भने कतै काफिया प्रयोगमा सजगता नअपनाएको देखिन्छ । उनका गजलमा मूलत शब्दांश काफिया र पूर्णशब्द काफियाको प्रयोग भएको देखिन्छ । रदिफ प्रयोगका दृष्टिले उनका धेरैजसो गजलहरू मुरद्दफ कोटिका रहेका छन् भने कतिपय गजल गैर मुरद्दफ समेत पाइन्छन् । यद्यपि रदिफ गजलका लागि अनिवार्य तत्त्व भने मानिदैन । उनका धेरै गजलहरूमा तखल्लुसको प्रयोग भएको पाइँदैन । तर कतिपय गजलमा भने तखल्लुसको प्रयोग भएको देखिन्छ । छोटा र लामा दुबै मिसरामा प्रदीपले गजल लेखेको देखिन्छ । गजल आफैमा गजल शीर्षकमा रहने परम्परा रहे तापनि उनले कतिपय गजलको शीर्षक दिइएका छन् । तर उनले शीर्षकबिहीन गजलको रचना पनि गरेका छन् । गजलका मिसराहरूमा समान अक्षर प्रयोगलाई उनले धेरैजसो स्थानमा ध्यान दिएको स्थिति देखिन्छ । गजलका प्रत्येक मिसराहरू आफैमा अर्थपूर्ण रहेको पाइनु, काफियाको प्रयोग हुनु, मतला, मकता र मध्यभागको सेरको समेत व्यवस्था गरिएको देखिनुले उनका गजलहरूले गजलको संरचना प्राप्त गर्न सकेका छन् । कुनै न कुनै छन्दलाई पक्रेर गजल लेख्नु उनको अर्को विशेषता रहेको छ । भाषा प्रयोगका दृष्टिले उनका गजलमा सरल, सहज भाषाको प्रयोग देखिन्छ । उनका कतिपय गजलमा प्रयोग भएका बिम्ब र प्रतीकले गजललाई प्रतिकात्मक बनाएका छन् । प्रदीपका समग्र गजलको अध्ययन पश्चात् उनले यीनै भाव, विचार, चिन्तन र शैलीलाई पक्रेर गजलयात्रा अगाडि बढाइरहेका देखिन्छन् ।

रामप्रसाद प्रदीपले साहित्यिक कृतिहरूबाहेक पर्यटनसम्बन्धी जानकारीमूलक पुस्तक **राजधानी गाइड** (२०५०) शीर्षकमा प्रकाशित गरेका छन् । यस कृतिमा काठमाडौंका विभिन्न ऐतिहासिक, धार्मिक एवं पर्यटकीय स्थानहरूको चिनारीसहित विभिन्न महत्त्वपूर्ण कार्यालयहरूको सम्पर्क नम्बरहरूसमेत समावेश गरी पर्यटकहरूका लागि पथप्रदर्शनको काम गरेका छन् । यो कृति साहित्यिक नभएकाले यसको चर्चा गरिएको छैन । यसप्रकार उनका हालसम्म छ वटा कृतिहरू प्रकाशित भएको देखिन्छ ।

यसरी विभिन्न साहित्यिक विधाका माध्यमबाट साहित्यकार रामप्रसाद प्रदीपले आफ्नो साहित्यिक क्रियाशीलतालाई सङ्ख्यात्मक भन्दा पनि गुणात्मक रूपमा अगाडि बढाइरहेको बुझिन्छ । साहित्यकार प्रदीपले वि.सं. २०१८ सालदेखि हालसम्म साढे चार दशक लामो साहित्यिक यात्रा पार गरिसकेका छन् । यस समयावधिमा उनले रचना गरेका नाटक तथा गीतहरूलाई अध्ययन गर्दा उनी मूलतः नेपाली साहित्यमा प्रगतिवादी साहित्यकारका रूपमा स्थापित हुन पुगेका छन् । प्रगतिवादी नाटककार एवं गीत स्रष्टाका रूपमा सक्रिय प्रदीपका आजसम्म प्रकाशित रचनाहरूमा अभिव्यक्त भाव, वैचारिक प्रस्तुति एवम् कलात्मक मूल्य उच्चकोटिको देखिन्छ ।

साहित्यकार रामप्रसाद प्रदीपले आफ्ना रचनामा प्रगतिशील चेतनाका भावहरूलाई अभिव्यक्त गरेका छन् । उनले सामाजिक असमानता र शोषणप्रति आक्रोश व्यक्त गर्दै श्रमजीवी जनताका पक्षमा कलम चलाएका छन् । विज्ञानविरोधी चिन्तन र सिद्धान्तहरूका आडमा गरिने विभिन्न किसिमका शोषणहरूको चित्रण गर्दै नवीन, गतिशील र न्यायपूर्ण समाजको आकाङ्क्षा उनका साहित्यिक रचनामा प्रकट भएको हुन्छ । उनले आफ्ना रचनामा प्रभुत्ववादी थिचोमिचोका विरुद्ध विद्रोहको शङ्खघोष गरेका छन् । परम्परागत रूपमा रहिआएको सामन्ती तथा पूँजीवादी संस्कृतिद्वारा पीडित आमजनतालाई मुक्तिका लागि आह्वान गरेका छन् । सर्वहारा, श्रमजीवी वर्गमाथि गरिने अनेक जालझेल र षड्यन्त्रप्रति जनतालाई सजग र सचेत तुल्याउनु उनका रचनाको मूल उद्देश्य रहेको पाइन्छ । प्रगति, शान्ति र न्यायमा विश्वास गर्ने साहित्यकार प्रदीपले आफ्ना रचनामार्फत सबैखाले प्रतिगामी तत्त्व विरुद्ध आक्रोश व्यक्त गरेका छन् । नेपाली समाजका विविध क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिहरूको विश्लेषण गर्दै तिनको कारकतत्त्व यथास्थितिवादलाई ठह्याउँदै त्यसको निर्मूल गर्नुपर्ने प्रगतिवादी दृष्टिकोण उनका रचनामा अभिव्यक्त भएको पाइन्छ । समाजमा रहेको सामाजिक रुग्णता, विसङ्गति तथा प्रगतिका वाधक तत्त्वमाथि व्यङ्ग्य गर्दै सामाजिक प्रगति, क्रान्ति र न्यायका पक्षमा उनी उभिएका छन् । सम्पन्न वर्गको खोक्रो उदारताबाट होइन, शोषित-पीडित जनताको सङ्गठित शक्तिका माध्यमबाट जीवन र जगतको कल्याण गर्न सकिन्छ भन्ने कुरामा उनी प्रतिबद्ध छन् । यिनै विषय, विचार र भावंसहित उनले आफ्नो साहित्यिक लेखनलाई स्थापित र विकसित गर्दै ल्याएको पाइन्छ ।

साहित्यकार प्रदीपका रचनामा मानवतावादी चिन्तन पनि उत्तिकै सशक्त बनेको छ । उनको मानवतावाद दीन-दुःखीप्रति मायाममता राख्ने र दीन-दुःखीको समग्र उत्थान हुनुपर्नेमा केन्द्रित रहेको छ । आज मान्छे-मान्छेका बीचमा खाडल र अन्तर्विरोधहरू देखा परिरहेको अवस्थामा तिनको विनाश गर्दै मानवीय मूल्य र मान्यताको पुनर्स्थापना गर्नु नै मानवतावादी चिन्तनको मूल उद्देश्य रहेको देखिन्छ । संसारका गरिब, दुःखी, श्रमिक वर्गमाथि गरिने बर्बर दमन, शोषण र अत्याचारलाई हटाउँदै समानता र सह-अस्तित्वमा आधारित मानवताका पक्षमा उनका रचना रहेका छन् । उनका रचनामा सर्वहारावादी भाइचाराको भावना अभिव्यक्त भएको पाइन्छ र यसैबाट सच्चा मानवतावादको रक्षा हुन सक्छ भन्ने कुरामा उनी विश्वस्त देखिन्छन् । यसबाट के स्पष्ट हुन्छ भने उनका रचनामा सर्वहारावादी मानवतावाद पनि त्यत्तिकै जीवन्त रूपमा प्रष्फुटन भएको देखिन्छ ।

प्रदीपको लेखनी सामाजिक असमानता, थिचोमिचो, अपमान, शोषण-दमन, उत्पीडनजस्ता प्रवृत्तिहरूका विरुद्ध जुर्मुराएको पाइन्छ । गरिब, दुःखी सर्वहारावादी जनताका विरुद्ध हुने अन्यायपूर्ण शोषण, दमन थिचोमिचो र कारबाहीहरू नै उनको विद्रोहका मूल कारण बनेको देखिन्छ । देशका विभिन्न क्षेत्रमा देखापरेका विकृति र विसङ्गति तथा शोषित-

पीडित जनताका आर्थिक र सामाजिक दुरावस्था नै उनमा अन्तर्निहित विद्रोहको जननी हो । उनले आफ्ना नाटकमार्फत शोषित पीडित जनतालाई शोषक वर्गका विरुद्ध धावा बोल्न र विद्रोह गर्न प्रेरणा प्रदान गरेका छन् । शताब्दियौंदेखि उत्पीडनमा पिल्सिँदै आएका जनताको दासतापूर्ण मनोवृत्तिलाई परिवर्तन गर्नु, शोषणका विरुद्ध मनोभावना तयार गर्नु र त्यसलाई विद्रोहशील बनाउँदै दीर्घकालीन संघर्षका अभियानमा प्रयोग गर्नु उनको साहित्यिक विद्रोहको प्रयोजन देखिन्छ । उनका रचनाले वर्गीय विषम समाजका दुर्बलताहरूमाथि आक्रमण गर्दै वर्गविहीन न्यायपूर्ण समाज-सिर्जनाको दिशामा लम्किनुपर्ने कुरा अभिव्यक्त गरेका छन् । उनका नाटक तथा गीतहरूमा विद्रोही स्वर देखिन्छ । त्यसैले प्रगतिशीलतामा आधारित विद्रोह पनि उनको बैशिष्ट्य बन्न पुगेको देखिन्छ । उनले कतिपय गीतहरूमा राष्ट्रिय पुनःनिर्माणको चाहनालाई पनि अभिव्यक्त गरेका छन् ।

प्रदीपका रचनाहरूमा देशप्रेम र देशभक्तिका भावनाले पनि स्थान पाएका छन् । उनी देशको स्वतन्त्रता, सार्वभौमिकता र अखण्डताप्रति अत्यन्त सचेत साहित्यकार हुन् । जनताको मत पाएर शासन सत्ताको बागडोर समाल्न पुगेकाहरूबाट देश दिन प्रतिदिन सङ्कटतिर फस्दै गइरहेकोमा उनलाई ठूलो चोट लागेको छ । त्यसैले उनी आफ्ना गीतहरूमार्फत जनतालाई देशमा भइरहेका घटनाहरूप्रति चनाखो हुनु आह्वान गर्दछन् । उनका गीतहरूले एउटा सम्पन्न र र समृद्ध राष्ट्रको कामना गर्दछन् । उनको राष्ट्रप्रेम काल्पनिकता र भावुकताबाट मुक्त छ । उनी देशको वस्तुगत परिस्थितिसँग परिचित छन् । यसरी उनका रचनाहरू राष्ट्रिय पुनः निर्माण र देशप्रेमका भावनाले भरिएका छन् ।

यिनै विशेषताहरूका साथ नाटक, गीत, गजल, कविता, सम्पादकीय लेखन र पत्रकारिता आदिमा कलम चलाउने प्रदीप आधुनिक नेपाली साहित्य परम्पराका उत्तरवर्ती चरणका प्रखर प्रगतिवादी नाटककार, गीतकार, गजलकार, कविका माध्यमबाट परिचित र प्रतिष्ठित हुन पुगेका छन् । विगत साढे चार दशकसम्मको साहित्य साधनाबाट उनले प्रगतिवादी नाट्य र गीतलेखनमा आफ्नो स्थान उँचो बनाएका छन् ।

# सन्दर्भ–विवरण

## १.१ सन्दर्भ ग्रन्थसूची


उपाध्याय, गोपीरमण, (२०५९), ***प्रगतिशील साहित्य समालोचना*** बुटवलः बुटवल साहित्य कला संस्कृति प्रतिष्ठान ।

उपाध्याय, केशवप्रसाद, (२०४८), ***पूर्वीय साहित्य सिद्धान्त,*** काठमाडौंः साझा प्रकाशन ।

_______, _______, (२०४५), ***समको दुःखान्त नाट्यचेतना,*** काठमाडौंः साझा प्रकाशन ।

गैरे, ईश्वरीप्रसाद र कृष्णप्रसाद आचार्य, (२०५९), ***आधुनिक नेपाली नाटक र फुटकर कविता,*** काठमाडौंः न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

घिमिरे, कृष्णप्रसाद र रामप्रसाद ज्ञवाली, (२०५८), ***आख्यानकार पारिजात,*** काठमाडौंः हजुरको पुस्तक संसार ।

ढकाल, घनश्याम, (सम्पा.) (२०६२), ***यथार्थवादी नेपाली समालोचना,*** पोखराः गण्डकी साहित्य सङ्गम ।

थापा, राजेन्द्र, (२०६४), ***बाटोले अब मान्छे हिंड्छ,*** काठमाडौंः छायाँ प्रकाशन ।

न्यौपाने, डा. घनश्याम, (२०५५), ***साहित्य सन्दर्भ,*** बीरगंजः नारायणी बुक्स एण्ड स्टेशनर्स ।

_______, _______, (२०६४), ***गजल सौन्दर्य मीमांसा,*** रूपन्देहीः सनसाइन आवासीय उच्च माध्यमिक विद्यालय सिद्धार्थनगर ।

पौड्याल, शालिकराम, (२०६५), ***रूपन्देही जिल्लाको कविताको इतिहासः सर्वेक्षण र विश्लेषण,*** बुटवलः प्रकाशक लेखक स्वयम् ।

पौड्याल, कृष्णलाल, (२०५८), ***नेपाली साहित्यको ऐतिहासिक परिचय र समालोचना,*** काठमाडौंः नवीन प्रकाशन ।

प्रदीप, रामप्रसाद र अन्य, पचास रुपियाँको तमसुक, (२०२८), (अमु.) : (अमु.) ।

_______, _______, मुलुकभित्र (२०३०), बुटवल : ईश्वरीप्रसाद घिमिरे ।

_______, _______, उपहार (२०४७), बुटवलः ज्योति प्रकाशन ।

_______, _______, राजधानी गाइड (२०५०), बुटवलः ज्योति प्रकाशन नेपाल ।

_______, _______, बेलाको बोली (२०६३), बुटवलः शीला पौडेल ।

बन्धु, चुडामणि, (२०५८), ***नेपाली लोकसाहित्य,*** काठमाडौंः एकता बुक्स ।

रावल, ललिजन, (सम्पा.) (२०६५), ***प्रतिनिधि नेपाली गजलहरू,*** अद्वैतमार्गः विवेक सिर्जनशील

प्रकाशन प्रा.लि. ।

शर्मा, गोपीकृष्ण र रामप्रसाद दाहाल, (२०५६), ***एक भाषा अनेक साहित्य,*** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

## १.२ सन्दर्भ–पत्रिकासूची

पौडेल, हेमलाल, 'प्रगतिवादी नेपाली साहित्यको थालनी र विकास' काठमाडौंः केन्द्रीय प्रचार विभाग नेकपा (एमाले), वर्ष २०, अङ्क ११–१२, २०६७ असोज–कात्तिक,पृ.१६ ।

भट्टराई, रमेशप्रसाद, 'नेपाली प्रगतिवादी नाटकः परम्परा, विकास र सम्भावना', ***प्रलेस,*** वर्ष ७, पूर्णाङ्क १३, २०५९ फागुन, पृ. १४ ।

लामिछाने, कपिलदेव, 'प्रगतिवादी नेपाली नाटकः परम्परा, विकास र सम्भावना', ***प्रलेस,*** वर्ष ७, पूर्णाङ्क १३, २०५९ फागुन, पृ.६९ ।

शर्मा, रामप्रसाद, 'धर्तीका बोझहरू', ***नव प्रज्ञापन,*** काठमाडौंः डंगोल प्रिन्टर्स, पूर्णाङ्कः ३८, २०६४ कार्तिक–पौष, पृ.१४ ।

शर्मा, रामप्रसाद, (सम्पा), 'समाजः एक शब्द चित्र', ***खलिहान,*** दाङः, वर्ष २, अङ्क १, पूर्णाङ्क–३, २०४४ श्रावण–आश्विन, पृ.२५ ।

सुवेदी, राजेन्द्र, 'नेपाली लोकगीतमा प्रगतिवादी चेतना' ***प्रलेस,*** काठमाडौं, वर्ष ४, पूर्णाङ्क ८, २०५४ वैशाख–जेठ–असार, पृ.१०० ।

## १.३ सन्दर्भ–शोधपत्रसूची

आचार्य, गोविन्दप्रसाद, '**कवि रामचन्द्र भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**', अप्र. नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०५६ ।

पौड्याल, शालिकराम, '**रूपन्देही जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविताकृतिको अध्ययन**', अप्र. नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०६१ ।

ज्ञवाली, मुकुन्दहरि, '**साहित्यकार ऋषिराम भुसालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**', अप्र. नेपाली स्नातकोत्तर शोधपत्र, भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, २०६४ ।